# प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीयता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य

तह तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को

प्रयोजनका लागि

प्रस्तुत

## शोधप्रबन्ध


**शोधार्थी**

**यमकुमारी सापकोटा**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय


क्रमाङ्क : २१

२०८०


प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीयता - यमकुमारी सापकोटा २०८०

# प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीयता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य

तह तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को

प्रयोजनका लागि

प्रस्तुत

## शोधप्रबन्ध


**शोधार्थी**

**यमकुमारी सापकोटा**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

क्रमाङ्क : २१


२०८०

## शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य तहकी विद्यार्थी श्री यमकुमारी सापकोटाले 'प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीयता' शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार गर्नुभएको हो । म यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

....................................

प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल

शोधनिर्देशक

मिति : २०८०/११/२०

त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

कीर्तिपुर, काठमाडौँ ।

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली दर्शनाचार्य तहकी विद्यार्थी श्री यमकुमारी सापकोटाले दर्शनाचार्य तह तेस्रो सत्रको निर्धारित पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि तयार पारिएको प्रस्तुत 'प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीयता' शीर्षकको प्रस्तुत शोधप्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

१. **प्रा.डा. कृष्णप्रसाद न्यौपाने** ....................................

(बाह्य परीक्षक तथा विभागीय प्रमुख)

२. **प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल** ....................................

(शोधनिर्देशक)

३. **सहप्रा.डा. दुर्गाबहादुर घर्ती** ....................................

(आन्तरिक परीक्षक)

मिति : २०८१/०१/२३

# कृतज्ञताज्ञापन

'प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीयता' शीर्षकको प्रस्तुत शोधप्रबन्ध दर्शनाचार्य तहको तेस्रो सत्रको पाठ्यांश सङ्केत ६०९ र ६१० को प्रयोजनार्थ मैले मेरा श्रद्धेय गुरु प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । प्रस्तुत शोधको शोधप्रस्ताव लेखनदेखि शोधप्रबन्ध तयारीका क्रममा अन्तिम स्वरूप प्रदान गर्ने कार्यमा आइपरेका विभिन्न समस्याहरूको उचित समाधानका लागि मलाई सहज रूपमा प्राज्ञिक निर्देशन, सल्लाह, सुझाव र समुचित मार्गदर्शन प्रदान गरिदिनु भएकामा शोधनिर्देशक आदरणीय गुरुज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्धको आन्तरिक मूल्याङ्कन गरी आवश्यक सल्लाह र सुझाव दिनुहुने आदरणीय गुरु सहप्रा.डा.दुर्गाबहादुर घर्तीज्यू तथा बाह्य मूल्याङ्कन गरिदिनुहुने प्रा.डा. कृष्णप्रसाद न्यौपानेज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसै गरी यस शोधकार्यमा आवश्यक सल्लाह र सुझाव दिनुहुने आदरणीय गुरु डा. गुरुप्रसाद पोखरेल तथा सहपाठी मित्र केदार दाहालप्रति विशेष आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधप्रबन्धलाई सम्पन्न गर्ने सन्दर्भमा आर्थिक तथा घरायसी वातावरणका लागि सहजीकरण गरी दिनुहुने मेरा आदरणीय बुबा गोपालप्रसाद सापकोटा र आमा बालकुमारी सापकोटालाई हृदयदेखि आभार प्रकट गर्दछु । त्यसै गरी यस शोधकार्यमा सम्पन्न गर्न आवश्यक परामर्श र सहयोग पुऱ्याउने मेरो ठूलो दाइ भिमप्रसाद सापकोटा, भाइ निरज सापकोटा, दिदी कोपिला तिमल्सिना, भदाभाइ निर्मल सापकोटा तथा अति सहयोगी दाइ पुरुषोत्तम पौडेल, दिदी नवीना लामाप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसै गरी मित्रहरू सदीक्षा चौहान, भिमप्रसाद उपाध्याय, मामा सञ्जय तिमल्सिना र अन्य सहयोगी सबैप्रति हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध लेखन सन्दर्भमा जोजसका कृतिहरूको सहयोग लिइएको छ, तिनका लेखक तथा सर्जकप्रति आभारी छु ।

अन्त्यमा, प्रस्तुत शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष पेस गर्दछु ।

..........................

यमकुमारी सापकोटा

दर्शनाचार्य तह, तेस्रो सत्र

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

क्रमाङ्क : २१

त्रि.वि. दर्ता नं. : ६-२-२-५३२-२००८

मिति : २०८०/११/२०

# विषयसूची


शोधनिर्देशकको सिफारिसपत्र ख

स्वीकृतिपत्र ग

कृतज्ञताज्ञापन घ

**पहिलो परिच्छेद**

**शोधपरिचय**

१.१ विषयपरिचय १

१.२ समस्याकथन ३

१.३ शोधकार्यको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधको औचित्य र महत्त्व ८

१.६ शोधको सीमाङ्कन ९

१.७ शोधविधि १०

१.७.१ सामग्री सङ्कलन विधि १०

१.७.२ सामग्री विश्लेषणको विधि ११

१.८ शोधपत्रको रूपरेखा १२

**दोस्रो परिच्छेद**

**प्रदीपकुमार ज्ञवालीको कवितायात्रा र प्रवृत्ति**

२.१ विषयप्रवेश १३

२.२ प्रदीपकुमार ज्ञवालीको सङ्क्षिप्त जीवनवृत्त १३

२.३ प्रदीपकुमार ज्ञवालीको व्यक्तित्व १६

२.३.१ स्रष्टा व्यक्तित्व १६

२.३.२ द्रष्टा व्यक्तित्व १९

२.४ प्रदीपकुमार ज्ञवालीको कवितायात्रा र प्रवृत्ति २१

२.४.१ पहिलो चरण (२०२८ देखि २०४५ सम्म) २१

२.४.२ दोस्रो चरण (२०४६ देखि २०५२ सम्म) २२

२.४.३ तेस्रो चरण (२०५३ देखि हालसम्म) २३

२.५ प्रदीपकुमार ज्ञवालीका काव्यप्रवृत्ति २५
२.६ प्रदीपकुमार ज्ञवालीका प्रगीतात्मक कविताको मूलभाव ३३
२.६.१ 'चिता जलिरहेछ' कवितासङ्ग्रहमा सङ्गृहीत कविताको मूलभाव ३४
२.६.२ 'आस्था ओ मेरी प्रिया' कवितासङ्ग्रहमा सङ्गृहीत कविताको मूलभाव ४१
२.६.३ 'बिनासालिकका नायकहरू' कवितासङ्ग्रहमा सङ्गृहीत कविताको मूलभाव ४५
२.७ निष्कर्ष ५८

## तेस्रो परिच्छेद

## प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय प्रतिनिधित्व

३.१ विषयप्रवेश ६१
३.२ वर्गीय प्रतिनिधित्वको सैद्धान्तिक परिचय ६२
३.३ 'चिता जलिरहेछ' कवितासङ्ग्रहका कवितामा वर्गीय प्रतिनिधित्व ७०
३.३.१ 'मलाई कुहिरो मन पर्दैन' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व ७०
३.३.२ 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व ७५
३.३.३ 'एउटा चिठी : सांसद छोराको नाममा' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व ७९
३.३.४ 'यो महल' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व ८२
३.४ 'आस्था ओ मेरी प्रिया' कवितासङ्ग्रहका कवितामा वर्गीय प्रतिनिधित्व ८४
३.४.१ 'एकादेशमा' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व ८४
३.४.२ 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मत्युमा' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व ८९
४.३.३ 'बिहानीको प्रतीक्षामा' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व ९३
३.५ 'बिनासालिकका नायकहरू' कवितासङ्ग्रहका कवितामा वर्गीय प्रतिनिधित्व ९७
३.५.१ 'पसलछेउ उभिएकी केटी' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व ९७
३.५.२ 'विद्रोहको आँगनमा लाटो कामी' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व १००
३.५.३ 'मरुभूमिको बलेनी' कवितामा सामन्त वर्ग र निम्नवर्गको प्रतिनिधित्व १०३
३.५.४ 'हामी बेनामीहरू' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व १०६

३.५.५ ‘कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ’ कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व ११०
३.५.६ ‘इतिहासको मिर्मिरेमा’ कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व ११३
३.५.७ ‘बिटुलिएको झुपडी’ कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व ११५
३.५.८ ‘म कर्नाली’ कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व ११७
३.६ निष्कर्ष ११९

## चौथो परिच्छेद

## प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय द्वन्द्व

४.१ विषयप्रवेश १२२
४.२ वर्गीय द्वन्द्वको सैद्धान्तिक परिचय १२२
४.३ ‘चिता जलिरहेछ’ कवितासङ्ग्रहका कवितामा वर्गीय द्वन्द्व १२९
४.३.१ ‘मलाई कुहिरो मन पर्दैन’ कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १३०
४.३.२ ‘यतिबेला गाउँमा अलिकति साँझ परेको छ’ कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १३३
४.३.३ ‘एउटा चिठी : सांसद छोराको नाममा’ कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १३६
४.३.४ ‘यो महल’ कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १३७
४.४. ‘आस्था ओ मेरी प्रिया’ कवितासङ्ग्रहका कवितामा वर्गीय द्वन्द्व १३८
४.४.१ ‘एकादेशमा’ कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १३८
४.४.२ ‘किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा’ कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १४२
४.३.२ ‘बिहानीको प्रतीक्षामा’ कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १४५
४.४ ‘बिनासालिकका नायकहरू’ कवितासङ्ग्रहका कवितामा वर्गीय द्वन्द्व १४८
४.४.१ ‘पसलछेउ उभिएकी केटी’ कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १४८
४.४.२ ‘विद्रोहको आँगनमा लाटो कामी’ कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १५१
४.४.३ ‘मरुभूमिको बलेनी’ कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १५४
४.४.४ ‘हामी बेनामीहरू’ कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १५६

४.४.५ 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कवितामा उच्चवर्ग र
निम्नवर्गबीच द्वन्द्व १५९
४.४.६ 'इतिहासको मिर्मिरेमा' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १६२
४.४.७ 'बिटुलिएको झुपडी' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १६४
४.४.८ 'म कर्नाली' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व १६५
४.५ निष्कर्ष १६८

## पाँचौं परिच्छेद

## सारांश तथा निष्कर्ष

५.१ सारांश १७०
५.२ निष्कर्ष १७६

**सन्दर्भ सामग्रीसूची** **१८१**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

प्रदीपकुमार ज्ञवालीको जन्म नारायणदत्त ज्ञवाली र पुण्यकला ज्ञवालीका कान्छा छोराका रूपमा २०१९ भाद्र २८ गते गुल्मी जिल्लाको बलेटक्सार गा.वि.स. वडा नं. २ चौतारा गाउँमा भएको हो । उनको पारिवारिक अवस्था निम्नमध्यम वर्गीय रहेको छ । औपचारिक रूपमा प्रवेशिका परीक्षा मात्र उत्तीर्ण गरेका ज्ञवाली नेपाली साहित्यका क्षेत्रमा चाहिँ शीतबिन्दुका नामबाट कलम चलाउँछन् । दाजु हरि ज्ञवालीको प्रेरणाबाट साहित्य क्षेत्रमा प्रवेश गरेका ज्ञवाली मार्क्सवादी विचारधारामा आस्था राख्ने साहित्यकार हुन् । प्रगतिशील विचारधाराका उनले आफ्नो अध्ययनलाई जीवनको विशेष रोजाइ र जीवनकै नियमितता ठानेको देखिन्छ । ज्ञवालीले नेपाली साहित्यका उपन्यास, कथा, निबन्ध, कविताजस्ता विधामा कलम चलाए तापनि मूलतः उनी कविकै रूपमा चिनिन्छन् । 'आँशुले के भन्छ ?' (२०४१, दैनिक समालोचना) शीर्षकको प्रगीतात्मक कविता लेखनबाट नेपाली कविताका क्षेत्रमा देखापरेका उनका हालसम्म *चिता जलिरहेछ* (२०५३), *आस्था ओ मेरी प्रिया* (२०५९) र *बिनासालिकका नायकहरू* (२०७३) गरी तीनवटा कवितासङ्ग्रह प्रकाशित भएका छन् । उनका यसका अतिरिक्त नेपाली साहित्यका अन्य विधाका कृतिहरू *सहयात्री* (२०४६) उपन्यास, *कुहिरो* (२०६०) कथासङ्ग्रह, *मार्क्सवादको सिर्जनात्मक प्रयोग र नेपाली क्रान्ति* (२०५३), *प्रचण्डपथ विचारको केन्द्रीकरण कि भष्ट्रीकरण, फिनिक्स पन्छी र एमाले* (२०५८) गरी तीनवटा वैचारिक निबन्धसङ्ग्रह तथा पाँच सयभन्दा बढी साहित्येतर लेखरचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित रहेका छन् । नेपाली साहित्यका प्रायः सबै विधामा कलम चलाउने ज्ञवाली मार्क्सवादी राजनीतिक विचारबाट प्रभावित व्यक्ति हुन् ।

प्रदीपकुमार ज्ञवालीले आफ्ना कवितामा नेपाली समाजको आर्थिक जटिलता, विकृतिपूर्ण सामाजिक संरचना, सामन्ती समाज, उत्पीडन, शोषण तथा वर्गीय द्वन्द्वलाई चित्रण गरेका छन् । राष्ट्रप्रेम, कवितामा काव्यिक कलाको प्रयोग, प्रगतिशीलता, सीमान्तकृत वर्गको सङ्घर्ष, सामन्ती समाज, उत्पीडन र शोषणको यथार्थ चित्रण गर्नु कवि ज्ञवालीका विशेषता हुन् । मार्क्सको सिर्जनात्मक प्रयोग र नेपाली क्रान्तिका वैचारिक अध्येताका रूपमा चिनिने ज्ञवालीले

आफ्ना कवितामा सामाजिक यथार्थवाद, प्रगतिवाद र वर्गीय हितजस्ता पक्षलाई समेटेका छन् । यसरी नेपाली साहित्यको कविता विधामा कलम चलाउने ज्ञवाली नेपाली समाजको आर्थिक जटिलता, विकृतिपूर्ण सामाजिक संरचना, सामन्ती समाज, उत्पीडन र शोषण, मानवीय कमजोरी तथा प्रवासी जीवनको यथार्थ चित्रण गर्न सिद्धहस्त मानिन्छन् । काव्यकलाको प्रयोग, यथार्थपरक सामाजिक समस्याको उपयुक्त छनौट र सांस्कृतिक अध्ययनका दृष्टिले कवि ज्ञवालीका कविता अध्ययनीय छन् ।

सांस्कृतिक अध्ययन मानव जीवनका यावत् गतिविधिहरूको अध्ययन र विश्लेषण गर्ने ज्ञानको महत्त्वपूर्ण नवीन शाखा हो । यो पाश्चात्य समालोचना परम्परामा सन् १९७० को दशक पछाडि विकसित उत्तरआधुनिक अवधारणा हो । यसमा सामाजिक, आर्थिक तथा राजनीतिक परिप्रेक्षमा लेखिएका कृतिहरूको सांस्कृतिक कोणबाट अध्ययन गरिन्छ । समाजभित्र संस्कृतिका विभिन्न रूपहरू हुन्छन् । तीमध्ये एउटा सांस्कृतिक रूप केन्द्रमा रहेको हुन्छ भने अन्य परिधिमा रहेका हुन्छन् । केन्द्रभन्दा बाहिर रहेका ती सांस्कृतिक रूपको केन्द्रीय संस्कृतिसँग कुनै न कुनै सम्बन्ध रहेको हुन्छ । सांस्कृतिक अध्ययनले केन्द्रको संस्कृतिलाई भन्दा परिधिमा रहेको संस्कृतिलाई महत्त्व दिने गर्दछ । सांस्कृतिक अध्ययनमा परिधीय संस्कृतिको वर्गीय प्रतिनिधित्व र वर्गीय द्वन्द्व के कस्तो छ, को दमित छ, को केन्द्रभन्दा बाहिर छ र को सीमान्तीकृत छ लगायत कुराहरूको अध्ययन गरिन्छ । यसले सीमान्तीकृत समूहका व्यक्ति, वर्ग, लेखक, कलाकार, चिन्तकहरूको आवाज लेखकलाई संस्कृतिको मूलधारमा ल्याउने प्रयास गर्दछ । सांस्कृतिक अध्ययनले कुनै पनि कृतिको अध्ययन तथा विश्लेषण गर्दा त्यस कृतिमा प्रस्तुत भएको सामाजिक अवस्था, आर्थिक संस्कृति, राजनीतिक सन्दर्भ, वर्गगत अवस्था, लैङ्गिक उपस्थिति, जातीय संस्कृति, लेखकको भौगोलिक धरातल, सांस्कृतिक र राजनीतिक विचारधारा लगायतका कुराको पहिचान गरी तिनीहरूको सांस्कृतिक विश्लेषण गरिनु पर्दछ भन्ने मान्यता राख्दछ । प्रस्तुत शोधमा सांस्कृतिक अध्ययनका रूपमा विकसित विभिन्न आधारहरूमध्ये वर्गीय प्रतिनिधित्व र वर्गीय द्वन्द्वलाई अवधारणात्मक प्रतिमान बनाई ज्ञवालीका कवितामा प्रयुक्त वर्गीय प्रतिनिधित्व र वर्गीय द्वन्द्वलाई ठम्याइएको छ ।

## १.२ समस्याकथन

प्रदीपकुमार ज्ञवालीका कविताहरू मौलिक, गहन र प्राज्ञिक दृष्टिले अनुसन्धेय विषयका रूपमा रहेका छन् । प्रस्तुत अध्ययनको मुख्य समस्या प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीयता रहेको छ । ज्ञवालीका कविताको वर्गीयताका दृष्टिले विश्लेषण गर्नु यस शोधको प्राज्ञिक जिज्ञासा र अध्ययनीय समस्या हो । प्रस्तुत अध्ययनको प्राज्ञिक समाधानमा पुग्नका लागि निम्नलिखित शोधप्रश्नहरूमा आधारित भई वर्गीयतासम्बन्धी अध्ययन गरिएको छ :

(१) प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय प्रतिनिधित्व केकस्तो छ ?

(२) प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय द्वन्द्वको चित्रण केकसरी गरिएको छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रदीपकुमार ज्ञवालीका कवितामा अभिव्यक्त वर्गीयतासम्बन्धी शोधसमस्याको समाधान पहिल्याउनु नै प्रमुख उद्देश्य रहेको प्रस्तुत शोधकार्यका उद्देश्यहरू बुँदागत रूपमा यसप्रकार उल्लेख गरिएको छ :

(१) प्रदीपकुमार ज्ञवालीका कवितामा प्रयुक्त वर्गीय प्रतिनिधित्वको विवेचना गर्नु ।

(२) प्रदीपकुमार ज्ञवालीका कवितामा प्रयुक्त वर्गीय द्वन्द्वको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रदीपकुमार ज्ञवाली समाजका विद्यमान वर्गीय विषमता र त्यसबाट उत्पन्न विसङ्गत समस्यालाई सशक्त बनाएर कविताको रचना गर्ने कवि हुन् । समाजका विद्यमान वर्गीय असमानता र त्यसबाट निम्तिने समस्यालाई कविताको विषयवस्तु बनाएर कविता लेख्ने प्रदीपकुमार ज्ञवालीको प्रगतिवादी कवितामा उल्लेख्य योगदान रहेको छ । उनका कविताबारे विभिन्न विद्वान्, समालोचक र शोधार्थीहरूले विभिन्न दृष्टिकोणबाट अध्ययन गरेका छन् तर ती अध्ययन प्रस्तुत शोधको समस्याසँग सम्बद्ध रहेर अध्ययन भएका छैनन् । यसै गरी विश्वविद्यालयका स्नातकोत्तर तह र दर्शनाचार्य तहका शोधप्रबन्धमा पनि ज्ञवालीका कविताका बारेमा अध्ययन गरिएका छन् तर वर्गीय प्रतिनिधित्न र द्वन्द्वको सिद्धान्तको मान्यतासँग सम्बद्ध रहेर हालसम्म अध्ययन भएका छैनन् । यस शोधको अध्ययनका लागि सैद्धान्तिक आधारस्वरूप

यसभन्दा अघि भएगरेका अध्ययनलाई पूर्वकार्यको रूपमा लिइएको छ । यसरी यसभन्दा पूर्व ज्ञवालीका कविताको कविता सिद्धान्त तथा अन्य साहित्यिक मान्यताका आधारमा व्याख्या विश्लेषण गरिएको भए तापनि सांस्कृतिक अध्ययनअन्तर्गत वर्गीयताको सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गरी तिनमा अन्तर्निहित ज्ञानको उद्घाटन गर्ने कार्य गरिएको देखिँदैन । अतः यसमा वर्गीयतासम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा ज्ञवालीका कविताको विश्लेषण गर्नु आवश्यक रहेको छ । ज्ञवालीका कविताबारेमा हालसम्म भएका पूर्वअध्ययनलाई तल कालक्रमिक रूपमा प्रस्तुत गर्दै समीक्षा गरिएको छ ।

राजेन्द्र सुवेदी (२०४६) ले ज्ञवालीको *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* नामक पुस्तकमा *सहयात्री* उपन्यासको चर्चा गर्दै प्रदीपकुमार ज्ञवालीको *सहयात्री* उपन्यास प्रगतिशील साहित्यको एउटा महत्त्वपूर्ण दस्तावेज हो भनी उल्लेख गरेका छन् । यसमा उनले ज्ञवालीका औपन्यासिक प्रवृत्तिको पनि यसमा सङ्केत गरेका छन् । यसमा सामाजिक जीवन, सामाजिक समस्या, गरिबी, अभाव, बेमेल, षडचन्त्र, धोका, विकृति आदिलाई वास्तविक चरित्रद्वारा यथार्थ रूपमा उल्लेख गरेकाले यो उपन्यास सफल छ भन्ने विचार सुवेदीद्वारा आफ्नो अध्ययनमा प्रस्तुत गरिएको छ । सुवेदीको उक्त विश्लेषण वर्गीय द्वन्द्वको विषवस्तुमा नभई सामान्य लेखनमा मात्र सीमित रहेको देखिन्छ। सुवेदीको प्रस्तुत अध्ययन वर्गीयतासम्बन्धी नभए तापनि यसमा प्रस्तुत उपन्यासको विषयवस्तुको परिचर्चाबाट विवरणबाट ज्ञवालीको लेखनको पहिचान हुने भएकाले यस शोधकार्यसँग आंशिक सम्बद्ध रहेको छ ।

सुदर्शन श्रेष्ठ (२०५०) ले 'प्रभावपूर्ण एवम् सुन्दर अभिव्यक्तिको नमुना सहयात्री' शीर्षकको लेखमा समय र परिस्थितिले राजनीतिमा व्यस्तताको बाबजुद पनि साहित्यमा रमाउन खोज्नु आत्मसन्तुष्टिको विषयमात्र नभएर बहुसङ्ख्यक क्रियाशीलतामा नयाँ उत्साह थप्ने कलात्मक अभिव्यक्तिका रूपमा *सहयात्री* उपन्यास रहेकाले प्रभावपूर्ण एवम् सुन्दर अभिव्यक्तिको नमुना हो भनेका छन् । ज्ञवालीले नेपाली सामाजिक जीवन, सामाजिक समस्या, गरिबी, अभाव आदि पक्षलाई आफ्नो उपन्यासमा प्रस्तुत गरेका छन् भनेका छन् । वर्गीयतासँग सम्बन्धित चर्चा नभए तापनि उनको उक्त अध्ययन प्रगतिवादी कवि र तिनको वस्तु विश्लेषण गर्न सम्बन्धित रहेको छ ।

गोविन्द भट्ट (२०५३) ले ज्ञवालीको *चिता जलिरहेछ* कवितासङ्ग्रहको आफ्नो 'भूमिका'मा कवि शीतबिन्दुले सामन्त वर्ग र अभिजात्य वर्गको उत्पीडनको स्वरूपलाई आफ्ना कवितामा चित्रण गरेका छन् भनेर उल्लेख गरेका छन् । ज्ञवाली सामन्तवादको सामाजिक व्यवस्थाप्रति तीव्र विरोध गरी कविता सिर्जना गर्ने कवि हुन् भन्दै भट्टले ज्ञवालीलाई प्रगतिशील साहित्यकारका रूपमा चिनाएका छन् । कविताका संरचनात्मक पक्षहरू र भावको बारेमा जानकारी गराउने उद्देश्य रहेको भट्टको प्रस्तुत अध्ययन वर्गीयतासम्बन्धी नभए तापनि ज्ञवालीका कवितामा निहित विषयवस्तुको प्रयोग, परिवेश र सारवस्तुजस्ता संरचनात्मक पक्षहरूको बारेमा जानकारी गराइएको उनको यस अध्ययनबाट प्रगतिवादी कवि ज्ञवालीका कवितामा अभिव्यक्त वर्गीयताको खोजी र विश्लेषणका लागि सहयोग प्राप्त भएको छ ।

मञ्जुल (२०५९) ले *आस्था ओ मेरी प्रिया* कवितासङ्ग्रहको भूमिका 'कविताहरू, जो संसारलाई सुन्दर पार्न चाहन्छन्' शीर्षकको मन्तव्यमा यसमा सङ्गृहीत कविताहरूमा प्रदीप ज्ञवाली (शीतबिन्दु) ले आफ्ना समाजको विकास गर्न खोजेका देखिन्छन् । उनका कविताका संरचनात्मक पक्षहरू र भावको बारेमा जानकारी गराउने उद्देश्य रहेको मञ्जुलको प्रस्तुत अध्ययन वर्गीयतासम्बन्धी नभए तापनि ज्ञवालीका उक्त कवितासङ्ग्रहमा रहेका कवितामा रहेका कविताको विषयवस्तुको प्रयोग, परिवेश र सारवस्तुजस्ता कविताका संरचनात्मक पक्षहरूको बारेमा जानकारी गराइएको उनको यस अध्ययनबाट प्रगतिवादी कवि ज्ञवालीका कवितामा अभिव्यक्त वर्गीयताको खोजी र विश्लेषणका लागि सहयोग प्राप्त भएको छ । यसबाट उनका कवितामार्फत उपेक्षित वर्गका समाजका मानिसबारेको उत्पीडन बुझ्न सकिने हुँदा यो अध्ययन यस शोधका लागि उपयोगी रहेको छ ।

प्रदीपकुमार ज्ञवाली (२०६०) ले आफ्नै कृति *कुहिरो* कथासङ्ग्रहको 'भूमिका'मा आफ्ना कथाको परिवेश र दृष्टिबिन्दुलाई प्रस्तुत गरेका छन् । यसमा उनले झन्डै बीस वर्षको अन्तरालमा लेखिएका कथाको सँगालो *कुहिरो* कथासङ्ग्रहका कथा भएको बताएका छन् । यस क्रममा उनले बीस वर्षका बीचमा धेरै अन्तर आएपछि पीडाको स्वरूपमा परिवर्तन आउने भन्दै आफ्ना कथाको संरचना र विषयवस्तुबारे भूमिकामा लेखेका छन् । ज्ञवालीको उक्त भूमिकामा व्यक्त विचारले लेखकको कथा लेखनी, तत्कालीन समाज र कथामा प्रस्तुत परिवेश बुझ्नलाई सहयोग पुग्ने देखिन्छ । उक्त कथासङ्ग्रहमा रहेका कथाको विषयवस्तुको प्रयोग, परिवेश र सारवस्तुजस्ता कथाका संरचनात्मक पक्षहरूको बारेमा जानकारी गराइएको उनको

यस अध्ययनबाट प्रगतिवादी कवि ज्ञवालीका कवितामा पनि अभिव्यक्त वर्गीयताको खोजी र विश्लेषणका लागि सहयोग प्राप्त भएको छ ।

चिन्तमणि फुल्देल (२०६१) ले *प्रदीपकुमार ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन* शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षमाथि प्रकाश पारेका छन् । यसमा उनले ज्ञवालीको *कुहिरो* कथासङ्ग्रहका कथाको समेत अध्ययन गरेका छन् । उनका कथाले तत्कालीन नेपाली ग्रामीण समाजको यथार्थपरक जीवनशैली, चरम गरिबी, अभाव, नारी र पुरुषका समस्या, पारिवारिक कलह, बेमेल, छलकपट आदिलाई प्रस्तुत गरेको निष्कर्ष फुल्देलले यसमा प्रस्तुत गरेका छन् । उनको यस अध्ययनबाट प्रगतिवादी कवि ज्ञवालीका कवितामा पनि अभिव्यक्त वर्गीयताको खोजी र विश्लेषणका लागि सहयोग प्राप्त भएको छ ।

माया गैरे (२०६७) ले *कुहिरो कथासङ्ग्रहको कृतिपरक अध्ययन* नामक स्नातकोत्तर अप्रकाशित शोधपत्रमा प्रदीपकुमार ज्ञवालीको सङ्क्षिप्त परिचय तथा कथाको सैद्धान्तिक परिचय दिँदै *कुहिरो* कथासङ्ग्रहको विश्लेषणात्मक अध्ययन गरेकी छन् । उनले ज्ञवालीका कथामा समाजमा विद्यमान आर्थिक असमानता, सामाजिक भेदभाव, वर्गीय वैषम्य र भेदभाव, अन्धविश्वास र रूढि आदिको चित्रण पाइन्छ भनेकी छन् । यसै क्रममा गैरेले समाजका उच्चवर्गबाट हुने गरेका शोषण, दमन, छल, कपट, प्रपञ्च, अमानवीय व्यवहार तथा यस्ता क्रियाकलाप र व्यवहारलाई सहन बाध्य र विवश निम्नवर्गीय जनजीवनको यथार्थमूलक प्रस्तुति उनका कथामा पाइन्छ भनी उल्लेख गरेकी छन् । नेपाली समाजका आर्थिक, सामाजिक, सांस्कृतिक आदि समस्याहरूलाई मार्मिक रूपले प्रस्तुत गर्ने ज्ञवालीले आफ्नै जीवन भोगाइका पीडालाई पनि साधारणीकृत गरी कतिपय कथाको रचना गरेको देखिन्छ भनेर उनले ज्ञवालीको कथालेखनीबारे टिप्पणी गरेकी छन् । गैरेको उक्त अध्ययन कविताको परिचर्चाका लागि पनि उपयुक्त रहेकाले यस शोधकार्यसँग सम्बन्धित रहेको छ ।

मदन अधिकारी (२०६९) ले *कुहिरो कथासङ्ग्रहको विश्लेषणात्मक अध्ययन* शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा प्रदीपकुमार ज्ञवालीको बहुआयामिक व्यक्तित्वको अध्ययन गर्दै कथाको सैद्धान्तिक परिचय दिई कुहिरो कथा सङ्ग्रहको विश्लेषणात्मक अध्ययन गरेका छन् । उनले ज्ञवालीका कथामा समाजमा विद्यमान आर्थिक असमानता, सामाजिक भेदभाव, वर्गीय वैषम्य र भेदभाव, अन्धविश्वास र रूढि आदिको चित्रण पाइन्छ भनेका छन् । यसै

क्रममा अधिकारीले समाजका उच्चवर्गबाट हुने गरेका शोषण, दमन, छल, कपट, प्रपञ्च, अमानवीय व्यवहार तथा यस्ता क्रियाकलाप र व्यवहारलाई सहन बाध्य र विवश निम्नवर्गीय जनजीवनको यथार्थमूलक प्रस्तुति पाइन्छ भनी उल्लेख गरेका छन् । अधिकारीको उक्त अध्ययन प्रस्तुत शोधकार्यसँग सम्बद्ध रहेको छ ।

यमकुमारी सापकोटा (२०७३) ले कुहिरो कथासङ्ग्रहका कथामा नारीवादी चिन्तन शीर्षकको स्नातकोत्तर शोधपत्रमा नेपाली समाजका आर्थिक, सामाजिक, सांस्कृतिक आदि समस्याहरूलाई मार्मिक रूपले प्रस्तुत गर्ने ज्ञवालीले आफ्नो जीवन भोगाइका पीडालाई पनि साधारणीकृत गरी कतिपय कथाको रचना गरेको देखिन्छ भनेर उनले ज्ञवालीको कथालेखनीबारे टिप्पणी गरेकी छन् । उनले ज्ञवालीका कथामा समाजमा विद्यमान आर्थिक असमानता, सामाजिक भेदभाव, वर्गीय वैषम्य र भेदभाव, अन्धविश्वास र रूढि आदिको चित्रण पाइन्छ भनेकी छन् । यसै क्रममा सापकोटाले समाजका उच्चवर्गबाट हुने गरेका शोषण, दमन, छल, कपट, प्रपञ्च, अमानवीय व्यवहार तथा यस्ता क्रियाकलाप र व्यवहारलाई सहन बाध्य र विवश निम्नवर्गीय जनजीवनको यथार्थमूलक प्रस्तुति उनका कथामा पाइन्छ भनी उल्लेख गरेकी छन् । सापकोटाको प्रस्तुत अध्ययन यस शोधकार्यका लागि सम्बन्धित रहेको छ ।

श्यामल (२०७३) ले *बिनासालिकका नायकहरू* कवितासङ्ग्रहको भूमिका ‘जमिनका कविता’ शीर्षकमा प्रदीपकुमार ज्ञवालीको तेस्रो कविता सङ्ग्रह *बिनासालिकका नायकहरू* अत्यन्तै सशक्त र सबल रहेको बताएका छन् । उनले यसमा मैले एलोप्याथिक शल्यचिकित्सकझैँ दाँतमा छिरी र सियो लिएर बस्ने होइन, आयुर्वेदको वैद्यराज जस्तै प्रदीपका कविताको नाडी छाम्ने, जिब्रो हेर्ने, ज्वरो नाप्ने काम गरेर यसमा कविताका लक्षण विचार गरे मात्र पुग्छ, भन्ने धारणा व्यक्त गर्दै त्यसको अनुभव पाठकहरूले नै गर्नेछन् भनी उल्लेख गरेका छन् । श्यामलले आफ्नो भूमिकामा कवि ज्ञवालीका बारे थप्दै एउटा कविले गर्न नसुहाउने गालीगलौच, उपदेश उनका कृतिमा फलाकेको पाइँदैन, यहाँ अनुभूतिहरू छन्, साझा अनुभूति, संसार सुन्दर भएको देख्न चाहने अनुभूति छन् भन्दै उनले त्यस अर्थमा आफूलाई कवि शीतबिन्दु र उनका कविताहरू मन परेको कुरा बताएका छन् । उनको यस अध्ययनबाट उनका कवितामार्फत उपेक्षित वर्गका समाजका मानिसबारेको उत्पीडन बुझ्न सकिने हुँदा यो अध्ययन यस शोधका लागि उपयोगी रहेको छ ।

उल्लिखित पूर्वकार्यहरूको अध्ययनबाट प्रदीपकुमार ज्ञवालीका विभिन्न कालखण्डमा कथा, उपन्यास र कविता आदि विधामा केन्द्रित भएर यसभन्दापूर्व केही अध्ययन भएका देखिन्छन् । ती अध्ययन सांस्कृतिक अध्ययनअन्तर्गत वर्गीयताका दृष्टिले नभई अन्य विविध सैद्धान्तिक मान्यताका दृष्टिले भएको पाइन्छ । धेरैजसो अध्ययन तथा अनुसन्धान प्रदीपकुमार ज्ञवालीका जीवनी, व्यक्तित्व तथा कृतित्वमा आधारित भएर गरिएको छ । यसरी विभिन्न समालोचक, समीक्षक, शोधार्थीहरूले ज्ञवाली र उनका कृतिका बारेमा गरेका समालोचना, समीक्षा र शोधकार्यहरूको अध्ययन गरी गरिएको समीक्षा ज्ञवालीका कविताकृतिको वर्गीयताका दृष्टिले छुट्टै अध्ययन नभएर सामान्य अध्ययन मात्र हुन् । यसरी ज्ञवालीका कविताको विभिन्न कोणबाट अध्ययन-अनुसन्धान, समालोचना एवम् समीक्षा गरिएको पाइए तापनि वर्गीयताका दृष्टिकोणबाट अध्ययन भएको देखिँदैन । तसर्थ प्रस्तुत शोधकार्यमा ज्ञवालीका कवितामा अभिव्यक्त वर्गीयताको अध्ययन गर्न उपयुक्त रहेको देखिन्छ ।

प्रस्तुत शोधकार्यमा प्रस्तुत गरिएका पूर्वकार्यहरू ज्ञवालीको जीवनी, व्यक्तित्व र उनका कथा तथा कविताविशेषको विश्लेषणका क्रममा गरिएका कार्यहरू मात्र हुन् । यी अध्ययनमा ज्ञवालीका कवितामा वर्गीयताको अध्ययनलाई नै मूल विषय बनाएर गरिएको पूर्वकार्यको अभाव रहेको देखिन्छ भने ज्ञवालीका काव्यप्रवृत्ति र उनका कथाको विधागत चर्चा वा विभिन्न सन्दर्भमा केही अंश मात्र प्रस्तुत भएका छन् । माथिका अध्ययन वर्गीयताको विश्लेषणमा केन्द्रित नभई कविताको विधापरक र प्रवृत्तिपरक मात्र भएका हुँदा तिनले सांस्कृतिक अध्ययनअन्तर्गत वर्गीयताको मान्यतामा आधारित भई ज्ञवालीका कविताको अध्ययन र विश्लेषण गर्न सकेका छैनन् । अहिलेसम्म प्रस्तुत पूर्वकार्यलाई हेर्दा वर्गीयताको मान्यताका आधारमा प्रदीपकुमार ज्ञवालीका कविताको समग्र अध्ययन, विश्लेषण र मूल्याङ्कन हुन सकेको छैन । प्रस्तुत शोधकार्यमा प्रदीपकुमार ज्ञवालीका कवितामा निहित वर्गीयताको खोजी गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

प्रस्तुत शोधमा प्रदीपकुमार ज्ञवालीका कविताबारेको ज्ञानपरम्परामा उनका कवितामा निहित वर्गीयताबारेको ज्ञानको उद्घाटन हुने हुँदा यसको मौलिक शोधमूलक औचित्य सिद्ध हुन्छ । यस शोधकार्यका सन्दर्भमा गरिएका पूर्वकार्यको समीक्षानुसार कवि ज्ञवालीका कथा, उपन्यासमा विभिन्न विषय क्षेत्रबाट पूर्व अध्ययनहरू भए तापनि वर्गीयताका दृष्टिले नितान्त

नवीन र मौलिक रहेको हुँदा स्वतः यस शोधको औचित्य पुष्टि हुन्छ । ज्ञवालीका कवितामा प्रयुक्त वर्गीयतालाई प्रस्ट्याउने गरी व्यवस्थित रूपमा तयार पारिएको प्रस्तुत शोधले वर्गीयता र वर्गद्वन्द्वको सैद्धान्तिक ज्ञान हासिल गर्न, यस सिद्धान्तको कृतिविश्लेषणको प्रारूपका आधारमा अन्य साहित्यिक कृतिहरूको अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गर्ने मार्गनिर्देश प्राप्त गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ । यसभन्दा पहिलेका अध्येता तथा शोधकर्ताहरूले ज्ञवालीका कविताको वर्गीयता विश्लेषणको कोणमा मात्र आधारित भई उपयुक्त शोधकार्य गरेको नदेखिएकाले यस विषयमा गरिएको व्यवस्थित शोध महत्त्वपूर्ण छ । प्रस्तुत शोधमा उनका कवितामा निहित वर्गीयतासम्बन्धी ज्ञानको वस्तुनिष्ठ रूपमा प्राज्ञिक प्रतिपादन गरिएको छ र यही नै यस शोधकार्यको मौलिकता पनि हो । यसप्रकार प्रदीपकुमारका कवितामा निहित वर्गीय सन्दर्भ केकसरी प्रस्तुत भएको छ भनी त्यसको अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गरी प्राज्ञिक निष्कर्ष निकाल्ने भएकाले पनि प्रस्तुत शोधको औचित्य र महत्त्व पुष्टि हुन्छ ।

## १.६ शोधको सीमाङ्कन

सांस्कृतिक अध्ययनका सीमान्तीयता, प्रतिनिधित्व, प्रभुत्व, पहिचान, लोकप्रिय संस्कृति, नवइतिहासवाद, लैङ्गिकता, शरीर, विमर्श, ज्ञान र शक्तिसम्बन्ध आदि अवधारणामध्ये वर्गीयताका कोणबाट गरिएको प्रदीपकुमार ज्ञवालीका कविताको विश्लेषणमा मात्र यो शोधकार्य केन्द्रित रहेको छ । प्रस्तुत शोधकार्य कवि प्रदीपकुमार ज्ञवालीका *चिता जलिरहेछ* (२०५३), *आस्था ओ मेरी प्रिया* (२०५९) र *बिनासालिकका नायकहरू* (२०७३) गरी तीनवटा कवितासङ्ग्रहका कवितामा मात्र आधारित भएर गरिएको छ । ज्ञवालीका उल्लिखित कवितासङ्ग्रहमा रहेका जम्मा ६६ वटा कवितामध्ये सोद्देश्य नमुना छनोटका आधारमा पन्ध्रवटा कविताको चयन गरी वर्गीय प्रतिनिधित्व एवम् वर्गीय द्वन्द्वका आधारमा विश्लेषण गरिएको छ । छनोट गरिएका कवितामा *चिता जलिरहेछ* (२०५३) कवितासङ्ग्रहबाट 'मलाई कुहिरो मन पर्दैन', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', 'यो महल' र 'एउटा चिठी : सांसद छोराको नाममा' गरी चारवटा, *आस्था ओ मेरी प्रिया* (२०५९) कवितासङ्ग्रहबाट 'एकादेशमा', 'बिहानीको प्रतीक्षामा' र 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' गरी तीनवटा र *बिनासालिकका नायकहरू* (२०७३) कवितासङ्ग्रहबाट 'बिटुलिएको झुपडी', 'इतिहासको मिर्मिरेमा', 'म कर्नाली' 'पसल छेउ उभिएकी केटी', 'विद्रोहको आँगनमा लाटो कामी', 'मरुभूमिको बलेनी', 'हामी बेनामीहरू' र 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' गरी आठवटा गरी जम्मा पन्ध्रवटा कथा छनोट

गरी विश्लेषण गरिएको छ । यसबाहेक वर्गीयताका अन्य कुनै पनि पक्ष र मान्यताका दृष्टिले यस शोधमा अध्ययन तथा विश्लेषण गरिएको छैन ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा आवश्यक पर्ने सम्पूर्ण सामग्रीको सङ्कलन र अध्ययनका लागि प्रयोग गरिएका सामग्री विश्लेषण विधिको छुट्टाछुट्टै तल चर्चा गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध गुणात्मक भएकाले यसका लागि आवश्यक पर्ने आधारभूत तथा सहायक सामग्री सङ्कलनको मुख्य स्रोत पुस्तकालयलाई बनाइएको छ । सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका रहेका छन् । प्रदीपकुमार ज्ञवालीका *चिता जलिरहेछ* (२०५३), *आस्था ओ मेरी प्रिया* (२०५९) र *बिनासालिकका नायकहरू* (२०७३) गरी तीनवटा कवितासङ्ग्रहहरू यस शोधका प्राथमिक वा मूल सामग्री हुन् । ज्ञवालीका *चिता जलिरहेछ, आस्था ओ मेरी प्रिया* र *बिनासालिकका नायकहरू* गरी तीनवटा कवितासङ्ग्रहमा सङ्गृहीत जम्मा ६६ वटा कवितामध्ये यस शोधमा सोद्देश्य नमुना छनोट गरी जम्मा पन्ध्रवटा कविताको मात्र अध्ययन गरिएको छ । छनोट गरिएका कवितालाई पनि वर्गीय प्रतिनिधित्व र वर्गीय द्वन्द्वयुक्त कविताका रूपमा छुट्याई छुट्टाछुट्टै रूपमा विश्लेषण गरिएको छ । यस शोधका लागि सोद्देश्यमूलक छनोट गरिएका कवितामा *चिता जलिरहेछ* कवितासङ्ग्रहबाट ‘मलाई कुहिरो मन पर्दैन’, ‘यतिबेला गाउँमा अलिकति साँझ परेको छ’, ‘यो महल’ ‘एउटा चिठी : सांसद छोराको नाममा’, *आस्था ओ मेरी प्रिया* कथासङ्ग्रहबाट ‘एकादेशमा’, ‘किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा’, र ‘बिहानीको प्रतीक्षामा’ तथा ‘बिहानीको प्रतीक्षामा’ तथा *बिनासालिकका नायकहरू* कवितासङ्ग्रहबाट ‘पसल छेउ उभिएकी केटी’, ‘विद्रोहको आँगनमा लाटो कामी’, ‘मरुभूमिको बलेनी’, ‘हामी बेनामीहरू’, ‘कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ’, ‘इतिहासको मिर्मिरेमा’, ‘बिटुलिएको झुपडी’ र ‘म कर्नाली’ गरी जम्मा पन्ध्रवटा कविता हुन् । यस शोधकार्यका लागि सांस्कृतिक अध्ययनसँग सम्बद्ध वर्गीय प्रतिनिधित्व र द्वन्द्वको सैद्धान्तिक मान्यतालाई सामग्री विश्लेषणका आधारका रूपमा लिइएको छ । ज्ञवालीका कविताकृतिसँग सम्बद्ध रहेर गरिएका अध्ययन तथा विश्लेषण गरिएका सामग्रीहरूलाई द्वितीयक स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ ।

## १.७.२ सामग्री विश्लेषणको विधि

प्रस्तुत शोधकार्यमा प्रस्तुत गरिएका समस्याको प्राज्ञिक समाधानका लागि प्रदीपकुमार ज्ञवालीका कविताको विश्लेषणका लागि सांस्कृतिक अध्ययनअन्तर्गतको वर्गीयतालाई प्रमुख आधार बनाइएको छ । यसमा वर्गीयताका विभिन्न मान्यतामध्ये वर्गीय प्रतिनिधित्व र वर्गीय द्वन्द्वलाई मुख्य आधार बनाइएको छ। प्रतिनिधित्वले कुनै पनि पाठ/कृतिभित्र के कस्तो वर्गीय, जातीय तथा लैङ्गिक प्रतिनिधित्व केकसरी गरिएको छ, त्यसको वस्तुपरक ढङ्गले अध्ययन गरिनु पर्दछ भन्ने मान्यता राख्दछ । यस शोधमा ज्ञवालीका कविताको विस्तृत, सघन एवम् सूक्ष्म पठन गरी मूल समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ । यसरी वर्गीयतासम्बन्धी मान्यतामा आधारित भई सामग्रीको विश्लेषण गरिने हुनाले यस शोधमा ज्ञान प्रतिपादन निगमनात्मक विधिबाट निर्दिष्ट रहेको छ भने सामग्री सङ्कलन तथा विश्लेषणका क्रममा आंशिक रूपमा आगमनात्मक विधिको पनि प्रयोग गरिएको छ। यस शोधमा नयाँ सिद्धान्तको स्थापना गर्ने उद्देश्य नराखी स्थापित सिद्धान्तको प्रयोगद्वारा सामग्रीको व्याख्या र विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको हुनाले प्रस्तुत शोध गुणात्मक प्रकृतिको रहेको छ। प्रस्तुत शोधमा सर्वेक्षणात्मक, व्याख्यात्मक तथा पाठविश्लेषणको विधि प्रयोग गरिएको छ र विश्लेषणात्मक विधिमार्फत सामान्यीकरण गरी निष्कर्षमा पुगिएको छ ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा वर्गीयतासम्बन्धी धारणाको सैद्धान्तिक स्रोतका लागि सांस्कृतिकअन्तर्गत वर्गीयतालाई लिइएको छ । प्रदीपकुमार ज्ञवालीका कवितामा अन्तर्निहित वर्गीय द्वन्द्वको निरूपण गर्ने उद्देश्यले सङ्कलित सामग्रीहरूको विश्लेषण एवम् सामान्यीकरण गरी निष्कर्षमा पुग्नका लागि वर्गीयताको मान्यतामा आधारित सैद्धान्तिक मापदण्डलाई अवलम्बन गरिएको छ। प्रस्तुत शोध मार्क्सवादको वर्गीयताको सम्बन्ध र वर्गीय द्वन्द्वमा आधारित आर्थिक उत्पादन र उत्पादनका साधनसँग सम्बन्धित रहेको छ । प्रस्तुत शोधकार्यमा वर्गीय प्रतिनिधित्व र वर्गीय द्वन्द्वलाई विश्लेषणको आधार बनाइएको छ ।

प्रस्तुत शोधमा अवलम्बन गरिएको प्रदीपकुमार ज्ञवालीका कविताविश्लेषणको ढाँचालाई यसप्रकार बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

प्रस्तुत शोधप्रबन्धको पहिलो शोधप्रश्नमा रहेको प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय प्रतिनिधित्वको चित्रण केकस्तो छ भन्ने समस्याको विश्लेषणका लागि निम्नलिखित ढाँचाको प्रयोग गरिएको छ :

(१) प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय प्रतिनिधित्व

(क) उच्चवर्गको प्रतिनिधित्व

(ख) निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत शोधप्रबन्धको दोस्रो शोधप्रश्नमा रहेको प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय द्वन्द्वको चित्रण केकसरी गरिएको छ भन्ने प्रश्नको विश्लेषणका लागि निम्नानुसारको ढाँचा प्रयोग गरिएको छ :

(२) प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय द्वन्द्व

उच्च र निम्नवर्गबीचको द्वन्द्व

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई व्यवस्थित रूप दिनका लागि निम्नलिखित परिच्छेदमा सङ्गठित गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : प्रदीपकुमार ज्ञवालीको कवितायात्रा र प्रवृत्ति

तेस्रो परिच्छेद : प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय प्रतिनिधित्व

चौथो परिच्छेद : प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय द्वन्द्व

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# प्रदीपकुमार ज्ञवालीको कवितायात्रा र प्रवृत्ति

## २.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदको अध्ययनीय विषय प्रदीपकुमार ज्ञवालीको कवितायात्रा र प्रवृत्ति रहेको छ । यसमा प्रदीपकुमार ज्ञवालीको सङ्क्षिप्त जीवनवृत्त, प्रदीपकुमार ज्ञवालीको कवितायात्रा र प्रवृत्ति, प्रदीपकुमार ज्ञवालीका कविताको मूलभाव तथा निष्कर्ष जस्ता उपशीर्षकमा विश्लेषण गरिएको छ । प्रदीपकुमार ज्ञवालीको कविता क्षेत्रमा प्रगतिवादी चेत प्रगाढ हुँदै गएको र लेखनमा स्तर वृद्धि भएको देखिन्छ भन्ने निष्कर्ष यस परिच्छेदमा प्रस्तुत छ । उनका कवितामा सामाजिक समस्या र तीभित्रका यथार्थतालाई प्रस्तुत गरिएको छ । उनका कवितामा प्रजातन्त्र प्राप्तिपछि पनि जनताले खुसियाली मनाउन नपाएको कुराको चित्रण छ । उनका कवितामा स्वार्थी राजनीतिक कार्यकर्ताहरूप्रति व्यङ्ग्य तीक्ष्ण रूपमा प्रस्तुत गरिएको छ । उनका हाल पाँच सयभन्दा बढी लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा विभिन्न शीर्षकमा प्रकाशित भएका छन् । बहुमुखी प्रतिभाका धनी प्रदीप ज्ञवालीभित्र उपन्यासकार, कथाकार, कवि तथा गीतकार, भूमिका लेखन, सम्पादक, स्तम्भलेखन व्यक्तित्वका साथै सामाजिक व्यक्तित्व एवम् राजनीतिक व्यक्तित्व जस्ता थुप्रै प्रतिभाहरू समेटिएका छन् । वि.स. २०२८ देखि सुरु भएको ज्ञवालीको साहित्यिक यात्रामा हालसम्म छ वटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । उनका पाँच सयभन्दा बढी साहित्येतर लेख र रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् र ती रचनाका माध्यमबाट समाजका समस्याको चित्रण गरिएको छ भन्ने निष्कर्ष यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## २.२ प्रदीपकुमार ज्ञवालीको सङ्क्षिप्त जीवनवृत्त

छविलाल ज्ञवालीका चार भाइ छोरा नारायणदत्त, घनश्याम, डिलाराम र पुनाराममध्ये जेठा छोरा नारायणदत्त ज्ञवाली र उनकी श्रीमती पुण्यकला ज्ञवालीबाट २०१९ साल भाद्र २८ गते विहीवारका दिन गुल्मी जिल्लाको बलेटक्सार गाविस वडा नम्बर २ चौतारा भन्ने ठाउँमा एक साधारण किसान परिवारमा प्रदीपकुमार ज्ञवालीको जन्म भएको हो (प्रदीपकुमार ज्ञवालीबाट प्राप्त जानकारी) । हालको गुल्मी जिल्लाको बलेटक्सार प्राचीन नेपालको इतिहासमा वर्णित साना रजौटाले राजगरी बसेको बम्घा राज्यअन्तर्गत पर्दछ । बम्घा राज्यको कोटको

फेदीमा सुन्दर घिउबेंसी फाँट रहेको छ भने करिब ४ किलोमिटर पूर्वमा पवित्र धार्मिकस्थल रिडी क्षेत्र रहेको छ । विविध सामाजिक, सांस्कृतिक परिवेशले युक्त प्राकृतिक सौन्दर्यको अनुपम नमुनाले भरिपूर्ण गाउँ ज्ञवाली थरको उद्‌गम स्थल पनि हो । हाल यातायात, बिजुली, बाटोघाटोलगायत भौतिक सुविधा एवम् मनोरम प्राकृतिक सौन्दर्यले भरिपूर्ण बलेटक्सार गाउँ कवि ज्ञवालीको जन्मस्थल हो ।

प्रदीपकुमार ज्ञवालीको बाल्यकाल आफ्नै जन्मस्थल गुल्मीको बलेटक्सार गाउँमै बितेको थियो । बाल्यकाल जीवन यात्राको एक महत्त्वपूर्ण क्षण हो । यस समयमा बालमस्तिष्कमा पर्न गएका छापहरूले जीवनको अन्तिम क्षणसम्म प्रभाव पारिरहेको हुन्छ । नारायणदत्त ज्ञवालीका कान्छा छोराको रूपमा जन्मिएका प्रदीपकुमार ज्ञवालीको बाल्यकाल सुखपूर्वक नै बितेको थियो । आमाको न्यानो काख, दाजु र दिदीको न्यानो मायामा हुर्कने अवसर पाएका ज्ञवालीलाई बाल्यकालमा कुनै ठूला दुःख र सङ्कटहरू आइपरेनन् । उनको जीवनको व्यक्तित्व निर्माणमा बाल्यावस्थादेखि नै आफ्नी आमाको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । आमाको शिष्टता, नम्रता, सरलताजस्ता व्यावहारिक ज्ञानदीक्षाबाट बाल्यकालदेखि नै उनमा प्रभाव परेको पाइन्छ । तीक्ष्ण, तार्किक तथा जिज्ञासु प्रवृत्तिका कवि ज्ञवाली बाल्यकालदेखि नै सरल, शिष्ट र सादगी स्वभावका थिए । उच्छृङ्खल, बदमासी एवम् उद्दण्ड जस्ता व्यवहारबाट उनी सानैदेखि टाढै थिए । साथीभाइहरूसँग डन्डीबियो, कपर्दी, भकुन्डोजस्ता खेल खेल्नुका साथै विभिन्न सांस्कृतिक कार्यक्रममा भाग लिने, तीज, देउसीभैलोमा सहभागी हुने तथा विभिन्न सामाजिक कार्यक्रमा सहभागी हुँदै विभिन्न विषयमा अनुभव, ज्ञान आदि बटुली सामाजिक, सांस्कृतिक, प्राकृतिक वातावरणअनुरूपको व्यक्तित्व निर्माण गर्दै सुखपूर्वक नै उनको बाल्यकाल बितेको थियो (प्रदीपकुमार ज्ञवालीबाट प्राप्त जानकारी) ।

प्रदीपकुमार ज्ञवालीको प्रारम्भिक शिक्षा घरपरिवार र प्रकृतिरूपी पाठशालामा सम्पन्न भएको थियो । यसका अतिरिक्त उनले जीवनको प्रारम्भिक अवस्थामा छरछिमेक, नातेदार, साथीसँगीका साथै समाजका श्रेष्ठ र बौद्धिक व्यक्तिबाट ज्ञानका विविध कुराहरू सिकिसकेका थिए । उनको परिवारमा उनका दाजु हरिप्रसाद ज्ञवाली शिक्षित व्यक्ति थिए । आमाबुबा पढेलेखेका नभएका कारण घरपरिवारका शिक्षित दाजुबाटै प्रदीपकुमार ज्ञवालीलाई अक्षरारम्भ गराउने काम भएको थियो (प्रदीपकुमार ज्ञवालीबाट प्राप्त जानकारी) । दाजुको निगरानी, निर्देशन र नियन्त्रणमा उनको शिक्षादीक्षाको प्रबन्ध भएको थियो । अक्षरारम्भको प्रारम्भिक

अवस्थामा काठको कालोपाटीमा अँगार र पहेंला सेता ढुङ्गाले अक्षर लेख्ने तरिका सिकाएका उनका दाजुको ठूलो भूमिका रहेको देखिन्छ (हरिप्रसाद ज्ञवालीबाट प्राप्त जानकारी) ।

घरमा नै अक्षर चिनिसकेका प्रदीपकुमार ज्ञवालीलाई औपचारिक शिक्षा हासिल गराउनका लागि उनका दाजुले गाउँको नजिकै रहेको बम्घा प्रा.वि.मा २०२५ सालमा ६ वर्षको उमेरमा कक्षा १ मा भर्ना गरिदिएका थिए । विद्यालयमा गुरुहरूको निर्देशन तथा घरमा दाजुको नियन्त्रण, निर्देशन र निगरानीले गर्दा छोटो समयावधिमा नै निर्धारित पाठ्यभार पूरा गरिसक्दथे । उनको क्षमतालाई निर्धारित विषयले भ्याउँदैनथ्यो । उनको प्रतिभा देखेर विद्यालयका गुरुहरूले उनलाई एक शैक्षिक सत्रभित्र दुई कक्षामा कक्षोन्नति गराइदिएका थिए । यसरी कक्षा फड्कँदै विद्यालय भर्ना भएको तीन वर्षभित्र ६ कक्षाको अध्ययन पूरा गरेका थिए । उनले प्रावि तहको शिक्षा बम्घा प्रा.वि. बाट र नि.मा.वि.तह ग्वादीबाट पूरा गरे । विद्यालयमा भर्ना भएदेखि उनी कक्षामा प्रथम हुँदै निस्के । उनको पढाइ देखेर पढाउने शिक्षक पनि अचम्ममा पर्दथे (हरिप्रसाद ज्ञवालीबाट प्राप्त जानकारी) ।

कक्षा ८ सम्मको अध्ययन घरबाट आउने जाने गरी गाउँकै विद्यालयमा गरे पनि मा.वि.तहको शिक्षा हासिल गर्नका लागि भने विद्यालय नजिक नभएका कारण उनले घर छाड्नुपऱ्यो । मावि तहको शिक्षा हासिल गर्न उनी रिडी मा.वि.मा २०३० सालमा भर्ना हुनपुगे । २०३२ सालमा चौध वर्षकै कलिलो अवस्थामा रिडी मा.वि. गुल्मीबाट एस.एल.सी.उत्तीर्ण गरे (प्रदीपकुमार ज्ञवालीबाट प्राप्त जानकारी) । विज्ञान र अङ्ग्रेजी विषयमा विशेष रुचि लिने ज्ञवाली विज्ञानका नयाँनयाँ आविष्कारहरूप्रति विशेष रुचि राख्दथे । विद्यालयमा पढाइने विषयमा मात्र केन्द्रित नरही अन्य विषयसँग सम्बन्धित पुस्तक पत्रपत्रिकाहरूको अध्ययन गर्ने बानी पनि उनमा थियो । विद्यार्थी जीवनदेखि नै राजनीतिक गतिविधिमा सङ्लग्न रहेका ज्ञवालीको बामपन्थी विचारधाराका विभिन्न व्यक्तिहरूसँग सम्पर्क हुँदै गयो । निरङ्कुश पञ्चायती व्यवस्थाको दमनको समयावधिमा पनि उनले वामपन्थी समर्थक विद्यार्थी सङ्गठनमा रही काम गरेका थिए (प्रदीपकुमार ज्ञवालीबाट प्राप्त जानकारी) ।

चौध वर्षकै उमेरमा एस.एल.सी उत्तीर्ण गरेका प्रदीपकुमार ज्ञवाली तीक्ष्ण बुद्धि र प्रतिभाशाली व्यक्ति हुँदाहुँदै पनि उनको औपचारिक उच्च शिक्षा अघि बढ्न सकेन । औपचारिक उच्च शिक्षा हासिल गर्ने घरपरिवारको सहयोग र आफ्नो चाहना हुँदाहुँदै पनि तत्कालीन समयमा उनमा आएको विचार परिवर्तनका कारण आफ्नो शिक्षालाई निरन्तरता दिन सकेनन् ।

यसैबीच नेपालमा पनि बुर्जुवा शिक्षा बहिष्कारको आँधी चल्यो । ज्ञवालीको बिस्तारै वामपन्थी विचारधाराका व्यक्तिहरूसँग सम्पर्क हुँदै गयो । वामपन्थी कार्यकर्ताहरूको सङ्गतले गर्दा उनी पनि त्यसमा सहभागी भई काम गर्न थाले । २०३०/०३५ तिर तत्कालीन शिक्षा व्यवस्थाप्रति वामपन्थीद्वारा असन्तोष व्यक्त गरी बुर्जुवा शिक्षाको विरोध र बहिष्कार गर्ने अभियान चल्यो । उक्त अभियानमा ज्ञवाली पनि सक्रिय भएर लागे । बुर्जुवा शिक्षा बहिष्कारको आँधीले उनको उच्च शिक्षा पढेर डाक्टर बन्ने सपना पनि चकनाचुर भयो । पार्टीको नीतिनिर्देशनलाई पालना गर्दै उनी भूमिगत काममा हिँड्न थाले । भूमिगत हुने क्रममा उनले पार्टीको कामसँगै राजनैतिक विचारका पुस्तकहरू खोजीखोजी पढ्न थाले (प्रदीपकुमार ज्ञवालीबाट प्राप्त जानकारी) । परिणामतः अध्ययन उनको जीवनको विशेष रुचि र जीवनकै नियमितता बन्दै गयो (प्रदीपकुमार ज्ञवालीबाट प्राप्त जानकारी) । उनको पारिवारिक पृष्ठभूमि कृषि क्षेत्रमा आधारित निम्नमध्यम वर्गको देखिन्छ ।

नेपाली राजनीतिमा २०४४ सालदेखि लोकप्रिय नेताका रूपमा उदाएका ज्ञवाली २०५६, २०६४ र २०७४ सालमा गुल्मीबाट प्रतिनिधि सभा सदस्यको रूपमा विजयी भई राजनीतिमा सक्रिय भएका देखिन्छन् । उनी राजनीतिक सफलताको दौडानमा पछि २०६३ मा पर्यटन तथा नागरिक उड्डयन मन्त्री र २०७४ मा परराष्ट्रमन्त्रीसमेत हुनपुगेका देखिन्छन् ।

## २.३ प्रदीपकुमार ज्ञवालीको व्यक्तित्व

प्रदीपकुमार ज्ञवालीको साहित्यिक व्यक्तित्व स्रष्टा र द्रष्टा दुवैतिर रहेको पाइन्छ । स्रष्टा व्यक्तित्वका रूपमा यिनी कवि तथा गीतकार, निबन्धकार, उपन्यासकार, कथाकार आदिका रूपमा परिचित छन् । यिनको साहित्यिक व्यक्तित्वलाई स्रष्टा र द्रष्टाका रूपमा यसप्रकार प्रस्तुत गरिन्छ :

### २.३.१ स्रष्टा व्यक्तित्व

प्रदीप ज्ञवाली एक कुशल साहित्यकार हुन् । यिनको साहित्यिक व्यक्तित्व स्रष्टा र दृष्टा दुवैतिर रहेको पाइन्छ तापनि द्रष्टा व्यक्तित्वभन्दा स्रष्टा व्यक्तित्व अगाडि रहेको छ । स्रष्टा व्यक्तित्वका रूपमा यिनी कवि तथा गीतकार, निबन्धकार, उपन्यासकार, कथाकार आदिका रूपमा परिचित छन् । यिनको साहित्यिक व्यक्तित्वलाई स्रष्टा र द्रष्टाका रूपमा यसप्रकार प्रस्तुत गरिन्छ :

### (१) कवि तथा गीतकार व्यक्तित्व

प्रदीप ज्ञवालीको साहित्य लेखनको सुरुवात कविताबाटै भएको हो । आफ्ना दाजुले कविता लेखे र पढेको प्रभाव बाल्यकालमा नै ज्ञवालीको मस्तिष्कमा पर्न गयो जसको कारण ८-९ वर्षकै उमेरमा उनको मनमा कविला अङ्कुरण भई प्रस्फुटन हुन थाल्यो । उनले ८-९ वर्षको उमेरदेखि नै कविता लेख्न थाले पनि १७-१८ वर्षको उमेरदेखि आधिकारिक रूपमा कविता लेख्न थालेको पाइन्छ । *दैनिक समालोचना* नामक पत्रिकामा २०४१ सालमा 'आँशुले के भन्छ ?' शीर्षकको फुटकर कविताबाट सार्वजनिक रूपमा देखापरेका ज्ञवालीले प्रशस्त फुटकर कविता, केही गीत र खण्डकाव्यसमेत रचना गरेका छन् (प्रदीप ज्ञवालीबाट प्राप्त जानकारी) । प्रदीप ज्ञवालीलाई कविव्यक्तित्वका रूपमा चिनाउने उनका प्रकाशित पुस्तकाकार कृतिहरूमा *चिता जलिरहेछ* (२०५३), *आस्था ओ मेरी प्रिया* (२०५९) र *बिनासालिकका नायकहरू* (२०७३) कवितासङ्ग्रह रहेका छन् । उनको एक अपूर्ण रूपमा रहेको *अधुरो इतिहास* नामक खण्डकाव्य अप्रकाशित नै रहेको छ । यो खण्डकाण्य २०३३ सालतिर लेखिएको हो (प्रदीप ज्ञवालीबाट प्राप्त जानकारी) । तत्कालीन समयमा उनमा आएको विचारको परिवर्तनले गर्दा यो खण्डकाव्य आजसम्म पनि यथास्थितिमा रहेको छ । यस्तो हुनुको पछाडि उनको यस्तो धारण छ- एउटा मगन्तेको जीवन र समाजले ऊमाथि गरेको अपहेलनाको कथामा आधारित यो खण्डकाव्य लेख्दै गर्दा स्वर्गीय जीवराज आश्रितसँग मेरो सम्पर्क भयो । उहाँले त्यो काव्यको विवेचना गर्दै त्यसमा रहेको दृष्टिकोणलाई सच्चाइदिने मात्र होइन जीवन र जगत्लाई हेर्ने दृष्टिकोणबारे पनि मलाई स्पष्ट पार्नुभयो । त्यति बेलासम्म गरिबहरूमा पक्षमा बोलिदिने कुनै सिद्धान्त छैन, वाद छैन, विचार छैन, संस्था छैन र वास्तवमै गरिबहरू असहाय छन् भन्ने मेरो मान्यता थियो । तर उहाँले जीवन र जगत्लाई हेर्ने मार्क्सवादी दृष्टिकोण दिएपछि मैले आफूलाई समष्ट जगत्लाई हेर्ने वर्गीय दृष्टिकोणसहित स्पष्ट पारे । त्यसैले मेरो लेखनीलाई पनि एउटा मोड दियो (खनाल, २०६०-५) । यसमा उनले आफ्नो सिर्जनाबारे प्रस्ट पारेका छन् ।

प्रदीप ज्ञवालीलाई यसबाहेक गीतकारका रूपमा सुपरिचित गराउने चारवटा गीतहरू सङ्गीतमा ढालिएका छन् भन्ने केही गीतहरू पत्रपत्रिकामा प्रकाशित भएका र केही अप्रकाशित रूपमा नै रहेका छन् । लोकलय र आधुनिक लयमा आधारित भई गीतको रचना गर्ने ज्ञवालीको गीतकार व्यक्तित्वलाई प्रकाश पार्ने गीत र रचनामध्ये 'सहयात्री', 'सिस्नेको तिरैमा' आदि मुख्य

रहेका छन् । उनको समग्र गीतकार व्यक्तित्वलाई प्रकाशमा ल्याउने गीतिसङ्ग्रह अझै प्रकाशमा आएको छैन । विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका उनका गीतरचनाहरू विशेषतः प्रगतिशील गीतका फाँटमा उल्लेखनीय छन् ।

### (२) उपन्यासकार व्यक्तित्व

प्रदीप ज्ञवालीले उपन्यासका क्षेत्रमा पनि आफ्नो पहिचान स्थापना गरेका छन् । उनको पुस्तकाकार रूपमा प्रकाशित भएको विधा उपन्यास विधा पनि हो । उनलाई उपन्यासकारका रूपमा सुपरिचित गराउने कृति *सहयात्री* (२०४६) हो । २०४६ सालको जनआन्दोलनपूर्वको समयावधिलाई लिएर लेखिएको कृति *सहयात्री* उपन्यास प्रगतिवादी उपन्यास हो (प्रदीपकुमार ज्ञवालीबाट प्राप्त जानकारी) । यो उपन्यासमा मूल रूपमा २०४६ सालको जनआन्दोलनमा महिलाको भूमिकामा केन्द्रित रहेको छ । यो उपन्यास टेलिचलचित्रमा छायाङ्कित भएको छ । टेलिचलचित्र बनेबाट पनि उक्त उपन्यासको औपन्यासिक स्तरबारे अनुमान गर्न सकिन्छ । ज्ञवालीको *पूर्वसन्ध्या* उपन्यास पूर्ण भएर पनि परिष्कार र परिमार्जनको कार्य बाँकी रहेकाले प्रकाशित हुन सकेको छैन । हाल अर्को नयाँ उपन्यास लेखनमा पनि उनले कलम चलाइरहेका छन् । त्यस उपन्यासको नामकरण गरिएको छैन ।

### (३) कथाकार व्यक्तित्व

प्रदीप ज्ञवालीको साहित्यिक व्यक्तित्वअन्तर्गत कथाकार व्यक्तित्व पनि रहेको छ । उनका केही कथाहरू २०४१ सालदेखि नै पत्रपत्रिकामा प्रकाशित हुन थालेका हुन् । उनको हपहिलो लिखित कथा 'प्रभु मलाई भेडो बनाऊ' हो भने पहिलो प्रकाशित कथा 'असारको पन्ध्र' हो । यो कथा २०४१ सालमा *छलफल* पत्रिकामा प्रकाशित भएको थियो (प्रदीपकुमार ज्ञवालीबाट प्राप्त जानकारी) । उनले हालसम्म विभिन्न शीर्षकमा सत्रवटा कथाहरू लेखेका छन् । ज्ञवालीको समग्र कथाकार व्यक्तित्वलाई प्रकाशमा ल्याउने कथासङ्ग्रह *कुहिरो* (२०६०) प्रकाशित भएको छ । सत्रबटा कथाको सङ्ग्रह रहेको यस कथासङ्ग्रहमा सामाजिक अन्याय-अत्याचार, पुँजीवादी शोषण, जातीय भेदभाव, प्रशासनिक भ्रष्टताप्रति निर्मम प्रहार गर्दै सामाजिक विकृतिविरुद्ध शङ्खधोष गरिएको छ । सरल र सहज शैलीमा लेखिएका यी लघु आयामका कथाहरूले ज्ञवालीको कथाकार व्यक्तित्वको उद्घाटन गरेका छन् । उनका कथाहरू विभिन्न विषयवस्तुसँग सम्बन्धित रहेका छन् । कतिपय कथाहरू सामाजिक यर्थाथवादअनुरूप लेखिएका छन् भने कतिपय कथाहरू प्रगतिशील विचारधारामा लेखिएका छन् ।

**(४) निबन्धकार व्यक्तित्व**

प्रदीप ज्ञवालीको अर्को कलम चलेको बिधा निवन्धकारिता हो । २०४३ सालदेखि निबन्ध विधामा कलम चलाउन थालेका ज्ञवालीको पहिलो प्रकाशित वैचारिक निवन्ध 'अब मसाल कता ?' (२०४७) हो । यो २०४७ सालमा युगज्योति छापाखाना प्रकाशनवाट प्रकाशित भएको थियो । प्रगतिमूलक साहित्यिक दृष्टिले साहित्यसिर्जना गर्ने ज्ञवालीको सर्जक व्यक्तित्व वैचारिक निबन्धका क्षेत्रमा पनि स्थापित भएको छ । उनका निबन्धहरू बामपन्थी सिद्धान्तमा आधारित रहेका छन् । ज्ञवालीलाई वैचारिक निबन्धकार व्यक्तित्वका रूपमा सुपरिचित गराउने निबन्धात्मक ग्रन्थहरूमा *मार्क्सवादको सिर्जनात्मक प्रयोग र नेपाली क्रान्ति* (२०५७), *प्रचण्डपथ: विचारको केन्द्रीकरण कि भ्रष्टीकरण* (२०५८) र *फिनिक्स पन्छी र एमाले* (२०६५) रहेका छन् । यी निबन्धहरू वामपन्थी सिद्धान्तलाई र राजनीतिक घटनाक्रमलाई आधार बनाएर लेखिएका छन् । यी निबन्धका अतिरिक्त विभिन्न समसामयिक पत्रपत्रिकाहरूमा प्रकाशित उनका चिन्तनप्रधान लेखरचनाहरूमा सामाजिक, राजनीतिक स्थिति र सामाजिक विकृतिको द्वन्द्वात्मक भौतिकवादी दृष्टिले टीकाटिप्पणी गरिएको पाइन्छ ।

## २.३.२ द्रष्टा व्यक्तित्व

प्रदीप ज्ञवालीको अर्को साहित्यिक व्यक्तित्वको पाटो द्रष्टा व्यक्तित्व हो । यिनको द्रष्टा व्यक्तित्व र स्रष्टा व्यक्तित्व परस्पर सम्बन्ध देखिन्छन् । यी दुवै यिनका एकै साहित्यिक व्यक्तित्वका दुई पाटा हुन् । आफूले प्राप्त गरेको शिक्षादीक्षा, सामाजिक, आर्थिक एवम् राजनैतिक परिवेश तथा स्वस्थ वैचारिक उत्कर्ष आदिबाट निर्मित हुन पुगेको ज्ञवालीको समालोचक र भूमिका लेखक व्यक्तित्व गरी दुई रूपमा वर्गीकरण गरी अध्ययन गरिन्छ ।

**(१) समालोचक व्यक्तित्व**

नेपाली प्रगतिवादी साहित्यको क्षितिजमा देखापरेका ज्ञवालीमा समालोचक व्यक्तित्व पनि केही मात्रामा रहेको छ । उनको पहिलो समालोचकीय रचना नवीन विलासको *ऐंठन परेको रात* निबन्धसङ्ग्रह रहेको छ । उनले यस निबन्धसङ्ग्रहको समष्टिगत मूल्याङ्कन *एक्काइसौँ शताब्दी* पत्रिकामा गरेका छन् । त्यस्तै प्रदीप नेपालको *नन्दिता* उपन्यासको समीक्षा *बुधबार* साप्ताहिक पत्रिकामा गरेका छन् । सूर्य थापाको *विश्वमा राजतन्त्र* वैचारिक

निबन्धसङ्ग्रह *एक्काइसौँ शताब्दी* पत्रिकामा समीक्षा गरेका छन् (प्रदीपकुमार ज्ञवालीबाट प्राप्त जानकारी) ।

यसरी विभिन्न पत्रपत्रिकामा केही कृतिको समीक्षा गरी ज्ञवालीको आफ्नो साहित्यिक व्यक्तित्वलाई समालोचनात्मक व्यक्तित्वका रूपमा पनि प्रस्तुत गरेका छन् । कृतिपरक समालोचनाका क्षेत्रमा बेलाबखतमा कलम चलाउँदै आएका ज्ञवालीका समालोचनात्मक रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ।

**(२) भूमिका लेखन व्यक्तित्व**

मार्क्सवादको द्वन्द्वात्मक भौतिकवादी चिन्तन पद्धतिलाई समालोचनाको मूल मियो बनाई त्यसको सेरोफेरोमा कृक्तिको रचना गर्ने ज्ञवालीको साहित्यिक स्रष्टा व्यक्तित्व भूमिका लेखक व्यक्तित्वका रूपमा समेत विस्तारित रहेको छ । स्मृति अर्याल, शीतविन्दु, शिशिर आदि जस्ता छद्म नामबाट विभिन्न पत्रपत्रिकाहरूमा लेखरचना प्रकाशन गर्ने ज्ञवालीले भूमिका लेखनका क्रममा पनि यी नामहरू प्रयोग गरेका छन् । भूमिका लेख्दा कृतिभित्रका अन्तर्वस्तुको पक्षपक्षान्तरलाई कोट्याउँदै त्यसमा आफ्नो धारण व्यक्त गर्नु उनको भूमिका लेखन व्यक्तित्वको खास पहिचान हो । उनले हालसम्म वासुदेव अधिकारीद्वारा रचित *आफन्तलाई सम्बोधन* कवितासङ्ग्रह, बमबहादुर खड्काद्वारा लिखित *जनताको बहुदलीय जनवाद* वैचारिक निबन्धसङ्ग्रह, राजेन्द्र राईद्वारा लिखित *विचारको खेती* वैचारिक निबन्धसङ्ग्रह र गोविन्द भट्टराईद्वारा रचित *जिजीविषा* कवितासङ्ग्रह रहेका छन् (प्रदीपकुमार ज्ञवालीबाट प्राप्त जानकारी) ।

प्रदीप ज्ञवाली सम्पादक पनि हुन् । उनले नवलपरासीबाट प्रकाशित हुने *नयाँ कदम* साहित्यिक अर्धवार्षिक पत्रिकामा २०५०-५१ सम्म सम्पादकको रूपमा रही काम गरे । त्यसै गरी काठमाडौँबाट प्रकाशित हुने साप्ताहिक *एक्काइसौँ शताब्दी* पत्रिकामा अथिति सम्पादकका रूपमा पनि काम गरेका छन् । उनले केही पुस्तकहरूको सम्पादन गर्ने कार्य पनि गरेका छन् । उनले सम्पादन गरेका पुस्तकहरूमा *अर्घाखाँचीका किसानहरू : वर्तमान र भविष्य* र *अधिवेशनका दस्तावेजहरू* रहेका छन् (प्रदीपकुमार ज्ञवालीबाट प्राप्त जानकारी) ।

प्रदीप ज्ञवालीले स्तम्भलेखन क्षेत्रमा आफूलाई स्थापित गरेका छन् । उनका स्तम्भलेखनहरू साहित्येतर विषयसँग सम्बन्धित छन् । उनका स्तम्भ एवम् समीक्षाहरू विभिन्न पत्रपत्रिकामा विभिन्न शीर्षकमा प्रकाशित भएका छन् । उनले *गोरखापत्र*मा विचारस्तम्भअन्तर्गत, *कान्तिपुर*मा दृष्टिकोणअन्तर्गत, *छलफल*मा गाउँबस्तीअन्तर्गत, *दैनिक लुम्बिनीमा* प्रस्ट गर्न, बिन्दुअर्न्तगत, *दृष्टि* साप्ताहिकमा धारावाहिकअन्तर्गत *दैनिक जनसंघर्ष*मा विचारअन्तर्गत र *श्रीनगर* साप्ताहिकमा अतिथिका रूपमा आफ्ना स्तम्भ रचना प्रकाशन गरेका छन् । उनको लेखन केही पत्रिकामा आज पनि क्रमिक जारी छ ।

## २.४ प्रदीपकुमार ज्ञवालीको कवितायात्रा र प्रवृत्ति

प्रदीपकुमार ज्ञवालीको साहित्यिक जीवनको आरम्भ कविता विधाबाट भएको पाइन्छ । आफ्ना दाजुको कविता लेखनबाट प्रेरित भई 'केही अमिल्दा टुक्राटुक्री' कविताको रचनापछि आठ वर्षको उमेरमा 'हाम्रो देश' शीर्षकमा फुटकर कविता रचना गरेका ज्ञवालीले 'म अरिङ्गाल होइन' शीर्षकको कविता लेखेर विद्यालयस्तरको प्रतियोगितामा उत्कृष्ट स्थान हासिल गरेका थिए । यसभन्दा अगाडि प्रदीप ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्रमा पनि ज्ञवालीको कवितायात्रालाई तीन चरणमा नै राखेर अध्ययन गरिएको देखिन्छ (सापकोटा, २०७३, पृ. १९) । यहाँ कवि ज्ञवालीको कवितायात्रालाई निम्नलिखित तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ :

१. पहिलो चरण- (२०२८ देखि २०४५ सम्म)
२. दोस्रो चरण- (२०४६ देखि २०५२ सम्म)
३. तेस्रो चरण- (२०५३ देखि हालसम्म)

### २.४.१ पहिलो चरण (२०२८ देखि २०४५ सम्म)

प्रदीप ज्ञवालीको साहित्य लेखनको प्रथम चरण २०२८ देखि प्रारम्भ भएको देखिन्छ । यो उनको कविता लेखनको पृष्ठभूमिकाल हो । आफ्ना दाजुले कविता लेखेपढेको देखेबाट नै ज्ञवालीको मनमस्तिष्कमा प्रभाव पर्न गएको र जसको कारण आठ-नौ वर्षकै उमेरमा उनको मनमा कविता अङ्कुरण भई प्रस्फुटन हुन थालेको पाइन्छ । उनी *दैनिक समालोचना* पत्रिकामा 'आँशुले के भन्छ ?' शीर्षकबाट कविता लेखनमा उदाएका देखिन्छन् । ज्ञवालीले यस चरणमा साहित्य लेखनको अभ्यास गर्नुका साथै त्यसलाई परिष्कृत र परिमार्जन गर्दै लगेको पाइन्छ ।

कविता विधाबाट प्रवेश गरेका ज्ञवालीका यस चरणमा साहित्य रचनामा विषयगत विविधता पाइन्छ । सामाजिक, राजनैतिक, आर्थिक, प्राकृतिक, सांस्कृतिक तथा तत्कालीन राजनैतिक आदि विषयवस्तुलाई अँगालेर साहित्यको रचना गरेको पाइन्छ । यस चरणका कविताहरूमा समाजमा घटेको तीतो यथार्थ र वर्गसङ्घर्षका घटनाहरूलाई कवितामार्फत उतारेका छन् । उनले समाजको दृष्टिकोण र समाजमा बसेर आफूलाई ठालु भन्ने र निमुखा र सोझा जनताको रगत र पसिना चुस्ने व्यक्तिहरूप्रति लक्षित गर्दै कविता लेखेको पाइन्छ । यस चरणमा ज्ञवालीका ‘अधुरो इतिहास’, ‘उर्लिएका वेदनाहरू’, ‘विशृङ्खलित विचारहरू’, ‘रगतमा होली खेलिरहेको देश’, ‘आँशुले के भन्छ ?’, ‘भावुक कविप्रति’, ‘एक्लो जून बन्न खोज्नेलाई’, ‘अभिलाषा’, ‘बिहानीको प्रतीक्षामा’, ‘भञ्ज्याङको चौतारीबाट’, ‘नदी’, ‘मलाई कुहिरो मन पर्दैन’, ‘मेरो जीवनमा स्वागत छ’, ‘म के दिऊँ तिमीलाई’, ‘सम्झनामा’, ‘बिदाईमा’, ‘तिम्रो नयाँ यात्राको थालनीमा’, ‘यो महल’ जस्ता सशक्त कविता प्रकाशित भएको पाइन्छ ।

ज्ञवाली २०२८ सालमा पहिलो पटक पन्चायतविरोधी जुलुसमा भाग लिएर राजनैतिक गतिविधिमा संलग्न भएका हुन् (प्रदीप ज्ञवालीबाट प्राप्त जानकारी) । ज्ञवालीले साहित्यमार्फत् समाजमा उत्पीडित वर्गमा वर्ग घृणाको भाव जगाउन एवम् सामाजिक परिर्वतनका लागि क्रान्तिकारी भावना जगाउन अनुकूल हुने बिम्बप्रतीकको माध्यमबाट प्रगतिवादीहरू धर्म, इतिहास, विज्ञान, दर्शन, राजनीति तथा मानवीय जीवनका चालचलन व्यवहार आदि क्षेत्रबाट कच्चा सामग्री वा शोधको रूपमा विम्बप्रतीकलाई आफ्ना कवितामा प्रस्तुत गरेका छन् । यसप्रकार प्रगतिवादीहरूले कलाकृति र साहित्यलाई विचार सम्प्रेषण गर्ने माध्यम ठान्ने भएकाले वर्गीय समाजमा वर्गहित र वर्गीय विचार सम्प्रेषण गर्ने माध्यमका रूपमा कविताको अन्तर्वस्तु र रूपलाई उपयोग गरिनु पर्ने ठान्दछन् । कवितामा जनपक्षीय विचार भावलाई विषयको रूपमा छनोट गरी रागात्मक या ओजपूर्ण भाषा लय, बिम्ब, प्रतीक आदिको प्रयोग गर्दा त्यो विशिष्ट रचना बन्न जाने र यही कारणले उनका अन्य कविता र अन्य विधाभन्दा पृथक र विशिष्ट बनेका छन् ।

## २.४.२ दोस्रो चरण (२०४६ देखि २०५२ सम्म)

प्रदीप ज्ञवालीको कविता लेखनको दोस्रो चरण लेखन र परिष्कारका दृष्टिले उर्वर रहेको पाइन्छ । यस चरणका उनका कवितामा वर्गीय चेतनाको अन्तर्विकास भएको पाइन्छ । वि.सं. २०४६ मा देशमा आमूल राजनैतिक परिर्वतनसँगै साहित्य लेखनको पनि परिवेश बदलिन

पुग्यो । यसै क्रमसँगै कवि ज्ञवालीले आफ्नो साहित्य यात्रालाई दोस्रो मोडतर्फ अगाडि बढाउन पुगे । २०४६ सालमा जब उनले *सहयात्री* उपन्यास लेखे त्यसपछि उनको साहित्य लेखन क्षेत्रले दोस्रो चरणको मोड लियो । एउटा मगन्ते जीवन व्यतीत गरिरहेको गरिबमाथि समाजले गरेको अपहेलनाको विषयमा आधारित भएर प्रस्तुत कृति लेखिएको पाइन्छ । उनको प्रस्तुत कृति हाल अप्रकाशित अवस्थामा रहेको छ । कवि ज्ञवालीको स्तरीय लेखनको सुरुआत त्यसैबेलाबाट भएको देखिन्छ । यस समयावधिमा उनले कविता, कथा, उपन्यास, राजनैतिक तथा समसामयिक लेख रचनाहरू लेख्दै आएको पाइन्छ । उनका कविताहरूमा निहित वर्ग प्रेम र वर्ग घृणा अथवा वर्गीय चेतनाको उद्‌बोधन भएको देखिन्छ ।

प्रगतिवादी विचार बोकेका कवि ज्ञवाली आफ्नो वरिपरिको सामाजिक यथार्थप्रति सचेत देखिन्छन् । विषयवस्तु कविताको आधारभूत संरचक घटक भएकोले कवितामा पाइने मूल कथ्य वस्तु कविताको विषय हो । जीवन र जगत्‌का विविध विषयवस्तुका बारे ज्ञवालीले ग्रहण गरेको देखिन्छ । यस चरणमा विभिन्न घटनाक्रमसँगै सांस्कृतिक परिवर्तनहरू आएका देखिन्छन् । प्रविधि, संस्कृति, धर्म, दर्शन, राजनीति, इतिहास मानवीय अनुभूति युगीन आदि यावत विषय कवितामा वस्तुका रूपमा समेटिएका छन् । यस चरणका प्रकाशित रचनाकृतिहरूमा ‘सहिदको सन्देश’, ‘एउटा चिठी सांसदको छोराका नाममा’, ‘यतिबेला गाउँमा अलिकति साँझ परेको छ’, ‘चिता जलिरहेछ’ जस्ता राम्रा रचनाकृतिहरू प्रकाशित देखिन्छन् ।

## २.४.३ तेस्रो चरण (२०५३ देखि हालसम्म)

ज्ञवालीको परिष्कारयुक्त लेखनको चरण तेस्रो चरण हो । यस समयमा कवि ज्ञवालीले कविताका अतिरिक्त विविध विधालाई निरन्तरता दिई तिनलाई पुस्तकाकार रूपमा प्रकाशित गर्ने काम गरेका छन् । उनले पूर्वार्द्ध चरणमा लेखिएका कविता तथा कथाहरूलाई सङ्कलन गरी पुस्तककार रूपमा प्रकाशित गरेका छन् । ज्ञवालीको यस चरणमा कविताको परिष्कार लेखन तीव्र बन्दै गएको छ । यस चरणमा उनको लेखन परिष्कार तथा विषयवस्तुको विविधतायुक्त लेखनका रूपमा देखा पर्दछ । प्रदीप ज्ञवाली नेपाली राष्ट्रिय राजनीतिक परिदृश्यलाई नजिकबाट अध्ययन गरी सचेत वर्ग प्रतिबद्ध स्रष्टा भएकाले उनका कवितामा विविध भौगोलिक, स्थानीय परिवेश, राज्य सत्ताअनुसारको समय स्वरूप र प्रवृति, परिवेशको आँकलन स्वाभाविक ढङ्गले भएको पाइन्छ । खासगरी ४० को दशकयताका राजनीतिक घटनाक्रम, र यसप्रतिको कवितामा पर्ने आफ्ना आग्रही दृष्टिकोणलाई कवितामा आख्यानात्मक

प्रस्तुति दिएर प्रस्तुत गर्ने क्रममा परिवेशको चित्रण सहज र सरल ढङ्गले गरिएको छ। उनका कवितामा शोषित र दमितप्रति सहानुभूति र वर्गसङ्घर्षको भाव अभिव्यक्त भएको पाइन्छ । उनका यस चरणका कृतिमा पुरानो रुढि, मान्यता, सामन्ती एवम् पुँजीवादी राज्यतन्त्रको विरोध, साम्राज्यवादी चिन्तनको विरोध, सामाजिक-राजनैतिक, विसङ्गति, विषमताप्रति व्यङ्ग्य भाव प्रबल भएको देखिन्छ। साहित्ययात्राको यस उत्तरार्ध चरण कवि प्रदीप ज्ञवाली व्यक्तित्वको पूर्ण विकास र विस्तारको चरण हो । यस चरणमा उनको साहित्यिक प्रतिभाले सिद्धि र सफलता प्राप्त गरेको देखिन्छ । उनका 'ओ यात्री', 'हजुरबा, तपाईंको बटौली अहिले बुटवल बनेको छ', 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ', 'आजभोलि मेरो निलो आकाशमा', 'आस्था ओ मेरी प्रिया', 'उज्यालो हुनुअघि', 'सङ्कट काल', 'तिम्रो क्रान्तिको मृत्यु', 'आमा र फूलहरू', 'हामी बेनामीहरू', 'किन मौन अचेल रेसुङ्गा बाबा', 'च्यातिएको क्यानभासमा मेरो वर्तमान' जस्ता उत्कृष्ट कवितात्मक रचनाकृति प्रकाशित छन् ।

ज्ञवालीको यस चरणमा पूर्वार्द्धका प्रवृत्तिलाई निरन्तरता दिँदै कविता क्षेत्रमा प्रगतिवादी चेत तीव्र हुँदै गएको छ र लेखनमा स्तरीयता आएको छ । उनले सामाजिक यथार्थतालाई नजिकबाट साहित्यमा प्रस्तुत गरेका छन् । उनका कृतिमा प्रजातन्त्र प्राप्तिपछि पनि जनताले खुसियाली मनाउन नपाएको चित्रण छ साथै स्वार्थी राजनीति कार्यकर्ताहरूप्रति व्यङ्ग्य तीक्ष्ण रूपमा प्रस्तुत गरिएको छ । समग्रमा भन्दा यो काल प्रकाशन कालका दृष्टिले उत्कृष्ट रहेको छ । पूर्वार्ध चरणमा *सहयात्री* उपन्यास उत्कृष्टको रूपमा रहेको र यस चरणमा *कुहिरो* कथासङ्ग्रह उत्कृष्ट रूपमा रहेको देखिन्छ । यस चरणमा उनको साहित्येतर विधा लेखनीले मौलाउने अवसर पाएको छ । उनका यस चरणमा पाँच सयभन्दा बढी लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा विभिन्न शीर्षकमा प्रकाशित भएका छन् ।

यसप्रकार प्रदीपकुमार ज्ञवालीको जन्म हुँदाको समय नेपालमा भर्खरै राजा महेन्द्रले निर्दलीय पञ्चायती शासन व्यवस्था लागू गरेको दुई वर्ष भएको थियो । नेपालको राजनीतिमा दलीय गतिविधिमाथि चरम दमन बढेको थियो । ज्ञवालीको जन्म मध्यवर्गीय पारिवारिक पृष्ठभूमिमा भएको दाजुको संरक्षणबाट पठनपाठनमा लागेका देखिन्छन् । उनी आफैँ पनि साहित्यमा अभिरुचि राख्ने प्रकृतिका व्यक्ति भएको हुनाले भाइका लागि साहित्यका कृतिहरू घरैमा ल्याइदिन्थे । उनी अध्ययनरत छँदा पुस्तक, पत्रपत्रिकाको अध्ययनसँगै वामपन्थी विचारधारासँग सम्बन्धित पुस्तकहरूको अध्ययनमा रुचि बढ्दै जान थाल्यो ।

समग्रमा २०२८ सालबाट प्रारम्भ भएको उनको समग्र साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । यही साहित्यिक यात्राका चरण विभाजनसँगै उनको कविता यात्राको वर्गीकरण र अध्ययन गर्न सकिने भएको हुँदा २०२८ सालदेखि २०४५ सम्म अर्थात् लगभग १७ वर्षको समयावधिलाई कविता लेखनको आभ्यासिक चरणका रूपमा लिन सकिन्छ । यो उनको कवितायात्राको प्रथम चरण हो । त्यसै गरी २०४६ देखि ०५१ सम्म कविताकृति प्रकाशनको समयबिन्दुलाई आधार बनाएर कविता यात्राको दोस्रो चरणका रूपमा जम्माजम्मी पाँच वर्षको समयावधिलाई लिन सकिन्छ । यो समय सिर्जनाको हिसाबले उर्वर पनि हो र वैचारिक प्रस्थानबिन्दुका हिसाबले पनि उत्तिकै महत्त्वपूर्ण समयावधि हो । ज्ञवालीका कविताकृतिभित्रका कवितामा पञ्चायती निरङ्कुश शासनव्यवस्थामा भएका निम्न वर्गीय किसान, मजदुर आदिको मनस्थितिको सुन्दर चित्र प्रस्तुत छ । श्रमजीवी निम्नवर्गका किसान, मजदुर वर्गको श्रमप्रतिको निष्ठाको पृष्ठपोषण र सत्ताका मतियार बन्न पुगेका शोषक, सामन्त तथा जमिनदारहरूको वर्गीय चरित्रप्रति विरोधसहित वर्ग शत्रुप्रतिको घृणा भावको सुन्दर प्रस्तुति व्यक्त भएको छ । उनको कविता यात्राको तेस्रो चरणका रूपमा २०५३ देखि यताको समयलाई लिन सकिन्छ । ज्ञवालीका तीनवटा कवितासङ्ग्रह कृतिका रूपमा २०२८ देखि २०७३ सालसम्मका युगीन सामाजिक राजनीतिक सन्दर्भका काव्यिक दस्तावेज बन्न पुगेका छन् । तत्कालीन सामाजिक परिवेशमा प्रभुत्वशाली सामन्त वर्गले समाजका निम्न वर्गीय श्रमिक, मजदुर, किसानमाथि गरेको आर्थिक शोषण, विभेद, अन्याय र अत्याचारप्रति यी कविताकृतिमार्फत तीव्र विरोध गरेका छन् ।

## २.५ प्रदीपकुमार ज्ञवालीका काव्यप्रवृत्ति

प्रदीपकुमार ज्ञवाली विद्यमान जातिवाद, छुवाछुत, सानोठूलोको विभेद, परम्परागत रुढि र चिन्तनका विरोधी मानिन्छन् । समाजमा भएका सबै प्रकारका शोषण र विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने प्रगतिवादी स्वर यिनका प्रमुख काव्यगत प्रवृत्ति हुन् । ज्ञवालीका कवितामा राष्ट्रवादी चिन्तन मुखरित भएको पाइन्छ । स्वच्छ, स्वस्थ, समुन्नत र विभेदरहित राष्ट्रनिर्माण गर्ने चाहना राख्नु उनको अर्को कवितात्मक प्रवृत्ति हो । आफ्नो देशमा बसेर श्रम गरी जीविकोपार्जन गर्नेहरूप्रति सम्मानको भाव उनका कवितामा व्यक्त भएको पाइन्छ । आफ्नै मिहनेत र परिश्रमले देशको शिर उच्च राख्न चाहने श्रमजीवी वर्गमाथि यिनको असीम आस्था प्रकट भएको पाइन्छ । राष्ट्र, राष्ट्रियता र जातीय गौरवको महिमागान

प्रकट गर्ने कवि ज्ञवालीका कवितामा श्रमको सम्मान, शोषित वर्गप्रति सहानुभूतिको भावसँगै असीम राष्ट्रभाव प्रकट भएको पाइन्छ । कवि ज्ञवाली जीवनवादी दृष्टिकोण भएका कवि हुन् । जस्तोसुकै सामाजिक दमन, शोषण एवम् अन्याय अत्याचारको पीडा सहेर पनि आफ्नो जीवनलाई सार्थक पार्नुपर्छ भन्ने जीवनवादी चिन्तन यिनका कविताकाव्यमा पाइन्छ ।

प्रदीपकुमार ज्ञवाली सरल भाषाशैलीका प्रयोक्ता हुन् । गद्य शैलीमा कविता लेख्न रुचाउने ज्ञवालीका कवितामा विचारको प्रधानता पाइन्छ । उनका कवितामा समाजको यथार्थलाई ध्वनित गर्न भावानुकूल सादृश्य शैली अँगालिएको पाइन्छ । थोरै शब्दमा धेरै अर्थ व्यक्त गर्ने काव्यशैलीको प्रयोग भएको पाइन्छ । कथ्यको मूर्तीकरण, अलङ्कारको उपयोग, अभिव्यक्तिमा व्यङ्ग्य तथा लेखनमा आख्यानात्मकता कवि ज्ञवालीका काव्यविशेषता हुन् । विद्रोही र क्रान्तिकारी विचारको प्रकटीकरणका निम्ति जोसिला पदपदावलीको समेत प्रयोग गर्नु उनका थप विशेषता हुन् । प्रगतिशील, विद्रोही र क्रान्तिकारी विचार प्रकट गर्ने कवि ज्ञवालीका कवितामा प्रायः वीर रस पाइन्छ । आह्वान र उद्‌बोधन शैलीको उपयुक्त प्रयोगले कवि ज्ञवालीका कविताहरू सम्प्रेषणीय रहेका छन् ।

प्रदीप ज्ञवालीका कवितामा सामाजिक जीवनका विसङ्गत, विकृत र यथार्थसँग कविको टड्कारो साक्षात्कारको अनुभूति प्रस्तुत भएको पाइन्छ । उनी आफ्नो कविताको मूल्यप्रति सचेत देखिन्छन् । साधारण जनताहरूको जिजीविषा र सङ्घर्षप्रति ऐक्यवद्धता जनाउने सिलसिलामा काव्यात्मक आचरणका पालनालाई आफ्नो काव्यकर्म ठान्ने कवि ज्ञवालीका कवितामा सुन्दर संसार जो श्रमका पूजारीहरूद्वारा निर्माण गरिन्छ, यसैको पक्षपोषणको सुस्पष्ट प्रयोजनपरक काव्यशोध प्रकट भएको पाइन्छ । यसका साथै उनका कवितामा यथार्थको प्रकटीकरणका लागि चयन गरिने विषयवस्तु, चरित्र र यसका माध्यमबाट व्यक्त हुने विश्वदृष्टिकोण पनि पाइन्छ । उनका कविताको भावभूमिका रूपमा खडा गरिने परिवेश र रचना वा सिर्जनाको मूल प्रयोजन वा उद्देश्यजस्ता कवितामा अन्तर्निहित चेतना वर्गीय चेतनाको विश्लेषणका लागि उपयुक्त रहेका छन् । उनले आफ्ना कवितालाई भाषिक विन्यासबाट उजिल्याउन प्रयोग गरिने विम्ब, प्रतीक र विचलनयुक्त भाषाको प्रयुक्ति पनि उपयुक्त ढङ्गले गरेका छन् । यहाँ कवि ज्ञवालीका काव्यप्रवृत्तिलाई यसप्रकार प्रस्तुत गरिएको छ :

## १. प्रगतिवादी चेतना

प्रदीपकुमार ज्ञवाली प्रगतिवादी कवि हुन् । कवि ज्ञवालीले आफ्ना कविताकृतिका माध्यमबाट वर्गीय समाजको चित्रण गर्दै विभेदपूर्ण सामाजिक संचनाको विरोध गरेका छन् । यिनका कवितामा निम्नवर्गीय जनताप्रति सहानुभूति र शोषणप्रति विद्रोह पाइन्छ । समाजका उपल्लो वर्ग (सामन्त) र निम्नवर्ग (किसान) माथि पुस्तौँदेखि शोषण, दमन, अन्याय र अत्याचार गर्दै आएका छन् । गरिबी, दासता, पराधीनता, वर्गीय शोषण, नारीमुक्तिको आवश्यकता, मानवीय क्रूरता जस्ता कुरालाई यिनका कवितामा चित्रण गरिएको पाइन्छ । कवि ज्ञवाली मार्क्सवादी जीवनदृष्टिमा विश्वास राख्ने साहित्यकार हुन् । आर्थिक कारणबाट समाजमा व्याप्त असमानता, भेदभाव, ठूलो र सानो, उच्च र निम्न, सम्पन्न र विपन्न जस्ता विभेदको सिर्जना भएको कवि ज्ञवालीको मान्यता रहँदै आएको पाइन्छ । ग्रामीण जीवनका प्रचलित शोषण, दमन, अन्याय र अत्याचारको विरोध तथा गरिब, दुःखी, निमुखा र असहायप्रति सहानुभूति यिनका कवितात्मक विशेषता हुन् । सामन्ती संस्कृति र तिनका मूल्यलाई ध्वस्त पार्नु तथा मजुवा संस्कृति र तिनका जीवनमूल्यलाई निषेध गरी श्रम मूल्यको पक्षपोषण गरी बहुसङ्ख्यक श्रमिक मजदुर, निमुखा, गरिब, शोषित, पीडित तथा सर्वहारा जनताको शक्ति, गति र दिशालाई स्पष्ट पार्नु ज्ञवालीका वैचारिक चिन्तन हुन् । *चिता जलिरहेछ (२०५३),* सङ्ग्रहमा रहेका 'मलाई कुहिरो मन पर्दैन', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', *आस्था ओ मेरी प्रिया (२०५९)* सङ्ग्रहमा रहेका 'एकादेशमा', 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' र *बिनासालिकका नायकहरू* (२०७३) सङ्ग्रहमा रहेका 'पसलछेउ उभिएकी केटी', 'विद्रोहको आँगनमा लाटो कामी', 'मरुभूमिको बलेनी', 'हामी बेनामीहरू', 'कमरेड ज्यादै चिन्तित हुनुहुन्छ' जस्ता कवितामा ज्ञवालीको यस्तो प्रवृत्ति पाइन्छ ।

## २. समाजसुधारको प्रबल चाहना

प्रदीपकुमार ज्ञवालीका अधिकांश कविताकृतिहरूमा समाजसुधारको भावना प्रकट भएको पाइन्छ । समाजमा व्याप्त अस्तव्यस्त अवस्थाको अन्त्य गरेर समतामूलक समाजनिर्माणको भावना व्यक्त गरेको पाइन्छ । उपर्युक्त कविताहरूमा सामन्ती वर्गले गरिब जनतालाई सताएको प्रति तीव्र आक्रोश व्यक्त गरिएको पाइन्छ । आफ्नै परिश्रम र पसिनामा बाँच्नुपर्छ, अरूप्रति सेवाभावना राख्नुपर्छ भन्दै कविले समाजमा अन्याय र अत्याचार हुनुहुँदैन, सबै जनता एकै देशका बासिन्दा हुन्, कसैमाथि भेदभाव राख्नुहुँदैन भन्ने भावना व्यक्त गरेको पाइन्छ । यसरी हेर्दा प्रदीपकुमार ज्ञवाली समाजसुधारको प्रबल भावना भएका कविका रूपमा

चिनिन्छन् । *चिता जलिरहेछ (२०५३),* सङ्ग्रहमा रहेका 'रगतमा होली खेलिरहेको देश', 'म के दिऊँ तिमीलाई', *आस्था ओ मेरी प्रिया (२०५९)* सङ्ग्रहमा रहेका 'सङ्कटकाल', 'आमा र फूलहरू', 'बाह्र वर्षपछि' *र बिनासालिकका नायकहरू* (२०७३) सङ्ग्रहमा रहेका 'एकाबिहानै एउटी चेली', 'कालीघाटको पर्खाल' र 'गङ्गासागरका छालहरू' जस्ता कवितामा यस्तो प्रवृत्ति पाइन्छ ।

### ३. समसामयिक युगबोध-अस्तित्वबोध

प्रदीपकुमार ज्ञवालीका अधिकांश कवितासङ्ग्रहका कविताहरूमा समसामयिक युगबोध-अस्तित्वबोधको अभिव्यक्ति पाइन्छ । उपर्युक्त कविताहरूमा कविले समसामयिक युगजीवनमा घटित विरह, वेदना, पीडा, बाध्यता, आशा र निराशा आदिको अभिव्यक्ति गरेको पाइन्छ । यसरी ज्ञवालीले समसामयिक युगबोध-अस्तित्वबोधको प्रतिविम्बन आफ्ना कविताहरूमा गरेको पाइन्छ । *चिता जलिरहेछ (२०५३),* सङ्ग्रहमा रहेका 'मलाई कुहिरो मन पर्दैन', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', *आस्था ओ मेरी प्रिया (२०५९)* सङ्ग्रहमा रहेका 'एकादेशमा', 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' र *बिनासालिकका नायकहरू* (२०७३) सङ्ग्रहमा रहेका 'पसलछेउ उभिएकी केटी', 'विद्रोहको आँगनमा लाटो कामी', 'मरुभूमिको बलेनी', 'हामी बेनामीहरू', 'कमरेड ज्यादै चिन्तित हुनुहुन्छ' जस्ता कवितामा यस्तो प्रवृत्ति पाइन्छ ।

### ४. वर्तमान विकृति-विसङ्गतिविरुद्ध असन्तोष एवम् क्रान्तिचेत

प्रदीपकुमार ज्ञवालीका अधिकांश रचनाहरूमा वर्तमान समाजमा व्याप्त विकृति र विसङ्गतिहरू विरुद्ध तीव्र असन्तोष व्यक्त गर्दै क्रान्तिचेतको भावना व्यक्त गरेको पाइन्छ । वर्तमान समाजका सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, सांस्कृतिक, प्राकृतिक आदि क्षेत्रमा देखिएका कुरीति र कुसंस्कारको भन्डाफोर गरेको पाइन्छ । यसै गरी कविताकृतिमा कविले भ्रष्टाचार, अनाचार, नातावाद, कृपावादजस्ता विकृतिजन्य कुराहरूको अन्त्य गर्नुपर्छ भन्ने भाव व्यक्त गरेको पाइन्छ । वर्तमान विकृतिहरूको अन्त्य गर्दै समुन्नत राष्ट्रनिर्माणको भावना सबैमा जागरुक गराउनुपर्छ भन्ने भाव पनि उपर्युक्त कविताकृतिहरूमा व्यक्त भएको पाइन्छ । यसरी ज्ञवाली वर्तमान विकृति र विसङ्गतिका विरुद्धमा क्रान्तिचेत व्यक्त गेर्न कवि हुन् । *चिता जलिरहेछ (२०५३),* सङ्ग्रहमा रहेका 'रगतमा होली खेलिरहेको देश', 'म के दिऊँ तिमीलाई', *आस्था ओ मेरी प्रिया (२०५९)* सङ्ग्रहमा रहेका 'सङ्कटकाल', 'आमा र फूलहरू',

'बाह्र वर्षपछि' *र बिनासालिकका नायकहरू* (२०७३) सङ्ग्रहमा रहेका 'एकाबिहानै एउटी चेली', 'कालीघाटको पर्खाल' र 'गङ्गासागरका छालहरू' जस्ता कवितामा यस्तो प्रवृत्ति पाइन्छ ।

### ५. मानवतावाद र भ्रातृत्व

प्रदीपकुमार ज्ञवालीका अधिकांश कविताकृतिहरूमा मानवतावादी भावना झल्किएको पाइन्छ । मानव भएर मानवको हित र रक्षा गर्नुपर्छ, मान्छेले दानवीय आचरण हटाई मानतावादी भावनाद्वारा सबैमा भ्रातृत्व कायम गर्नुपर्ने कुरामा आफ्ना रचनामार्फत दृढ भएका देखिन्छन् । आदि कविताहरूमा मानवतावाद र भ्रातृत्वको टड्कारो अभिव्यक्ति भएको पाइन्छ । त्यसै गरी जस्ता कविताकृतिहरूमा मानवतावादी भावनाको गहिरो अभिव्यक्ति पाइन्छ । यसरी हेर्दा ज्ञवाली भ्रातृत्व र मानवतावादी भावनाका विकास हुनुपर्छ भन्ने धारणा राख्ने कवि हुन् । *चिता जलिरहेछ* (२०५३), सङ्ग्रहमा रहेका 'रगतमा होली खेलिरहेको देश', 'म के दिऊँ तिमीलाई', *आस्था ओ मेरी प्रिया (२०५९)* सङ्ग्रहमा रहेका 'सङ्कटकाल', 'आमा र फूलहरू', 'बाह्र वर्षपछि' *र बिनासालिकका नायकहरू* (२०७३) सङ्ग्रहमा रहेका 'एकाबिहानै एउटी चेली', 'कालीघाटको पर्खाल र गङ्गासागरका छालहरू' जस्ता कवितामा यस्तो प्रवृत्ति पाइन्छ । त्यसै गरी *चिता जलिरहेछ (२०५३),* सङ्ग्रहमा रहेका 'मलाई कुहिरो मन पर्दैन', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', *आस्था ओ मेरी प्रिया (२०५९)* सङ्ग्रहमा रहेका 'एकादेशमा', 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' र *बिनासालिकका नायकहरू* (२०७३) सङ्ग्रहमा रहेका 'पसलछेउ उभिएकी केटी', 'विद्रोहको आँगनमा लाटो कामी', 'मरुभूमिको बलेनी', 'हामी बेनामीहरू', 'कमरेड ज्यादै चिन्तित हुनुहुन्छ' जस्ता कवितामा यस्तो प्रवृत्ति पाइन्छ ।

### ६. राष्ट्रप्रेम

प्रदीप ज्ञवालीले आफ्ना कविताकृतिमा प्रगाढ राष्ट्रप्रेमको भावना व्यक्त गरेको पाइन्छ । राष्ट्रको अस्मिता र अस्तित्व नभएमा त्यस देशका बासिन्दाले पनि अस्तित्व नरहने भाव व्यक्त गर्दै उनले सबैलाई राष्ट्रको हितमा काम गरेमा नै मानवजीवन सार्थक हुन्छ भन्ने भाव व्यक्त गरेको पाइन्छ । जस्ता कविताकृतिमा उनको राष्ट्रप्रेमी भावना छताछुल्ल भएर पोखिएको पाइन्छ । कविले मातृभूमिलाई बेवास्ता गरेर बिदेशी भूमिमा शरण पर्न जानेहरूमाथि तीव्र व्यङ्ग्य गर्दै एकथोपा रगत रहुन्जेल स्वदेशमै पसिना बगाई समुन्नत राष्ट्रनिर्माणमा लाग्नुपर्छ भन्ने भाव प्रकट गरेको पाइन्छ । यसरी हेर्दा ज्ञवाली प्रगाढ राष्ट्रभक्ति भावना भएका कवि हुन् । *चिता जलिरहेछ (२०५३),* सङ्ग्रहमा रहेका 'रगतमा होली खेलिरहेको देश', 'म के दिऊँ तिमीलाई', *आस्था ओ मेरी प्रिया (२०५९)* सङ्ग्रहमा रहेका 'सङ्कटकाल', 'आमा र फूलहरू',

'बाह्र वर्षपछि' र *बिनासालिकका नायकहरू* (२०७३) सङ्ग्रहमा रहेका 'एकाबिहानै एउटी चेली', 'कालीघाटको पर्खाल र गङ्गासागरका छालहरू' जस्ता कवितामा यस्तो प्रवृत्ति पाइन्छ ।

**७. प्रकृतिचित्रण**

प्रकृतिलाई प्रकृतिकै रूपमा र प्रकृतिलाई मानवीकरण गरेर र बिम्बप्रतीकको माध्यमद्वारा प्रदीप ज्ञवालीले आफ्ना कविताकृतिहरूमा समाजचित्रण गरेको पाइन्छ । वर्तमान प्रकृतिमा आएको वातावरणीय असन्तुलनप्रति चिन्ता व्यक्त गरिएका उनका कविताहरूमा प्रकृतिलाई आलम्बन र उद्दीपन विभावका रूपमा चित्रण गरेको देखिन्छ । यात्राकाव्यमा नेपालदेखि खासासम्मका विभिन्न प्राकृतिक मनोरमताले भरिपूर्ण ठाउँहरूको वर्णन गरेको पाइन्छ । यसरी हेर्दा ज्ञवाली आफ्ना कविताकृतिहरूद्वारा प्रकृतिचित्रण गर्न सफल देखिन्छन् । *चिता जलिरहेछ (२०५३),* सङ्ग्रहमा रहेका 'मलाई कुहिरो मन पर्दैन', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', *आस्था ओ मेरी प्रिया (२०५९)* सङ्ग्रहमा रहेका 'एकादेशमा', 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' र *बिनासालिकका नायकहरू* (२०७३) सङ्ग्रहमा रहेका 'म कर्नाली', 'एक विहान नारायणहिटी मिनार', 'यात्राबाट फर्केपछि' जस्ता कवितामा यस्तो प्रवृत्ति देखिन्छ ।

**८. व्यङ्ग्यात्मकता**

प्रदीपकुमार ज्ञवालीले आफ्ना कविताकृतिहरूका माध्यमद्वारा समाजमा व्याप्त विकृति, कुरीति र कुसंस्कारका विरुद्ध तीव्र व्यङ्ग्य प्रहार गरेको पाइन्छ । यसै गरी समाजमा व्याप्त भ्रष्टाचार, नातावाद, कृपावाद, चाकरीप्रथाका विरुद्धमा आक्राश व्यक्त गरेका छन् । समाजका बेथीतिहरू जरा गाडेर बसेका समाज कहिल्यै पनि उन्नति र प्रगतितर्फ लाग्दैन भन्दै दीनदुःखीहरूमाथि अन्याय र अत्याचार गर्नेहरूमाथि तथा समाजका ठूलावडाहरू, परासंस्कृतिको नक्कल गर्नेहरू र नक्कली प्रमाणपत्रका आधारमा ठूलो पदमा बहाल हुनेहरूप्रति उनका कविताहरूमा तीव्र व्यङ्ग्य प्रहार गरिएको पाइन्छ काव्यमा व्यङ्ग्यले उत्कर्षता प्राप्त गरेको देखिन्छ । समाजमा व्याप्त विकृति र कुरीतिका विरुद्ध आक्रोश व्यक्त गर्दै समाजसुधारको अपेक्षा उपर्युक्त कविताहरूमा राखेको पाइन्छ । यसरी ज्ञवाली व्यङ्ग्य प्रहार गर्ने सफल व्यङ्ग्यकारका रूपमा पनि देखापर्दछन् । *चिता जलिरहेछ (२०५३),* सङ्ग्रहमा रहेका *आस्था ओ मेरी प्रिया (२०५९)* सङ्ग्रहमा रहेका *र बिनासालिकका नायकहरू* (२०७३) सङ्ग्रहमा रहेका आंशिक कविता रचनामा यस्तो प्रवृत्ति पाइन्छ ।

## ९. प्रतिनिधित्व र द्वन्द्व

प्रदीपकुमार ज्ञवालीका अधिकांश कवितामा नेपाली समाजका वर्गीय, जातीय र लैङ्गिक चेतनाको प्रतिनिधित्व गराइएको छ । उनका कवितामा *चिता जलिरहेछ* कवितासङ्ग्रहका 'मलाई कुहिरो मन पर्दैन', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', 'यो महल र एउटा चिठी : सांसद छोराको नाममा', *आस्था ओ मेरी प्रिया* कवितासङ्ग्रहका 'एकादेशमा', 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा', 'बिहानीको प्रतीक्षामा' तथा *बिनासालिकका नायकहरू* कवितासङ्ग्रहका 'पसल छेउ उभिएकी केटी', 'विद्रोहको आँगनमा लाटो कामी', 'मरुभूमिको बलेनी', 'हामी बेनामीहरू', 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ', 'इतिहासको मिर्मिरेमा', 'बिटुलिएको झुपडी' र 'म कर्नाली' जस्ता कवितामा तत्कालीन नेपाली समाजमा विद्यमान वर्गीय, जातीय र लैङ्गिक प्रतिनिधित्व तथा द्वन्द्वको अवस्था प्रखर भएको देखिन्छ ।

## १०. विषयगत विविधता

प्रदीपकुमार ज्ञवालीका अधिकांश कविताकृतिहरू विषयगत विविधताभित्र संरचित भएको पाइन्छ । सामाजिक, आर्थिक, राजनैतिक, ऐतिहासिक, प्राकृतिक आदि विषयवस्तुमा संरचित उपर्युक्त कविताकृतिहरूमा उक्त क्षेत्रहरूमा देखिएका खराब पक्षहरूको उद्घाटन गर्दै सबल र सक्षम ढङ्गले समाज अगाडि बढ्नुपर्ने भाव व्यक्त भएको पाइन्छ । यसरी ज्ञवाली विषयगत विविधताभित्र कविता संरचना गर्ने कवि हुन् । *चिता जलिरहेछ (२०५३), आस्था ओ मेरी प्रिया (२०५९) र बिनासालिकका नायकहरू* (२०७३) सङ्ग्रहमा रहेका विभिन्न कविता विविध विषयवस्तुमा संरचित रहेका छन् ।

यसरी प्रदीपकुमार ज्ञवालीका कविताप्रवृत्तिहरूलाई हेर्दा उनी प्रवृत्तिगत विविधता भएका कवि हुन् । माथि चर्चा गरिएका प्रवृत्तिका अतिरिक्त उनका कविताकृतिहरूमा गौण रूपमा स्वच्छन्दतावादी पुट, प्राचीनताप्रति मोह र संस्कृतिप्रति मोह पनि झल्केको पाइन्छ । यसरी हेर्दा सङ्ख्यात्मक रूपमा प्रशस्तै कविताकृति लेखेर ज्ञवालीले नेपाली साहित्यमा कविताफाँटमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।

यसरी प्रदीपकुमार ज्ञवालीको जन्म हुँदाको समय नेपालमा भर्खरै राजा महेन्द्रले निर्दलीय पञ्चायती शासन व्यवस्था लागू गरेको दुई वर्ष भएको थियो । नेपालको राजनीतिमा दलीय गतिविधिमाथि चरम दमन बढेको थियो । ज्ञवालीको जन्म मध्यवर्गीय पारिवारिक पृष्ठभूमिमा भएको दाजुको संरक्षणबाट पठनपाठनमा लागेका देखिन्छन् । उनी आफैँ पनि साहित्यमा अभिरुचि राख्ने प्रकृतिका व्यक्ति भएको हुनाले भाइका लागि साहित्यका कृतिहरू

घरैमा ल्याइदिन्थे । अध्ययनरत छँदा पुस्तक, पत्रपत्रिकाको अध्ययनसँगै वामपन्थी विचारधारासँग सम्बन्धित पुस्तकहरूको अध्ययनमा रुचि बढ्दै जान थाल्यो ।

२०२८ सालबाट प्रारम्भ भएको उनको समग्र साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । यही साहित्यिक यात्राका चरण विभाजनसँगै उनको कविता यात्राको वर्गीकरण र अध्ययन गर्न सकिने भएको हुँदा २०२८ सालदेखि २०४५ सम्म अर्थात् लगभग १७ वर्षको समयावधिलाई कविता लेखनको आभ्यासिक चरणका रूपमा लिन सकिन्छ । यो उनको कवितायात्राको प्रथम चरण हो । त्यसै गरी २०४६ देखि २०५१ सम्म कविताकृति प्रकाशनको समयबिन्दुलाई आधार बनाएर कविता यात्राको दोस्रो चरणका रूपमा जम्माजम्मी पाँच वर्षको समयावधिलाई लिन सकिन्छ । यो समय सिर्जनाको हिसाबले उर्वर पनि हो र वैचारिक प्रस्थानबिन्दुका हिसाबले पनि उत्तिकै महत्त्वपूर्ण समयावधि हो । कवि ज्ञवालीका कविता कृतिभित्रका कविताहरूमा पञ्चायती निरङ्कुश शासन व्यवस्थामा भएका निम्न वर्गीय किसान, मजदुर आदिको मनस्थितिको चित्र प्रस्तुत छ । श्रमजीवी निम्नवर्गका किसान, मजदुर वर्गको श्रमप्रतिको निष्ठाको पृष्ठपोषण र सत्ताका मतियार बन्न पुगेका शोषक, सामन्त तथा जमिनदारहरूको वर्गीय चरित्रप्रति विरोधसहित वर्ग शत्रुप्रतिको घृणाभाव व्यक्त भएको छ ।

ज्ञवालीको कविता यात्राको तेस्रो चरणका रूपमा २०५३ देखि यताको समयलाई लिन सकिन्छ । यस समयावधिमा उनको महत्त्वपूर्ण कविताकृति तीनवटा कवितासङ्ग्रह जो सङ्गृहीत रूपमा प्रकाशन हुन पुगेको छ । ज्ञवालीका तीनवटा कवितासङ्ग्रहहरू कृतिका रूपमा २०२८ देखि २०७३ सालसम्मका युगीन सामाजिक राजनीतिक सन्दर्भका काव्यिक दस्तावेज बन्न पुगेका छन् । तत्कालीन सामाजिक परिवेशमा प्रभुत्वशाली सामन्त वर्गले समाजका निम्न वर्गीय श्रमिक, मजदुर, किसानमाथि गरेको आर्थिक शोषण, विभेद, अन्याय र अत्याचारप्रति तीव्र विरोध गरेका छन् ।

प्रदीप ज्ञवालीको कवित्वको मूल्याङ्कन भन्नु नै उनले कविता क्षेत्रमा पारेको प्रभाव, प्रेरणा र दिएको योगदान हो । उनका यिनै प्रकाशित ३ वटा कविताकृतिहरूका आधारमा उनको कविताकारिताको मूल्याङ्कन गर्न सकिन्छ । यसरी हेर्दा नेपाली कविताका क्षेत्रमा ज्ञवालीले दिएको योगदान सङ्ख्यात्मक योगदान नै रहेको पाइन्छ । गुणवत्ताका दृष्टिले उनका कविताहरू मध्यमस्तरका देखिन्छन् । समग्रमा नेपाली साहित्यको कविता विधाको फुटकर रूप रचना गर्ने ज्ञवालीले विषयवस्तुका दृष्टिले विविध विषयवस्तु अँगालेर कविताकृतिको रचना गरेका छन् । प्रगतिवादी चेतनाका दृष्टिले सफल कविता लेख्नु ज्ञवालीको कवितालेखनको प्राप्ति हो ।

## २.६ प्रदीपकुमार ज्ञवालीका प्रगीतात्मक कविताको मूलभाव

कविता साहित्यका विविध विधामध्येको एक विधा हो । प्रगतिवादी मान्यताअनुसार कविता श्रम कार्यकै एउटा उपज हो । कविता श्रमकार्य र श्रम सौन्दर्यको अभिव्यञ्जनाको उपयुक्त माध्यम पनि हो । कविताको रचनात्मक सम्बन्धलाई कविको सामाजिक संरचना र जीवनजगत्को अनुभव तथा यी दुईबीचको अन्तर्सम्बन्धबाट हेरिनुपर्दछ भन्ने प्रगतिवादी मान्यता हो । कविता जीवनको यथार्थ व्यवहारलाई आवेगात्मक रूपमा प्रस्तुत गर्ने माध्यम पनि हो । कविताको विधा स्वरूपलाई केलाउँदा यसलाई विभिन्न तहमा वर्गीकरण गर्न सकिन्छ । मुक्तक र फुटकरजस्ता कविताका लघुरूपदेखि खण्डकाव्य वा लामो कविता वा यसभन्दा अरू बृहत्, विस्तृत आयाममा संरचित महाकाव्यसम्मको भेदमध्ये लघु संरचनाको फुटकर कवितालाई पनि भाव र लयको न्यूनाधिक्य वा अन्तर्विधात्मक स्वरूपका आधारमा आख्यानात्मक, नाटकीय र प्रगीतात्मक संरचना जस्ता भेदहरूका आधारमा अध्ययन र विश्लेषण गर्न सकिन्छ ।

कविको भावना नै प्रधान कथ्य विषय हुने, एकै भाव वा मनोदशामा केन्द्रित रही सङ्क्षिप्त हुने र पङ्क्तिहरूको निरन्तर आवृत्तिले सघन र आवेगात्मक प्रकृतिका प्रगीतात्मक संरचनाका कवितालाई कविताको लघु रूपअन्तर्गत राख्न सकिन्छ । मार्क्सवादी कला साहित्यसम्बन्धी सिद्धान्त प्रगतिवादमा कला साहित्यका मूल्याङ्कनको प्रमुख मापदण्डका रूपमा अन्तर्वस्तु र रूपलाई लिइन्छ । अन्र्तवस्तु वस्तु वा घटनाका तत्त्व र प्रक्रियाका समुच्च रूप हो भने रूप अन्तर्वस्तुलाई अस्तित्वमा ल्याउन सम्भव तुल्याउने त्यस्तो आन्तरिक गठन पद्धति हो, जसले वस्तुको गुण र विशेषतालाई प्रस्तुत गर्दछ । प्रगतिवादी कविताको अन्र्तवस्तु सामाजिक, आर्थिक, राजनैतिक घटना, परिघटना तथा द्वन्द्व, प्रतिद्वन्द्व आदिका चापबाट सङ्कटग्रस्त समाजको अन्तर्विरोध र सङ्घर्षलाई व्याख्या गर्न, अन्तर्विरोधलाई चर्काउन र सङ्घर्षलाई तीव्र पार्दै क्रान्तिकारी आन्दोलनलाई सहयोग गर्नु हो । त्यसै गरी कविताको रूप पक्ष अर्थात् कवितामा प्रयोग गरिने भाषा वा कलात्मक शब्दले दिने अर्थ जनताको भावनासँग जोडिएर आएको हुनुपर्छ ।

प्रगीतात्मक संरचनाका कवितामा अन्तर्निहित वर्गीय प्रतिनिधित्व र पहिचानका उद्बोधन प्रक्रियाका लागि कविताका अन्तर्वस्तु र रूप जस्ता संरचक तत्त्वलाई नै आधार मान्न सकिन्छ । यस्ता कवितामा कविको वैयक्तिक अनुभूतिले तीव्रता पाउने हुनाले विषयगत

व्यापकता र विचारको वैयक्तिक विषयपरक अभिव्यक्ति प्रस्तुत हुन्छ । कवितामा पात्रका माध्यमबाट प्रस्तुत हुने विचार कविको दृष्टिकोण हुन सक्दछ। कविता सिर्जनाको मूल प्रयोजन वर्गहित हुने र विषयवस्तु र चरित्रको अङ्कनका लागि परिवेशको आवश्यकता हुने हुनाले मूलतः यिनै पाँच पक्ष अर्थात् विषयवस्तु (कथ्य सन्दर्भ), (विचार), चरित्र, परिवेश र उद्देश्यका कोणबाट कवितामा अन्तर्निहित विषयको विश्लेषण गर्न सकिने हुनाले यिनै संरचक तत्त्वका आधारमा प्रदीपकुमार ज्ञवालीका कविताहरूमा अन्तर्निहित वर्गीय प्रतिनिधित्व र वर्गीय द्वन्द्वको अध्ययन गरिएको छ। यस उपशीर्षकमा ज्ञवालीका माथि उल्लिखित तीनवटा कवितासङ्ग्रहमा सङ्गृहीत कविताको भावार्थ प्रस्तुत गरिएको छ।

## २.६.१ 'चिता जलिरहेछ' कवितासङ्ग्रहमा सङ्गृहीत कविताको मूलभाव

*चिता जलिरहेछ* कवितासङ्ग्रह २०५३ सालमा प्रकाशित प्रदीपकुमार ज्ञवालीको पहिलो कवितासङ्ग्रह हो । *चिता जलिरहेछ* कविता सङ्ग्रहभित्र जम्मा २२ वटा कविताहरू सङ्गृहीत छन् । यी कवितामा प्रस्तुत मूलभावलाई यसप्रकार प्रस्तुत गरिएको छ :

| **क्र.स.** | ***चिता जलिरहेछ*** **कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरू** | **कविताको मूलभाव** |
|---|---|---|
| १. | 'चिता जलिरहेछ' | 'चिता जालिरहेछ' कवितामा उपल्लो वर्गले तल्लो वर्गका लागि ल्याएको प्रजातन्त्रमाथि शोषण र आफ्नो स्वार्थ पूरा गर्नका लागि प्रयोग गरिएको देखिन्छ। यस कवितामा कविले पुँजीपति वर्गले सर्वहारा वर्गमाथिको दमन र अत्याचारको भण्डाफोर गरेका छन्। यस कवितामा कविले दुई वर्गबीचको द्वन्द्वलाई देखाएका छन्। सुन्दर र सिँगारिएका जिम्मल र प्रधानका खलकहरूले गाउँका सोझा र गरिब केटाकेटीहरूलाई गिज्याइ रहेका हुन्छन्। अझै पनि गाउँमा सामन्त वर्गको दबदबा बाँकी नै रहेको छ। निमुखा र गरिबहरूमाथि दमन र शोषण गरिरहेका छन्। यस कवितामा दसैँको वरिपरिको सन्दर्भलाई चित्रण गरिएको छ। गाउँमा दसैँ आएको र दसैँको अवसर पारेर सामन्त महाजनहरूले सर्वहारा वर्गमाथि आफ्नो शासन लादेको देखाइएको छ। यसमा बासमती चामलको बास्ना र मासुलाई सामान्ती वर्गको लालसाको प्रतीक बनाइएको छ भने अर्सा र सेलको बास्नालाई गरिबले छाक टार्नका निम्ति ग्रहण गरिएको भोजनलाई प्रतीक मानिएको छ। |

| | | |
|---|---|---|
| | | लाहुर गएको छोरा टीका थाप्न गाउँमा आइपुग्दा पिठिउँमा झोला बोकेर आँगनमा कुरिरहेकी ती बूढी आमा अझै पनि गरिबीको रेखामुनि जीवन बिताइरहेको कुरा यसमा दर्शाइएको छ । देशमा प्रजातन्त्र आए तापनि गरिबको अवस्थामा सुधार हुन नसकेको मार्मिक सन्दर्भ यस कवितामा प्रस्तुत गरिएको छ । |
| २. | 'विशृङ्खलित विचारहरू' | 'विशृङ्खलित विचारहरू' कवितामा कविले देशमा शान्तिको कामना गरेका छन् । प्राकृतिक प्रकोपले जसरी भवनहरू विशृङ्खलित बनाउँछ, त्यसै गरी युद्धले मानिसको मन पनि विशृङ्खलित बनाएको हुन्छ । जताततै युद्ध चलिरहेको र युद्धले समाज र देशलाई नै अशान्त बनाएको परिवेशलाई कविले यस कवितामा चित्रण गरेका छन् । देशमा जताततै अशान्तिका मार्गहरू छन् । राइफल बोकेर विद्रोह गर्न हिँडेकाहरूसमेत शान्तिको कामना गरिरहेका छन् भन्ने सन्दर्भ यसमा प्रस्तुत गरिएको छ । यस कवितामा शान्तिको आगमनको कामना गरिएको छ । |
| ३. | 'रगतमा होली खेलिरहेको देश' | 'रगतमा होली खेलिरहेको देश' कवितामा कविले राष्ट्रप्रेम र राष्ट्रियताबारे वर्णन गरेका छन् । देशमा प्रजातन्त्र आए पनि जनताको चुलोमा अझै आगो बलेको छैन । प्रजातन्त्रको नाममा ठूला महाजनहरूले रजाइँ गरिरहेका छन् । देशमा जताततै अन्याय र अशान्ति छाएको छ र रगतको होली खेल्न पनि मानिसहरू पछि परेका छैनन् । युद्ध टुङ्गिएको छैन । देशमा प्रजातन्त्र आए तापनि त्यसको कुनै औचित्य नभएको चित्रण यसमा गरिएको छ । यस कवितामा प्रजातन्त्रको सेरोफेरोमा देशमा आएको परिवर्तन र त्यसले पारेको असरबारे देखाइएको छ । पिस्कर काण्डमा मारिएका वीर सिपाहीहरूको सम्झनामा लेखिएको प्रस्तुत कवितामा कवि प्रदीप ज्ञवालीले आफ्ना सम्झनाका कोसेलीहरू पनि सँगालेको देखिन्छ । |
| ४. | 'सिस्नेको तिरैमा' | 'सिस्नेको तिरैमा' कविता सहिद बसीर मियाँको सम्झनामा रचना गरिएको हो । सिस्ने हिमालको तीरमा निर्दोष मानिस मारिएको, एउटी निर्दोष चेलीको सिउँदो खाली भएको र ५ वर्षे बालक टुहुरो हुने गरी मारिएको, बूढी आमाको आँखा आँशुले भरिएको जस्ता मार्मिक सन्दर्भको चित्रण यस कवितामा गरेका छन् । साधारण किसानहरूले काम सकेर घर फर्किरहेका बेला राज्यले उनीहरूमाथि दमन गरेर मारेको कुराले वास्तविक |

| | | |
|---|---|---|
| | | प्रजातन्त्र देशमा फुल्न नसकेको धाराणा यसमा प्रस्तुत छ । कविले भोलि जनताको उज्यालो भविष्य पक्कै ल्याउने कुरा प्रस्तुत कवितामा व्यक्त गरेका छन् । |
| ५. | 'म के दिऊँ तिमीलाई' | 'म के दिऊँ तिमीलाई' कवितामा एउटा क्रान्तिकारी योद्धा देश परिवर्तनका लागि लडिरहेको कुरालाई कविले वर्णन गरेका छन् । यसमा निरङ्कुशताले जनताको स्वतन्त्रता खोसेको छ, देशको लागि लड्दालड्दै जीवन खरानी भएको छ र आफ्नो मायालुलाई भेट्न नपाएकोमा यसले दुःख व्यक्त गरेको सन्दर्भ यसमा प्रस्तुत छ । कविको युगौंदेखि साँचेर आएको देश परिवर्तन गर्ने सङ्कल्पले देशमा परिवर्तनको खाँचो औँल्याएको सन्दर्भलाई यसमा प्रस्तुत गरिएको छ । |
| ६. | 'बिहानीको प्रतीक्षामा' | 'बिहानीको प्रतीक्षामा' कवितामा वीर सहिदहरू जन्माउने आमाहरूमा समर्पित गरिएको छ । यस कवितामा वीर सपूतहरूले देशको लागि योगदान गरेका तर उनीहरूको गाथा नगाइएको कुरा चित्रण गरिएको छ । एउटा वीर सिपाही जसको जिन्दगी नै सुकिसकेको छ । जिन्दगीदेखि नै दिक्क भएको बेला कविले सम्झाउँदै सुकेको डालीमा पनि वसन्त फुल्छ भन्दै प्रेरणा प्रदान गरेको प्रतीत हुन्छ । प्रस्तुत कविता वीर सपूतहरूको लागि समर्पित गरे पनि यस कवितामा 'म' पात्रको आन्तरिक द्वन्द्व भाव बढी देखिएको छ । यस कवितामा 'म' पात्रको भित्री मनसँग सम्बन्धित रहेर रचना भएको छ । धेरै दुःखले उठाएको सानो घर पनि सामन्त वर्गले भत्काएपछि कालो पत्थरले थिचेर राखिएको भाव प्रकट गरेका छन् । देशको लागि लड्दालड्दै आफ्नो घरसमेत भत्केको पत्तो नपाएको 'म' पात्र भित्रभित्रै थुप्रै मनोद्वन्द्वले पिरोलिएको देखिन्छ । यसरी यस कवितामा भविष्यमा समृद्धिको कामना गरिएको छ । |
| ७. | 'भन्ज्याङको चौतारीबाट' | राजनीतिको यात्रामा आफ्नो प्रिय कमरेडसँग बिताएको यादहरूलाई कविले 'भन्ज्याङको चौतारीबाट' कवितामा उल्लेख गरेका छन् । आशाका दियाहरू जलिरहेको अवस्थामा फूलहरू फुलाउनका निमित्त सङ्घर्ष गरिरहेको अवस्थालाई कविले आफ्नो स्मृतिभाव व्यक्त गरेको देखिन्छ । यस कवितामा कविले उज्यालो भविष्यको कामना गरेका छन् । |

| | | |
|---|---|---|
| ८. | 'नदी' | 'नदी' कवितामा मानिसको जीवन एउटा नदी जस्तै हो, यो प्रवाहशील छ भन्ने धारणा प्रस्तुत गरिएको छ । नदीको आफ्नै गति हुन्छ । लय हुन्छ । सारा अवरोध र बाधा पन्छाउँदै नदी आफ्नै गतिमा अगाडि बढिरहन्छ । त्यस्तै मानिसको जीवनमा पनि विभिन्न समस्याहरू आइरन्छन् । त्यसलाई पन्छाएर अगाडि बढ्नु जीवन हो । जसरी नदी सागरसम्म पुग्छ त्यसै गरी मानिसले पनि नदी जस्तै गरी निरन्तर गतिशील हुनुपर्छ भन्ने कर्मशील भाव यस कवितामा पाइन्छ । यस कवितामा कविले प्रगतिवादी भावना व्यक्त गरेका छन् । |
| ९. | 'अभिलाषा' | युद्ध र क्रान्तिमा हिँडेको एक योद्धाको कहानीलाई कविले 'अभिलाषा' कवितामा व्यक्त गरेका छन् । विलासितामा हराएर जनताको पसिना चुस्नुभन्दा एक सामान्य योद्धा भएर देशको रक्षा गर्नु बहादुरी हो भन्ने भावना यस कवितामा प्रस्तुत छ । यसमा क्रान्तिमा होमिएका बहादुर सिपाहीका श्रीमतीहरू विधवा भएका छन्, छोराहरू टुहुरा भएका छन् भन्दै उनीहरूको मौन क्रान्तिको आभाष सुन्न सकूँ र अन्धकार रातमा छटपटाइरहेका दाजुभाइहरूको आवाज बुलन्द गर्न सकूँ भन्दै यस कवितामा कवि मुक्तिको आवाज उठाउँछन् । |
| १०. | 'एक्लो जून बन्न खोज्नेलाई' | 'एक्लो जून बन्न खोज्नेलाई' कवितामा कवि ज्ञवालीले हामी नेपाली भाषाभाषी नेपालमा बस्ने नेपालीहरूलाई वीर भनेर चिनाएका छन् । हामीमा सम्पूर्णता भएर पनि हामीमा एकता छैन । हामीमा एकता भाइचारा, धार्मिक सहिष्णुता हुन जरुरी छ । सहयोद्धाहरू साथ रहेर मात्र योद्धाको भूमिका रहन सक्छ । कवि भन्छन् एक्लो जून बन्न खोज्नेलाई अर्थात् एक्लै एक्लै हिँड्ने युद्धको मैदानमा हिँड्ने व्यक्तिको पनि युद्ध सार्थक नरहन सक्छ भन्ने भाव यस कवितामा व्यक्त गरेका छन् । |
| ११. | 'भावुक कविप्रति' | 'भावुक कविप्रति' कवितामा कविले आफ्नो साथीलाई देशको कारुणिक अवस्थाको वर्णन गरेका छन् । देशको चित्रण गर्दै सेता हिमालहरू हेरेर टोलाउँदै कल्पनामा डुबेर प्रश्न गरेका छन् । कविले भत्किएका भित्ता र उदाङ्गिएको छानाबाट छिरेर आउने त्यही हिमाली हावामा स्नान गर्दै कवि सुत्केरी आमाहरू फेरि नफर्किने यात्रामा जाँदै छन् भनेर हामी सन्तानले पनि ती तमाम आमाहरूको सपना पूरा गर्नु पर्ने भाव यस कवितामा व्यक्त गरेका छन् । यसमा देशप्रेमको भावना प्रस्तुत गरिएको छ । |

| | | |
|---|---|---|
| १२. | 'मलाई कुहिरो मन पर्दैन' | 'मलाई कुहिरो मन पर्दैन' कवितामा कविले कुहिरोलाई प्रतीकात्मक रूपमा देखाएका छन् । कविले कुहिरोलाई सामन्तवर्गको अवशेषका रूपमा व्याख्या गरेका छन् । देशमा प्रजातन्त्र आए तापनि सामन्ती युग अझै अन्त्य नभएको र सामन्त वर्गले निमुखा वर्गहरूको पसिना चुसिरहेको भाव यसमा व्यक्त गरेका छन् । जसरी कुहिरो लागेपछि हिमाल, पहाड छेकिन्छन् त्यसै गरी उच्चवर्ग अर्थात् सामन्त वर्ग समाजमा रहुन्नेल निम्नवर्गको अस्तित्व हराइरहन्छ भन्ने भाव यसमा पाइन्छ। देख्दा नरम, सफा र सेतो देखिए तापनि विश्वासघातीले झैँ अँध्यारोको पर्दाले निम्नवर्गको जीवनको उज्यालो समाप्त पारिदिन्छ भनेर कवि ज्ञवालीले यस कवितामा शोषक र शोषितबीचको द्वन्द्वलाई स्पष्ट पार्ने काम गरेका छन् । |
| १३. | 'मेरो जीवनमा स्वागत छ' | 'मेरो जीवनमा स्वागत छ' कवितामा कविले आफ्नो जीवन साथीलाई विवाह गरेर आफ्नो जीवनमा स्वागत गर्न पाउँदाका क्षणलाई चित्रण गरेका छन् । आफ्नो जीवन सङ्घर्षशील भएको र देशको लागि समर्पित गरेको एक योद्धाको घरमा तिमी आएकी छौ भन्दै आफ्नी पत्नीलाई स्वागत गरेका छन् । कविले आफ्नो जीवनमा प्रवेश गरेकी जीवन सँगिनीलाई प्रेमभावले स्वागत गर्दै आफूभित्रको अगाध प्रेम दर्शाएका छन् । |
| १४. | 'सहिदको सन्देश' | 'सहिदको सन्देश' कवितामा कविले देशको लागि रगत बगाउने चार महान् सहिदहरूको वीर गाथा गाएका छन् । कविले यस कवितामा राष्ट्र र राष्ट्रियताका लागि निस्वार्थ सेवाको भावले आफ्नो जीवन उत्सर्ग गर्ने सहिदहरूप्रति श्रद्धाभाव व्यक्त गरेका छन् । कविले उक्त कवितामा जहानीयाँ राणाशासन अन्त्यका निम्ति आफ्नो ज्यान गुमाएका सहिदहरूप्रति समर्पित हुँदै देशप्रेमको भाव प्रकट गरेका छन् । |
| १५. | 'उषा म तिमीलाई पर्खिबसेको छु' | 'उषा म तिमीलाई पर्खिबसेको छु' कवितामा कविले उषा अर्थात् बिहानीको उज्यालो किरणलाई पर्खिरहेको सङ्केत गरेका छन् । यहाँ प्रत्येक रातहरू अँध्यारो भयावह र डरलाग्दा छन् । यी नै भयावह रातहरूमा कयौँ मुर्कट्टाहरू नाचिरहेका छन् । निरीह गाउँलेको आलो रगत चुसिरहेका सामन्ती वर्गलाई परास्त गरेर म उज्यालोको खोजीमा छु भन्दै कविले आफ्नो वर्गमुक्तिको भाव यस कवितामा व्यक्त गरेका छन् । |

| | | |
|---|---|---|
| १६. | 'तिम्रो नयाँ यात्राको थालनीमा' | 'तिम्रो नयाँ यात्राको थालनीमा' कवितामा कविले हामी उही पुरानो युगमा बाँचिरहेका छौँ, अब नयाँ युगमा अगाडि बढ्ने समय आएको छ भनेका छन् । उनले स्वतन्त्र देश मुक्त जनताको परिकल्पना गर्ने समय आएको, भोक र रोगले पीडित लाखौँ जनतालाई मुक्त गर्ने समय आएको कुरा दर्शाउँदै कार्लमार्क्सले परिवर्तन गर्न खोजेको समाज र जेनी मार्क्सको समाजवाद उस्तै छ भन्ने कुरा बताएका छन् । |
| १७. | 'सङ्कल्प' | देशप्रतिको सङ्कल्प र भावनालाई 'सङ्कल्प' कवितामा कविले चित्रण गरेका छन् । सुनौलो सपना बोकेर हिँडेको एक योद्धाको सपनालाई साकार बनाउनका लागि तल्लीन रहेको भाव यसमा कविले व्यक्त गरेका छन् । हजारौँ युवाहरूको सपना टुटेको र ती टुटेको सपनालाई पूरा गर्ने सङ्कल्प आफूले बोकेको भाव यस कवितामा व्यक्त गरेका छन् । |
| १८. | 'रिडी' | पौराणिक कालदेखि पवित्र तीर्थस्थलको रूपमा परिचित रुरु क्षेत्र रिडी, गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको सङ्गमस्थल हो र यही स्थानको वर्णन 'रिडी' कवितामा प्रस्तुत छ । यहाँ माघे संक्रातिमा मेला भर्न धेरै तीर्थयात्री आउँछन् । यही धार्मिक विषयमा आधारित रहेर कविले आफ्नो भाव यसमा व्यक्त गरेका छन् । यस कवितामा पवित्र तीर्थस्थलको रूपमा रहेको रिडीमा उपस्थित भक्तजनदेखि लिएर काला व्यापारीको कुकृत्यसम्मको तीर्थस्थल रहेको धारणा व्यक्त गरेका छन् । |
| १९. | 'यी पाइतालाका डोबहरू' | युद्धका बेलामा जनसाधारणले पाएका दुःख र युद्धले निम्त्याएको असरलाई 'यी पाइतालाका डोबहरू' कवितामा चित्रण गरिएको छ । जुन एउटा सपना बोकेर मुग्लान छिरेको घर, मुग्लान छिरेको छोरा घर फर्किन नपाउँदै बाटैमा हराउँछ । घरै अगाडि रक्ताम्य भएर रगतको होली खेलिरहेका ती जङ्गली मानिसका पाइतलाका डोबहरू अँझै मेटिएका छैनन् । सशस्त्र युद्धबाट पीडित जनताको मार्मिक अवस्थाको चित्रण यस कवितामा गरिएको छ । |
| २०. | 'यो महल' | 'यो महल' कवितामा कविले दुई वर्गबीचको भिन्नता र विभेदको चित्रण गरेका छन् । सामन्त र शोषक वर्गले बनाएको आलिशान महलमा पनि गरिबको पसिना बगेको भाव यस कवितामा |

| | | |
|---|---|---|
| | | उल्लेख गरिएको छ । यसमा सर्वहाराको मुक्तिचेतना प्रस्तुत गरिएको छ । |
| २१. | 'यति बेला गाउँमा अलिकति साँझ परेको छ' | 'यति बेला गाउँमा अलिकति साँझ परेको छ' कवितामा गाउँमा निमुखा सोझा साझा जनताको दुख र पिर उस्तै छ भन्ने सन्दर्भ प्रस्तुत गरिएको छ। महिलाहरू पानी पँधेरोमा जाँदा पनि आफ्नो ज्यान सुरक्षित नभएको महसुस गर्छन् । गाउँका ठूलाहरूले कतिखेर ती दिदीबहिनीको इज्जतमाथि खेलबाड गर्छन् कुनै निश्चित हुँदैन । त्यसैले महिलाहरू सुरक्षित नभएको कुरा यस कवितामा व्यक्त गरिएको छ। यसरी पँधेरामा पानी लिन गएका तरुनीहरू सुरक्षित रूपमा घर फर्किंदैनन् । काम गर्न गएका युवाहरूको ज्यान जोखिममा छ। अँझै पनि गाउँका ठालुहरूको प्रवृत्ति उस्तै छ भन्ने भाव यसमा व्यक्त गरिएको छ । |
| २२. | 'एउटा चिठी : सांसदको छोराको नाममा' | एउटी आमाको आफ्ना सन्ततिप्रतिको माया र ममताका भावहरू पोखिएको सन्दर्भ 'एउटा चिठी : सांसदको छोराको नाममा' कवितामा प्रस्तुत गरिएको छ। आफ्नो सन्तानको प्रतीक्षा गर्दागर्दै छोरो घर नफर्केको र छोरो आउँछ भनी आमाबुबाले बाटो कुर्दाकुर्दै समय बितेको घटनालाई यस कवितामा उतारेको छ । आफ्नो सन्तानलाई हुर्काउनका लागि कैयौँ रात आमा जाग्राम बसेको र तिनै सन्तान ठूलो भएपछि आफ्नी आमालाई भुलेको मार्मिक सन्दर्भ यस कवितामा कविले उल्लेख गरेका छन् । |

यसप्रकार आर्थिक कारणबाट समाजमा व्याप्त असमानता, भेदभाव, ठूलो र सानो, उच्च र निम्न, सम्पन्न र विपन्न जस्ता विभेदको सिर्जना भएको सन्दर्भ ज्ञवालीका यी कवितामा प्रस्तुत गरिएको पाइन्छ । ग्रामीण जीवनका प्रचलित शोषण, दमन, अन्याय र अत्याचारको विरोध तथा गरिब, दुःखी, निमुखा र असहायप्रति सहानुभूति यी कवितामा व्यक्त भएका सन्दर्भ हुन् । सामन्ती संस्कृति र तिनका मूल्यलाई ध्वस्त पार्नु तथा मजुवा संस्कृति र तिनका जीवनमूल्यलाई निषेध गरी श्रम र मूल्यको पक्षपोषण गरी बहुसङ्ख्यक श्रमिक मजदुर, निमुखा, गरिब, शोषित, पीडित तथा सर्वहारा जनताको शक्ति, गति र दिशालाई स्पष्ट पार्ने चेतना यी कवितामा मूलभावका रूपमा प्रस्तुत भएको देखिन्छ। यस सङ्ग्रहका 'मलाई कुहिरो मन पर्दैन', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', 'यो महल' र 'एउटा चिठी : सांसद छोराको नाममा' गरी चारवटा कविताको विश्लेषणको लागि छनोट गरिएको छ ।

## २.६.२ 'आस्था ओ मेरी प्रिया' कवितासङ्ग्रहमा सङ्गृहीत कविताको मूलभाव

प्रस्तुत *आस्था ओ मेरी प्रिया* (२०५९) कविता सङ्ग्रहभित्र जम्मा १३ वटा कविताहरू सङ्गृहीत छन् । प्रस्तुत कवितासङ्ग्रह २०५९ सालमा प्रकाशित उनको दोस्रो कवितासङ्ग्रह हो । सर्वहारा तथा निम्नवर्गको जीवनकथालाई कवि ज्ञवालीले प्रस्तुत सङ्ग्रहका कवितामा वर्णन गरेका छन् । यी कवितामा प्रस्तुत मूलभावलाई यसप्रकार प्रस्तुत गरिएको छ :

| क्र.स. | *आस्था ओ मेरी प्रिया* कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरू | कविताको मूलभाव |
|---|---|---|
| १. | 'ओ यात्री' | 'ओ यात्री' कवितामा आफ्नो जिन्दगीलाई हत्केलामा राखेर समाज परिवर्तन गर्न हिँडेको एक यात्रीका बारेमा लेखिएको छ । समाज परिवर्तनका लागि ज्यानलाई हत्केलामा राखेर शोषक र ठालु भनाउँदाको अन्याय र अत्याचारविरुद्ध लागि रहेको एक यात्रीले यात्राको क्रममा देखेका र भोगेका र समसामयिक समाजको जिउँदो तस्विरलाई यस कवितामा उजागर गरिएको छ । |
| २. | 'एकाबिहानै एउटी चेली' | 'एकाबिहानै एउटी चेली' कवितामा आजसम्म पनि एउटी महिला यौनपिपासुबाट असुरक्षित भएको कुरालाई देखाइएको छ । यस कवितामा झिसमिसे बिहानीमा पानी लिन गएकी एउटा चेली फर्किएर आउँछिन् तर बाटैमा पुरुषबाट उनको अस्तित्व लुटिन्छ । जङ्गलमा घाँसदाउरा गर्न गएकी चेली उतै लुटिन्छिन् । यी अनेक शोषणको पर्खाल भत्काउनका लागि चेलीहरू बोल्नुपर्ने समय आएको कुरा कविले यस कवितामा अभिव्यक्त गरेका छन् । अब चेलीहरूले पटुकी कस्नुपर्ने बेला आएको छ । पापीहरूको मुखमा अगुल्टो झोस्ने बेला आएको छ । यस कवितामा कविले नारीमुक्तिका लागि जुट्न सबैलाई आह्वान गरेका छन् । |
| ३. | 'हजुरबा तपाईंको बटौली अहिलेको बुटवलमा बनेको छ' | 'हजुरबा तपाईंको बटौली अहिलेको बुटवलमा बनेको छ' कवितामा कविले एक ठाउँ विशेषलाई लक्षित गरी उल्लेख गरेका छन् । यस कवितामा बुटवल कुनै समयमा निक्कै सुन्दर र शान्त थियो । तर समयको |

| | | |
|---|---|---|
| | | क्रम सँगै यो ठाउँ कुरूप हुँदै गइरहेको भाव व्यक्त छ। यस कवितामा विकासका नाममा विनाशको आगो सल्किरहेको छ भन्दै आधुनिक विकासको लहरलाई कविले व्यंग्यात्मक ढंगले टिप्पणी गरेका छन्। |
| ४. | 'आस्था ओ मेरी प्रिया' | 'आस्था ओ मेरी प्रिया' कवितामा समय फेरिएको कुरा बताइएको छ। अब आस्थाको उज्यालो बत्ती ढलेको छ। विश्वासको खम्बामा धमिरा लागेको छ। समयको मात लागेर मानिसहरू छादिरहेका छन्। दिउँसै मानसिक खलबलको पहिरोले चेपिएका छन्। भरोसा र विश्वासको डोरी डगमगाएको छ। त्यसैले प्रिय तिमी समाजका लागि असल कर्म गर्नु भन्दै कविले आफ्नी प्रियसीलाई प्रेम बाँडेका छन्। हो, समय फेरिएको छ, त्यो रातमा एक्लै हिंड्दा पनि चेलीहरू सुरक्षित थिए तर समयको हुरीले मात खाएपछि अहिले असुरक्षित भएको सन्दर्भ यसमा प्रस्तुत छ। |
| ५. | 'उज्यालो हुनुअघि' | 'उज्यालो हुनुअघि' कवितामा कविले उज्यालो हुनुअघि धेरै ताराहरू आकाशबाट झरेका र ती तारा झरेजस्तै अर्थात् कसैको पनि जीवन सधैँ उज्यालो रहँदैन, परिवर्तन भइरहन्छ भन्ने भाव प्रस्तुत छ। यसमा अन्धकारभित्र पनि उज्यालोका ज्योतिहरू खोजेर बस्नुपर्छ भन्ने प्रगतिशील सन्देश व्यक्त गरिएको छ। |
| ६. | 'सङ्कट काल' | 'सङ्कट काल' कवितामा ०५७/०५८ सालतिर देशमा सङ्कटकाल भएको सन्दर्भ प्रस्तुत छ। त्यसबेला फूलबारीमा ठूलो स्वरमा पनि बोल्नुहुन्न किनकि देशमा सङ्कटकाल लागेको छ भन्दै तिम्रा आवाज दबाएर राख, स्वरहरूलाई पनि दबाऊ, नत्र ती आवाजहरू बाहिर जाने छन् र फेरि छापामार युद्धको शैलीमा भित्र पस्ने छन् भन्दै कविले त्यसैले आफ्नो आवाजलाई मौन राख्नुपर्छ भन्ने भाव यसमा प्रस्तुत गरेका छन्। |
| ७. | 'तिम्रो क्रान्तिको मृत्यु' | 'तिम्रो क्रान्तिको मृत्यु' कवितामा एक योद्धा जो समाज परिवर्तनका लागि लडिरहेको छ को वीरताको वर्णन गरिएको छ। यो त्यही समाज हो जहाँ कुनै पनि महिला सुरक्षित छैनन्। पुरुषले महिलाको नीलडाम |

| | | |
|---|---|---|
| | | पारेर शरीर चुसिरहेका छन् । समाजका ठूला भनाउँदाहरू गरिबको बस्तिमाथि ज्यादति गर्दैछन् । क्रान्तिबिना ती अन्याय र अत्याचारको पर्खाल ढल्नेवाला छैन । यसरी कविले यस कवितामा क्रान्तिको पक्षमा चर्चा गरेका छन् । |
| ८. | 'आमा र फूलहरू' | 'आमा र फूलहरू' कवितामा कविले रुँदारुँदै घाँटी सुकेर बसेकी विधुवा आमालाई प्रकृति र फूलसँग दाँजेका छन् । आमा प्रकृतिसँग बाँचिरहेकी छिन् र बाँच्न प्रयास गरिरहेकी छिन् तर बाँच्न सकिरहेकी छैनन् भन्दै किन कि श्रीमान् गुमाएकी एउटा ममताको कुरा संसारले महसुस गर्न सक्दैन, आमा तपाईंले फक्रिएको फूल हेरेर पनि खुसी हुन सक्नु पर्छ भन्ने सन्देश यस कवितामा प्रस्तुत गरिएको छ । |
| ९. | 'काठमाडौँ अचेल रुन छाडेको छ' | काठमाडौँ पहिले कान्तिपुरी नगरी थियो तर अहिले फोहोरी भएको छ भन्ने सन्दर्भ 'काठमाडौँ अचेल रुन छाडेको छ' कवितामा प्रस्तुत गरिएको छ । सुन्दर र सफा काठमाडौँ जहाँ बागमतीको पानी सफा र कलल हुँदै बग्थ्यो तर अहिले हरेक दिन पशुपतिमा लाश जलिरहेको हुन्छ, धुँवा र धुलोले सहरको सुन्दरता छोपिएको छ । कविले यसमा काठमाडौँ उपत्यका समयक्रमसँगै निर्जीव र स्वार्थी बन्दै गइरहेको कुरालाई देखाइएको छ । यो व्यङ्ग्यात्मक कविता हो । |
| १०. | 'किन मौन अचेल रेसुङ्गा बाबा' | एउटा निरीह चेलीको व्यथा र बाध्यतालाई 'किन मौन अचेल रेसुङ्गा बाबा' कवितामा चित्रण गरिएको छ । यो दश वर्षे सशस्त्र युद्ध तथा राज्य र विद्रोही पक्षबीचको युद्ध चलिरहेको बेला लेखिएको कविता हो । फक्रिन नपाउँदै चेलीको अस्तित्व लुटिएको सन्दर्भ पनि यसमा प्रस्तुत छ । मृग जस्तै स्वच्छन्द हिँडिरहेकी चेलीको अस्मिता लुटिँदा पनि संसार मौन छ, रेसुङ्गा मौन छ किनभने अन्याय र विभेदले सीमा नाघेको छ र जीवनका हरियालीहरू पतझर बनेका छन् भन्दै कविले यसमा नारी अस्मितमाथिको पुरुष अत्याचारबारे वर्णन गरेका छन् । |

| | | |
|---|---|---|
| ११. | 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' | 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' कवितामा एक छाकको लागि मानिस लडिरहेको हुन्छ भन्ने भाव प्रस्तुत गरिएको छ । गरिब मानिस सानो झुपडीमा सीमित भएर र सिङ्गो संसारलाई साक्षी राखी लडिरहेको हुन्छ । सन्तानको खुसीका लागि किसान सधैँ जुटिरहेको हुन्छ तर गाउँमा उच्चवर्गका भनाउँदाहरूले निम्न वर्गीय समाजका पात्रहरूलाई चुसिरहने र विभेदको खाल्डोमा पारिरहने खेल खेलिरहन्छन् भन्दै कविले यस्ता सामन्त र शोषण दमनका विरुद्ध नयाँ क्रान्तिका पालुवाहरू पलाउनुपर्छ भन्ने भाव यस कवितामा प्रस्तुत गरेका छन् । यसमा शान्तिको उज्यालो कोपिलाउनु पर्छ, किरणको वर्षा हुनुपर्छ अनि मात्रै नयाँ समाजको निर्माण सम्भव हुन्छ भन्ने प्रगतिवादी चेतन प्रस्तुत भएको देखिन्छ । |
| १२. | 'बाह्र वर्षपछि' | 'बाह्र वर्षपछि' कवितामा टुँडिखेल सामन्ती वर्ग र उच्चवर्गको मनोरन्जनको केन्द्र बनेको सन्दर्भ प्रस्तुत गरिएको छ । त्यो ठाउँ महाजनले सलामी र तोप पड्काउने स्थल बनेको छ । घोडेजात्रा, इन्द्रजात्रा लगायतका पर्वहरू हेरेर मनोरन्जना लिने ठाउँ बनेको छ र तिनै वरिपरिका उजाड आँगनहरू र मसान घाटहरू चुपचाप छन् भन्दै कविले समय अन्तरालमा टुंडिखेल उस्तै देखेपछि यो कविता लेखेको देखिन्छ । धेरै समयको अन्तरालमा पनि परिवर्तन नआएको अवस्थाप्रति यसमा सङ्केत गरिएको छ । |
| १३. | 'एकादेशमा' | 'एकादेशमा' कवितामा एउटा सुन्दर बस्तीमा गरिब, मजदुर र किसानहरूको बसोबास भएको सन्दर्भ प्रस्तुत छ । त्यस बस्तीमा सामन्ती बाघ प्रवेश गरेर त्यहाँ मानिसहरूलाई दुःख र शोषण गरिरहेका प्रतीत हुन्छ । त्यो बाघ भनेको उच्चवर्ग, सामान्ती वर्ग हो जसले शोषणको सधैँ तरबार चलाइरहन्छ । त्यो अभागी बस्तीमा सामन्ती आफ्नो स्वार्थ पूरा गर्नका लागि सधैँ कैँची चलाइरहन्छ । त्यो बाघ जसले सधैं अभागी बस्तीमा प्रवेश गरेर नागरिकलाई सन्त्रासमा बाँच्न विवश बनाउँछ, त्यहाँ आँगन रक्ताम्य हुन्छ । चेलीको |

| | | |
|---|---|---|
| | | सिउँदो पुछिन्छ, बालकहरू टुहुरा बन्छन् र आवाजहरू मौन हुन्छन् । अब यो व्यवस्थाको अन्त्य हुनुपर्छ भन्दै झुपडीका बस्तीका नागरिकहरू क्रान्तिका लागि जाग्छन् भन्ने सन्दर्भ यसमा प्रस्तुत छ । |

यसप्रकार माथि प्रस्तुत कविताकृतिहरूका माध्यमद्वारा ज्ञवालीले समाजमा व्याप्त विकृति, कुरीति र कुसंस्कारका विरुद्ध तीव्र व्यङ्ग्य प्रहार गरेको पाइन्छ । यसै गरी समाजमा व्याप्त भ्रष्टाचार, नातावाद, कृपावाद, चाकरीप्रथाका विरुद्धमा आक्राश व्यक्त गरेका छन् । समाजका बेथीतिहरू जरा गाडेर बसेका समाज कहिल्यै पनि उन्नति र प्रगतितर्फ लाग्दैन भन्दै दीनदुःखीहरूमाथि अन्याय र अत्याचार गर्नेहरूमाथि तथा समाजका ठूलावडाहरू, परासंस्कृतिको नक्कल गर्नेहरू र नक्कली प्रमाणपत्रका आधारमा ठूलो पदमा बहाल हुनेहरूप्रति उनका कविताहरूमा तीव्र व्यङ्ग्य प्रहार गरिएको पाइन्छ काव्यमा व्यङ्ग्यले उत्कर्षता प्राप्त गरेको देखिन्छ । समाजमा व्याप्त विकृति र कुरीतिका विरुद्ध आक्रोश व्यक्त गर्दै समाजसुधारको अपेक्षा उपर्युक्त कविताहरूमा राखेको पाइन्छ । यस सङ्ग्रहका 'एकादेशमा', 'बिहानीको प्रतीक्षामा' र 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' गरी तीनवटा कविताको छनोट गरिएको छ ।

## २.६.३ 'बिनासालिकका नायकहरू' कवितासङ्ग्रहमा सङ्गृहीत कविताको मूलभाव

प्रस्तुत *बिनासालिकका नायकहरू* (२०७३) कवितासङ्ग्रहभित्र जम्मा ३१ वटा कविता सङ्गृहीत छन् । यो कवितासङ्ग्रह २०७३ सालमा प्रकाशित प्रदीपकुमार ज्ञवालीको तेस्रो कवितासङ्ग्रह हो । प्रस्तुत कवितामा कविले सर्वहारा निम्नवर्गको जीवनकथालाई वर्णन गरेका छन् । यी कवितामा प्रस्तुत मूलभावलाई यसप्रकार प्रस्तुत गरिएको छ :

| क्र.स. | ***बिनासालिकका नायकहरू*** **कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरू** | **कविताको मूलभाव** |
|---|---|---|
| १. | 'पसल छेउ उभिएकी केटी' | 'पसल छेउ उभिएकी केटी' कवितामा नेपाली समाज वर्गीय विविधताले भरिएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यहाँ विभिन्न किसिमका वर्गहरू रहेका छन् । यो कविता आर्थिक तथा सामाजिक हिसाबले हाम्रो समाजमा निकै पिछडिएको वर्गको आवाज हो । यस कवितामा विशेष गरी हाम्रो समाजमा रहेको मालिक र श्रमिक अर्थात् मजदुर वर्गबीच रहेको द्वन्द्वलाई चित्रण |

| | | |
|---|---|---|
| | | गरिएको छ । बिरामी आमाले एक हप्ता काम नगर्दा उनको छोराले जाबो दुधसम्म पनि खान नपाउनु अथवा आर्थिक हैसियत अत्यन्तै निम्न स्तरको हुनुले हाम्रो समाजका पुँजीपति मालिक वर्गहरूले श्रमिकको रगत र पसिनाको उचित मूल्य दिन नसकेको कुरा यसमा प्रतिविम्बन गरिएको छ । यसका साथै यस कवितामा मजदुर वर्गहरूले आफ्नो जीवनमा भोग्नुपर्ने अनेक कठिन अवस्थाहरूको पनि चित्रण गरेको देखिन्छ । यस कविताको अन्तिम हरफले नेपाली समाजमा मजदुर किसान वर्गहरूले भोग्नुपर्ने अन्तिम नियतिलाई छर्लंग देखाएको छ । यस अर्थमा प्रस्तुत 'पसल छेउ उभिएकी केटी' कविता नेपाली समाजमा रहेका सीमान्तकृत वर्गहरूको अवस्थालाई स्पष्ट देखाउने ऐनाका रूपमा पनि देखिन्छ । |
| २. | 'मरुभूमिको बलेनी' | 'मरुभूमिको बलेनी' एउटा परदेशी छोराले आमालाई सम्बोधन गर्दै गरेको परिवेशमा लेखिएको सम्बोधनपरक कविता हो । वर्तमान अवस्थामा देशका सम्पूर्ण स्रोत साधनहरूमाथि हुने खाने सीमित पुँजीपति वर्गहरूको हालिमुहाली रहेको छ । शिक्षा, स्वास्थ्य जस्ता मानिसहरूका आधारभूत आवश्यकताहरू पनि सजिलै पूर्ति गर्न सकिने अवस्था छैन । यस्तो अवस्थामा हाम्रो समाजमा रहेका गरिब, तथा उत्पीडित वर्गहरू गाँस, बास र कपासको जोहो गर्न रोजगारीका लागि विदेशिनुपर्ने अवस्था छ । यसरी प्रस्तुत कविता खानलाउन परदेसिएको निम्नवर्गीय व्यक्तिको मार्मिक आवाज हो । |
| ३. | 'विद्रोहको आँगनमा लाटो कामी' | 'विद्रोहको आँगनमा लाटो कामी' कवितामा देशमा प्रजातन्त्र हरियापातझैँ पलाए तापनि लाटो कामीले दुई छाक जोर्ने वातावारण मिलाउन नसकेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । उसले आफ्ना बालबालिकालाई पेटभरि खाना खुवाउन सकेको छैन । श्रीमतीको उपचार गर्न सकेको छैन । उच्च जातीय दमनको दबदबा अझै पनि हाम्रो समाजमा कायम रहेको कुरा यस कवितामा उल्लेख छ । कविताको दोस्रो हरफमा प्रस्तुत 'अलिकति |

| | | |
|---|---|---|
| | | देऊ न, केटाकेटी मर्न लागे' भन्ने वाक्यले यस कुरालाई थप स्पष्ट पार्दछ । लाटो कामीका अगाडि रङ्गीन बार्दलीहरू छन् तर उसको हालत सधैँ भुँइमा रहेको छ । देशमा विभिन्न परिवर्तन आए पनि दलित वर्ग त्यसमा पनि आर्थिक रूपमा पिछडिएको वर्गले अझै न्याय पाउन नसकेको कुराको यस कवितामा चित्रण गरिएको छ। यसरी यसमा गरिब वर्गले न्याय र समृद्धि महसुस गर्न नसकेको अवस्थाको मार्मिक चित्रण गरिएको छ । |
| ४. | 'मैनबत्तीको चर्या' | 'मैनबत्तीको चर्या' कवितामा सशस्त्र युद्धकालीन समयमा निर्दोष नागरिकहरू धेरै मारिएको सन्दर्भलाई प्रस्तुत गरिएको छ। यसमा बाँदरमुढे घटना होस् अथवा मैना सुनुवारको हत्याको घटना, राज्य र विद्रोही पक्षबाट नागरिकमाथि भएको अन्याय र हिंसाको लागि माइतिघरमा मैनबत्ती बालेर शान्ति र्‍याली हुन्छ तर त्यो मैनबत्तिको उज्यालोले वास्तविक शान्ति प्राप्त गर्न सकेको छैन भनने धारणा यसस कवितामा प्रस्तुत छ । यस कवितामा राज्य र विद्रोही पक्षबाट नागरिकमाथि भएको ज्यादतिको बारे बोलिएको छ र न्यायका लागि अपिलसमेत गरिएको छ । |
| ५. | 'बिटुलिएको झुपडी' | बिटुलिएको झुपडी' कवितामा निम्न आर्थिक अवस्था भएका गरिब तथा दलित समुदाय कि महिलामाथि कथित उच्चवर्गको पुरूष मानसिकताले कसरी राज गर्न खोज्छ र समाजमा महिलालाई कसरी उपभोग्य वस्तुका रूपमा लिइन्छ भन्ने सन्दर्भ प्रस्तुत गरिएको छ। साथै समाजको पाखण्डीपनप्रति कटाक्ष पनि गरिएको छ । जब साँझ हुन्छ, जब रात हुन्छ, दलित महिलालाई माथिल्लो जातका पुरूषले प्रसादका रूपमा लिने र भोग्न मिल्ने वस्तुका रूपमा लिने तर जब दिन हुन्छ उसको हातबाट पानी नचल्ने ? किन ? भन्दै यसमा कविले प्रश्न गरेका छन् । नेपाली पुरुषप्रधान मानसिकता तथा उच्च जातीय विभेद र अन्यायका बारे यस कवितामा चर्चा गरिएको छ । यसमा उच्चवर्गको पुरुषले शारीरिक शोषण गर्छ र दलित महिलाबाट बच्चा |

| | | |
|---|---|---|
| | | जन्मिन्छ तर उक्त बच्चाको लागि नागरिकता तथा लालनपालनका लागि जिम्मेवार उच्च वर्गीय पुरुषले इन्कार गरी दलित महिलालाई असहाय अवस्थामा पुर्‍याउँछ भन्ने उच्च जातीय अहङ्कारलाई पनि प्रस्तुत गरिएको छ । यसरी यस कविताले नेपाली समाजमा विद्यमान वर्गीय, जातीय तथा लैङ्गिक विभेदको कुरा उठाएको छ र त्यस्ता समस्या समाधान गर्नुपर्ने धारणा राखेको छ । |
| ६. | 'म कर्नाली' | 'म कर्नाली' कवितामा राज्यले कर्नालीलाई सधैं उपेक्षित गरेको सन्दर्भ प्रस्तुत गरिएको छ । कविताको दोस्रो हरफमा एक मुट्ठी कुहेको चामलको लागि कर्नाली लडिरहेको प्रसङ्ग उठाउँदै एक चिम्टी नुन र एक फाँको गहुँको लागि कर्नालीले युद्ध गरिरहेको छ भन्ने कर्नालीको मार्मिक पक्ष प्रस्तुत गरिएको छ। कर्नालीको यार्चागुम्बा राजधानीले खोजी खोजी लिने तर विकासका लागि खासै राज्यले ध्यान नदिएको कुरा चित्रण गरिएको छ। कर्नालीलाई वर्षौंदेखि राज्यले पछि पारेको छ। स्रोत साधन भएर पनि राज्यले त्यसको उचित मूल्य दिन नसकेको प्रसङ्ग यसमा उल्लेख गरिएको छ । कविले यसमा अब कर्नाली धेरै सहने छैन, कर्नाली अब बोल्छ भन्ने सन्देश दिएका छन् । यस कवितामा प्रगतिवादी चेतना प्रस्तुत भएको देखिन्छ । |
| ७. | 'बिनाअनुहारको रात' | 'बिनाअनुहारको रात' कवितामा राज्य र विद्रोही पक्षबाट भएको ज्यादतिमा सयौं मानिसहरू घरबार बिहीन भएको कारुणिक अवस्थाको चित्रण गरिएको छ । यसमा कतिको सपना उजाडियो, कयौं व्यक्तिहरू बेपत्ता छन्, जसको जिम्मा न राज्यले लिएको छ न त विद्रोही पक्षले भन्ने सन्दर्भ प्रस्तुत छ । यसमा बीर्खबहादुर बेपत्ता छन् तर उनी कसैको सूचिमा परेका छैनन् । बेपत्ता भएका परिवारका सदस्यहरूले माइतीघरमा जुलुस त गर्छन् तर सुनुवाइ हुन सकेको छैन । यस कविताले यही कुरालाई उठान गरेको छ । यस कवितामा वर्गीय कुरा उठाइएको छैन तर अन्यायमा |

| | | |
|---|---|---|
| | | परेका नागरिको आवाजलाई भने उठाइएको छ र न्यायका लागि अपिल गरिएको छ । |
| ८. | 'काष्ठमण्डपमा एक्लो परेवा' | 'काष्ठमण्डपमा एक्लो परेवा' कवितामा महाभूकम्पले काठमाडौँ उपत्यकाका महत्त्वपूर्ण मन्दिरहरू र सम्पदाहरू विनाश गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसमा भौतिक मन्दिरहरू मात्रै भत्किएनन्, मन्दिरसँग जोडिएको कयौँ कुराहरू पनि भत्किए, परेवाका बासहरू भत्किए, परेवाले कोरेको संसार भत्कियो भन्दै कविले परेवाको नजरबाट तत्कालीन मार्मिक अवस्थाको चित्रण गरेका छन् । खण्डहर हुँदा परेवा आफैँ आत्तिएको, उसको बास उजाडिएको र उपचार नपाएको विरक्त लाग्दो अवस्थालाई यसमा चित्रण गरिएको छ । यहाँ परेवाले विगतका दिनहरू सम्भिmरहेको छ र उज्याला दिनको पर्खाइमा बसिरहेको छ । |
| ९. | 'काठमाण्डुमा तपेसर कोइरी' | 'काठमाण्डुमा तपेसर कोइरी' कवितामा मधेशी समुदायको पात्र तपेसर कोइरीमाथिको अत्याचारलाई प्रस्तुत गरिएको छ । तपेसर कोइरीले वर्षौंदेखि विभेद र अन्याय सहँदै आइरहेको छ । पहाडबाट झर्ने बाढीलाई उसको आँगनले छेक्छ । सीमापारीका मानिसबाट हुने लुटपाट व्यहोर्छ । त्यति मात्रै होइन स्वयं मधेशी नेताहरूबाट वर्षौंदेखि छल भोग्दै आइरहेको छ । ऊ स्वदेशी हो, ऊ नेपाली हो । देशको सीमानामा उही उभिएको छ । उही कयौँ पटक उजाडिएको छ तर जब ऊ काठमाडौँमा एक छाक टार्नका लागि सडक पेटीमा टोकरीमा जब साग बेच्छ तब काठमाडौँले पनि शंकाको नजरले हेर्छ र उसैमाथि प्रश्न उठाउँछ । उसैलाई विभेदको नजरले हेर्छ । उसैलाई हेपाहा शैलीले बोलाउँछ । तपेसर कोइरीलाई त काठमाडौँको भाइ मलङ्गवाले पनि चिन्दैन । उसको काँधमा बोकिएको नेताले पनि चिन्दैन भन्दै यस कवितामा घाम पानी र धुलो सहने कोइरी जस्ता हजारौँ नागरिकले आत्मसम्मान पाउन सकेका छैनन् भन्ने भाव प्रस्तुत गरिएको छ । यसमा मधेशी जनतामाथि राज्य तथा |

| | | |
|---|---|---|
| | | राजधानीले सधैँ शंकाको कोणबाट हेर्छ भन्ने भाव प्रस्तुत गरिएको छ । |
| १०. | 'अँध्यारोमा जुनकिरी' | 'अँध्यारोमा जुनकिरी' कवितामा भूमिपति तथा सामन्त वर्गले कुनै बेला थप जमिन हडप्नका लागि घोडाको प्रयोग गर्थे, पाप पखाल्नका लागि उनीहरू अश्वमेध यज्ञसम्म गर्थे र निर्दोष घोडाहरूको वध गरिन्थ्यो भन्ने सन्दर्भ प्रस्तुत गरिएको छ । यसमा घोडा कुदाएर कोरेको रेखाको आधारमा जमिन हडप्ने सामन्तहरूको चाललाई प्रश्न गरिएको छ । त्यसरी नागरिकमाथि गरिने शोषणको विरोध गरिएको छ। कविले नागरिकको नजरबाट तिम्रो बन्धन स्वीकार्य छैन, अब म विद्रोह गर्छु भन्दै भूमिपति तथा सामन्तको प्रभाववादी शैलीको निरन्तरताको भविष्य अब नरहेको र त्यसको विरुद्ध विद्रोह हुने चेतावनी दिएका छन् । |
| ११. | 'फिर्ता देऊ मेरो टुँडिखेल' | 'फिर्ता देऊ मेरो टुँडिखेल' कविताले अहिले टुँडिखेल साँघुरिएको सन्दर्भ उठाएको छ । टुँडिखेल त्यस्तो ऐतिहासिक स्थान हो जहाँ फराकिलो ढंगले स्वास फेर्न सकिन्छ । यहाँबाट आकाशलाई स्वच्छन्द ढंगले हेर्न र महसुस गर्न सकिन्छ। तर टुँडिखेललाई विभिन्न नाममा सबैले मिचिरहेको प्रसङ्गमा कविले यस कवितामा मेरो टुँडिखेल फिर्ताको आह्वान गरेका छन् । |
| १२. | 'तिम्रो अश्वमेधको विरुद्ध' | 'तिम्रो अश्वमेधको विरुद्ध' कवितामा अन्याय, अत्याचार, विभेद र अभावको मुस्लोमा नागरिक मरिरहँदा र परिरहँदा पनि शाषक चुप लाग्नु चरम लापरबाही हो । आफू आफैँसँग मस्त हुने शाषकको निरो प्रवृत्तिलाई यस कवितामा चित्रण गरिएको छ । जसरी रोम जलिरहँदा निरो बाँसुरी बजाइ रहन्थे, त्यसै गरी समाजमा अन्याय, अविकास र व्यथित भइरहँदा पनि चुप भएर बस्ने शाषकको आयु धेरै नहुने कुरा यस कवितामा उल्लेख छ । समग्रमा यस कवितामा कविले निरोजस्ता शासकको आयु धेरै नरहेको कुरा व्यक्त गरेका छन् । |
| १३. | 'निरो' | 'निरो' कवितामा अन्याय, अत्याचार, विभेद र अभावको मुस्लोमा नागरिक मरिरहँदा र परिरहँदा पनि शाषक चुप लाग्नु चरम लापरबाही हो । आफू आफैँसँग मस्त |

| | | |
|---|---|---|
| | | हुने शाषकको निरो प्रवृत्तिलाई यस कवितामा चित्रण गरिएको छ । जसरी रोम जलिरहँदा निरो बाँसुरी बजाइ रहन्थे, त्यसै गरी समाजमा अन्याय, अविकास र व्यथित भइरहँदा पनि चुप भएर बस्ने शाषकको आयु धेरै नहुने कुरा यस कवितामा उल्लेख छ। समग्रमा यस कवितामा कविले निरोजस्ता शासकको आयु धेरै नरहेको कुरा व्यक्त गरेका छन् । |
| १४. | 'फेरि एकपल्ट' | 'फेरि एकपल्ट' कवितामा नारीहरू बलात्कृत भएका, नागरिकका सपनाहरूको हत्या भएको र विद्रोहका लागि फेरि तयार रहनुपर्ने कुरा व्यक्त गरिएको छ । नेपालमा जतातत<br>ै अन्धकार फैलिरहेको बेला फेरि एकपटक जाग्नुपर्ने परिस्थिति आइलागेको छ । यसमा भाग्य फेर्ने अन्ति लडाइँ लड्नुपर्ने आवश्यकता देखाइएको छ । इतिहास नदोहोरीने अन्तिम विद्रोहको तयारीमा नागरिक जुटेको सन्दर्भ पनि उठाइएको छ । साथै स्वयं कवि कलम बोकेर विद्रोहको पङ्क्तिमा लागेको प्रसङ्ग उल्लेख छ । सबैले हातमा जे छ त्यही लिएर एकपटक अन्धकारलाई चिर्नका लागि जाग्नुपर्ने सन्देश यस कविताले दिएको छ । |
| १५. | 'म शिरोच्छेदित बर्बरिक' | 'म शिरोच्छेदित बर्बरिक' कवितामा देशको भाग्य नफेरिएको र हस्तिनापुर जस्तै भएको कुरा उल्लेख छ । देशमा दरबार मोटाएको तर जनताको जीवनस्तरमा खासै परिवर्तन हुन नसकेको कुरा उल्लेख छ । जसरी महाभारतमा धृतराष्ट्र रजगत छ, जसरी भीष्म पितामह लाचार छन्, जसरी सत्यका कलम र सारंगीहरू भाँचिरहेका छन् त्यसै गरी अहिले अवस्था पनि त्यस्तै रहेको छ । नागरिकमाथि यस्तै अत्याचार, अन्याय र विभेद भइरहेको छ तर त्यो विभेद र अन्यायको चक्रव्युह धेरै दिनसम्म टिक्ने छैन भन्ने सन्देश यस कविताले दिएको छ । |
| १६. | 'एक बिहानः नारायणहिटी मिनार' | 'एक बिहानः नारायणहिटी मिनार' कवितामा नारायणहिटी स्तम्भले सधैँ पूर्वको लाली चुम्थ्यो, चराहरूको चिरबिरले सौन्दर्य थप्थ्यो, जमिनको दुबोले बिहानी गीत गाउँथ्यो तर कवि एक बिहान विस्मात |

| | | |
|---|---|---|
| | | महसुस गरिरहेका छन् । अचानक बिहान मुर्छा परेको छ। जमिनमा रगत बगेको छ। सोच्नै नसकिने पीडाको बादल लागेको छ । राजदरबार हत्याकाण्डको बेला कविले प्रस्तुत कविता लेखेको देखिन्छ । कविलाई त्यो घटना सुन्न र देख्न स्वीकार गर्नै कठिन भएको छ । त्यो इतिहासको घटनाले कविमाथि नै ठट्टाको महसुस भएको छ। अग्लो मिनार लडेको र आफ्नै मलामी गएको प्रसङ्ग कविले यस कवितामा व्यक्त गरेका छन् । तत्कालीन उक्त घटना कल्पनाभन्दा पर र अपत्यारिलो भएको कुरा यसमा प्रस्ट्याइएको छ। |
| १७. | 'उही बिहानः बागमती किनार' | 'उही बिहानः बागमती किनार' कविताले सकारात्मक र आशाको उर्जा सञ्चार गरेको छ । वर्षौंदेखि दमित र शोषित नागरिकले न्याय तथा अधिकार पाएको कुरा यसमा चित्रण गरिएको छ । नागरिक स्वतन्त्र भएको कुरा यस कवितामा चित्रण गरिएको छ। जंगबहादुरको कुनै डर नभएको, बर्षौंदेखि काँधको भारी बिसाउन पाएको क्षण यसमा कविले विम्बात्मक ढंगले व्यक्त गरेका छन्। नेपालमा दोस्रो जनआन्दोल सफल भएको केही दिनमा कविले प्रस्तुत कविता लेखेको देखिन्छ । २४० वर्षको निरंकुश राजतन्त्र पतन भएर जनताले स्वतन्त्रता पाएको र देशमा गणतन्त्रको बिहानी उदय भएको क्षणलाई कविले प्रस्तुत गरेका छन्। |
| १८. | 'बाँच्न चाहन्छु म' | 'बाँच्न चाहन्छु म' कवितामा काँडा कुल्चिने पैताला प्रिय छ, चट्टान फुटाउने हात प्रिय छ, डोको बोक्ने पिठ्युँ प्रिय छ भन्दै कविले निम्नवर्गीय नागरिक जो केही थप समय बाँच्न चाहन्छ। हुन त उसको मृत्युले खासै असर नपार्ला तर ऊ बाँच्न चाहन्छ । स्वास्थ्य सेवा नपाउने नागरिकहरू धेरै छन्। ती नागरिकहरू केही लामो बाँच्न चाहन्छन् तर अभाव, गरिबी र राज्य कम्जोर भएकाले अकालमै कयौं मानिसहरूले मर्नुपर्ने बाध्यता छ भन्ने कारुणिक भाव प्रस्तुत गरिएको छ । यस कवितामा आर्थिक रूपमा तल्लो वर्ग जसले उपचार पाउन सकेको छैन, उसलाई मर्ने रहर पनि छैन तर उसको जीवनमा |

| | | |
|---|---|---|
| | | बाध्यता भएर काल पल्किन थालेको प्रतीत हुन्छ भन्ने सन्दर्भ यसमा प्रस्तुत गरिएको छ । |
| १९. | 'मेरो अजम्बरी गीत' | 'मेरो अजम्बरी गीत' कवितामा शासकले नागरिकको बोल्ने अधिकार निषेध प्रयास कहिलेसम्म गर्न सक्छ र ? कलम भाँच्दैमा र मुख थुन्दैमा भन्दै परिवर्तन र विद्रोहको स्वर जनताबाट लुक्दैन, अक्षर बारुद भएर फैलिन्छन् । जसरी अक्करभिरमा सुनाखरी फुल्छ त्यसै गरी परिवर्तनको स्वर फक्रिन्छ नै भन्दै यस कवितामा कविले शाषकले सधैं परिवर्तनको स्वर दबाउन खोज्ने गर्छन् तर त्यसको आयु लामो हुँदैन भन्ने धारणा राखेका छन् । निरङ्कुश शासकले जनताको आवाज सधैँ थुन्ने प्रयास गर्छन् तर थुन्न सक्दैनन् भन्ने भाव यस कविताले व्यक्त गरेको छ । |
| २०. | 'नीलो मर्स्याङ्दी' | 'नीलो मर्स्याङ्दी' कविताले घरमा नारीले उनको जीवनमा थपको सुन्दरता र अर्थ छ त्यसै गरी प्रकृतिमा नदीले थपेको सुखद र शान्त संसार सुन्दर छ भने भाव व्यक्त गरेको छ । |
| २१. | 'आमा र गण्डकी' | 'आमा र गण्डकी' कवितामा कविले आफ्नो आमाको सम्झना प्रस्तुत गरेका छन् । आमाको निधन पछि त्यसको असर चुलोदेखि चौतारासम्म परेको कुरा कविले यस कवितामा व्यक्त गरेका छन् । उनकी आमा बाथको रोगी भएको तर उपचार गर्न नसकेको सन्दर्भ कविले यसमा उल्लेख गरेका छन् । आमा गुमाएपछि कवि एक्लो बनेको कुरा यसमा उल्लेख छ । आमाको सम्झनामा गण्डकी नदी पनि हेरेर बसेका छन् भन्ने मार्मिक भाव यस कवितामा प्रस्तुत छ । |
| २२. | 'माली गाई : नोस्टाल्जिया' | 'माली गाई : नोस्टाल्जिया' कवितामा कवि बाल्टिमोर पुगेर माली गाईको सम्झना गरेका छन् । आधुनिक विकासको चरम चुमेको अमेरिकामा पुगेपछि कविले आफ्नो मौलिक जीवन सम्झेका छन् । आफ्नो गाउँले साधारण औषधी खान नपाएर छटपटाइरहेको, विकट, गरिबी र पछ्यौटेपनको शिकारमा परेको आफ्नो गाउँ कविले सम्झेका छन् । आधुनिकताको नाममा मानिसका |

| | | |
|---|---|---|
| | | सम्बन्धहरू कमजोर भइरहेका छन् । ती मानवीय सम्बन्धहरू पैसा केन्द्रित बनेका छन् । मानिसहरू पहाडे, मधेसी र जनजातिमा बाँडिएका छन् । कस्तो आधुनिकता आयो ? विकाससँगै विकृत समीकरण जागेको कविले देखेका छन् । तर पनि गाउँ उस्तै छ दुख उस्तै छ, अभाव उस्तै छ, परिर्वतनको नारा लगाउनेहरू उत्तरआधुनिकताको चर्पी सफा गर्दै छन् । मानिस गाउँ छोडेर हातमुख जोड्नका लागि विदेशिएका छन् । कविको सम्भ्फनामा माली गाई नाँचिरहेको, मनमा रही रहेको भाव यस कवितामा प्रस्तुत गरेका छन् । |
| २३. | 'यार्लुङको पानी र बागमती' | 'यार्लुङको पानी र बागमती' कवितामा कविले तिब्बत भएको बेला त्यहाँको यार्लुङको पानी निक्कै सुन्दर, सेतो देखिन्छ, उच्च हिमाली क्षेत्र भएको हुनाले तर प्राकृतिक सुन्दरता भए पनि मानवीय जीवन त्यति सुन्दर छैन । महिलाहरू बेचिएका छन् । दलाई लामाको मुन्तिर हात फैलाइरहेका नागरिकहरू छन् । त्यहाँ गरिबी जीवित छ । त्यहाँ अभाव जीवित छ । त्यहाँको प्राकृतिक सुन्दरता भित्र लुकेको दरिद्रतालाई कविले कवितामा उल्लेख गरेका छन् र अन्तमा यार्लुङ नदीलाई बागमती त बन्दैन भनेर प्रश्न गरेका छन् । |
| २४. | 'रोबिनको निर्जन टापुबाट' | 'रोबिनको निर्जन टापुबाट' कवितामा कविले रोबिनको टापुमा आफू एक्लो भएको र थुनिएको, स्वतन्त्र रूपमा सोच्न नसकिरहेको महसुस गरेको प्रतीत भएको उल्लेख गरेका छन् । कवि यही टापुबाट बग्दै गरेको नदी हेरिरहेका छन् । त्यो नदी मात्रै होइन, बालुवा भत्ताउने विद्रोह हो । क्रान्तिको विगुल फैल्याउने स्वर हो । सम्राटको बुट, बिर्तावालाको अहम् सबै सबै हराएको कविले यसमा परिकल्पना गरेका छन् । देशमा एक दिन पक्का फिर्ने छ जुन दिन असमानता र अन्यायले अन्त्य हुने छ । त्यो समय आउने छ, स्वतन्त्रताको लय बोकेर, गीत गुन्जेर भन्दै कविले यस कवितामा समाजमा भइरहेका अन्याय र विषादको अन्त्य हुने परिकल्पना गरेका छन् । यसमा कविले विम्बात्मक ढंगले प्रस्तुत गरेका छन् । |

| | | |
|---|---|---|
| २५. | 'यात्राबाट फर्केपछि' | 'यात्राबाट फर्केपछि' कवितामा कविले परिवर्तनको यात्रामा हिंडेको यात्रीले यात्रा नरोकिएको कुरा प्रस्ट्याएका छन् । क्रान्तिको यात्रा कमजोरी भए होलान् तर पश्चताप छैन । परिवारको मुख छोपिएको छैन, विश्वासको डोरी चुडिएको छैन । कुनै सानो राजनैतिक उपलब्धि हाँसिल गरेपछि कविले यात्रा नरोकिएको भाव यस कवितामा व्यक्त गरेका छन् । साम्यवादको सीमा चुम्नका लागि अनेकौं घुम्तीहरू पार गर्नु पर्छ । यो बीचमा अनेकौँ परिवर्तन र द्वन्द्वसँग मुठभेट र मुकाविला गर्नु पर्छ । कविले त्यही यात्रामा भनेका छन्, मलाई थाहा छ, बाटो धेरै लामो छ । जति हिंडिएको छ, ठीक छ, कुनै पछुतो नभएको कुरा कविले यसमा व्यक्त गरेका छन् । |
| २६. | 'एउटा पोस्टमोडर्न साँझ' | 'एउटा पोस्टमोडर्न साँझ' कवितामा कविले काठमाडौँ सहरभित्र गुड्ने कुनै नगरबसमा जनसाधारणको कोणबाट त्यो परिवेशलाई चित्रण गरेका छन् । यस कवितामा कविले आधुनिक सहरभित्रको अव्यवस्थित र असंगत सहर, मानिसहरूको दौडको चित्रण गरेका छन् । सडकमा गुड्ने बसमा अधिकारकर्मीको बानी र शैली, सांसदहरूको अवस्था, ड्राइभरको मानिसकता, विद्यार्थी नेताको नैतिकता, पकेटमारको बाध्यता र नयाँ मर्सिडिजमा कुदने तस्करको मानसिकता र मनोविज्ञान कविले यस कवितामा कलात्मक ढंगले प्रस्तुत गरेका छन् । कविले देशमा हुर्किरहेको विचित्रको शैली र पाखण्डको पराकाष्टाको चित्रण यस कवितामा गरेका छन् । |
| २७. | 'ढोका खोल मादिबा' | 'ढोका खोल मादिबा' कवितामा कवि नेल्सन मादिबा मण्डेलाको भूमिमा पुगेपछि कविले उनको सम्झनामा कविता कोरेको देखिन्छ। मादिबालाई सम्बोधन गर्दै गर्दा कविले आफ्नै हजुरबालाई सम्झिरहेका छन् । नेपाली समाजका दुख, दर्द र सपना जे छन्, जे कुराको खोजीमा मानिसहरू छन्, जुन मुक्तिको सपना देख्छन्, आँखाबाट खस्ने आँशुको भाषा अथवा खुसीको सुवास उस्तै हो, भुगोल मात्रै फरक हो र मानवीय विचार र सोचहरू |

| | | |
|---|---|---|
| | | उस्तै हुन् भन्दै कविले संसारभरिका मानिसहरूले न्याय, समानता, खुसी र विकास खोजी रहेका छन् भन्ने कुरा अफ्रिका पुगेर पनि प्रस्तुत गरेका छन् । |
| २८. | 'आम्स्टर्डममा एउटा बटुवा' | 'आम्स्टर्डममा एउटा बटुवा' कवितामा कवि नेदरल्याण्डको आम्स्टडर्ममा बटुवा भएर पुगेको समयमा कविका मनमा जागेका भावहरू उनिएका छन् । त्यस्तो देश जहाँ जात, धर्मका आधारमा मानिसको मूल्याङ्कन हुँदैन तर खल्तीमा प्रशस्त पैसाचाहिँ भए सबै भोग्न मिल्ने चिज भोग्न मिल्छ । आम्स्टडर्म त्यसै उठेको छैन, त्यही हिमालको पानी पग्लेर यहीँ पुगेको छ । किन त्यहाँ मानिसहरू, पानीहरू रोकिदैन ? के आम्स्टडर्मको जीतै भोग, रोग र चुनौति त्यहाँ पनि छन् ? बटुवालाई आम्स्टडर्मले २ प्रश्न गर्छ । यसको अर्थको चुनौतीहरू संसारभरी छ । पुँजीवादी समाज विकासको चरमचुली भए पनि सहज अवस्था छैन भन्ने भाव यसमा प्रस्तुत गरिएको छ । |
| २९. | 'फैलिन देऊ मलाई' | 'फैलिन देऊ मलाई' कवितामा कविले गोविन्द नाम सम्बोधन गरेका छन् । गोविन्द अर्थत् भगवान्, कवि देशको हिमाल, पहाड, पूर्वपश्चिम तथा तराईका फाँटहरूमा पुग्दा पनि हरेक नागरिकका दुख र मुक्तिको सपना एउटै भएको देख्छन् । यदि भगवान् भइदिएको भए यी तमाम मानिसका सपनाहरू किन च्यातिन्थे हो ? किन दुखको भवसागरमा मानिसहरू डुब्थे होला ? र कविले ईश्वरको पछि लाग्ने होइन, आम मानिसको मुक्तिका लागि भिड्ने र छुट्टै यात्रामा निस्किने, भगवान्को चरणमा पर्न नसक्ने कुरा यस कवितामा प्रस्तुत गरिएको छ । मुक्तिका लागि गोविन्दसँग होइन, विचारको बाटो अंगाल्नुपर्ने कुरा यस कवितामा उल्लेख गरिएको छ । |
| ३०. | 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' | 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कविता व्यंग्यरसले भरिएको छ । यसमा जनताको मुक्ति र समाजवादको मर्मलाई नमार्ने कसम खाएर राजनितीमा लागेका कमरेडहरू विस्तारै सुखसयलको जीवन जिउन थालेका र सर्वहारा वर्गका मुद्दाबाट टाढिदै गइरहेको |

| | | |
|---|---|---|
| | | कुरामाथि प्रश्न उठाएका छन् । कविले आफ्नै समकक्षीलाई कटाक्ष गर्दै कमरेडहरूको बोली एउटा व्यवहार फरक भएको, झगडा गरेर टिकट प्राप्त गर्ने र विद्रोह गरेर मन्त्री खाने कमरेडहरूलाई घुमाउरो ढंगबाट कविले प्रहार गरेका छन् । यस कवितामा कविले पाखण्डी प्रवृत्तिको विरोध गरेका छन् । उनले भन्ने एक र गर्ने अनेक शैलीको व्यंग्य गरेका छन् । कमरेडहरू त्यस्ता छन् जसले निलो हेर्छन्, बहुविवाह गर्छन्, राणा र अग्रवालकहाँ भोजन गर्न लुसुक्कै जान्छन्, सत्ता र शक्तिका लागि हानथाप गर्छन्, महङ्गा गाडीमा चढ्छन् र जनताको हितका लागि, परिवर्तनका लागि समर्पितको भाव सार्वजिक रूपमा भन्ने कमरेडहरूलाई सच्चिन कविले कवितामा व्यंग्यात्मक ढंगले व्यक्त गरेका छन् । नेपालमा अहिले राजनिति इमानको छैन, इमानभन्दा पनि पार्टीभित्रै अभिजात वर्गको उदय भएको छ र मूल्य, मान्यता र नैतिकता पतनको बाटोमा गएको छ भन्ने भाव यसमा प्रस्तुत गरिएको छ । |
| ३१. | 'कालिघाटका पर्खाल र गंगासागरका छालहरू' | 'कालिघाटका पर्खाल र गंगासागरका छालहरू' कवितामा कविले नेपाली चेलीहरू भारतको विभिन्न स्थानमा बेचिएको सन्दर्भसँग जोडेर लेखेका छन् । नेपाली चेलीहरू तस्करको जालमा परेर बेचिएका र यौनदासीका रूपमा रहेकाले उनीहरूको अस्तित्व बेचिएको छ । लोमानथानदेखि रामारोशनसम्मका विभिन्न भूभागबाट वर्षेनी नेपाली चेलीहरू बेचिन्छन् तर यो रमिता हेरेर राज्य व्यवस्था चुप लागेर बसेको छ । अँध्यारो कोठामा नारीहरूको चिरहरण भइरहेको यथार्थता यस कवितामा कविले चित्रण गरेका छन् । कालीमाँहरू किन चुप छन् ? किन चुप छन् ? छालहरू ? नेपाली चेलीहरू यसरी बेचिरहँदा पनि ? अभाव र अप्ठ्यारो भूभागमा हुर्किएका चेलीहरूलाई पैसाको लोभ देखाएर दलालले भारताका विभिन्न कोठीमा प्रत्येक वर्ष नेपाली चेलीहरू बेचिदै आइरहेको छ भन्दै यो मुद्दालाई सम्बोधन गर्न नसक्नु र समाधान गर्न नसक्नु राज्यव्यवस्था असफल र हुनु हो भन्ने सन्देश कविले यस कवितामा व्यक्त गरेको देखिन्छ । |

यसप्रकार प्रदीपकुमार ज्ञवालीका उल्लिखित कवितामा वर्तमान समाजमा व्याप्त विकृति र विसङ्गतिहरू विरुद्ध तीव्र असन्तोष व्यक्त गर्दै क्रान्तिचेतको भावना व्यक्त गरेको पाइन्छ। वर्तमान समाजका सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, सांस्कृतिक, प्राकृतिक आदि क्षेत्रमा देखिएका कुरीति र कुसंस्कारको भन्डाफोर गरेको पाइन्छ। यसै गरी कविताकृतिमा कविले भ्रष्टाचार, अनाचार, नातावाद, कृपावादजस्ता विकृतिजन्य कुराहरूको अन्त्य गर्नुपर्छ भन्ने भाव व्यक्त गरेको पाइन्छ । वर्तमान विकृतिहरूको अन्त्य गर्दै समुन्नत राष्ट्रनिर्माणको भावना सबैमा जागरुक गराउनुपर्छ भन्ने भाव पनि उपर्युक्त कविताकृतिहरूमा व्यक्त भएको पाइन्छ। यस सङ्ग्रहका 'बिटुलिएको झुपडी', 'इतिहासको मिर्मिरेमा', 'म कर्नाली' 'पसल छेउ उभिएकी केटी', 'विद्रोहको आँगनमा लाटो कामी', 'मरुभूमिको बलेनी', 'हामी बेनामीहरू' र 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' गरी आठवटा कविताको विश्लेषण गरिएको छ ।

## २.७ निष्कर्ष

कविको भावना नै प्रधान कथ्य विषय हुने, एक भाव वा मनोदशामा केन्द्रित रही सङ्क्षिप्त हुने र पङ्क्तिहरूको निरन्तर आवृत्तिले सघन र आवेगात्मक प्रकृतिका प्रगीतात्मक संरचनाका कवितालाई कविताको लघु रूपअन्तर्गत राखिन्छ। मार्क्सवादी कला साहित्यसम्बन्धी सिद्धान्तमा कलासाहित्यको मूल्याङ्कनको प्रमुख मापदण्डका रूपमा अन्तवस्तु र रूपलाई लिइन्छ। अन्तर्वस्तु, वस्तु वा घटनाका तत्त्व र प्रक्रियाका समुच्च रूप हो भने रूप अन्तर्वस्तुलाई अस्तित्वमा ल्याउन सम्भव तुल्याउने त्यस्तो आन्तरिक गठन पद्धति हो, जसले वस्तुको गुण र विशेषतालाई प्रस्तुत गर्दछ। प्रगतिवादी कविताको अन्तवस्तु सामाजिक, आर्थिक, राजनैतिक घटना परिघटना तथा द्वन्द्व, प्रतिद्वन्द्व आदिका चापबाट सङ्कटग्रस्त समाजको अन्तर्विरोध र सङ्घर्षलाई व्याख्या गर्न अन्तर्विरोधलाई चर्काउन र सङ्घर्षलाई तीव्र पार्दै क्रान्तिकारी आन्दोलनलाई सहयोग गर्नु हो । त्यसै गरी कविताको रूप पक्ष अर्थात् कवितामा प्रयोग गरिने भाषा वा कलात्मक शब्दले दिने अर्थ जनताको भावनासँग जोडिएर आएको हुनुपर्छ ।

प्रदीपकुमार ज्ञवालीको जन्म हुँदाको समय नेपालमा भर्खरै राजा महेन्द्रले निर्दलीय पञ्चायती शासन व्यवस्था लागू गरेको दुई वर्ष भएको थियो । नेपालको राजनीतिमा दलीय गतिविधिमाथि चरम दमन बढेको थियो। ज्ञवालीको जन्म मध्यवर्गीय पारिवारिक पृष्ठभूमिमा भएको दाजुको संरक्षणबाट पठनपाठनमा लागेका देखिन्छन् । उनी आफैँ पनि साहित्यमा अभिरुचि राख्ने प्रकृतिका व्यक्ति भएको हुनाले भाइका लागि साहित्यका कृतिहरू घरैमा ल्याइदिन्थे । अध्ययनरत छँदा पुस्तक, पत्रपत्रिकाको अध्ययनसँगै वामपन्थी विचारधारासँग सम्बन्धित पुस्तकहरूको अध्ययनमा रुचि बढ्दै जान थाल्यो ।

२०२८ सालबाट प्रारम्भ भएको उनको समग्र साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । यही साहित्यिक यात्राका चरण विभाजनसँगै उनको कविता यात्राको वर्गीकरण र अध्ययन गर्न सकिने भएको हुँदा २०२८ सालदेखि २०४५ सम्म अर्थात् लगभग १७ वर्षको समयावधिलाई कविता लेखनको आभ्यासिक चरणका रूपमा लिन सकिन्छ । यो उनको कवितायात्राको प्रथम चरण हो । त्यसै गरी २०४६ देखि ५१ सम्म कविताकृति प्रकाशनको समय बिन्दुलाई आधार बनाएर कविता यात्राको दोस्रो चरणका रूपमा जम्माजम्मी  वर्षको समयावधिलाई लिन सकिन्छ । यो समय सिर्जनाको हिसाबले उर्वर पनि हो र वैचारिक प्रस्थान बिन्दुका हिसाबले पनि उत्तिकै महत्त्वपूर्ण समयावधि हो । कवि ज्ञवालीका कविता कृतिभित्रका कविताहरूमा पञ्चायती निरङ्कुश शासन व्यवस्थामा भएका निम्न वर्गीय किसान, मजदुर आदिको मनस्थितिको सुन्दर चित्र प्रस्तुत छ । श्रमजीवी निम्नवर्गका किसान, मजदुर वर्गको श्रमप्रतिको निष्ठाको पृष्ठपोषण र सत्ताका मतियार बन्न पुगेका शोषक, सामन्त तथा जमिनदारहरूको वर्गीय चरित्रप्रति विरोध सहित वर्ग शत्रुप्रतिको घृणा भावको सुन्दर प्रस्तुति व्यक्त भएको छ ।

प्रदीप ज्ञवालीको मूल्याङ्कन भन्नु नै उनले साहित्यक्षेत्रमा पारेको प्रभाव, प्रेरणा र दिएको योगदान हो । उनका यिनै प्रकाशित ३ वटा कविताकृतिहरूका आधारमा उनको कविताकारिताको मूल्याङ्कन गर्न सकिन्छ । यसरी हेर्दा नेपाली कविताका क्षेत्रमा ज्ञवालीले दिएको योगदान सङ्ख्यात्मक योगदान नै रहेको पाइन्छ । गुणवत्ताका दृष्टिले उनका कविताहरू मध्यमस्तरका देखिन्छन् । समग्रमा नेपाली साहित्यको कविताविधाको फुटकररूप रचना गर्ने ज्ञवालीले विषयवस्तुका दृष्टिले विविध विषयवस्तु अँगालेर कविताकृतिको रचना गरेका छन् । प्रगतिवादी चेतनाका दृष्टिले सफल कविता लेख्नु ज्ञवालीको प्राप्ति हो ।

यसप्रकार आर्थिक कारणबाट समाजमा व्याप्त असमानता, भेदभाव, ठूलो र सानो, उच्च र निम्न, सम्पन्न र विपन्न जस्ता विभेदको सिर्जना भएको सन्दर्भ ज्ञवालीका यी कवितामा प्रस्तुत गरिएको पाइन्छ । ग्रामीण जीवनका प्रचलित शोषण, दमन, अन्याय र अत्याचारको विरोध तथा गरिब, दुःखी, निमुखा र असहायप्रति सहानुभूति यी कवितामा व्यक्त भएका सन्दर्भ हुन् । सामन्ती संस्कृति र तिनका मूल्यलाई ध्वस्त पार्नु तथा मजुवा संस्कृति र तिनका जीवनमूल्यलाई निषेध गरी श्रम मूल्यको पक्षपोषण गरी बहुसङ्ख्यक श्रमिक मजदुर, निमुखा, गरिब, शोषित, पीडित तथा सर्वहारा जनताको शक्ति, गति र दिशालाई स्पष्ट पार्ने चेतना यी

कवितामा मूलभावका रूपमा प्रस्तुत भएको देखिन्छ । प्रदीपकुमार ज्ञवालीका उल्लिखित कवितामा वर्तमान समाजमा व्याप्त विकृति र विसङ्गतिहरू विरुद्ध तीव्र असन्तोष व्यक्त गर्दै क्रान्तिचेतको भावना व्यक्त गरेको पाइन्छ। वर्तमान समाजका सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, सांस्कृतिक, प्राकृतिक आदि क्षेत्रमा देखिएका कुरीति र कुसंस्कारको भन्डाफोर गरेको पाइन्छ । यसै गरी कविताकृतिमा कविले भ्रष्टाचार, अनाचार, नातावाद, कृपावादजस्ता विकृतिजन्य कुराहरूको अन्त्य गर्नुपर्छ भन्ने भाव व्यक्त गरेको पाइन्छ। वर्तमान विकृतिहरूको अन्त्य गर्दै समुन्नत राष्ट्रनिर्माणको भावना सबैमा जागरुक गराउनुपर्छ भन्ने भाव पनि उपर्युक्त कविताकृतिहरूमा व्यक्त भएको पाइन्छ। यस प्रकार यस शोधमा *चिता जलिरहेछ* कवितासङ्ग्रहका 'मलाई कुहिरो मन पर्दैन', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', 'यो महल' र 'एउटा चिठी : सांसद छोराको नाममा', *आस्था ओ मेरी प्रिया* कवितासङ्ग्रहका 'एकादेशमा', 'बिहानीको प्रतीक्षामा' र 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' र *बिनासालिकका नायकहरू* कवितासङ्ग्रहका 'बिटुलिएको झुपडी', 'इतिहासको मिर्मिरेमा', 'म कर्नाली' 'पसल छेउ उभिएकी केटी', 'विद्रोहको आँगनमा लाटो कामी', 'मरुभूमिको बलेनी', 'हामी बेनामीहरू' र 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कविताको विश्लेषण गरिएको छ ।

# तेस्रो परिच्छेद

# प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय प्रतिनिधित्व

## ३.१ विषयप्रवेश

प्रस्तुत शोधको मूलविषय वर्गीय प्रतिनिधित्वका दृष्टिले प्रदीपकुमार ज्ञवालीका कविताहरूको अध्ययन गर्नु हो । यसमा वर्गीय प्रतिनिधित्वको सैद्धान्तिक परिचय तथा ज्ञवालीका कवितामा वर्गीय प्रतिनिधित्वजस्ता उपशीर्षकमा चर्चा गरिएको छ । प्रस्तुत अध्ययनकार्य मार्क्सवादको वर्गसम्बन्धी र शक्तिसम्बन्धी सैद्धान्तिक मान्यताभित्र रहेर गरिएको छ । ज्ञवालीले आफ्ना कविताकृतिका माध्यमबाट वर्गीय समाजको चित्रण गर्दै विभेदपूर्ण सामाजिक संरचनाको विरोध गरेका छन् । उनका कवितामा निम्नवर्गीय जनताप्रति सहानुभूति र शोषणप्रति विद्रोह पाइन्छ । समाजका उपल्लो वर्ग (सामन्त) ले निम्नवर्ग (किसान) माथि पुस्तौँदेखि शोषण, दमन, अन्याय र अत्याचार गर्दै आएका छन् । गरिबी, दासता, पराधीनता, वर्गीय शोषण, नारीमुक्तिको आवश्यकता, मानवीय क्रूरता जस्ता कुरालाई यिनका कवितामा चित्रण गरिएको पाइन्छ । ज्ञवालीले आफ्ना कवितामा आफू बाँचेको तत्कालीन समाजको सामाजिक, सांस्कृतिक संरचनाले सिर्जना गरेका उपल्लो वर्ग (सामन्त) र निम्नवर्ग (किसान) वर्गको उपस्थिति गराई तत्कालीन सामाजिक, सांस्कृतिक परिवेशको यथार्थ चित्रण गरेका छन् । यस सन्दर्भलाई वर्गीय प्रतिनिधित्वसम्बन्धी सैद्धान्तिक मान्यताको अवधारणालाई उपयोग गरी ज्ञवालीका तीनवटा कवितासङ्ग्रहमा रहेका कवितामा निहित वर्गगत आधारमा गराइएको प्रतिनिधित्व नै वर्गीय प्रतिनिधित्व हो । ज्ञवालीले आफ्ना तीन कवितासङ्ग्रहहरूमा गराएको वर्गीय प्रतिनिधित्वलाई केन्द्रीय संस्कृतिसँग सम्बद्ध प्रभुत्वशाली उपल्लो वर्ग (सामन्त) र परिधीय संस्कृतिसँग सम्बद्ध निम्नवर्ग (किसान) का सम्बन्धमा अध्ययन गरिएको छ । वर्गीय प्रतिनिधित्वलाई दमन, शोषण, उपेक्षा, चेतना (शिक्षा) र पेसाका आधारमा अध्ययन तथा विश्लेषणका लागि कविताभित्रबाट सम्बद्ध विषय अंशको विश्लेषण गरेर तिनको सांस्कृतिक अध्ययनको प्रतिनिधित्वसम्बन्धी मान्यताका आधारमा विवेचना गर्दै निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ३.२ वर्गीय प्रतिनिधित्वको सैद्धान्तिक परिचय

'वर्ग' अङ्ग्रेजीको क्लास' शब्दको नेपाली रूपान्तरण हो । यो शब्द प्राचीन ल्याटिन भाषाको 'क्लासिस' बाट विकसित भएको हो । समाजमा श्रमविभाजनसँगै यस शब्दको उत्पत्ति भएको हो । निजी स्वामित्वका कारण समाजमा धनी र गरिब एवम् शोषक र शोषित वर्गको उदय भयो । यही आर्थिक सम्बन्धले गर्दा वर्ग शब्दको उत्पत्ति भएको हो । समाजका विभिन्न समूहहरू जो आर्थिक प्रणालीका आधारमा जन्मेका छन् ती वर्ग हुन् । वर्ग शब्दले दुई विरोधी अवस्थाहरू वा दुई भिन्न भिन्न गुणहरूको जोडा भन्ने अर्थ द्योतन गर्दछ (आप्टे, सन् १९६९, पृ. ९०१) । वर्ग र वर्गसम्बन्धी मार्क्सवादी धारणालाई प्रस्तुत गर्दै रुसी वैज्ञानिक आन्तोनिना यार्माकोवा र बालेन्तिन रात्निकोवले वर्ग र वर्गसङ्घर्ष के हो ? पुस्तकको लेखन गरेका छन् । उनीहरूले उक्त पुस्तकमा वर्गको परिचय दिएका छन् । सामाजिक वर्ग सामाजिक श्रमविभाजनको फलस्वरूप र उत्पादनका साधनमाथि निजी स्वामित्वको जन्मसँगै प्रकट भएको हो । निजी स्वामित्वले समाजलाई धनी र गरिब एवम् शोषक र शोषितमा विभाजित गऱ्यो । जो मानिस उत्पादनका औजार र उत्पादनका साधनहरू (मिल, कारखाना, खन्ने साधन, रेलमार्ग आदि) का मालिक हुन्छन्, तिनले दोस्रो समूहका मानिसहरूबाट काम गराउने सम्भावना प्राप्त हुन्छ । यही कारणले उत्पादन साधनहरूका मालिकहरूले दोस्रो समूहका मानिसहरूबाट श्रम हत्याउछन् । मानिसहरूको एउटा समूहलाई अर्को समूहले शोषण गर्दछ । पहिलो समूह सदैव बहुसङ्ख्यामा र दोस्रो समूह अल्पसङ्ख्यामा हुन्छ । आन्तोनिना र बालेन्तिनले वर्गलाई सामाजिक विभाजन र निजी स्वामित्वका कारण जन्मेको आर्थिक भेदका परिणामका रूपमा चिनाएका छन् । उनीहरूले निजी स्वामित्वका कारण मालिकले श्रमको शोषण गर्ने तथा श्रमिक शोषित हुने हुँदा वर्गीय असमानता र भेद जन्मन गएको अवस्थालाई देखाउँदै वर्गको उत्पत्ति र परिचयलाई प्रस्तुत गर्ने काम गरेका छन् (यार्माकोवा र रात्निकोव, सन् १९८८, पृ. २२) । तसर्थ आर्थिक असमानताका आधारमा समाजमा वर्गको उत्पत्ति भएको हो ।

'वर्ग' शब्दको अत्यधिक प्रयोग मूलतः मानवसमाजको ऐतिहासिक विकासक्रमको अध्ययन गर्ने क्रममा र राजनीति सन्दर्भमा नै बढी मात्रमा हुने गरेको छ । मानवसमाजका सन्दर्भमा वर्ग भनेको मानिसहरूको सामाजिक समूह हो जसमा दास र दासमालिक, किसान र सामन्त अनि मजदुर र पुँजीपति मुख्य वर्ग हुन् । आदिम समाजदेखि समाजवादी

समाजसम्मको इतिहासको अध्ययन गरी कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सले वर्ग र वर्गीय स्वरूपका बारेमा शोधपूर्ण र प्राक्ककल्पनात्मक अनुसन्धान र अनुमान गर्नुका साथै वर्गहरूका मौलिक विशेषतासमेतको सङ्केत गरेको पाइन्छ । श्रम र श्रमको मूल्याङ्कनमा देखापरेका भिन्नताका कारण वर्गोत्पत्तिको आधारशिला बनेको हो (लेनिन, सन् १९८५, पृ .३३-३४) । उत्पादन र उपभोगबीचको सम्बन्धका कारण वर्गहरूको उत्पत्ति भएको हो । उत्पादनका सम्बन्धहरूको साधनप्रतिको सम्बन्धबाट नै सामाजिक उत्पादनमा वर्गहरूको स्थान र भूमिका निर्धारण हुन्छ । त्यसैबाट आम्दानीको मात्रा र त्यसको प्राप्तिको पद्धति निरुपित हुन्छ ।

सांस्कृतिक अध्ययनमा वर्गले आर्थिक, सामाजिक, लैङ्गिक, शैक्षिक, ज्ञान, शक्ति आदिका आधारमा विभाजित सामाजिक समूहहरूलाई बुझाउँदछ । यसमा लैङ्गिक वर्ग प्राकृतिक वर्ग हो भने आर्थिक, सामाजिक, शैक्षिक, ज्ञान र शक्तिका आधारमा विभाजित सामाजिक समूहहरू सामाजिक र सांस्कृतिक वर्ग हुन् । आर्थिक आधारमा निर्मित निम्न, मध्यम र उच्चवर्ग, लैङ्गिक आधारमा पुरुष र नारी वर्ग, शैक्षिक आधारमा निर्मित शिक्षित र अशिक्षित वर्ग, ज्ञान र शक्तिका आधारमा निर्मित प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्ग (किनारीकृत/सीमान्तीकृत) को अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य सांस्कृतिक अध्ययनअन्तर्गत गरिन्छ । सांस्कृतिक अध्ययनअन्तर्गत मार्क्सवादी सामाजिक र आर्थिक वर्गका साथै ज्ञान र शक्तिका आधारमा निर्मित प्रभुत्वशाली र अधीनस्थ वर्गको प्रतिनिधित्व, पहिचान, प्रतिरोध, विचारधाराको भूमिका, शक्ति र शासनको भूमिका, शक्तिसम्बन्ध आदि पक्षको पनि अध्ययन गर्न सकिन्छ ।

सांस्कृतिक अध्ययनको साहित्यिक विधाका पाठहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने एक महत्त्वपूर्ण अवधारणा भनेको प्रतिनिधित्वसम्बन्धी मान्यता हो । यसलाई सांस्कृतिक अध्ययनको केन्द्रीय मान्यता मानिन्छ । प्रतिनिधित्वले कुनै वस्तु वा घटनालाई उपस्थिति गराउनु भन्ने अर्थ बुझाउँछ । प्रतिनिधित्व शब्दले सामाजिक रूपमा स्वतन्त्र अस्तित्व बोध गर्ने कुनै व्यक्ति, समुदाय, समूह वा वर्गलाई सङ्केत गर्दछ । सांस्कृतिक अध्ययनअन्तर्गत प्रतिनिधित्वलाई सत्ता र शक्ति संरचनासँग जोडेर हेर्ने गरिन्छ । राजनीतिक, सामाजिक, आर्थिक एवम् धार्मिक क्षेत्रमा व्यक्ति तथा समुदायको उपस्थितिलाई प्रतिनिधित्व भनिन्छ । समुदायमा जाति, जनजाति, लिङ्ग, वर्ग, क्षेत्रजस्ता सांस्कृतिक घटकहरू रहन्छन् । सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्व हो (बार्कर, सन् २०००, पृ. ८) । प्रतिनिधित्वको अध्ययन भनेको

सांस्कृतिक अध्ययनमा सामाजिक संरचनामा व्यक्तिको प्रतिनिधित्व कसरी भएको छ भनी हेर्नु हो । समाजको संरचनाको निर्माण कसरी भएको छ र त्यसमा जनताको प्रतिनिधित्व कसरी भएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्वको केन्द्रीय विषय हो । सांस्कृतिक अध्ययनले पाठ वा साहित्यमार्फत् प्रस्तुत भएको प्रतिनिधित्वको अवस्थालाई अर्थ सन्दर्भको आधारमा खोजी गर्ने र केलाउने काम गर्दछ । साहित्यमा प्रतिनिधित्वको खोजी पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा, संस्थाहरू तथा अर्थतन्त्रका आधारहरूमा गरिन्छ (भट्टराई, २०६९, पृ. ४९) । पाठमा प्रतिनिधित्वको अवस्थालाई केलाउनु सांस्कृतिक अध्ययनको मुख्य विशेषता हो ।

प्रतिनिधित्वले पाठगत अर्थहरूको प्रस्तुतीकरणको खोजी गर्दछ र विभिन्न सन्दर्भमा अर्थको उत्पादन कसरी भएको छ भन्ने कुरालाई महत्त्व दिन्छ । समाजका विभिन्न श्रेणीहरूको पाठात्मक प्रतिनिधित्वलाई सांस्कृतिक सन्दर्भहरूसँग जोडेर व्याख्या गर्ने कार्य यस अवधारणाअन्तर्गत गरिन्छ । प्रतिनिधित्वका आधारमा खास सामाजिक श्रेणीका राजनीतिक र सांस्कृतिक पहिचानका बारेमा विश्लेषण गर्ने प्रयास गरिन्छ (गिरी, २०७०, पृ. २८) । विभिन्न सामाजिक श्रेणीहरूले साहित्यमा कुन रूपमा प्रतिनिधित्व पाएका छन् भन्ने कुरासँग प्रतिनिधित्वले सम्बन्ध राख्दछ । समाजमा रहेको शक्ति सम्बन्धले पनि निश्चित अर्थ र पहिचानका आधारहरू तयार गरेको हुन्छ । त्यसकारण सामाजिक प्रक्रियाभित्रै पहिचान र प्रतिनिधित्वहरू अर्थिन सक्छन् (ज्ञवाली, २०७०, पृ. ७७) । सांस्कृतिक अध्ययनको मुख्य विषय नै प्रतिनिधित्वको अभ्यासको बोध गर्नु हो । यसको तात्पर्य पाठहरूले प्रस्तुत गर्ने अर्थको खोजी गर्दा प्रतिनिधित्वको खोजी गरिन्छ भन्ने नै हो । यसरी प्रतिनिधित्वले साहित्यमा अभिव्यक्त अर्थ पक्षको प्रस्तुतीकरण कसरी भएको छ भनी खोजी गर्दछ । यो मूलतः कृतिमा प्रयुक्त अर्थ, भाषा र संस्कृतिसँग जोडिन्छ । प्रतिनिधित्वमा मूल संस्कृतिभन्दा परिधीय संस्कृतिसँग सम्बद्ध दमित, सीमान्तीकृत, उपेक्षित, लिङ्ग, वर्ग, जाति, भूगोल आदि विषयवस्तुहरूको महत्त्वका साथ खोजी गरिन्छ (पोखरेल, २०८०, पृ. १०१) । प्रतिनिधित्वका आधारमा खास सामाजिक श्रेणीका राजनीतिक तथा सांस्कृतिक पहिचानका बारेमा विश्लेषण गरिन्छ । विभिन्न सामाजिक श्रेणीहरूले साहित्यमा कुन रूपमा प्रतिनिधित्व पाएका छन् भन्ने कुरासँग प्रतिनिधित्वले सम्बन्ध राख्छ । पाठको विश्लेषणका सन्दर्भमा प्रतिनिधित्वलाई वर्गीय, जातीय, लैङ्गिक र विचारधारात्मक, भौगोलिक प्रतिनिधित्व आदि आधारहरूमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । नेपाली समाज र साहित्यको मुख्य सन्दर्भ वर्ग, जाति र लिङ्गको सहसम्बन्ध र

अन्तर्मिश्रणकै अवस्था हो (पोखरेल, २०८०, पृ. १ ०१) । यसरी प्रतिनिधित्व मूल रूपमा सामाजिक सांस्कृतिक सन्दर्भसित सम्बन्धित रहेको छ ।

सामान्यतया प्रतिनिधित्व भन्नाले भाषाका माध्यमबाट गरिने अर्थको उत्पादन प्रक्रियालाई बुझिन्छ । जसमा सांस्कृतिक समूहका सदस्यहरूले प्रयोग गर्ने भाषिक अर्थ उत्पादन प्रक्रियाबाट निर्धारित हुन्छ। प्रतिनिधित्व मूल रूपमा सामाजिक सांस्कृतिक सन्दर्भसित सम्बन्धित छ। प्रतिनिधित्वले खासगरी साहित्यमा सामाजिक समूहको प्रतिनिधित्वलाई जनाउँछ (अधिकारी, २०७०, पृ. ५७) । प्रतिनिधित्व समाज र संस्कृतिसापेक्ष हुन्छ । सांस्कृतिक अध्ययनको वर्गीय प्रतिनिधित्वसम्बन्धी मान्यतालाई आधार बनाई प्रभुत्वशाली वर्ग र सीमान्तीकृत वर्गको प्रतिनिधित्व के कसरी गराइएको छ भन्ने विषयमा अध्ययन गरिन्छ ।

मार्क्सवाद पश्चिमी साहित्य अध्ययन परम्परामा विकसित भएको उन्नाइसौँ शताब्दीको पूर्वाद्धमा प्रादुर्भाव भएको सिद्धान्त हो । मार्क्सवादको प्रादुर्भाव हुनुभन्दा धेरै पहिले नै वैज्ञानिकहरूले समाजका मानिसहरू वर्गमा विभाजित हुन्छन् र समाजमा वर्गसङ्घर्षको अस्तित्व हुन्छ भन्ने कुरा पत्ता लगाएका थिए । जीवनप्रति आध्यात्मिक दृष्टिकोणले गर्दा उनीहरूले वर्गहरूमा समाजको विभाजनको वस्तुगत आधार ठम्याउन सकेका थिएनन् । समाजको वर्गीय विभाजनको आधार मानवसम्बन्धहरूको मुख्य क्षेत्र भौतिक उत्पादनको क्षेत्रमा खोज्नुपर्ने कुरा चाहिँ पत्ता लागेको थिएन । मार्क्सको वैज्ञानिक तथा दार्शनिक ज्ञछ चिन्तनको सम्पूर्ण गतिविधिबाट नै मार्क्सवादको प्रादुर्भाव भएको हो । १९ औँ शताब्दीको पूर्वाद्धमा जर्मनीका महान् दार्शनिक कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स मिलेर राजनैतिक चिन्तन र सिद्धान्तका रूपमा मार्क्सवादको प्रतिपादन गरे । यो सिद्धान्तको प्रतिपादन सामाजिक मूलधारबाट भएको हो । यसलाई क्रान्तिको विज्ञान पनि भनिन्छ । यो विश्वका श्रमजीवी वर्गको मुक्ति र नयाँ विश्व निर्माणका लागि सबल र बौद्धिक अस्त्र पनि हो (श्रेष्ठ, २०६५, पृ. ७५) । विश्व सर्वहारा वर्गको महान् नेता भी.आइ.लेनिनलेमहान् दृष्टान्त नामक कृतिमा वर्गको सर्वाङ्गीण परिभाषा दिएका छन् । उनका अनुसार मानिसका ठूलाठूला समूह नै वर्ग हुन् । वर्ग सामाजिक उत्पादनको इतिहासद्वारा निर्धारित पद्धतिमा आफ्नो स्थानका आधारमा, उत्पादनका साधनप्रति आफ्नो सम्बन्धका दृष्टिले (अधिकांश अवस्थामा कानुनद्वारा स्थापित र निरूपित), श्रमको सामाजिक सङ्गठनमा आफ्नो भूमिकाका दृष्टिले र त्यही आधारमा उसका साथमा रहने सामाजिक सम्पदाको हिस्सा प्राप्तिको विधि तथा आकारका दृष्टिले एक अर्काबीच भिन्न

हुन्छन् । वर्ग मानिसको त्यस्तो समूह हो जसमा एउटा समूहले सामाजिक अर्थव्यवस्थाको निश्चित पद्धतिमा आफ्नो स्थानको भिन्नतालाई बदल्दै दोस्रो समूहको श्रमको शोषण गर्दछ ( लेनिन, सन् १९८५, पृ .३३-३४) । लेनिनको यस परिभाषाबाट के स्पष्ट हुन्छ भने निश्चित सामाजिक उत्पादन पद्धतिभित्र रहेका मानिसहरू उत्पादनका साधनहरूमाथिको स्वामित्व, उत्पादन कार्यमा श्रमलगानी र उत्पादित वस्तुको हिस्सा एवम् हिस्सा प्राप्तिको तरिकाका कारणले विभिन्न समूहमा विभाजित हुन्छन् । वर्गविभाजनका उपर्युक्त कारणहरूमध्ये पनि उत्पादनका साधनहरूमाथिको स्वामित्वको सवाल नै प्रमुख सवाल हो किनकि अरू सवालहरू त्यसैद्वारा निर्धारित हुन्छन् । लेनिनले वर्गको परिचय उत्पादनका साधनमा स्वामित्व, श्रममूल्य र शोषण तथा श्रेणीकरणमा आधारित भएर दिएका छन । वर्गसम्बन्धी उनको यो दृष्टिकोण मार्क्सवादी दृष्टिले शक्तिशाली रहेको छ (भट्टराई, २०७७, पृ. १६४) । उत्पादनका सम्बन्धहरूको साधनप्रतिको सम्बन्धबाट नै सामाजिक उत्पादनमा वर्गहरूको स्थान र भूमिका निर्धारण हुन्छ । त्यसैबाट आम्दानीको मात्रा र त्यसको प्राप्तिको पद्धति निरुपित हुन्छ । समाजमा भाषा, धर्म र संकृतिमा रहेका वर्गहरूको जमात रहेको हुन्छ । यो सामाजिक प्रणालीको निश्चित ऐतिहासिक क्रममा आफ्नो स्थानको दृष्टिले, उत्पादनका साधनहरूसँग आफ्नो सम्बन्धका दृष्टिले जुन अधिकांश कानुनद्वारा सुनिश्चित र प्रतिपादित हुन्छ । सामाजिक अर्थव्यवस्थाको ज्ञट निश्चित प्रणालीमा अलग अलग किसिमको स्थान ग्रहण गर्ने हुनाले वर्गहरू मानिसका यस्ता समूह हुन् जसमध्ये एकले अर्काको शोषण गर्दछन् । त्यसैबाट वर्गसङ्घर्षको निर्माण हुन्छ र द्वन्द्वको स्थिति पैदा हुन्छ ।

आदिम समाजमा वर्गहरू थिएनन् । त्यसबेला उत्पादनको विकास निम्नस्तरमा थियो र भौतिक सम्पत्तिको न्यूनतम मात्रा मात्र उपलब्ध हुन्थ्यो (आफानास्येभ, सन् १९८५, पृ. ५९-६०) । यस्तो उत्पादन मानिसको जीवन धान्नको लागिसम्म पुग्ने गर्दथ्यो । त्यसैले गर्दा भौतिक मूल्यहरूको सञ्चय, वर्गहरू र शोषणको उत्पत्तिको कुनै सम्भावना थिएन तर मानवीय श्रम र त्यसको उपलब्धिको भौतिकताले मानवसमाजलाई बिस्तारै वर्गीय बनाउने दिशामा पृष्ठभूमिको काम गऱ्यो । समयक्रममा मानवसमाजमा व्यक्तिगत सम्पत्ति र सम्पत्तिमाथि स्वामित्वको परम्परा सुरु भयो । बढ्दो श्रमविभाजन र व्यापारको विकासले यसमा मद्दत पुऱ्यायो । आदिम मानवसमाजमा सामुदायिक स्वामित्वको आधार नै समाजको मेरुदण्ड थियो । समयको अन्तरालपछि क्रमशः व्यक्तिगत स्वामित्वको विकास र सामुदायिक स्वामित्वको अन्त्यको साथसाथै मानिसहरूका बीचमा आर्थिक असमानता पनि बढ्दै गयो । खासगरी

कुलीन वर्गका मानिसहरू धनी बन्दै गए । उनीहरूले उत्पादनका सामुदायिक साधनहरूमाथि प्रभुत्व जमाए । ती साधनबाट वञ्चित मानिसहरू जीवन निर्वाहका लागि धनी मालिकहरूका घरखेतमा काम गर्न बाध्य भए (आफानास्येभ, सन् १९८५, पृ. ५९-६०) । यसप्रकार उत्पादनका साधनहरूबाट वञ्चित भएका मानिसहरू तिनका मालिकहरूका निम्ति काम गर्न बाध्य भए । यसरी आदिम समाजको पतनको प्रक्रिया सुरु भयो र वर्गविभाजन हुन थाल्यो । परस्परविरोधी वर्गहरू र शोषणको प्रादुर्भावद्वारा यो प्रक्रिया सुरु भयो । परस्परविरोधी वर्गहरूमा विभाजित भएको समाजमा उत्पादनका साधन र स्रोतमा स्वामित्व राख्ने वर्ग र त्यसको विपक्षमा रहेको उत्पीडित वर्ग नै प्रमुख वर्ग हुन् । आदिम सामाजिक व्यवस्थाको पतन र दासप्रथात्मक व्यवस्थाको स्थापनाकालमा वर्गहरू देखा परे (आफानास्येभ, सन् १९८५, पृ. ५९-६०) । यस्तो परम्परा सुरु भएपछि नै समाजमा वर्गहरूको उत्पत्ति भयो भने वर्ग वर्गका आफ्ना विशेषता, रूचि, चेतना र जीवनस्थितिका आधारमा वर्गीयता देखा पऱ्यो । पछि ती वर्गहरू पनि वर्गीयता तथा युगीन विशिष्टता अनुरूप मुख्य र गौण वर्गहरूका रूपमा विकसित हुँदै आएको इतिहास छ (कोट्टा, सन् २०००, पृ. २२१) । समाजमा मुख्य वर्ग शक्तिशाली वर्ग र गौण वर्ग निम्नवर्गका रूपमा रह्यो । वर्गको उत्पत्ति भएपछि प्रमुख वर्ग र गौण वर्गको जन्म भयो । प्रमुख वर्ग तिनलाई भनिन्छ जो निश्चित समाजमा सत्तारूढ र उत्पादन पद्धतिसँग सम्बन्धित हुन्छन् । परस्पर विरोधी वर्गहरूमा विभाजित भएको समाजमा उत्पादनका साधन र स्रोतमा स्वामित्व राख्ने वर्ग र त्यसको विपक्षमा रहेको उत्पीडित वर्ग नै प्रमुख वर्ग हुन् । वर्गविभाजनसँगसँगै दासप्रथायुक्त समाजमा दास र दासमालिक, सामन्ती समाजमा साना किसान वा पुँजीवादी समाजमा सर्वहारा र पुँजीपतिहरू वर्ग विभाजित समाजका प्रमुख वर्ग हुन् (आफानास्येभ, सन् १९८५, पृ. ६०) । यस हिसाबले भन्नुपर्दा सर्वहारा र किसान वर्गले शोषित वर्गको प्रतिनिधित्व गरेका हुन्छन् भने पुँजीपति, भूस्वामी, सामन्त र जमिनदारजस्ता वर्गले शोषक वर्गको प्रतिनिधित्व गरेका हुन्छन् । वर्ग र वर्गीयता एक आपसमा अन्तरसम्बन्धित हुन्छन् । वर्ग वर्गीयताको आधार हो र वर्गीयताले वर्गको निर्धारण गर्दछ । साम्यवादी व्यवस्थाका लागि वर्गसङ्घर्ष र वर्गीय द्वन्द्वको आवश्यकता पर्दछ । वर्ग र वर्गसम्बन्धी विशिष्टता र वर्गहरूको ऐतिहासिकतामा नै वर्गीयता हुने भएकाले वर्गका आधारभूत प्रकार, तिनका मौलिक विशिष्टता र तिनका सामाजिक, आर्थिक तथा ऐतिहासिक स्वरूपहरूको पहिचान गरी वर्गीय प्रतिनिधित्व र वर्गीय द्वन्द्वका बारेमा स्पष्ट हुन सकिन्छ ।

समाज विकासको इतिहासलाई हेर्ने द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण नै ऐतिहासिक भौतिकवाद हो । यस दर्शनका मूलमा समाजविकासलाई हेर्ने ऐतिहासिक तथा भौतिकवादी दुवै दृष्टिकोणको सक्रियता रहेको छ । सामाजिक स्थितिको आद्यता र सामाजिक चेतनाको द्वितीयतालाई प्रमाणित गर्दै मार्क्स र एङ्गेल्सले विज्ञान, कला, दर्शन आदि विभिन्न क्षेत्रमा संलग्न हुनुभन्दा पहिले मानिसहरूलाई खाने, पिउने, लगाउने र बस्ने कुराको खाँचो पर्ने विश्लेषण गरेका छन् (पाण्डेय, २०५६, पृ. ४) । यसको लागि उसले काम गर्नुपर्छ र भौतिक सम्पत्तिको उत्पादन गर्नुपर्दछ । जीवनयापनको निमित्त नभई नहुने साधनहरूको उत्पादन र तदनुसार जनता अथवा युगको आर्थिक विकासको प्रत्येक निश्चित स्तरले त्यस आधारको सिर्जना गर्दछन् । जसबाट राजकीय संस्थाहरू, तत्कालीन मानिसहरूको न्यायिक दृष्टिकोणहरू, कला र अझ धार्मिक धारणाहरूसमेत विकसित हुँदै जान्छन् । तसर्थ यसैको आधारमा तिनको व्याख्या गरिनुपर्दछ । यसप्रकारले इतिहासको वास्तविक, वैज्ञानिक, भौतिकवादी अवधारणाको रूपमा ऐतिहासिक भौतिकवादको अभ्युदय भयो । ऐतिहासिक भौतिकवादको वास्तविक अर्थ सामाजिक जीवनमा र मानवजातिको इतिहासमा द्वन्द्वात्मक भौतिकवादका मूल सिद्धान्तहरूको प्रयोग हो (भण्डारी, २०५५, पृ. १८) । यसको सामाजिक जीवनवृत्तिले सामाजिक चेतनाको निरुपण गर्दछ । इतिहासलाई वैज्ञानिक तथा भौतिकवादी कोणबाट हेर्नु नै ऐतिहासिक भौतिकवादको खास वैशिष्ट्य हो ।

कुनै वर्ग, समाज वा स्थान विशेषका जनताले आफ्ना सट्टामा काम गर्न वा राय दिन चुनेर वा विश्वास गरेर पठाएको व्यक्ति प्रतिनिधि हो । त्यसको नेतृत्वलाई प्रतिनिधित्व भनिन्छ । राजनीतिक, सामाजिक, आर्थिक एवम् धार्मिक क्षेत्रमा व्यक्ति वा समुदायको उपस्थितिलाई वर्गीय प्रतिनिधित्व भनिन्छ । सामाजिक एवम् आर्थिक अवस्थाका व्यक्तिगत र समूहगत वर्गीकरणलाई वर्ग भनिन्छ (बार्कर, सन् २०००, पृ. १८) । बाकरले प्रतिनिधित्वको केन्द्रीय विजय समाजको संरचना र त्यसमा जनसमुदायको प्रतिनिधित्व कसरी भएको छ भन्ने कुराको पुष्टि गरेका छन् । उनले विभिन्न सन्दर्भमा उत्पादन हुने अर्थहरूको खोजी गर्दा प्रतिनिधित्वको खोजी गर्नुपर्ने धरणा प्रस्तुत गरेका छन् (बार्कर, सन् २०००, पृ. ७) । सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रमा समाजको कुनै वर्गले आफ्नो शक्ति, सत्ता र वर्चस्वका आधारमा प्रतिनिधित्व गरेका हुन्छन्, त्यसलाई वर्गीय प्रतिनिधित्व भनिन्छ । दास युगमा दासमालिकले आफ्नो शक्ति समाजका दास वर्गमा प्रयोग गर्दछन् । समाजका सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिकजस्ता क्षेत्रका अधिकारमा दासमालिकको पहुँच रहने गर्दछ । त्यसैले दास युगमा

दासमालिक नै त्यस युगको प्रतिनिधि हो । सामन्ती युगमा सामन्त, पुँजीवादी युगमा पुँजीपति नै समाजका वर्गीय प्रतिनिधित्व हुन् । वर्गीय प्रतिनिधित्वको खोजी गर्नका लागि वर्गको बारेमा अध्ययन गर्नु आवश्यक देखिन्छ ।

धन, इज्जत, शक्ति र अधिकारको प्राप्ति र वञ्चितीकरण तथा अधीनस्थता र उत्पीडनका कारण समाजमा वर्गको उदय भयो । वर्ग त्यस्तो सामाजिक अवधारणका रूपमा स्थापित छ जहाँ आर्थिक उत्पादनका साधनमाथिको स्वामित्व तथा त्यसका माध्यमबाट शोषण गर्ने प्रवृतिको कारण समाजमा यसको जन्म हुन्छ । वर्गको चरित्र अस्थायी हुन्छ । सत्ता, शक्ति र उत्पादनका साधनको पहुँच र हेरफेरका आधारमा एउटा वर्ग र अर्को वर्गका बीच हुने क्रान्तिका कारण वर्गको स्थितिमा परिवर्तन आउँछ । वर्गव्यवस्था श्रेणीकरणमा आधारित हुन्छ भने श्रेणीकरणको मूलकारण उत्पादनका साधनमा पहुँच हुनु हो । समयानुसार समाजमा विभिन्न वर्गहरू जन्मेका हुन्छन् । लेनिनले समाजमा उत्पीडक र उत्पीडित समूहलाई देखाउँदै दुई विरोधी वर्गका बारेमा ऐतिहासिकपरक धारणा व्यक्त गरेका छन् । उत्पीडक वर्ग नै प्रमुख हुन् । दासप्रथात्मक समाजमा दास र स्वामी, सामन्तवादमा किसान र सामन्त (जमिनदार), पुँजीवादमा सर्वहारा र पुँजीपति वर्ग, वर्गविभाजित समाजका प्रतिनिधित्व गर्ने वर्गहरू हुन् ।

वर्गीय प्रतिनिधित्वअन्तर्गत समाजमा उच्चवर्गद्वारा निम्नवर्ग के, कुन, कति, कसरी र कस्तो अवस्थामा सधैँ शोषित, दमित, निमुखो र उत्पीडित बनाइन्छ भन्ने कुराको विश्लेषण गरिन्छ (ब्रेट्ली, सन् १९९६, पृ. २२१) । ज्ञान र शक्तिबाट विमुख गराएर, आर्थिक रूपमा उठ्न नदिएर, निम्न स्तरको भाषा प्रयोग गरेर, सम्पत्तिका आधारमा स्तर निर्धारण गरेर, प्रभुत्वको प्रयोग गरेर, आफ्नो स्वीकृतिबिना गरेको कामलाई गलत देखाएर, अघोषित प्रतिद्वन्द्विता गरेर, आफूअनुकूल सामाजिक मूल्य निर्माण गरेर, सवर्गीकै प्रयोग गरेर, निम्नवर्गको ज्ञान क्षेत्रमा प्रयोग गरेर, निम्नवर्गको परिवारभित्रै असमझदारी सिर्जना गरेर, रक्षकका रूपमा प्रस्तुत भई भक्षण गरेर, निम्नवर्गलाई असक्षम, अज्ञानी, अभागी र गलत साबित गरेर, भाग्य र भगवान्को मिथ्या सोच विकास गरेर, उपहास गरेर, आफ्नो हितमा प्रयोग हुने वस्तु बनाएर, निरन्तर समस्यातर्फ मात्र धकेलेर, निम्नवर्गको चाहना र समस्याको अवमूल्यन गरेर, सामाजिक रूपमा एक्लो बनाएर र निम्नवर्गको शक्ति र श्रमलाई अवमूल्यन गरेर जस्ता आधारहरूबाट उच्चवर्गले निम्नवर्गमाथि उत्पीडन गरेको देखिन्छ (पोखरेल, २०८०, पृ. १०३) । यसरी समाजमा उच्चवर्गका उत्पीडक वर्गबाट निम्नवर्गका उत्पीडित बनेका छन् ।

समाजमा भएगरेका विषयलाई पात्रको माध्यमबाट जस्ताको तस्तै प्रस्तुत गर्नु समाजवादी यथार्थवाद हो । यो दर्शनको मूलआधार कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सको द्वन्द्वात्मक भौतिकवाद हो । वर्ग सिद्धान्तमा आधारित रहेर लेखिएका प्रदीपकुमार ज्ञवालीमा विभिन्न वर्गहरूलाई समेटिएको छ । वर्ग, वर्गीयता एक अर्कामा अन्तरसम्बन्धित हुन्छन् । वर्ग वर्गीयताको आधार हो र वर्गीयताले वर्गको निर्धारण गर्दछ । साम्यवादी व्यवस्थाका लागि वर्गसङ्घर्ष र वर्गीय द्वन्द्वको आवश्यकता पर्दछ । वर्ग र वर्गसम्बन्धी विशिष्टता एवम् वर्गहरूका ऐतिहासिकतामा नै वर्गीयता हुने भएकाले वर्गका आधारभूत प्रकार, तिनका मौलिक विशिष्टता र तिनका सामाजिक, आर्थिक तथा ऐतिहासिक स्वरूपको पहिचान गरेर वर्गीय प्रतिनिधित्व र वर्गीय द्वन्द्वका बारेमा स्पष्ट हुन सकिन्छ । ज्ञवालीका कवितामा भएका वर्गहरूमध्ये उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्वको खोजी प्रस्तुत परिच्छेदमा गरिएको छ ।

## ३.३ 'चिता जलिरहेछ' कवितासङ्ग्रहका कवितामा वर्गीय प्रतिनिधित्व

प्रस्तुत परिच्छेदमा प्रदीपकुमार ज्ञवालीको पहिलो कवितासङ्ग्रह *चिता जलिरहेछ* ( २०५३) मा सङ्गृहीत चारवटा कविताको सोद्देश्य नमुना छनोट गरी विश्लेषण गरिएको छ । ज्ञवालीको प्रस्तुत कवितासङ्ग्रहमा २२ वटा कविता सङ्गृहीत छन् । यी कवितामा कवि ज्ञवालीले आजभन्दा २९-३० वर्ष अगाडिको नेपाली समाजको शासन व्यवस्थामा रहेको सामाजिक, आर्थिक र सांस्कृतिक संरचनाको यथार्थ रूपलाई चित्रण गरेका छन् । ती कविताहरूमध्ये 'मलाई कुहिरो मन पर्दैन', 'यो महल', 'एउटा चिठी : सांसद छोराको नाममा' र 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' गरी चारवटा कवितामा वर्गीय प्रतिनिधित्वका विषयवस्तु तथा पात्रको प्रयोग सघन रूपमा देखिएको हुँदा प्रस्तुत परिच्छेदमा उल्लिखित कविताको मात्र अध्ययन र विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

### ३.३.१ 'मलाई कुहिरो मन पर्दैन' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत 'मलाई कुहिरो मन पर्दैन' कविता *चिता जलिरहेछ* कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये एक हो । कवि ज्ञवाली आफू बाँचेको युगको समाजको चित्रण गर्न सिद्धहस्त मानिन्छन् । उनले आफ्ना कवितामा युगको यथार्थ तस्विरलाई एउटा रजहाँसले दुध र पानी छुट्याएजस्तै उच्चवर्ग र निम्नवर्गको जीवनकथालाई चित्रण गरेका छन् । देशको आजभन्दा २६-२७ वर्ष अगाडिको सन्दर्भलाई कविले चित्रण गरेर यस कवितामा समाज रूपान्तरणको

अपेक्षा राखेका छन् । यसमा कविले प्रतीकात्मक रूपमा सामन्त वर्ग र निम्नवर्गको प्रतिनिधित्व गराएकाले यहाँ सोही वर्गको प्रतिनिधित्व देखाई निष्कर्षमा पुग्ने काम भएको छ ।

समकालीन सामाजिक यथार्थलाई समेटेर लेखिएको प्रस्तुत 'मलाई कुहिरो मन पर्दैन' कवितामा कविले सामन्त वर्ग र शोषित वर्गको प्रतिनिधित्व गराएका छन् । देशमा बहुदलीय व्यवस्था आउँदा पनि जनताको अवस्था उस्तै रहेको तर सामन्त वर्ग भने सधैँ धनी नै रहेर गरिब वर्गमाथि शासन गरिरहेको कुराको वर्णन गरेका छन् । प्रस्तुत कवितामा कविले सामन्त वर्ग र निम्नवर्गको प्रतिनिधित्व गराएका छन् । कविले यस कवितामा सामन्त वर्गलाई एउटा युगको अवशेषका रूपमा व्याख्या गरेका छन् । सामन्ती युग अझै अन्त्य नभएको र सामन्त वर्गले निमुखा वर्गहरूको पसिना चुसिरहेको भाव व्यक्त गरेका छन् । यसरी कुहिरो लागेपछि हिमाल, पहाड छेकिन्छन्, त्यसै गरी उच्चवर्ग अर्थात् सामन्त वर्ग समाजमा रहुन्जेल निम्नवर्गको अस्तित्व हराइरहन्छ र देख्दा नरम, सफा र सेतो देखिए पनि विश्वासघाती र अँध्यारोमा पर्दाले जीवनको उज्यालो समाप्त पारिदिन्छ । कविले यस कवितामा मालिक सधैँ मालिक रहिरहने, दास सधैँ दास नै रहिरहने प्रथाले पनि समाज समानतातिर नगएको कुरा स्पष्ट हुन्छ भन्ने कुरा तलको प्रस्तुत कविताको पङ्तिले स्पष्ट पारेको छ :

मलाई कुहिरो मन पर्दैन
चिसोमा स्रष्टा भ्रमको पोको
यो कुहिरो पटक्कै मन पर्दैन
वर्षामा पश्चिम लाग्छु
सिङ्गै घेराको लेक छापेर
बाटै छेक्न खोज्छ
पूर्व गए पनि रेसुङ्गालाई
घुम्लुङ ढाकेर अघि बढ्न रोक्छ
उपनिवेशवादीहरूले झैँ बेसीलाई छोप्छ
सप्तरङ्गी इन्द्रेणीलाई आकाश मै रोक्छ
उज्यालो बैरी, अन्योलको सर्जक
यो कुहिरो मलाई रत्ति मन पर्दैन । (पृ.१०)

'मलाई कुहिरो मन पर्दैन' कवितामा प्रस्तुत उक्त कवितांशले कुहिरोलाई प्रतीक बनाएर सामन्तहरू कुहिरो जस्तै अँध्यारो हुन् भनेर व्यङ्ग्य गरेका छन् । प्रस्तुत कवितामा एउटा समाज र त्यो समाजभित्र चरम गरिबीको अन्धकारमा रुमलिएका व्यक्तिहरूमा भविष्यको चिन्ता प्रकट गरेका छन् । प्रारम्भिक मानव समाज साम्यवादी त्यागको रूपमा थियो । त्यतिखेर व्यक्तिगत स्वामित्व, वर्गशोषण जस्ता कुराहरू अस्वित्वमा रहेका थिएनन् । मानवीय श्रम र त्यसको उपलब्धिको भौतिकताले मानवसमाजलाई विस्तारै वर्गीय बनाउँदै लग्यो । देशको विस्तार गर्ने क्रममा उदाएका विस्तारवादी देशहरू तथा औपनिवेशिक राज्यहरूले कमजोर राष्ट्रहरूलाई आफूअनुकूलको नीति तथा कार्यक्रम मान्न बाध्य बनाई विभिन्न कुटनैतिक चाल चालेर साम्राज्य विस्तार गरेका छन् । विश्वको इतिहासलाई हेर्ने हो भने पनि उपनिवेशवादी, विस्तारवादी शक्तिराष्ट्रहरूको शक्ति कमजोर राष्ट्रमा प्रयोग भएको पाइन्छ । शक्तिराष्ट्रहरूले विश्वका गरिब तथा कमजोर राष्ट्रहरूलाई आफूअनुकूल बनाउने क्रममा आफ्नो विरोधमा उत्रिएका विरोधीहरूलाई चरम शोषण गरेको देखिन्छ । यस कवितामा कुहिरोलाई सामन्तहरूको प्रतीक बनाएका छन् । कुहिरो लाग्दा अन्धकार हुने, वरिपरिका कुनै वस्तु नै नदेखिने हुन्छ । कुहिरो लागेपछि मन भारी भएर आएको भाव कविले प्रकट गरेका छन् । जसरी कुहिरो लागेपछि चारैतिर अन्धकार हुन्छ, त्यसै गरी सामन्तहरू समाजमा रहुन्जेल, चारैतिर अन्धकार भएर घामलाई छेकिदिन्छ । सप्तरङ्गी इन्द्रेणीको प्रकाशलाई मन नपर्ने कुरा कवि बताउँछन् । यहाँनेर कालो कुहिरो भनेर सामन्त वर्गलाई भन्न खोजिएको छ भने कविताको 'म' पात्रलाई आम जनताको रूपमा बुझाइएको छ । समाजको सुन्दर भविष्यलाई कुल्चेर लात हान्ने सामन्तको दबदबा अझै रहेको छ । यस्ता कुहिरोले न ठूलो पानी पारेर फोहर बढार्न सक्छ न कपास बनेर जाडो लघार्न सक्नेछ । फुस फुस पानी पारिरहन्छ, त्यति रहुन्जेल जुकाहरू जागिरहन्छन् र गरिबलाई चुसिरहन्छन् भन्ने अत्यन्तै मार्मिक भाव यस कवितामा प्रस्तुत गरिएको छ । यहाँ जुका भन्नाले सामन्तलाई बुझाइएको छ । कुहिरोको प्रतीकात्मक अर्थ शोषक वर्ग हुन्, जसले समाजमा मुखिया, साहुमहाजनको प्रतिनिधित्व गरिरहेका छन् । यसमा कुहिरो हट्ने आसमा प्रतीक्षा गरिरहेका गाउँका सोझासाझा जताले निम्नवर्गको प्रतिनिधित्व गरेका छन् ।

प्रदीप ज्ञवालीका कवितामा जेजस्तो विषयवस्तु र चरित्रको प्रस्तुति छ, तिनका माध्यमबाट द्वन्द्वशील समाजको स्वरूपको अड्कल गरिएको छ । उनका कवितामा वर्गीय समाजको विभेद कारक तत्त्वका रूपमा स्पष्ट पहिचान गर्न सकिन्छ । यसका लागि उनले

भौतिकवादी विश्वदृष्टिकोणको आधार लिएका छन् । कवितामा कहीँ पनि निराशा द्विविधा, संशयले स्थान पाएको छैन । शोषक सामन्तप्रति निरपेक्ष चाप कहीँ पनि प्रस्तुत छैन । उनी श्रमप्रति अनुराग व्यक्त गर्छन् । शोषित पीडित वर्गप्रति सहानुभूति राख्छन् । वर्ग शत्रुप्रति तिक्त घृणा र आक्रोश व्यक्त गर्दछन् । कवि जनसाधारणको आन्दोलनमा साथ र सहयोगको लागि प्रतिबद्ध देखिन्छन् । 'मलाई कुहिरो मन पर्दैन' कवितामा वस्तुबाट चेतनाको विकास हुने भौतिकवादी नियमलाई साह्रै सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ । पहिले मानिसको जन्म हुन्छ, त्यसपछि उसका इच्छाको जन्म हुन्छ । ऊ सारा संसारका दीनहीन मानिस अट्ने विशाल घर बनाउने इच्छा राख्छ र विस्तारै आफू धनी हुने सपना बोक्छ, र दीनहीन गरिबहरूलाई शोषण गरी आफू बादशाह भएको कल्पना गर्छ तर अचम्म, सारा श्रमिकहरू एकदिन त्यसको विरुद्ध आवाज उठाएर समाजमा उत्रिन्छन् भन्ने कुरा उसले बिर्सन्छ । यस कवितामा द्वन्द्व र सङ्घर्षबाटै समाजको रूपमान्तरण हुन्छ भन्ने विश्व दृष्टिकोणलाई सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ । कुहिरो कवितामा श्रमिक र मालिकबीचको भिन्नतालाई स्पष्ट पार्दै श्रमिकले मात्र पृथ्वीको भार महसुस गर्न सक्ने विचार व्यक्त गरिएको छ । प्रगतिवादी कविहरू कवितामा वर्गीयताको चरम रुचि राख्छन् । प्रदीप ज्ञवालीका कविताको मूल प्रयोजन भनेकै वर्गीय समाजमा विद्यमान वर्गीय विषयताको प्रस्तुति नै हो । पञ्चायतको अन्त्यपछि नेपाली राजनीतिमा देखापरेको विकृति विसङ्गतिको आलोकमा समाजको यथार्थताको चित्रणमा कविको गहिरो रुचि देखिन्छ । कविले आफ्ना कविताका माध्यमबाट निरङ्कुश राज्यसत्ताको हिंस्रक, बर्बर र दमनकारी समाज चरित्रको भण्डाफोर गरेको कुरा तल दिइएको कवितांशबाट स्पष्ट हुन्छ :

जनतालाई भ्रममा पार्ने
अवसरवाद जस्तै छ कुहिरो
देख्दा नरम, सेता र सफा
तर विछट्टै विश्वासघाती
सधैँभरि अँध्यारामा सुताइराख्ने
अज्ञानता जस्तै छ कुहिरो
जतातते सम्म र एकनास लाग्ने
त चौपट्टै आत्मघाती
एम्बुस जस्तै छ कुहिरो

त्यसैले अहँ

यो कुहिरो मलाई मन पर्दैन । (पृ.१०)

प्रदीप ज्ञवालीको यस कवितांश शीर्षकले नै लक्षणा र व्यञ्जनाको तहबाट एक प्रकारको व्यङ्ग्यात्मक सन्देश प्रवाहित गरेको छ । यस कविताका प्रत्येक पङ्क्तिमा शब्दहरूको आवृत्ति र समान किसिमका पदहरूको क्रमिक रखाइ हेर्दा विश्लेषणात्मक शैलीमा समाजको वर्ग, स्वरूप, चरित्रको विन्यास गर्न उनी खप्पिस देखिन्छन् । उनी आफ्नै वरिपरिबाट विम्ब र प्रतीकको चयन गर्छन् । त्यसै गरी उनले यस कवितामा कुहिरो भनेर सामन्त र शोषकलाई लक्षित गर्दै व्यङ्ग्य प्रहार गरेका छन् । समाजको नेतृत्व गर्छु भन्ने नेताहरू सामन्त बनेका छन्, जनतालाई भङ्खालामा पारी एम्बुस थापेका छन् र जनतालाई भऱ्याङ्ग बनाएर माथि गएका नेताहरूले नै समाजको कर्तव्य भुलेका छन् भन्ने भाव यस कवितामा प्रस्तुत गरेका छन् । यहाँ कुहिरोलाई सामन्त वर्गको चरित्रका रूपमा प्रतिनिधित्व गराइएको छ । सामन्ती वर्गलाई प्रतिनिधित्व गर्ने पात्रको रूपमा कुहिरोको चित्रण गरिएको छ । साच्चै नै कुहिरो कालो धब्बा बनेर छाएको छ । देख्दा नरम, हेर्दा सेतो र सफा देखिने तर आफ्नो रूपमा बदलिरहने कुहिरोले कहिले कालो बनेर र कहिले सेतो बनेर रूप परिवर्तन गरिरहने वदमास पात्रको रूपमा चित्रण गरिएको छ । साच्चै नै कुहिरो कालो धब्बा बनेर छाएको देखिएको छ । हेर्दा नरम, सेतो र सफा देखिने कुहिरो आफ्नो रूप बदलिरहने कहिले कालो बनेर कहिले सेतो बनेर रूप परिवर्तन गर्ने गर्छ । 'कुहिरो' जतातततै सर्ने र एकनास लाग्ने, तर आत्मघाती जतातततै एम्बुस थापेर जनतालाई मार्ने सामन्ती वर्गको प्रतिनिधित्व गराइएको छ भने सामन्तको भण्डाफोर गर्न लागिरहेको 'म' पात्रले भने यस कवितामा त्यसको विरोध जनाउँदै निम्नवर्गको प्रतिनिधित्व गरेको छ ।

'मलाई कुहिरो मन पर्दैन' कवितामा निरङ्कुश सत्ताको चरित्र, तत्कालीन समाजको वर्ग स्वरूपको चित्रण, लोकतन्त्रको नाममा व्याप्त विसङ्गत, विकृत राजनीतिक आभासप्रति अहसमति जस्ता मूल विषयवस्तु समेटी लेखिएको छ । यस कवितामा जेजस्ता चरित्रको आरोप गरिएको छ, तिनले विषयवस्तुलाई विश्वासनीय बनाउन मद्दत गरेका छन् । तत्कालीन समय र परिवेशको साध्यले पनि विषयवस्तुलाई अभ्र प्रामाणिक बनाएको छ । यस कवितामा कवि प्रगतिवादी साहित्यिक चिन्तनले आत्मसात गरेको भौतिकवादी विश्व दृष्टिकोणका साथ प्रस्तुत भएका छन् । कवि आफ्ना कवितामा जीवनप्रति अनुराग राख्छन् । उत्साहको भाव सञ्चारित

गर्छन् । वर्ग शत्रुप्रति विमति जाहेर गर्छन् । वर्गीय पक्ष घटनासहित वर्गीय चेतनाको अभिव्यक्ति दिएका छन् । यसमा कविले चयन गरेको विषयवस्तु र चरित्र, तत्कालीन परिवेशबाट ग्रहण गरिएका छन् । मार्क्सवादप्रतिको अटुट आस्थासहित उनले आत्मसात गरेको भौतिकवादी विश्व दृष्टिकोणका आधारमा उनका कविताले स्पष्ट वैचारिक मार्ग पस्किएको छ। त्यसैले जीवनबोधी र आशावादी भाव सञ्चारण, निरङ्कुशताप्रतिको निडर, असहमति, निम्नवर्गीय श्रमिक, किसान मजदुरप्रति सहानुभूति, वर्गविहीन समाजको निर्माणका लागि गरिने आन्दोलन, सङ्घर्षप्रति ऐक्यवद्धतासहित वर्गीय चेतनाको सञ्चरण गर्दै समाज रूपान्तरणको लागि उनको प्रस्तुत कविता सशक्त सामग्री बन्न पुगेको छ ।

## ३.३.२ 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' कविता *चिता जलिरहेछ* कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये अर्को सशक्त कविता हो । कवि ज्ञवाली आफू बाँचेको युगको समाजको चित्रण गर्न सिद्धहस्त मानिन्छन् । उनले आफ्ना कवितामा युगको यथार्थ तस्विरलाई एउटा रजहाँसले दुध र पानी छुट्याए जस्तै सामन्त वर्ग र निम्नवर्गको जीवन कथालाई चित्रण गरेका छन् । देशको आजभन्दा २६-२७ वर्ष अगाडिको विकृतिलाई कविले चित्रण गरेर तीव्र समाज रूपान्तरणको अपेक्षा राखेका छन् । यसमा कविले प्रतीकात्मक रूपमा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व गराएकाले यहाँ सोही वर्गको प्रतिनिनधित्व देखाई निष्कर्षमा पुग्ने काम भएको छ ।

'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' कविता कवि ज्ञवालीको अर्को वर्गीय प्रतिनिधित्वलाई प्रस्तुत गर्ने विषयसँग समेटिएको सशक्त कविता हो । यस कविताको शीर्षकले प्रतीकात्मक अर्थलाई द्योतन गरेको छ । यहाँ साँझ पर्नुले रातको सङ्केत गरेको छ । यसमा गाउँमा निमुखा सोझासाझा जनताको दुःख र पीडाको प्रतीकको रूपमा साँझ शब्दलाई लिइएको छ । यहाँ गाउँमा महिलाहरू पानी भर्न पँधेरोमा जाँदा पनि आफ्नो ज्यान सुरक्षित नभएको महसुस गरेका छन् । समाजमा गाउँका सामन्त ठालुहरूले कतिखेर ती दिदीबहिनीहरूको इज्जतमाथि खेलबाड गर्छन्, कुनै निश्चित छैन । त्यसैले महिलाहरू सुरक्षित नभएको कुरा यस कवितामा व्यक्त गरिएको छ । पँधेरीमा पानी लिन गएका तरुनीहरू सुरक्षित रूपमा घर फर्किंदैनन्, काम गर्न गएका युवाहरूको ज्यान जोखिममा छ भन्दै अझै पनि

गाउँका ठालुहरूको प्रवृत्ति उस्तै छ भन्ने भाव यस कवितामा व्यक्त गरिएको कुरा तल दिइएको कवितांशबाट स्पष्ट हुन्छ :

हत्केलामा राखेर ज्यानलाई
राँको बोकेर भीर मौरीको गोला झोस्दा
कसैले पनि सोचेको थिएन
मह जति माउखानेकै सत्र पर्ला भनेर
बोकेर घन र झ्याम्पलहरू
कुलो बनाउन पाताले पहरो फोर्दा
कसैलाई पनि लागेको थिएन
आफ्नो घरमा अनिकालको बज्र
झर्ला भनेर
कति कल्पना थिए हरियालीका
यतिबेला चल्लाको बथानमा नयाँ बाज झरेको छ ।
यति बेला गाउँमा अलिकति साँझ परेको छ । (पृ. २२)

प्रस्तुत कवितांशमा समाजमा वर्गीयताले गर्दा नै समाजभित्र विभेद उत्पन्न भएको देखाइएको छ । समाज र देशका बीचमा फरकफरक वस्तु वा विपरीत तत्त्वहरूका बीचको आपसी मुनमुटाव र खिचातानीबाट वर्गीय द्वन्द्व उत्पन्न हुने गर्दछ । समाजका आन्तरिक बनावट वा आन्तरिक पक्षमा हुने सङ्घर्षका कारण विभेद सृजित हुने गर्दछ । यति हुँदाहुँदै पनि समाजमा प्रतिनिधित्वचाहिँ कसले गरेको छ भन्ने प्रश्न पनि आउँछ । समाजमा मूलतः सामन्त र सम्भ्रान्त परिवारले नै शासन गरिरहेका हुन्छन् भन्ने कुराको चित्रण यस कवितामा गरिएको छ ।

'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' कवितामा मह, घन, झ्याम्पल, पहरो, अनिकाल, चल्ला, बाज जस्ता शब्दको प्रयोग भएको छ । यस कवितामा आएका मह, घन, झ्याम्पल, पहरो, अनिकाल जस्ता शब्द गरिबीका प्रतीक हुन् भने चल्ला शब्दले सर्वसाधारण किसान तथा मजदुर वर्गलाई बुझाएको छ । यस कवितामा बाज शब्द प्रभुत्वशाली सामन्त वर्गको प्रतीकका रूपमा आएको छ । कवितामा प्रस्तुत गाउँमा अलिकति साँझ परेको छ भन्ने पदावलीले गरिबी, निम्नवर्गमाथिको अन्याय र अत्याचारको सङ्केत गरेको छ । यहाँ गाउँमा

सोझासादा जनताको दुःख उस्तै रहेको र साँझ परेपछि गरिबहरूको चुलो बल्ने गाउँ पूरै अँध्यारो छ भनिएको छ । साँझ परेपछि ठूलाबडाहरूले दिदीबहिनीको इज्जत कतिखेर लुटिदिन्छन् कुनै निश्चित हुँदैन । पँधेरीमा पानी लिन गएकी युवती साँझ फर्केर आएकी छैन । माइली मात्रै होइन, माइलीसँग थुप्रै चेलीहरू पँधेरीबाटै बेपत्ता भएका छन् । एकलास पँधेरीमा पानी लिन गएकी माइलीलाई बलात्कार गर्ने छविलालजस्ता साहुहरू जुरमुराएका छन् । माइली घर नफर्केपछि बीरबहादुरको मुटुको ढुकढुकी बढेको छ । बिहान पाँच बजे पानी लिन गएका चेलीहरू साँझसम्म गाउँमा नआएपछि हत्केलामा ज्यानलाई राखेर राँको बोकेर मौरीको गोला झोस्दै मैदान उत्रिएका गाउँलेहरूलाई बन्दुकको तोप पड्काएर बाटैबाट फर्काएको र कुलो बनाउन पाताले पहरो फोर्दा पनि कसैलाई डर लागेको थिएन । आज आफ्नै गाउँमा यत्रो बज्र झर्ला भनेर गाउँलेले सोचेका थिएनन् । त्यसैले कवि भन्छन्, यतिबेला चल्लाको बथानमा नयाँ बाज झरेको छ ।

'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' कवितामा सोझा निमुखाहरूको बीचमा ठुला साहु महाजनहरूले दमन गरी नै रहेका हुन्छन् भन्ने भाव प्रस्तुत छ । सामन्तहरूको विरुद्ध कसैले आवाज उठाउन पनि सक्दैनन् । प्रस्तुत कवितामा छविलाल सामन्त वर्गको प्रतिनिधि पात्र हुन् । सामन्ती मुखियाको छत्रछायामा रहेका कारण यिनीहरूले गाउँका सोझासाझा चेलीहरूको इज्जत लुट्ने काम गरेका छन् । यहाँ सोझा किसानहरू, चेलीहरू सामन्त वर्गको चरम शोषण र दमनका कारण बाँच्न पाउने अधिकारबाट समेत वञ्चित बनाइएका छन् । सामन्त वर्गबाट गरिएको श्रमशोषणका कारण उनीहरूलाई बिहान बेलुकाको गर्जो टार्ने समस्याले सताएको त छँदै छ । त्योभन्दा हृदयविदारक अवस्था त तामाका मुनाजस्तै आफ्ना छोरीहरूको इज्जत लुटिएको छ । जङ्गल छेउमा छाप्रो हालेर वरपरका गाउँहरूमा गई खेतीपातीको काम समाप्त भएपछि लोग्नेमान्छेहरू टाढाटाढासम्म बाखा चराउन जान्थे भने महिलाहरू घाँसदाउरा गर्न र पँधेरीमा पानी लिन जान्थे । कहिलेकाहीँ जङ्गलबाट दाउराका बिटा ल्याउदै बेचेर आफ्नो गर्जो टार्दथे । मरुभूमि जस्तो निर्जन ठाउँमा छाप्रो हाली सुन्दर बस्ती बसालेर जीवनका रङ्गीन सपना बोकेर बाँचेका यी गाउँलेहरूका जीवनमा नसोचेको घटना हुन्छ । पँधेरीमा पानी लिन गएकी एक चेलीको बलात्कार हुन्छ । यस घट्नामा जनसेवाको उल्टै निहत्था जनताको शोषण गरेको देखिन्छ । सामन्त वर्गबाट सधैँ श्रमशोषण गरिएका यी सुकुम्बासीहरूलाई सरकारले गाँस, बास र कपासको व्यवस्था गर्नुको सट्टा उल्टै बन्दुक पड्काएर तर्साएको छ । यहाँनेर सामन्त र छविलाल साहुजस्ताले गरिबको बस्तीमा

बन्दुक पड्काउने, चेलीहरूको इज्जत लुट्ने जस्ता बर्बरतालाई झल्काएको छ । प्रस्तुत कवितामा रहेका गाउँलेहरू श्रमिक वर्गका प्रतिनिधि पात्र हुन् । उनीहरू दासत्वमा पिल्सिएका वर्ग हुन् । उनीहरू मिर्मिरे उज्यालो भएपछि घाम नडुब्दासम्म भरदिनको श्रम दुई माना चामल बाँचेको छ । श्रमको उचित व्यवस्था नभएका कारण नै यिनीहरूको आर्थिक अवस्था झन् खस्कँदै गएको छ । रातदिन परिश्रम गर्दा पनि उनीहरूको जीवनमा समस्याको ज्वाला फाट्न सकेको छैन । बाँच्नुको बाध्यताले गर्दा हातमुख जोड्नुपर्ने समस्याका कारण नै यिनीहरूको दुःखद् अन्त्य भएको छ । यी मानिसहरू समाजको आर्थिक प्रणालीका आधारमा हेर्दा यिनीहरू भयानक रूपमा शोषित छन् । जसका कारण उनीहरू गरिबीमा बाँचेका छन् । सामन्त, पुँजीवादी, कृषिदास, श्रमिक कुनै पनि वर्गको समरूप हुँदैन । यसमा अरूको दास बनेर बाँच्नुपर्ने उनीहरूको सामाजिक समस्या त छँदैछ भन्दै आर्थिक समस्याको दोसाँधमा उनीहरूको जीवन गुज्रिरहेको देखिन्छ भनिएको छ ।

'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' कवितामा सामन्त वर्गको प्रतिनिधित्व गराइएको छ । तोप पड्काउने छविलाल साहु महाजनहरू सामन्त वर्गको प्रतिनिधित्व पात्र हुन् भने पँधेरामा पानी लिन गएकी चेली साँझबिहान बाख्रा चराएर जीविकोपार्जन गर्ने वीरबहादुर कविताको निम्नवर्गको प्रतिनिधि पात्र हुन् । यस कवितांशमा आफ्नो वैयक्तिक सुख र स्वार्थमा लिप्त व्यक्ति चरित्रको उद्घाटन छ । त्यस्ता व्यक्ति जो कोही पनि हुन सक्छन् । ऊ आफ्नो चेतनाको बिक्री गर्छ । अब ऊसँग केही बाँकी रहँदैन । यस कवितामा वैचारिक, साँस्कृतिक, राजनीतिक जुनसुकै खालको आन्दोलनमा यस्ता व्यक्तिहरू देखा पर्ने तथ्यलाई सुन्दर ढङ्गबाट अभिव्यक्ति दिइएको छ । सामन्त वर्गको प्रतिनिधित्व गरेको छविलालले गाउँलाई अति नै दमन, शोषण गरेपछि त्यसको विरुद्ध आवाज उठाउन वीरबहादुरजस्ता पात्रहरू जागरुक भएको कुरा तलको कवितांशबाट स्पष्ट हुन्छ ।

नआत्तिऔ गाउँले हो, आगो निभेको छैन
त्यो त अलिकति खरानीमुनि परेको मात्रै हो ।
साँच्चै बिहान त कहाँ भएको थियो र हिजो पनि
खालि अलिकति मिर्मिरे झरेको मात्रै हो
फेरि जोरिदै छन् मुठाहरू
हिँड्ने बेला भो, उठ छोराहरू । (पृ. २३)

प्रस्तुत कवितांशमा छविलाल जस्ता सामन्तीले फेरि अर्की चेलीलाई लुटेपछि वीरबहादुर जस्ता पात्रहरूले सामन्तको विरुद्धमा नारा जुलुस गरेका छन् । यसमा अब सुत्नु हुन्न है युवा हो, आज हजारौं चेलीको इज्जत कटिसकेको छ । त्यसैले अब जागौँ भन्दै उसको विरुद्ध आवाज उठाइएको छ । 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' कविता त्यस्तो चरित्रमा केन्द्रित भई लेखिएको छ, जो श्रममा विश्वास गर्छ । कवि त्यस्ता पात्रको जीवनलाई आफ्नो जीवन ठान्छन् । सामान्यः खेती किसान गरेर खाने, निमुखा, वर्गहरूप्रति सहानुभूति राख्नुको सट्टा ढाडस दिनुपर्ने मान्यता राख्छन् । यसमा सामान्यः जीवन बिताइरहेका सर्वसाधारणमाथि निरङ्कुशता, बर्बरताको अति भएपछि तिनीहरूको विरुद्ध लाग्नको निम्ति आफू सधैँ तयार रहनुपर्ने बताएका छन् । यसो हुँदाहुँदै पनि उनी सत्ताको निरङ्कुश चरित्र उद्घाटनका लागि शासक, शोषक, पीडकको माध्यमबाट उसको सोच, संस्कार, व्यवहार प्रस्तुत गर्न नकारात्मक भूमिकासहित चरित्रलाई कवितामा प्रस्तुत गर्दछन् । त्यसै गरी न्याय, समानता अधिकार प्राप्तिका लागि आमबद्ध जनसाधारणको सोच व्यवहारलाई तिनै पात्रका माध्यमबाट व्यक्त गर्नका लागि सकारात्मक भूमिकासहितको प्रतिनिधि चरित्र प्रस्तुत गरेका छन् ।

यसप्रकार 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' कवितामा निरङ्कुश सत्तामा नायक, उसका मतियारहरू, आन्दोलनबाट पलायन भएका अवसरवादी नेता, कार्यकर्ता, आफ्नो आस्था, सिद्धान्तप्रति दृढ श्रमका प्रतिपूर्ति, संसारभरि आफ्नो प्रभुत्व बिस्तार गर्न चाहने महाशक्ति राष्ट्रका प्रमुख जस्ता विभिन्न चरित्रका माध्यमबाट वर्गीय समाजको वर्गीय चरित्रको उद्घाटन गरिएको छ ।

### ३.३.३ 'एउटा चिठी : सांसद छोराको नाममा' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत 'एउटा चिठी : सांसद छोराको नाममा' कविता *चिता जलिरहेछ* कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये अर्को एक उल्लेख्य कविता हो । ज्ञवाली आफू बाँचेको युगको समाजको चित्रण गर्न सिद्धहस्त मानिन्छन् । उनले आफ्ना कवितामा युगको यथार्थ तस्विरलाई एउटा रजहाँसले दुध र पानी छुट्याए जस्तै सामन्त वर्ग र निम्नवर्गको जीवन कथालाई चित्रण गरेका छन् । यो कविता २०६० को आसपासको ग्रामीण समाजमा रहेको वर्गीय विभेदबाट ग्रस्त समाजको स्वरूप प्रस्तुत गर्ने कविता हो । यस कवितामा म, छोरो जस्ता पात्रका माध्यमबाट ग्रामीण र सहरी समाजको वर्गदृष्टि, वर्गद्वन्द्व र त्यसले जनजीवनमा पारेको

नकारात्मक प्रभावलाई प्रस्तुत गरिएको छ । यस क्रममा उच्चवर्गको अहंवादी स्वभावको पराकाष्ठामा उक्त वर्गले आफ्नै अबोध सन्तानको चाहनाको गला रेटेको र निम्नवर्ग आफूमाथि भएका सबैखाले ज्यादतिलाई निरीह भएर सहन विवश भएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसरी उच्चवर्गले आफ्नो अभिमानलाई जोगाउने क्रममा गरेको वर्गीय ज्यादतिका कारण निम्नवर्ग सीमान्तीकृत अवस्थामा पुऱ्याइन्छ भन्ने सन्दर्भलाई यस कथाले आफ्नो केन्द्र बनाएको छ ।

वर्ग विभेदको संस्कार स्थापित भएको समाजमा मानिसलाई बाल्यकालबाटै सीमान्तीकरण गर्ने वातावरणको निर्माण गरिन्छ । गरिब परिवारमा जन्मेको म पात्रले यति सानै उमेरमा गरिबीका कारण थिचिएर बाँच्नुपर्ने अवस्थालाई आत्मसात गरेको छ । उक्त कुरालाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

खाटा नबस्दै गुमाउनु पर्दा आफ्नो एक मात्र छोरा
म जर ऊखेलिएकी ठूटो जस्ती भएकी थिए
न मर्न सक्थै यो दुहुरी छोरी छाडेर
न बाँच्न नै सक्थे रगतका आँशु झारेर
त्यति खेर म लाश जिऊदै थिए, आफ्नै कलेजो सिउँदै थिएँ
हो, त्यो अँध्यारोमा तिमी जूनकिरी जस्तै आयौ
र अलिकति आशा र उज्यालो दियौँ
जन तिम्री आमा भन्दै मध्यरातमा लुगलुग काँप्दै भित्र पस्थ्यो
तिम्रा कठ्यांग्रिएका चिस्सा हात समाउँदा
मलाई मेरै किस्न फर्केर आएझैँ लाग्थ्यो
जब ढिंडो र गुन्द्रक खान तिमी गुन्द्रीमा वस्थ्यौ
र पोखिएका आला रगतको....(पृ.४०)

यसमा मानिसको युवा र प्रौढ अवस्थाको मानसिकताको निर्माणमा बाल्यकालको प्रभाव रहन्छ भन्ने सन्दर्भ प्रस्तुत छ । समाजले वर्गका आधारमा मानिसको मानसिकताको निर्माण गर्छ । समाजले निर्माण गरिदिएको आधारले बालकको चरित्रको निर्धारण गर्नुका साथै उसको भविष्यप्रतिको मानसिकता पनि तयार गर्छ ।

यी सबै परिस्थितिले म पात्रलाई छोराभन्दा कमजोर, निरीह र तल्लो स्तरको तथा असक्षम प्रमाणित गर्न दबाब सिर्जना गरेको देखिन्छ । उच्चवर्गले निम्नवर्गको खुसी मात्र समाप्त गर्दैन, आफ्नो वर्गीय अभिमान वा दम्भलाई बचाएर राख्ने क्रममा आफ्नै वर्गले निम्नवर्गमाथि दमन गर्नका लागि निम्नवर्गलाई नै हतियारका रूपमा उपयोग गर्छ । ग्रामीण र सहरी क्षेत्रको वर्गीय समाजमा दमन र बेवास्ताले पराकाष्ठा नाघेको हुन्छ । आफ्ना कुनै कार्यबाट निम्नवर्गको चाहनामा घात पुग्ने, शारीरिक रूपमा घाइते हुने तथा उनीहरूको भौतिक क्षति हुन सक्ने प्रबल सम्भावनाप्रति पनि उच्चवर्ग सचेत रहँदैन बरु यस प्रकारका सबै सम्भावनालाई आफ्नो लापरवाहीका माध्यमबाट अवश्यम्भावी तुल्याउँछ । यसरी सहरमा उच्चवर्गले आफ्नो अहङ्कारपूर्ण स्वभाव प्रदर्शन गर्दा निम्नवर्गलाई शारीरिक, मानसिक र भौतिक क्षति पुऱ्याउँछ तर त्यसप्रतिको जवाफदेहिता नलिने हुनाले यस प्रकारको कार्य तथा व्यवहारका कारण निम्नवर्ग प्रताडित हुँदै सीमान्तीकृत अवस्थामा पुग्न बाध्य हुन्छ भन्ने सन्दर्भलाई यस कवितामा कलात्मक ढङ्गले अभिव्यक्त गरिएको छ ।

प्रस्तुत कवितामा नेपाली ग्रामीण क्षेत्रका बासिन्दालाई माध्यम बनाई त्यस क्षेत्रका विषम आर्थिक वर्गका बिचको अवस्थालाई प्रस्तुत गरिएको छ । उनीहरूको कार्य, व्यवहार, चिन्तन, दृष्टि आदि विभेदकारी र पूर्वाग्रही बन्ने हुँदा त्यसबाट निम्नवर्ग पीडित र प्रताडित बन्न पुग्छ । जतिसुकै पीडाको सामना गर्नुपरे पनि प्रतिरोधी क्षमताका अभावमा निम्नवर्ग निरीहता प्रदर्शन गर्न मात्र विवश हुन्छ । यस्तो विकराल परिस्थितिको निर्माणको कारकका रूपमा सामाजिक मान्यता रहेको हुन्छ । उच्चवर्गका सापेक्षता निर्मित सामाजिक मान्यताका आडमा निम्नवर्गलाई बाल्यावस्थाबाटै 'म गरिब छु,त्यसैले असक्षम छु ' भन्ने चेतना भरेर निरीहतातर्फ अभिमुख गरिन्छ भने उच्चवर्गलाई त्यसको ठीक विपरीत 'म धनी छु' त्यसैले सक्षम छु भन्ने चेतना भरेर सक्षम बन्न प्रेरित गरिन्छ । कवितामा गरिबीले सताइका परिवारको मार्मिक अवस्थालाई यसरी चित्रण गरिएको छ :

अनि पुत्रविहीन आमा र मातृ विहीन छोरा
सपनामा सुस्काइरहेकी सानुको कपाल सुम्सुम्याऊदै
विहानी पर्खेर रातभर जाग्राम बस्थ्यौं
तिम्री र तिम्रा साथीहरूको रगत पसीनाले जब एक पहर अँध्यारो ढल्यो
हाम्रो झुपडीमा पनि टुकी अलि धपक्क बल्यो । (पृ.४०)

यहाँ वर्ग भेदको विचारबाट ग्रस्त सहरी समाजमा वर्गअनुसारको मानसिकताको निर्माण गरिन्छ र सम्पत्तिका आधारमा मानिसको स्तर निर्धारण गरिन्छ भन्ने चेतना प्रस्तुत गरिएको छ । त्यस कारण उच्चवर्गले सधैं आफूलाई सौभाग्यशाली र सधैं निम्नवर्गलाई अभागी ठानी विभेदपूर्ण दृष्टि राख्छ र सोही अनुकूलको व्यवहार गर्छ । उच्च र निम्नवर्गका बिचमा विपरीतधर्मी स्वार्थको सम्बन्ध रहने हुँदा दुबै एक अर्काबाट विकर्षित हुन्छन् । निम्नवर्गको दमन, शोषणमा मात्र आफ्नो सफलता देख्ने उच्चवर्गले निम्नवर्गलाई नै प्रयोग गरी निम्नवर्गमाथि नै दमन गर्छ । ज्ञान तथा वर्गीय चेतनाका अभावमा निम्नवर्ग प्रयोगको वस्तु बन्न विवश हुन्छ । उच्चवर्गले आफ्ना कार्य, व्यवहार तथा चिन्तनद्वारा निम्नवर्गलाई जे जस्तो समस्या परे पनि जवाफदेहिता बोध गर्नु नपर्ने परिपाटी स्थापित भएको समाजमा उच्चवर्गको सङ्गत निम्नवर्गका लागि विष र महामारीझैँ हुने र त्यसले प्राण समेत लिन सक्ने संभावना रहन्छ । यसरी  सहरी समाजमा उच्चवर्गका विकृत स्वभाव, चिन्तन, कार्य, व्यवहार आदिद्वारा निम्नवर्ग सीमान्तीकृत अवस्थामा पुगी दुखपूर्ण जीवन भोग्न बाध्य हुन्छ वा पारिन्छ भन्ने तथ्यलाई यस कविताको निष्कर्ष बनाइएको छ ।

यसप्रकार प्रदीप ज्ञवालीका कवितामा जेजस्तो विषयवस्तु र चरित्रको प्रस्तुति छ, तिनका माध्यमबाट द्वन्द्वशील समाजको वास्तविक स्वरूपको अङ्कल गरिएको छ । उनका कवितामा वर्गीय समाजको विभेद कारक तत्त्वका रूपमा स्पष्ट पहिचान गर्न सकिन्छ । यसका लागि उनले भौतिकवादी विश्वदृष्टिकोणको आधार लिएका छन् । कवितामा कहीँ पनि निराशा द्विविधा र संशयले स्थान पाएको छैन । शोषक सामन्तप्रति निरपेक्ष चाप कहीँ पनि प्रस्तुत छैन । उनी श्रमप्रति अनुराग व्यक्त गर्छन् । शोषित पीडित वर्गप्रति सहानुभूति राख्छन् । वर्ग शत्रुप्रति तिक्त घृणा र आक्रोश व्यक्त गर्दछन् । कवि जनसाधारणको आन्दोलनमा साथ र सहयोगको लागि प्रतिबद्ध देखिन्छन् ।

## ३.३.४ 'यो महल' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत 'यो महल' कविता *चिता जलिरहेछ* कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये अर्को एक उल्लेख्य कविता हो । ज्ञवाली आफू बाँचेको युगको समाजको चित्रण गर्न सिद्धहस्त मानिन्छन् । उनले आफ्ना कवितामा युगको यथार्थ तस्विरलाई एउटा रजहाँसले दुध र पानी छुट्याए जस्तै सामन्त वर्ग र निम्नवर्गको जीवन कथालाई चित्रण गरेका छन् । यो कविता

२०६० को आसपासको ग्रामीण समाजमा रहेको वर्गीय विभेदबाट ग्रस्त तत्कालीन नेपाली समाजको स्वरूप प्रस्तुत गर्ने कविता हो ।

'यो महल' कवितामा निम्नवर्गको दमन, शोषणमा मात्र आफ्नो सफलता देख्ने उच्चवर्गले निम्नवर्गलाई नै प्रयोग गरी निम्नवर्गमाथि नै दमन गर्छ भन्ने मार्मिक सन्दर्भलाई प्रस्तुत गरिएको छ। ज्ञान तथा वर्गीय चेतनाका अभावमा निम्नवर्ग प्रयोगको वस्तु बन्न विवश हुन्छ। उच्चवर्गले आफ्ना कार्य, व्यवहार तथा चिन्तनद्वारा निम्नवर्गलाई जे जस्तो समस्या परे पनि जवाफदेहिता बोध गर्नु नपर्ने परिपाटी स्थापित भएको समाजमा उच्चवर्गको सङ्गत निम्नवर्गका लागि विष र महामारीझैँ हुने र त्यसले प्राण समेत लिन सक्ने संभावना रहन्छ । यसरी  सहरी समाजमा उच्चवर्गका विकृत स्वभाव, चिन्तन, कार्य, व्यवहार आदिद्वारा निम्नवर्ग सीमान्तीकृत अवस्थामा पुगी दुखपूर्ण जीवन भोग्न बाध्य हुन्छ वा पारिन्छ भन्ने तथ्यलाई यस कविताको निष्कर्ष बनाइएको छ । यस कवितामा उच्च वर्गीय अत्याचारलाई यसरी प्रस्तुत गरिएको छ :

यो महलको जगमा हाम्रै हाडखोर हालिएको छ
हाम्रै छाला तरेर यसका भित्ता टालिएको छ
अलकत्राभन्दा सस्तो पर्ने भएर हो कि कुन्नी
आज भोलि त यसका चोक र गल्ली पनि
हाम्री रगतले पोत्न थालिएको छ !

प्रस्तुत कवितांशमा निम्नवर्गको दमन, शोषणमा मात्र आफ्नो सफलता देख्ने उच्चवर्गले निम्नवर्गलाई नै प्रयोग गरी निम्नवर्गमाथि नै दमन गर्छ। ज्ञान तथा वर्गीय चेतनाका अभावमा निम्नवर्ग प्रयोगको वस्तु बन्न विवश हुन्छ। उच्चवर्गले आफ्ना कार्य, व्यवहार तथा चिन्तनद्वारा निम्नवर्गलाई जे जस्तो समस्या परे पनि जवाफदेहिता बोध गर्नु नपर्ने परिपाटी स्थापित भएको समाजमा उच्चवर्गको सङ्गत निम्नवर्गका लागि विष र महामारीझैँ हुने र त्यसले प्राण समेत लिन सक्ने संभावना रहन्छ । यसरी  सहरी समाजमा उच्चवर्गका विकृत स्वभाव, चिन्तन, कार्य, व्यवहार आदिद्वारा निम्नवर्ग सीमान्तीकृत अवस्थामा पुगी दुखपूर्ण जीवन भोग्न बाध्य हुन्छ वा पारिन्छ भन्ने तथ्यलाई यस कविताको निष्कर्ष बनाइएको छ। सामन्तको घर बनाउन, घरका सम्पूर्ण काम गरिदिन गरिबहरूको नियति हो । उनीहरूले धनीको कुनै प्रतिवाद गर्न सक्तैनन्, केवल निरीह भएर बस्न विवश हुनुपर्छ भन्ने मार्मिक भाव यस कवितामा प्रस्तुत गरिएको छ ।

'यो महल' नेपाली ग्रामीण परिवेशमा सिर्जित कविता हो । यस कवितामा गाउँको उच्चवर्गले निम्नवर्गलाई आर्थिक रूपमा कमजोर भएकै कारण शोषणका माध्यमबाट सीमान्तीकृत अवस्थामा पुऱ्याएको सन्दर्भलाई प्रमुख विषय बनाइएको छ । यस क्रममा सामन्तले आफ्नो सम्पूर्ण शक्तिको प्रयोग गरी गरिबलाई ज्ञान, शक्ति र आर्थिक हैसियतबाट बिमुख गराएका छन् । त्यसका लागि निम्नस्तरको भाषाको प्रयोग, सम्पत्तिका आधारमा स्तर निर्धारण, प्रभुत्वको प्रयोग, आफ्नो स्वीकृतिबिना गरेको कार्यको अस्वीकार, आफ्नो केन्द्रीयताको निरन्तरता, ईर्ष्या, अघोषित प्रतिद्वन्द्विता, आफूअनुकूल सामाजिक मूल्यको निर्माण र प्रमाणीकरण, निम्नवर्गलाई नै हतियारका रूपमा उपयोग, निम्नवर्गको स्थापित ज्ञानको अन्त्य, निम्नवर्गको परिवारभित्रै आपसी असमझदारीको सिर्जना, निम्नवर्गलाई दमन गर्न सवर्गीकै उपयोग, निम्नवर्गको स्थापित ज्ञानको अन्त्य, निम्नवर्गको परिवारभित्रै आपसी असमझदारीको सिर्जना, रक्षकका रूपमा प्रस्तुत भएर भक्षण गर्ने आदि प्रक्रियालाई उच्चवर्गले उपयोग गरी निम्नवर्गलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ भन्ने यस कविताको निष्कर्ष रहेको छ ।

## ३.४ 'आस्था ओ मेरी प्रिया' कवितासङ्ग्रहका कवितामा वर्गीय प्रतिनिधित्व

प्रस्तुत परिच्छेदमा प्रदीपकुमार ज्ञवालीको *आस्था ओ मेरी प्रिया* (२०५९) दोस्रो कवितासङ्ग्रहमा सङ्गृहीत दुईवटा कविताको विश्लेषण गरिएको छ । प्रस्तुत कवितासङ्ग्रह आजभन्दा ३०-३२ वर्ष अगाडिको नेपाली समाजको शासनव्यवस्थामा रहेको सामाजिक, आर्थिक र सांस्कृतिक संरचनाको यथार्थ रूपलाई चित्रण गरिएको छ । कवि ज्ञवालीको प्रस्तुत कवितासङ्ग्रहमा १३ वटा कविताहरू सङ्गृहीत छन् । ती कविताहरूमध्ये 'एकादेशमा' 'किन रून्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' र 'बिहानीको प्रतीक्षामा' गरी तीनवटा कवितामा वर्गीय प्रतिनिधित्वको विषयवस्तु सघन रूपमा देखिएको हुँदा प्रस्तुत परिच्छेदमा यिनै कविताको मात्र अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

### ३.४.१ 'एकादेशमा' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत 'एकादेशमा' कविता *आस्था ओ मेरी प्रिया* कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये एक सशक्त हो । कवि ज्ञवाली आफू बाँचेको युगको समाजको चित्रण गर्न सिद्धहस्त मानिन्छन् । उनले आफ्ना कवितामा युगको यथार्थ तस्विरलाई एउटा रजहाँसले दुध र पानी छुट्याए जस्तै सामन्त वर्ग र निम्नवर्गको जीवनकथालाई चित्रण गरिएका छन् । देशको

आजभन्दा २१-२२ वर्ष अगाडिको कुरालाई कविले चित्रण गरेर समाज रूपान्तरणको अपेक्षा राखेका छन् । कविले प्रतीकात्मक रूपमा बाघलाई सामन्त वर्ग र झुपडीमा बस्ने किसानलाई निम्नवर्गको प्रतिनिधित्व गराएका छन् । यहाँ सोही वर्गको प्रतिनिधित्व देखाई निष्कर्षमा पुग्ने काम भएको छ ।

'एकादेशमा' कवितामा पहिलादेखिको सुन्दर मानवबस्ती रहेको र त्यो सुन्दर मानव बस्तीमा गरिब, मजदुर र किसानहरूको बसोबास रहेको देखिन्छ । त्यो सुन्दर बस्तीमा गरिबहरूको छुट्टै सपना थियो तर त्यो सपनालाई भत्काउन बारम्बार एउटा बूढो बाघ बस्तीमा छिरिरहन्छ । बस्तीका कमजोर व्यक्तिलाई आक्रमण गर्ने कोसिस गर्दछ । त्यो बाघ भनेको उच्चवर्गको सामन्ती वर्ग हो । जसले शोषणको सधैँ तरबार चलाइरहन्छ । त्यो अभागी बस्तीमा सामन्तले आफ्ना स्वार्थ पूरा गर्नका लागि सधैँ कैँची चलाइरहन्छ । त्यो बाघ जसले सानो झुपडी बस्तीमा छिरेर नागरिकलाई डरमा बाँच्न विवश बनाउँछ । एकदिन त्यो बस्तीमा बाघ छिरिरहन्छ र बस्तीका बच्चालाई मार्दछ । गाउँका सबै मानिसहरू मौन रहन्छन्, आँगन रक्ताम्य हुन्छ र त्यो व्यवस्थाको अन्त्य हुनुपर्छ भन्दै झुपडीका बस्तीका नागरिकहरू क्रान्तिका लागि जागेको भाव प्रस्तुत कवितांशबाट स्पष्ट हुन्छ :

तिनीहरूको बन्दुक बोक्न
मेरो मक्किएको ढाड होइन
तिम्रै कलिलो काँध चाहिन्छ
तिनीहरूको राक्षसी तिर्खा मेट्न
म बूढीको थोत्रो शरीर होइन
तिम्रै बहिनीको उक्षत कौमार्य चाहिन्छ
एकादेशमा त
एउटालाई रिझाए पुग्थ्यो
यहाँ त छोरा
दुईथरि छन् राजाहरू
कसरी रिझाउछौं दुवैलाई
एउटालाई खुशी पार - अर्को आगो बन्छ
एउटाको पूजा गर - अर्को चिहान खन्छ
बीचमा उभिऊ तिमी मूर्ति बनेर

दुवैका आँखाहरू त्यतै सोभिन्छन् काल बनेर
कुप्री बूढीलाई
उठे पनि सुख छैन छोरा
बसे पनि सुख छैन
तै अझै गोली चलेको छैन
निउरो खोजेर जङ्गलबाट
सग्लै फर्किने पाइयो
निमेकको अन्न लुटिएन आज । (पृ.६५-६६)

'एकादेशमा' कवितामा एकादेशमा एउटा सुन्दर बस्ती थियो । त्यो बस्तीमा निम्नवर्ग र मजदुर वर्गहरू बसोबास गर्थे । त्यो बस्तीभित्र एउटा बूढो बाघले बासिन्दाहरूमाथि गरेको ज्यादतीको भण्डाफोर गरिएको छ । एकादेश कविताभित्र रहेको बूढो बाघ सामन्तीको प्रतीकात्मक रूप हो । लक्षणा र व्यञ्जनाको तहबाट एक प्रकारको व्यङ्ग्यात्मक सन्देश प्रवाहित हुन्छ । यस कविताका प्रत्येक पङ्क्ति शब्दहरूको आवृत्ति र समान किसिमका पदहरूको क्रमिक रखाइले विश्लेषणात्मक शैलीमा समाजको वर्ग स्वरूप, चरित्रको विन्यास गरेका छन् । उनी आफ्नै वरिपरिबाट बिम्ब र प्रतीकको चयन गर्छन् । दैनिक व्यवहारिक जीवनको बिम्ब, प्रकृति, समाज,, राजनीतिको बिम्ब र प्रतीक योजनको सुन्दर रसन्तुलित संयोजन र विचलन मुक्त भाषिक पद र पदावली विन्यासले गर्दा उनका कविताले शिल्पगत उत्कर्षता प्राप्त गरेको देखिन्छ । यस परिच्छेदमा मार्क्सवादका यिनै दुवै महत्त्वपूर्ण प्रस्तावनाको आधारमा वर्ग, वर्गीयता र वर्गीय चेतनासम्बन्धी मान्यतालाई अघि सारिएको छ । त्यसै गरी मार्क्सवादी दर्शनको एक विशिष्ट विचारधारामा आधारित प्रगतिवादी साहित्यिक मान्यताअनुसार उत्पादनको मूल आधारले बाह्य संरचना वा अधिरचनालाई प्रभावित गर्ने भएकाले साहित्य, कलामा पनि वर्ग र वर्गभेद, वर्गीय चेतनाको प्रतिबिम्बन हुनु स्वभाविकै हो । यस परिच्छेदमा प्रगतिवादी साहित्यिक मान्यताअनुसार वर्ग, वर्गीय चेतना विश्लेषण गरिएको छ । यस कवितामा श्रमजीवी किसान वर्गमाथि भएको शोषणदमन र त्यसका विरुद्ध उनीहरूमा आएको जागरणको चित्रणद्वारा वर्गीयताको सचित्र वर्णन गरिएको छ । यस कवितामा एउटा सानो झुपडी बस्ती रहेको र त्यो झुपडी बस्तीभित्र आफ्नै खालको संसार थियो र त्यो संसारमा रमाउने, किसान वर्ग तथा श्रमजीवीहरू थिए । साँझ परेपछि बूढो बाघ बस्तीभित्र छिरेर त्रास मात्रै फैलाउने काम गर्छ । बाघको ज्यादति देखेपछि गाउँलेहरू एकजुट भई त्यसको विरोध

गर्न थाल्छन् । यहाँनेर बूढो बाघ भनेर सामन्त वर्गको प्रतीकात्मक अर्थलाई बुझाइएको छ । एउटा बस्ती र बस्तीभित्र बसोबास गरिरहेका गरिब सर्वहारा, श्रमजीवी झुपडी कुरेर बस्ने आमा, छोरा, पल्टन पठाउने वीरबहादुर, पँधेरीमा इज्जत लुटिएकी चेलीले निम्नवर्गको प्रतिनिधित्व गरिरहेका छन् । अझै पनि त्यो बस्तीमा साँझपरेपछि एउटा बूढो बाघ आउने र घरैपिच्छे आहाराको लागि एउटा बाख्रा पठाउनु पर्ने अर्थात् घरमा पालेका पालुवा जनावर अन्नबाली सबै चढाउनु पर्ने बाध्यकारी अवस्था सृजना भएको छ । आँसुले डुबेको त्यो बस्तीभित्र उज्यालो किराण आउने कुरामा विश्वस्त छन् । यसैलाई गरिब, निमुखा वर्गहरू सङ्घर्ष गरिरहेको भाव कविताले झल्काउँछ । समाजमा बस्ने मानिसहरूको मिल्दाजुल्दा स्वार्थ र चरित्रलाई वर्ग भनिन्छ । लेलिनका अनुसार वर्ग मानिसका ती ठूला समूह हुन् जो निश्चित ऐतिहासिक अवस्थाको उत्पादन पद्धतिमा आफ्नो दृष्टिले, श्रमको सामाजिक सङ्गठनमा आफ्नो भूमिकाको दृष्टिले र परिणामस्वरूप सामाजिक सम्पदामा हिस्सा प्राप्तिको आकार र विधिका दृष्टिले एक अर्कामा भिन्न हुन्छन् (आफनास्येम, १९८५, पृ ५९) । उत्पादनमा सामानहरूको साधनप्रतिको सम्बन्धबाट नै सामाजिक उत्पादनमा वर्गहरूको स्थान र भूमिका निर्धारित हुन्छ । सामन्त वर्गका रूपमा रहेका समाजका ठालु भनिने व्यक्तिहरूको शोषण र अत्याचार गर्दा नै समाजमा निम्नवर्गका व्यक्तिहरू निमुखा बनेका छन् । यस्ता सामन्त वर्गले समाजमा रहेका सम्पूर्ण अधिकार आफ्नो हातमा लिएर किसानहरूको आवाद गर्ने, दु:ख दिने, अन्नवाली उठाउने र कुमारी चेलीहरूको इज्जत लुट्ने खालको क्रुर दमन सधैं नै सामन्त वर्गले गरिरेहका हुन्छन् भन्ने तथ्य प्रस्तुत कवितांशबाट स्पष्ट हुन्छ :

एकादेशमा
एउटा अगाभी बस्ती थियो
बस्ती नजिकै थियो ठुलो जङ्गल
जहाँ थियो एउटा बाघ राजा
जो हरेक रात गाउँभित्र छिरेर
सत्यानास पार्थ्यो
आँगनहरू रगतमा मुछिन्थे
चेलीका सिउँदोहरू पुछिन्थे
टुहुरा हुन्थे बालाहरू
आजको छाक

पेटभरि खाऊ छोरा
आज यतिबेलासम्म
कुनै राजा पनि गाउमा पसेको छैन
भाग्यमानी रहेछ, आज यो गाउँ
कसैको घरमा काल खसेको छैन । (पृ. ६६)

प्रस्तुत कवितांशमा हामीले जतिसुकै ठूला-ठूला परिवर्तनका कुरा गरे पनि गरिब र सर्वहारा वर्गलाई हेर्ने दृष्टिकोणलाई परिवर्तन गर्न सकेनौँ भने समाजमा कहिले पनि परिवर्तन हुन सक्दैन भन्ने भाव प्रस्तुत छ । वर्गविभक्त समाज दुईवटा आधारभूत वर्गहरू रहेका हुन्छन् । एक उत्पादन मालिक वर्ग जो उत्पादनका साधनबाट वञ्चित रहेका श्रम शोषण गरेर बिलासी जीवन बिताउँछन् । अर्का कामदार वर्ग जो साधनविहीन हुनाले साधनका लागि श्रम गर्नु पर्ने बलिया वर्ग समाजका बुर्जुक वर्गका रूपमा रहेका छन् । बलियाले निर्धालाई सताउन (आफानस्पेय, १९८५) । 'एकादेशमा' कवितामा रहेको बूढो बाघको निमित्त सामना गर्न लागिरहेका वीरबहादुर, झुपडी कुरेर बसेकी बूढी आमा, लाहुर गएका छोराका बा (हर्क) पँधेरीमा पानी लिन गएकी चेली निम्नवर्गका प्रतिनिधि पात्र हो । पञ्चायत कालमा त एउटा मात्रै राजा र एउटा राजालाई मात्र खुसी बनाउँदा पनि मुखिया खुसी हुन्थे तर अहिले गणतन्त्रमा घरैपिच्छे राजा भएका छन् । एउटालाई खुसी पारे अर्को आगो बन्छ । एउटाको पूजा गर - अर्को चिहान खन्छ । यसरी हेर्दा यस कवितामा 'म' पात्रलगायत झुपडी बस्तीका पात्रले सामन्त वर्गबाट पाएको पीडा अत्यास लाग्दो, कहाली लाग्दो र भयावह रहेको छ । यहाँ पञ्चायतकालदेखि अहिले गणतन्त्रसम्म आइपुग्दा सर्वसाधारण जनतामाथि जनसेवाको नाममा पगरी गुथेका मानवरूपी दानवबाट हुने गरेका अन्याय र अत्याचारलाई देखाइएको छ । वास्तवमा भन्नुपर्दा तत्कालीन समयमा सामन्तहरूले सर्वसाधारण जनतामाथि ठूलो अन्याय र अत्याचार गर्दथे । सामन्तहरूको उर्दी जारी गरेको भरमा आफूले पालेका खसीबोका र श्रमदान मात्रै हैन, छोरीबेटीमाथि पनि गिद्देदृष्टि लाउने गरेको तथ्य प्रस्तुत कविताबाट पुष्टि हुन्छ । यहाँ बाघ सामन्ती वर्गको प्रतीकको रूपमा प्रस्तुत भएको छ भने त्यसको अन्याय अत्याचारको विरुद्ध सम्पूर्ण गाउँले लागेको कुरा यस कविताबाट प्रष्ट हुन्छ ।

## ३.४.२ 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मत्युमा' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत 'किन रुन्छस् कान्छा सपनाहरू अकाल मत्युमा' कविता *आस्था ओ मेरी प्रिया* कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये एक हो । कवि ज्ञवाली आफू बाँचेको युगको समाजको चित्रण गर्न सिद्धहस्त मानिन्छन् । उनले आफ्ना कवितामा युगको यथार्थ तस्विरलाई एउटा रजहाँसले दूध र पानी छुट्याए जस्तै सामन्त वर्ग र निम्नवर्गको जीवनकथालाई चित्रण गरिएका छन् । यसमा देशको आजभन्दा २१-२२ वर्ष अगाडिको कुरालाई कविले चित्रण गरेर समाज रूपान्तरणको अपेक्षा राखेका छन् । सामन्त वर्ग र झुपडीमा बस्ने कान्छालाई निम्नवर्गको प्रतिनिधित्व गराएका छन् यहाँ सोही वर्गको प्रतिनिधित्व देखाई निष्कर्षमा पुग्ने काम भएको छ ।

'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मत्युमा' कवितामा निम्नवर्ग र सामन्त वर्गबीचको प्रतिस्पर्धाको भाव प्रकट गरिएको छ । यसमा आज एक छाकको लागि मानिस किन लडिरहेको छ भन्ने भाव प्रकट भएको छ । मानिस सानो झुपडीमा सीमित भएर सिङ्गो संसारलाई साक्षी राखी लडिरहेको हुन्छ । तर गाउँमा उच्चवर्गका भनाउँदाहरूले निम्न वर्गीय समाजका पात्रहरूलाई चुसिरहने र विभेदको खाल्डोमा परिरहने खेल खेलिरहन्छन् । यस्ता सामन्ती र शोषण दमनका विरुद्ध नयाँ क्रान्तिका पालुवाहरू पलाउनु पर्छ । शान्तिको उज्यालो कोपिलाउनु पर्छ । किरणको वर्षा हुनुपर्छ अनि मात्रै नयाँ समाजको निर्माण सम्भव हुन्छ । यहाँनेर किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा भन्दै म पात्रले सम्पूर्ण युवावर्गहरूलाई त रुनुहुँदैन, अब युवाहरू आफ्नो भविष्य निर्माणको लागि जाग्नुपर्छ भन्दै वीरताको सन्देश दिएको छ, हामी गरिब छौँ तर इमान बेचेका छैनौँ । आफ्नो लागि जस्तो सुकै पनि काम गर्न तयार छौँ । तर मान, प्रतिष्ठा भन्ने कुरा हामी गुमाउदैनौँ भन्दै युवाहरूलाई जागरुक हुन आग्रह गरेको कुरा प्रस्तुत कविताको तलको कवितांशबाट प्रष्ट हुन्छ :

बसेर पिँढीमा टुक्रुक्क
लुकाएर अनुहार दुई घुँडाको बीचमा
उतार्दै टोपी जिउमा भुइँचालो
किन रुन्छस् कान्छा
सपनाहरूको अकाल मृत्युमा ?

यता हेर,
काँस झैँ फुलेका यी केशहरू
बाँस झैँ झुलेका मेरा शरीरहरू
घामले पाकेका छन् र यिनीहरू
र सपना जस्तै थियो त्यो बान्की परेको छ र
सपना जस्तै त थिई तेरी जेठी आमा
र सपनाभन्दा राम्री थिई तेरी बैनी
सबै उडायो पत्कर झै हुरीले
बाँकी रह्यो केबल
एक मुठी खरानी
केबल रित्तिन नसकेको आँखाको पानी
त्यति सजिलै हार्दोरहेछ र कान्छा जिन्दगानी
हेर त,
सिङ्गो युगको साक्षी बनेर
उभिरहेको छु भीरको साल झैँ
म बूढो । (पृ.६०)

'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' कविताको 'म' पात्र एउटा बूढो मान्छे रहेको र ती बूढा पात्रलाई आफ्ना युवा नातिलाई अगाडि बढ्ने प्रेरणा दिँदै गाएको गाथाको रूपमा प्रस्तुत भएको छ । 'म' पात्र अर्थात बूढो मान्छे त अझै सामन्ती विचार र संस्कार ढाल्छु भनेर सतिसालको रुख झैँ ठिङ्ग उभिएको छु, तिमीहरू त जवान युवाहरू छौ, आशाका किरण नयाँ र आफ्ना सपनाहरूलाई जागरुक राख्दै दमन शोषण विरुद्ध लाग भन्दै हौसला दिएका छन् । यो कविता कवि ज्ञवालीले २०५९ सालतिर लेखेको कविता हो । त्यतिखेर नेपालमा जनयुद्धको चरम अवस्था र राजनीति अस्थिरता थियो ।

'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मत्युमा' कवितामा 'म' बूढो मान्छे कविताको नायकको अवस्थामा आएका छन् भने युवाहरू विदेश पलायन हुन आतुर पात्रका रूपमा देखिएका छन् । सामन्ती सरकारको दबदबा र समाजप्रतिको उत्तरदायित्वको कारण उनीहरू विदेश पलायन हुन बाध्य भएका छन् । समाजमा यस्ता वर्गहरू छन् जसमा एउटा वर्गले

परिश्रम गर्छ, माटोमा रगत र पसिना चुहाउँछ तर त्यसको मेहनतको फल चाहिँ अर्को वर्गले उपयोग गर्छ । यस कवितामा किसान वर्ग, श्रमजीवी जनयुद्धमा मरिएका, युवाहरूको गाथाहरूलाई समेटिएको छ । सानो घुमाउने घर, सुन्दर बस्ती, लहलाउँदा बाली ती सबै सपनाजस्तै भएका छन् । आज कुनै पनि युवा गाउँमा छैनन्, सुन्दर बस्तीहरू आज सबै उजाड छन् । आज कुमारी बहिनीहरूको कौमार्य लुटिएको छ, साँच्चै बस्तीमा आज भुइँचालो आएको छ भन्दै बूढो पात्रले सबै युवाहरूलाई सम्झाएका छन् । अब पुरानो पातहरू झर्नु पर्छ र नयाँ पातहरूको पालुवा पलाउनुपर्छ भन्दै सामन्तको विरुद्धमा विद्रोह गरेको देखिन्छ । प्रस्तुत कवितामा सर्वहारा किसान, जोताहा, कौमार्य चेली, मुद्दामा पसेका नौजवना युवाहरू र तल्लो वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा उपस्थित भएका छन् ।

प्रारम्भिक मानव समाज साम्यवादी स्वरूपको थियो । त्यतिखेर व्यक्तिगत स्वामित्व वर्ग, शोषणजस्ता कुराहरू अस्तित्वमा थिएनन् । मानवीय श्रम र त्यसको उपलब्धिको भौतिकताले मानव समाजलाई बिस्तारै वर्गीय बनाउँदै लग्यो, मानव जातिको विकासक्रमसँगै उत्पादक शक्तिहरूको पनि विकास हुँदै गएअनुसार र श्रमको उत्पादनमा वृद्धि फलस्वरूप मानिसहरूले उपभोगभन्दा बढी उत्पादन गर्न थाले । भौतिक सम्पत्तिले सञ्चय गर्ने र उत्पादनका साधनहरूमा प्रभुत्व जमाउने सम्भावना उत्पन्न भयो । अहिलेको बढ्दो श्रम विभाजन र व्यापारको विकासले यसमा ठूलो मद्दत पुऱ्यायो (आफानास्येय, १९८५, पृ. ५९) । 'किन रुन्छस् कान्छा सपनाहरू अकाल मृत्युमा' कवितामा समाजका टाठाबाठा तथा कुलीन वर्गका मानिसहरू सर्वहारा वर्गको श्रमशोषण गरी धनी बन्दै गए । उतीहरूले कमजोर वर्गलाई उत्पादनका साधन र स्वामित्वमा वञ्चित मात्र गराएनन् कि जनसेवाका नाममा पगरी गुथेर पञ्च, साहुमहाजन र सामन्तहरू बिहानबेलुका हातमुख जोर्न, धौधौ भएका जनतासँग सरकारी कर्मचारी सेवाबापतको घुस खाने सोझासादा जनतासँग नोट देखाएर भोट माग्ने, आफू पछि सत्तामा पुगी सकेपछि भोट र नोट दुवै बिर्सने परिपाटीले पनि जनताको जीवन सुध्रन नसकेको स्थिति देखापरेको सन्दर्भलाई यसमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत कवितामा सामन्तको छत्रछायामा रहेर छोरीचेलीको इज्जत लुटिएको छ, देश परिवर्तनका लागि मुद्दामा होमिएका युवाहरू फर्केर वा आएका छैनन्, जिउदै छ कि मरेका छन्, त्यसको कुनै पत्तो छैन, श्रीमान् मरेका नौजवानीहरूको सिउँदो खाली छ, बैसले धपक्क बलेको युवतीहरूको शरीरमा सेतो वस्त्र ढाकिएको छ । यस्तो अवस्थामा पुऱ्याउने ती

राक्षसीहरूको विरुद्धमा अब आवाज उठाउनु पर्छ भन्दै यस कविताको 'म' पात्रले युवाहरूलाई सम्भाएको छ । ज्ञवालीको यस कवितामा जे-जस्ता विषयवस्तु, चरित्रको प्रस्तुति छ, तिनले समाजको यथार्थको अङ्कन गरेको छ । यसमा समाजको वर्गीय विभेदको कारक तत्त्वको खोजी गरिएको छ । यसका लागि उनले भौतिकवादी विश्व दृष्टिकोणलाई अँगालेका छन् । उनका कवितामा कही पनि निराशाको स्वर छैन । यस कवितामा समाजबाट टिपेर प्रस्तुत गरिएका नकारात्मक चरित्रलाई जीवनबोधी, वैचारिक हतियार बोकेका आन्दोलनकारीले परास्त गराइछाड्ने द्वन्दात्मक भौतिकवादको अकाट्य तर्क प्रस्तुत छ । विश्व दृष्टिकोणका आधारमा यस कवितामा अभिव्यक्त वर्गीय चेतनाको विश्लेषणका लागि यस कवितामा राजनीतिक र सामाजिक यथार्थ अङ्कन भएका विषयवस्तु सकारात्मक र नकारात्मक चरित्र तथा कवि स्वयम्को निजी अनुभूतिलाई आधार बनाएको देखिन्छ । यसरी हेर्दा उनका सम्पूर्ण कवितामा वर्गीय प्रतिनिधित्व अर्थात् प्रगतिवादी जीवन चेतनाको अभिव्यक्ति पाइन्छ । एकदिन सर्वहारा वर्गको अधिकार कायम भई छाड्ने कविको दृढ  विश्वास यस कविताको यी कवितांशबाट छर्लङ्ग देखिन्छ :

कान्छा
पातहरू भर्छन्
नयाँ पालुवा पलाउँछन् पनि
ताराहरू अस्ताउँछन्
राता बिहानीहरू उदाउँछन् पनि
सबैथोक गुमेर के भो र तेरो
भविष्य त बाँकी नै छ नि कान्छा
बार्नु पर्दैन बर्खी
आढ्नु पर्दैन शोकको घुम्टो
भुठा सपनाहरू त मर्नु नै थियो
कि रून्छस् कान्छा
सपनाहरूको अकाल मृत्युमा । (पृ.६०)

'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मत्युमा' कवितामा समाजमा श्रमजीवी, सर्वहारा वर्ग नै हुने भविष्यवाणी गरिएको छ अर्थात् पालुवाहरू फेरि पलाउनेछन् भनिएको छ । यहाँ रातको सट्टा बिहानीहरू आउनेछन्, आशाको दियोहरू बल्नेछन् भन्ने कुरामा म पात्र

विश्वस्त छ भन्दै कविले हरेक बस्तीमा धनी र गरिब अर्थात् शोषक र शोषित रहने, उनीहरूबीच द्वन्द्व हुने द्वन्द्वात्मक भौतिकवादी नियमलाई अत्यन्तै सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ। धनीहरू आफूलाई सभ्य ठान्छन् र हेर्दा उनीहरूबीच झै-झगडा देखिँदैन, ईर्ष्या देखिँदैन तर सबैभन्दा बढी प्रतिस्पर्धा उनीहरूबीच नै भइरहेको हुन्छ भन्ने तथ्य उद्घाटित यस कवितामा स्पष्ट रूपमा भौतिकवादी दृष्टिकोण अभिव्यक्त छ। यस कवितामा एकदिन सम्पूर्ण शोषित पीडित अटाउने न्यायमूलक, समतामूलक वर्गीय विभेदमुक्त विश्वको निर्माण हुने आदर्श स्वप्न प्रस्तुत गरिएको छ। यही विश्व दृष्टिकोणका कारण उनको यस कवितामा वर्गीय चेतनाको भाव टड्कारो रूपमा अभिव्यक्त हुन पुगेको देखिन्छ।

'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' कवितामा 'म' पात्रको प्रतिनिधि भूमिका रहेको छ। कविताको 'म' पात्र महाभारतको बर्बरिक जस्तै रूपमा उभिएका छन्। उनी पर बसेर ती सबै दृश्यहरू हेरिरहेका छन्। जसले चाहेर पनि केही गर्न सकेको अवस्था छैन तर गाउँका युवापुस्ताहरूलाई ढाडस दिने प्रयत्न गरेको छ, हे युवा 'म' त बूढो भएर तिनीहरूसँग मुद्दा गर्न जान सक्ने परिस्थिति छैन। तर के युवा तिमीहरू अब जाग्नुपर्छ, सामन्ती शोषकका विरुद्ध लड्नु पर्छ भन्दै प्रेरणा दिएका छन्। प्रदीप ज्ञवालीले यस कवितामा गाँस खान र एकसरो लगाउनु पनि सधैँ सङ्घर्ष गर्नुपर्ने तथा दिनहुँ आफ्नो श्रम र पसिना बिनामूल्य चुकाउनुपर्ने शोषित किसानहरूको वास्तविक तस्विर उभ्याउँदै समाजमा रहेका कुरुपताहरूको चिरफार गरेका छन्। कवितामा नेपाली समाजमा रहेका शोषक र सामन्त वर्गले सधैँ किसान वर्गलाई चर्को व्याजदरमा ऋण प्रवाह गरी घरखेत नै जफत गरेर उठीबास लगाउने प्रवृत्तिको अन्त्य गर्ने कुरा आएको छ। आफूलाई शासक र मालिक ठान्ने वर्गको बडापनका दृष्टान्त पनि यस कवितामा प्रस्तुत गरिएको छ। समाजमा गरिबी, उत्पीडन असहायपन तथा चरम खालका दीनहीन अवस्था त्यत्तिकै जन्मदैन। यसका पछाडि राज्यको अवस्था र समाजका संरचना नै ठिक नभएर किसानले सधैँ अत्याचार सहनु परेको र दमित हुनुपरेको कुरालाई प्रष्फुटन गर्न कवि यस कवितामा अग्रसर भएका छन्।

## ४.३.३ 'बिहानीको प्रतीक्षामा' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत 'बिहानीको प्रतीक्षामा' सहिदहरूको सम्झनामा आधारित भएर लेखिएको कविता हो। १०४ वर्षे जहानियाँ राणाशासनको अन्त्यपछि देशमा व्यवस्थामा परिवर्तन आउँछ भन्ने कुरामा जनता विश्वस्त थिए। यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये 'बिहानीको

प्रतीक्षामा' कवितामा निरङ्कुश सत्ताविरुद्धको आन्दोलनले उत्कर्षता प्राप्त गर्दै जाँदा देखिएको सत्ताको बर्बर दमनकारी चरित्र र यसका विरुद्ध आन्दोलित जनसमुदायको मनस्थितिलाई चित्रण गरिएको छ ।

'बिहानीको प्रतीक्षामा' कवितामा सत्ताको फोहोरी राजनीतिसँग देखिएका विकृति, विसङ्गतिजन्य समस्याहरू हटाउन अब सहिदलाई सम्झेर केही नहुने कुराको प्रस्तुति छ । २०४६ सालको ऐतिहासिक आन्दोलनको परिणामस्वरूप पञ्चायत व्यवस्थाको अन्त्य, बहुदलीय संसदीय व्यवस्थाको सुरुवात भएपछिको खुल्ला राजनीतिक परिदृश्यमा क्रमशः अस्वस्थकर, विकृत, अनैतिक, सत्ता सङ्घर्षले बढावा पाएको देखिन्छ । यस क्रममा जनताबीच लोकप्रिय, जनताको भरोसा आशाको केन्द्र बन्न पुगेका राजनीतिक शक्तिहरू सत्ता स्वार्थको दलदलमा फसी आफ्नो अस्तित्व गुमाउन थाल्छन् । यस कवितामा राजनीतिक घटनाक्रममा जनताका छोराहरूको सामन्तले कसरी निर्दयी तरिकाले हत्या गरे भन्ने कुरालाई स्पष्ट पारिएको छ । १९९७ मा चार सहिदहरूलाई निर्मम तरिकाले हत्या गरेपछि देशमा नयाँ आन्दोलन सुरु भएको सन्दर्भ यसमा प्रस्तुत भएको देखिन्छ ।

'बिहानीको प्रतीक्षामा' कवितामा देशमा नयाँ आन्दोलन सरु भएको सङ्केत गरिएको देखिन्छ । राणाशासन र पञ्चायती शासनको अन्त्यपछि देशमा नयाँ व्यवस्था आउँछ भन्नेमा जनता ढुक्क थिए, तर कुनै पनि व्यवस्था परिवर्तन नभएको अवस्थालाई यस कवितामा चित्रण गरिएको छ । यस कवितामा 'म' भन्ने पात्रको मनमा एकखालको द्वन्द्व उत्पन्न भएको छ । देशको लागि धेरै दुःख गरेको तर कुनै परिवर्तन नभएको अवस्था देखेर 'म' पात्र चिन्तित भएको कुरा प्रस्तुत कविताको तलको कवितांशले जनाउँछ :

कति दुःखले ठड्याएको मैले मेरो सानु घर
तर राक्षसी पाइतालाहरूले कुल्चिएर भताभुङ्ग पारे
काला पहाडहरूले थिचेर पातालैसम्म झारे
अनि चहऱ्याइरहको मुटुलाई थामेर
मैले पूर्वतिर हेरिरहें, एकनास हेरिरहें । (पृ २)

माथिका कविताका हरफमा गरिबले धेरै दुःखले आर्जेर बनाएको घर पनि सामन्तीले ढलाइएको छ । सामन्ती र पञ्चायतीहरूको कुरा नमान्नाले गरिबमाथि चरम शोषण भएको छ । गरिब देशमा जन्मिएका कारण बिहान बेलुका हातमुख जोर्न अप्ठयारो परेको अवस्थामा

गरिबकै घर भत्काइदिने राक्षसी प्रवृत्ति देखाइपछि 'म' पात्रको मनमा द्वन्द्व उत्पन्न भएको देखाइएको छ तर म पात्रलाई यहाँनेर कमजोर बनाइएको छ । आफ्नो घर सामन्तहरूले भत्काउँदा पनि उसले कुनै प्रतिकार गर्न सकेको छैन, मात्र टुलुटुलु हेरेर बसेको छ । यसरी यो कविता देश परिवर्तनको लागि आन्दोलनमा उत्रिएका वीर सपूतहरूको लागि समर्पित भएर लेखिएको कविता हो । यसमा नेपालमा विभिन्न परिवेशमा आन्दोलन भए तर ती आन्दोलनको खासै उपलब्धि नभएको कुरा दर्साइएको छ ।

'बिहानीको प्रतीक्षामा' कवितामा कविको उद्देश्य स्पष्ट छ। राज्यसत्ता आफैंले फैलाएको राज्य आतङ्कलाई यहाँ अँध्यारो रूपमा प्रस्तुत गरिएको छ । यही आतङ्कको आडमा जोसुकैमाथि र जहिले जे पनि गर्न सकिने सत्ताको बर्बर दमनचक्रलाई यस कविताले स्पष्ट पारेको छ ।

'बिहानीको प्रतीक्षामा' कवितामा पञ्चायती बर्बर दमन, आतङ्ककारीबीच पनि न्याय, स्वतन्त्रता, अधिकार प्राप्तिका लागि आन्दोलित जनसाधारणमा सङ्घर्ष र क्रान्तिप्रतिको उत्कृष्ट चाहना देखाइएको छ । त्यसैले आफ्ना कविताका माध्यमबाट कवि नेपाली समाजको वर्ग चरित्रका उद्घाटनमा रुची राख्छन् । कविले २०३६ देखि २०४७ सालसम्मको नेपाली राजनीतिक र सामाजिक विषयवस्तुलाई टपक्कै टिपेर आफ्ना कवितामा प्रयोग गरिनुको मूल प्रयोजन नेपाली समाजका विद्यमान वर्गीय विषयता प्रस्तुत गर्नु हो । त्यसैले विषयवस्तुगत हिस्साबाट उनी समाजमा विद्यमान वर्गीय विषमताको अन्त्यन्त सफल देखिन्छन् । यही वर्गीय विषमताभित्र सत्ताको निरङ्कुश चरित्र प्रस्तुत गर्नु, न्याय, समानता र श्रमिकहरूको राज्यसत्ता प्राप्तिको लागि थालिएको प्रतिरोध, सङ्घर्ष र आन्दोलनको पार्श्वचित्र प्रस्तुत गर्नु, सत्ताका मतियारहरू, सम्झौतापरस्त, ढुलमुले अवसरवादी चरित्रको उद्घाटन गर्नु नै यस सङ्ग्रहमा सङ्ग्रहित कविताको मूल उद्देश्य रहेको देखिन्छ । यो उद्देश्यलाई स्पष्ट पार्न कविले आफू र आफ्नो दृष्टिकेन्द्रित पाएको विश्वदृष्टिकोण पनि प्रस्तुत गरेका छन् । सोही अनुरूपको परिवेश र चरित्रको चयन गरेका छन् भन्ने कुरा उक्त कवितामा प्रस्तुत तलको कवितांशले स्पष्ट पारेको छ :

> रुन त म प्रशस्तै रोइसकेकी छु यो विगतमै खसमको सम्झनामा ।
> आफ्नो छोरीको सम्झनामा ।
> तर मेरा आँशु झरीले पहरा रसाउन सकेन

त्यसैले मैले अब छाती पिटेर विलाप गर्ने छैन मेरो छोरा मारिए पनि
मेरो आस्था मारिएको छैन, मेरो भावना मारिएको छैन
त्यसैले मलाई बन्दुकले तर्साउन खोज्ने लाछीहरू हो
सुन कान खोलेर सुन
रगतको तर्पण दिएर जनआन्दोलनको ज्वाला
मत्थर पार्ने तिमीहरूको आशा
मध्ये दिउसोको सपना हो
सक्ने छैनौ, अहँ कदापि सक्ने छैनौ तिमीहरू
साउने गण्डकीलाई छेकी राख्न
प्रत्येक वीरको रगत बलिवेदीमा घ्यू बनेर
होमिन्छ र आगो दन्किन्छ दन्दन्ती । (पृ.५१)

'बिहानीको प्रतीक्षामा' कविताको उद्देश्य राज्यसत्ता आफैँले फैलाएको राज्य आतङ्कलाई यहाँ अँध्याराको रूपमा प्रस्तुत गर्नु हो । यही आतङ्कको आडमा जो सुकैमाथि जहिले जे पनि गर्न सकिने, सत्ता आफैँले फैलाएको राज्य आतङ्कलाई यहाँ अध्यारोको रूपमा प्रस्तुत गरिएको छ । यही आतङ्कको आडमा जो सुकैमाथि जहिले जे पनि गर्न सकिने सत्ताको बर्बर दमनचक्रलाई यस कवितांशले स्पष्ट पारेको छ । त्यसै गरी पञ्चायती बर्बर दमन, आतङ्कका बीच पनि न्याय, स्वतन्त्रता, अधिकार प्राप्तिका लागि आन्दोलित जनसाधारणको सङ्घर्ष, क्रान्तिप्रतिको उत्कृष्ट चाहनाको प्रस्तुतिका दृष्टिले यो कविता अत्यन्तै मार्मिक बन्न पुगेको छ । यस कवितामा निम्नवर्ग अर्थात शोषित वर्गको प्रतिविम्बित गरिरहेकी 'म' पात्रभित्र आन्तरिक द्वन्द्वले वास गरेको छ । यहाँ 'म' पात्र एक निडर सशक्त नारी पात्रको रूपमा देखिएको छ । देशको लागि आहुति दिने आफ्नो खसमलाई पनि मारिदिएको देश परिवर्तन गर्न राणाविरुद्ध, पञ्चायत विरुद्ध आन्दोलनमा लागेको देशभक्त छोरा/छोरीलाई पनि यातना दिएको लाछीहरूसँग अब कुनै डर नभएको भन्दै उनले प्रतिरोध गरेकी छिन् । यहाँनेर कविले सामन्ती, शोषक भन्नाले राणा, पञ्चायतीहरूलाई भन्न खोजेका छन् । शोषित वर्ग भन्नाले भोका, गरिब, सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने व्यक्तिलाई जनाएको छ । 'म' पात्र अर्थात् आमा जसको मनभित्र सामन्तीको विरुद्ध द्वन्द्व उत्पन्न भएको छ । उनले आफ्नो आस्थालाई कुल्चेर देशको ढुकुटी रित्याउने, देश बेच्ने दलालहरूको विरुद्ध आवाज उठाएकी छिन् । उनले आफ्नो छोरा मारिएपछि पञ्चायती र शोषक राणाहरूलाई आफ्नो कुरा कान खोलेर सुन्न

आग्रह गरेकी छिन् । उनले यसमा रगतको तर्पण दिएर जनआन्दोलनको ज्याला मथ्थर पार्ने तिमीहरूको आशा दिउँसो सपना हो भन्ने आवाज उठाएकी छिन् । यस कवितामा सामन्तहरूले गरिब र सर्वहाराको रगत, पसिना, निरन्तर चुसिरहे र अन्तिमसम्म पनि त्यसको मूल्याङ्कन नभएपछि 'म' पात्र अर्थात् आमाले बदलाको प्रतिशोधको भावना लिँदै मैदानमा उत्रिएकी हुन् ।

## ३.५ 'बिनासालिकका नायकहरू' कवितासङ्ग्रहका कवितामा वर्गीय प्रतिनिधित्व

*बिनासालिकका नायकहरू* कवितासङ्ग्रह २०७३ सालमा प्रकाशित प्रदीपकुमार ज्ञवालीको दोस्रो कवितासङ्ग्रह हो । प्रस्तुत कवितासङ्ग्रहका कवितामा आजभन्दा ८-१० वर्ष अगाडिको नेपाली समाजको शासन व्यवस्थामा रहेको सामाजिक, आर्थिक र सांस्कृतिक संरचनाको यथार्थ रूपलाई चित्रण गरिएको छ । कवि ज्ञवालीको प्रस्तुत कवितासङ्ग्रहमा जम्मा ३१ वटा कविता सङ्गृहीत छन् । ती कविताहरूमध्ये 'पसल छेउ उभिएकी केटी', 'विद्रोहको आँगनमा लाटो कामी', 'मरुभूमिको बलेनी', 'हामी बेनामीहरू', 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' र 'इतिहासको मिर्मिरेमा', 'म कर्नाली' र 'बिटुलिएको झुपडी' गरी आठवटा कवितामा वर्गीय प्रतिनिधित्वको विषयवस्तु टड्कारो रूपमा देखिएको हुँदा प्रस्तुत परिच्छेदमा यिनै नमुना छनोट गरिएका कविताको मात्र विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

### ३.५.१ 'पसलछेउ उभिएकी केटी' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत 'पसलछेउ उभिएकी केटी' कविता *बिनासालिकका नायहरू* कवितासङ्ग्रहभित्रकै सशक्त कविता हो । सामाजिक यथार्थवादमा आधारित रहेर लेखिएको यस कवितामा सर्वहारा वर्गको प्रतिनिधित्व गराइएको छ । नेपाली जनजीवनको पीडालाई यथोचित ढङ्गले पाठकसामु प्रस्तुत गर्ने काम यस कविताले गरेको छ । यसमा सहरिया ठालु, महाजनहरूका थिचोमिचोमा परेका निम्न वर्गीय नेपालीहरूको जीवन भोगाइका पक्षहरूलाई समेटिएको छ । नेपाली जनजीवनको पीडालाई यथोचित ढङ्गले पाठकसामु प्रस्तुत गर्ने काम यस कविताले गरेको छ । पसलको साहु र ठालुहरूको थिचोमिचोमा परेका निम्नवर्गीय नेपालीहरूको प्रतिनिधित्व गराइएको यस कविताको पात्र, पसल छेउ उभिएको केटीले निम्नवर्गको प्रतिनिधित्व गरेकी छ । पसल साहु र जेरीपुरी बेच्ने महाजनले गरिबहरूको पसिना र श्रम चुसेका छन् । यदि कानुन र प्रशासनलाई जनताका विरुद्ध अन्यायमा अग्रसर गराइन्छ भने तिनीहरूका विरुद्ध लड्न जनता सचेत र सक्षम भएको कुरालाई यस कवितामा देखाएको छ । यस कवितामा

उच्चवर्गले निम्नवर्गमाथि गरेको अन्याय, अत्याचार, शोषण, दमन देखाइएको र त्यसको प्रतिकार गर्न नसकी उभिएर बसेकी एउटी निम्नवर्गकी निरीह केटीलाई पात्रका रूपमा उभ्याइएको छ ।

'पसलछेउ अभिएकी केटी' कवितामा पसल साहु, महाजन उच्चवर्गको प्रतिनिधि पात्र हुन् भने पसल छेउ उभिएकी केटी, गिट्टी कुट्न नसकेकी आमा जीविकोपार्जन गर्ने श्रमजीवी वर्गका प्रतिनिधि पात्र हुन् । यस कवितामा नेपाली समाजमा रहेका सामन्त वर्गका व्यक्तिहरूको हातमा जग्गाजमिन, धनसम्पत्ति कानुन एवम् सम्पूर्ण कुरा तिनको अनुकूल हुने खालको हाम्रो सामाजिक संरचना रहेको कुरा प्रस्ट पारिएको छ । पसल साहु र जेरीस्वारी बेच्ने महाजन यो समाजका उच्चवर्गका पात्र हुन्, जसले समाजमा पिल्सेर रहेका गरिब र सर्वहारा वर्गको रगत र पसिना चुसेर भए पनि धनी भई नै रहन्छन् । महाजन र साहको वचन सुनेर पनि कुनै प्रतिक्रिया जनाउन नसकेकी पसलछेउ उभिएकी केटी र गिट्टी कुट्ने आमा यो समाजका निम्नवर्गका निरीह पात्र हुन्, जसले आफ्नो आवाज उठाउन पनि ठूला भनाउँदाहरूको अनुहार हेरेर चुपचाप बस्नु पर्ने बाध्यता छ । उनको यस कवितामा आर्थिक अभाव र गरिबीका कारण कष्टप्रद जीवन भोग्न बाध्य श्रमजीवीहरूको आवाजलाई उठान गरिएको छ । आफ्नो स्वामित्वमा सम्पत्ति तथा कुनै व्यापार, कुनै खेती योग्य जमिन नभएको र साहु महाजनकामा काम गर्न जानुपर्दाको पीडा र गरिबीका कारण यिनीहरूलाई एक पेट खान, एक झुम्रो लगाउन र दुई प्रहर रात काट्न पनि धौधौ परेको कुरा प्रस्तुत कवितामा रहेको निम्नलिखित कवितांशमा प्रस्ट पारिएको छ :

थाहा छैन कसको अँगेनामा
किन उम्लिएर पोखिन्छ
र किन पाउँदिन उसले
किन्न पनि एक मुटी दूध ?
मुटु पग्लिएर खस्नै लागेका
शीतका थोपाहरू
बाफ बनेर उडिरहेका कराहीको दूध
शिरीषका पातझैँ हल्लिरहेका ओठ
लाम्टा चुस्ताचुस्तै बेहोस भएको भाइ

हातमा दुई रुपैयाँको ढ्याक लिएर पसलछेउ
उभिएकी केटी । (पृ.३)

'पसलछेउ अभिएकी केटी' कवितामा प्रयुक्त पात्र पसल साहु र साहूमहाजन र पसलछेउ उभिएकी केटी, गिटी कट्ने आमा हुन् । पसलछेउ उभिएकी केटी र गिट्टी कुट्ने आमा सर्वहारा वर्गको प्रतिनिधि गर्ने पात्र पनि हुन् । उनीहरू भुदासत्वमा पिल्सिएका श्रमिक वर्ग हुन् । श्रम र श्रमको मूल्याङ्कनमा देखापरेको भिन्नताका कारण उनीहरू शोषितपिडित सर्वहारा भएर बाँच्न बाध्य छन् । समाजमा उत्पादनका कारण साधनमाथि स्वामित्व नभएका पसलछेउ उभिएकी केटीले उत्पीडित वर्गको प्रतिनिधित्व गर्दै उत्पादनका निम्नि चर्को श्रम गरेका छन् तर यस वर्गले उत्पादनको उपभोग न्यूनतम रूपमा पनि गर्न पाएका छैनन् । यहाँ गिट्टी कुट्ने आमा श्रमिक महिला हुन् । यहाँ गिट्टी कुट्ने आमा र पसलछेउ उभिएकी केटीले गरेको श्रमको कुनै मूल्य छैन । कसैको अँगेनामा दूध उम्लेर जाँदा पनि त्यसको मूल्य छैन, कसैले दूध किन्छु भन्दा पनि दूध किन्न समेत पाउँदैन यति सानु छोरा, दूधको लाम्टा चुस्दाचुस्दै बेहोस हुन्छ, उता महानजको घरमा शीतका थोपाहरू जस्तै बाफ बनेर उडिरहेको दूधको मूल्य नुहुनमा समाजमा श्रमको खाडल र उच्चवर्गको दवदबा कतिसम्मको रहेछ भन्ने कुरा स्पष्ट हुन्छ । यस कवितामा रहेका सोझा र श्रमिक वर्गहरू सधैँ तल रहेका छन् । शिक्षा र चेतनाको कमी हुनाले सुरुमा सामन्ती समाजभन्दा पृथक समाज खोज्दै आएका श्रमिक वर्गहरूको सम्मान नभएको अवस्थालाई यसमा देखाएको छ । माओको सिद्धान्तअनुसार योजनाबद्ध तरिकाले सामन्तको अन्त्य गरी वर्गीय मुक्ति दिलाएझैँ नदेखिए पनि पटकपटक दुःख दिएर सोझासादा श्रमिक वर्गहरूको रगत र पसिनाको शोषण गर्न चाहने पसल साहु जस्ता सामन्तको अन्त्य गरेर श्रमिक वर्गको वर्गीय मुक्ति दिलाउन सन्देश प्रवाह गर्ने यो सफल कविता हो ।

यसरी प्रदीप ज्ञवालीले 'पसलछेउ अभिएकी केटी' कवितामा परिश्रमी श्रमिक वर्गहरूको रगत, पसिना र विद्रोहको चित्रण छ । यस कवितामा श्रमिक वर्गहरूले आफ्नै वर्गीय पहिचान खोज्न सफल भएको सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

## ३.५.२ 'विद्रोहको आँगनमा लाटो कामी' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

'विद्रोहको आँगनमा लाटो कामी' कविता प्रदीप ज्ञवालीको नेपाली सामाजिक संरचनामा देखापरेको निम्न वर्गीय विषयवस्तुमा आधारित प्रगतिवादी कविता हो । यस कवितामा सामन्तहरूको दासत्वबाट मुक्त हुने आकाङ्क्षा लिएर दासत्वलाई कसरी अन्त्य गर्ने भन्ने विषयमा चिन्तन गरिएको छ । देशमा प्रजातन्त्र आए पनि सोझा गरिब निमुखाहरूको जीवनशैलीमा कहिल्यै परिवर्तन भएन र देशमा प्रजातन्त्र छरपस्टझैँ पलाए पनि समानताको कमीले दुई छाक हातमुख जोर्ने वातावरण मिलाउन सकेको छैन । बालबालिकालाई पेटभरी खाना खुवाउन सकेको छैन । एउटा लाटो कामीले श्रीमतीको उपचार गर्न सकेको छैन । उच्च जातीय दमनका दबदबा अझै पनि समाजमा कायम रहेको कुरा यस कवितामा उल्लेख छ । यसमा आङ खसेकी कमिनी भाउजु र चामलको सिताहरूको माछा छोप्न दिनहुँ खटिरहने लाटो कामी निम्नवर्गका प्रतिनिधि पात्र हुन् ।

'विद्रोहको आँगनमा लाटो कामी' कवितामा 'ऊ' बार्दलीमा बसेर सोझासादा निमुखाहरूलाई दमन गरिरहने पात्र हो । मुखियाको आँगनमा उभिएर मन्त्र पढिरहेको गाउँका लाटो कामी निम्नवर्गको प्रतिनिधित्व गरेको पात्र हो । यसरी हिजो घटेका यथार्थ घटनाका सन्दर्भमा लेखिएका प्रदीप ज्ञवालीले आजको यथार्थतालाई पनि देखाउन सफल भएका छन् । आज पनि विश्व सर्वहारा वर्गको प्रतिनिधित्व गरिरहेका उनका कविताहरूले सामन्ती शोषण र गरिबीको पीडालाई सफल रूपमा प्रस्तुत गरेका छन् । गरिबीका कारण जनताले बाँच्नका लागि भोग्दै र व्यहोर्दै आएका दर्द र पीडाका घटनालाई उनले आफ्ना कवितामा समेटेका छन् । समाजमा रहेका सामन्त साहु महाजनहरूको दासत्वबाट उम्कन गरिब नेपालीहरू विदेश गएर सम्पत्ति आर्जन गर्ने आशामा उतै बेपत्ता भएपछि तिनका परिवारले सामन्तकै कारण गाउँ छाडेर भाग्नुपरेको, धनी वर्गले गरिबलाई हेर्ने दृष्टिकोण फरक रहेको यथार्थता पनि यस कवितामा झल्किएको छ । देशमा विभिन्न तरिकाले परिवर्तन आए पनि दलित वर्ग त्यसमा पनि आर्थिक रूपमा पिछडिएको वर्गले अझ न्याय पाउन नसकेको कुरा यस कवितामा स्पष्ट चित्रण गरिएको छ । कवितामा प्रस्तुत तलको कतिांशले यस कुराको पुष्टि गर्छ :

> आङ खसेकी कमिनी भाउजु
> र काँपेका ओठहरूबाट मौन गीत गाउँदै

रेफ्री बनेर उभिइरहन्छ
हाम्रो गाउँको लाटो कामी ।
पहेलिएर झरे निर्दलीय पातहरू
र पलाइसके हरिया 'प्रजातान्त्रिक मञ्जरीहरू'
तर ऊ त बगरको ढुङ्गोझैँ
कि त आँगनको सिखो बेलौतीझैँ
उभिएको छ, उसैगरी ठिङ्ग
कालो बादललाई चिरेर
पूर्वको आकाशमा रातो घाम झुल्किए पनि
मरुभूमिको बहिनी जस्तै छ उसको करेसाबारी
कटेरामा रोइरहेको थारो पाडी
ऊ आज पनि बाली उठाउन
बराजुका कुकुरहरू भुकाइरहेको छ
घर-घर डुल्दै हात पसारी रहेको छ
अलि धेरै देउन, केताकेटी मल्न जागे
मुखियाको आँगनमा उभिएर मन्त्र पढिरहेको छ
हाम्रो गाउँको लाटो कामी ! (पृ.९)

'विद्रोहको आँगनमा लाटो कामी' कवितामा आङ्ग खसेकी कमिनी भाउजु र लाटो कामीले गरिब वर्गको प्रतिनिधित्व गरेका छन् भने करेसाबारी खन्न लगाउँदै गरेका मुखियाले सामन्त वर्गको प्रतिनिधित्व गरेको छ । कविताको दोस्रो हरफमा अलिकति देऊ न केटाकेटी मर्न लागे भन्ने वाक्यले स्पष्ट पार्दछ कि अवस्था कस्तो रहेछ भनेर, लाटो कामीका अगाडि रङ्गीन बार्दलीहरू छन् तर उसको हालत भुइँमा रहेको छ । देशमा विभिन्न परिवर्तन आए पनि दलित वर्ग त्यसमा पनि आर्थिक रूपमा पिछडिएको वर्गले अझै न्याय पाउन नसकेको कुरा यस कवितामा चित्रण गरिएको छ ।

'विद्रोहको आँगनमा लाटो कामी' कवितामा एउटा किसानले मरुभूमि जस्तै रहेको जमिनलाई करेसाबारी बनाएर कृषि उत्पादन गर्दछ । आफ्नो मेहनतमा मख्ख पर्दै जब ऊ बाली भित्र्याउने कल्पनामा मस्त रहन्छ, त्यति नै बेला मुखिया आएर बाली लान्छ, अब एउटा

लाटो कामी करेसाबारीमा रोइरहेको छ, ऊ आज पनि बाली उठाउन बराजुका कुकुरहरू भुकाइरहेको छ । घर घर डुल्दै हात पसारिरहेको छ । तत्कालीन समाजमा यी सामन्तहरू गरिबहरूको श्रम बिनामूल्य शोषण गर्नुका साथै ऋण दिएर तिनको व्याज असुल्ने समाजमा बहानामा घरखेत कब्जा गरी उठिबास लगाउने गर्थे । प्रस्तुत कवितामा रहेका 'मुखिया' सामन्त र खेती किसान गरेर खाने लाटो कामी र आङ्ग खसेकी कमिनी भाउजु मजदुर पात्रहरूका रूपमा प्रमुख भूमिका रहेको छ । यस कवितामा रहेको सामन्त वर्गको प्रतिनिधित्व गरेको मुखियाले सम्पत्तिको आडम्बरमा गाउँका सोझा र निमुखा जनतालाई दुःख दिइरहने व्यक्तिको रूपमा आफूलाई प्रस्तुत गरेको छ । उनीहरू जमिनदार सामन्तकामा जीवनभर दासको काम गर्दछन् । श्रमको बिनामूल्य रातदिन रगत र पसिना बगाएर खेतबारीमा काम गरे पनि सामन्तले सबै अन्नबाली लैजाने हुँदा उनीहरूसँग केही दिन खाने अन्न पनि हुँदैन । भएको जायजेथा पनि सामन्तले हडपेपछि उनीहरू सधैँ सामन्त वर्गको दास बनेर बाँचेका छन् । उनीहरूको रगत र पसिनाको सामन्तहरूले बिनामूल्य शोषण गरी रातदिन तिनको खेतबारीमा काम गरे पनि खाने अन्न नहुँदा यी गरिबहरूले तिनीहरूसँग चर्को व्याजमा ऋण लिएका हुन् । यसमा यस्ता सामन्त व्याजखोरहरूले साँवाको चर्को व्याज जोडेर उनीहरूको खेतबारी नै हडप्छन् भन्ने मार्मिक प्रस्तुति छ ।

यसरी 'विद्रोहको आँगनमा लाटो कामी' कवितामा तत्कालीन समयमा गाउँमा रहेका सामन्तहरूले गरिब जनतालाई ऋण दिने बहानामा तिनका घरखेत नै कब्जा गरेर उठिबास लगाउने तथा तिनको परिवारलाई सधैँ दास बनाएर राख्ने गरेको सन्दर्भ प्रस्तुत गरेको पाइन्छ । साहूको ऋण तिरेर आफू र आफ्नो परिवारलाई सधैँ दास बनाएर राख्ने गरेको पाइन्छ । यसमा साहूको अत्याचारबाट मुक्त बनाउने आसमा कयौँ निम्न र मध्यम वर्गीय परिवार बिचल्ली भएको  देखाइएको छ ।

'विद्रोहको आँगनमा लाटो कामी' कवितामा सामन्तहरूको ज्यादती र शोषणका कारण किसानहरूले भोग्नुपरेका सत्यतथ्य घटनालाई जोड दिएको छ । यहाँ रहेका पात्रहरू वास्तविक किसानका रूपमा भन्दा पनि श्रमिक वर्गका रूपमा रहेका छन् । सामन्तको ऋण चुक्ता गर्न नसकेका कारण उनीहरूसँग भएको सबै जायजेथा कब्जा गरी आफू र आफ्नो परिवारलाई दास बनाएपछि साहुको दासत्वबाट मुक्त हुनु र आर्थिक उपार्जनमा लागेका किसानवर्गहरूको

पनि श्रम खोसिएपछि त्यसको विदोह्रको लागि भोटे कुकुर खोलिदिएको मार्मिक यथार्थलाई यस कवितामा चित्रण गरिएको छ ।

## ३.५.३ 'मरुभूमिको बलेनी' कवितामा सामन्त वर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत 'मरुभूमिको बलेनी' कविता एउटा परदेशी छोराले आमालाई सम्बोधन गर्दै गरेको परिवेशमा लेखिएको कविता हो । यसमा वर्तमान अवस्थामा देशमा सम्पूर्ण श्रोत साधनहरूमाथि हुने खाने सिमित पूँजीपति वर्गहरूको हालीमुहाली रहेको छ भन्ने कुरालाई जोड दिइएको छ । अहिले शिक्षा, स्वास्थ्य जस्ता मानिसका आधारभूत आवश्यकताहरू पनि सजिलै पूर्ति गर्न सकिने अवस्था छैन । यस्तो अवस्थामा हाम्रो समाजमा रहेका गरिब र पीडित वर्गहरू गाँस, बास र कपासको जोहो गर्न रोजगारीका लागि विदेशिनु पर्ने अवस्था छ । उक्त कुरा उल्लेख भएको यो कविता प्रगतिवादी विचारधारामा आधारित छ । यस कवितामा सामन्तहरूको दासत्वबाट मुक्त हुने आकाङ्क्षा लिएर पैसा कामाउने धुनमा विदेशिएको युवाको कथालाई उतारिएको छ । घरमा आमा र छोरा मात्रै भएको, सम्पत्तिको नाममा थोरै बारी मात्रै भएको, त्यही बारीमा अन्न उब्जाएर आफ्नो जीवन निवाह गर्दै आएका आमाछोराको कारुणिक वेदनालाई यस कवितामा व्यक्त गरिएको छ । यसमा बारी किनेको साहूको ऋण तिर्न नसकेपछि विदेशिनु परेको अवस्थालाई कारुणिक ढङ्गले व्यक्त गरिएको छ । हाम्रो समाजमा विद्यमान निम्नवर्गमाथिको शोषणको परम्पराले गर्दा राम्रा मानिसहरू मानिस भएर बाँच्न पाएका हुँदैनन् । गाउँको जिम्वावाल तथा व्याजखोर र साहूको दासत्वबाट ऋणमुक्त भएर आफ्नी आमालाई सुख दिनका निम्ति विदेश गएको छोरालाई सम्झेर बस्दैमा दिन काटेको छ । यो कविता गरिब किसानहरूको व्यथा बोकेको मार्मिक कविता हो ।

'मरुभूमिको बलेनी' कवितामा विगतमा घटेको यथार्थ घटनाका आधारमा हेर्दा आजको यथार्थतालाई पनि सशक्त देखाउन सफल भएको छ । आज पनि विश्व सर्वहारा वर्गको प्रतिनिधित्व गरिरहेका उनले आफ्ना कवितामा सामान्ती शोषण र गरिबीको पीडालाई सफल रूपमा प्रस्तुत गरेका छन् । गरिबीको कारण जनताले बाँच्नका लागि भोग्दै र व्यहोर्दै आएका दुख, दर्द र पीडाका घटनालाई उनले आफ्ना कवितामा उतारेका छन् । समाजमा रहेका सामन्त र साहू महाजनहरूको दासत्वाट उम्कन गरिब विदेश गएर सम्पत्ती आर्जन गर्ने आशामा उतै बेपत्ता भएपछि तिनका परिवारले सामन्तकै कारण गाउँ छाडेर भाग्नु परेको

दु:खद यथार्थततालाई 'मरुभूमिमा बलेनी' कवितामा व्यक्त गरिएको निम्नलिखित कवितांशले स्पष्ट पार्छ :

पाकिसके होलान् बारीमा मकै
साहूको व्याज कति पुग्यो भनेर
बाँदर धपाउँदै भाँचिरहेकी होली
औलाहरू ।
कि आज मङ्गलबार
तीजलाई सुती साडी किन्न
झर्दै छ्यौ, हाटको ओरालो । (पृ.५)

'मरुभूमिको बलेनी' कवितामा रहेको मुखिया, साहू तथा सामन्त वर्गको प्रतिनिधित्व गर्ने पात्र हो । तत्कालीन समाजमा यी सामन्तहरू गरिबहरूको श्रम बिनामूल्य शोषण गर्नुका साथै ऋण दिएर तिनको व्याज असुल्ने बहानामा घरखेत नै कब्जा गरी उठिबास लगाउने सामन्त पात्र हुन् । यस क्रममा 'मरुभूमिमा बलेनी' कविताको प्रमुख पात्र, लाहुर गएको युवा र घर कुरेर बसेकी बूढी आमा हुन् । छोराले कमाएर ल्याउँछ भन्ने आशामा कवितामा आमा बसेकी छन् । साहूको दासत्वबाट मुक्त भएर आफ्नो परिवारमा सुनौलो बिहानी ल्याउन भनी विदेशिएको छ । प्रस्तुत कवितामा रहेका बूढी आमा र ऊ (युवक) सामन्त जमिनदारको खेती किसानी गरेर गाउँमा बस्छन् । उनीहरूले जमिनदार सामन्त जीवनभर दास हुने काम गर्दछन् । श्रमको बिनामूल्य रात दिन रगत र पसिना बगाएर खेतबारीमा काम गरे पनि सामन्तले सबै अन्नबाली लैजाने हुँदा उनीहरूसँग केही दिन खाने अन्न पनि हुँदैन । भएको जायजेथा पनि सामन्तले हडपेपछि उनीहरू सधैँ सामन्त वर्गको दास बनेर बाँचेका छन् । उनीहरूको रगत र पसिनाको सामन्तहरूले बिनामूल्य शोषण गरी रातदिन तिनको खेतबारीमा काम गरे पनि खान अन्न नहुँदा यी गरिबहरूले तिनीहरूसँगै चर्को व्याजमा ऋण लिएका छन् । यस्ता सामन्त व्याजखोरहरूले साँवाको चर्को व्याज जोडेर उनीहरूको खेतबारी नै हडप्छन् । बालीनाली लगाएर छोरा आउने आशमा बसेकी बूढी आमालाई पटकपटक धम्काउने साहू सामन्त वर्गको प्रतिनिधि पात्र हो भने पैसा कमाउन गएको छोरा-छोराका आशामा बसेकी आमा यस कविताका निम्नवर्गको प्रतिनिधित्व गरेका पात्र हुन् । यस कवितामा सामन्तहरूको ज्यादती र शोषणका कारण किसानहरूले भोग्नु परेको सत्यतथ्य घटनालाई जोड दिएको छ । यहाँ रहेका पात्रहरू वास्तविक किसानका रूपमा भन्दा पनि श्रमिका वर्गका रूपमा रहेका छन् । सामन्तको ऋण

चुक्ता गर्न नसकेका कारण भएको जायजेथा कब्जा गरी आफू र आफ्नो परिवारलाई दास बनाए पनि सोही दासत्वबाट मुक्त भई आफ्नो परिवारमा खुसी फर्काउने सपना बोकर विदेशिएका छोराको पर्खाइमा बसेका यथार्थ सन्दर्भ तलको कवितांशबाट स्पष्ट हुन्छ :

मकैका फुलले मुख पोल्दा
घरै उचाल्ने तिम्रो छोरा
कसरी जानु कति तातो हुन्छ
छिनछिनाइरहेको बन्दुकको गोली ?
काटिएको भाले देखेर
आँसुको बलेनी झार्ने तिम्रो कान्छु
कसरी जाने कति धारिलो हुन्छ
सनसनाइरहेको नगरेको छुरी ? (पृ.६)

प्रस्तुत कविताको हरफमा एउटी गरिब बूढी आमा र उसको विदेशिएको छोराको जीवनसन्दर्भको यथार्थ चित्रण रहेको छ । उसकी आमा र विदेश गएको नवयुवक किसान वर्गको खेतबारीमा श्रम गर्दछन् तर त्यसले हातमुख जोर्ने समस्याको समाधान नभएपछि उनीहरू तिर्ने सर्तमा सामन्तहरूसँगै चर्को व्याजमा ऋण लिएर जीवन धान्दै आएका छन् । सामन्त, जिम्वालहरूले उनीहरूको रगत र पसिनाको मूल्य कहिल्यै पनि दिदैनन् बरू उनीहरूको श्रम शोषण गर्नुका साथै खेतबारी पनि कब्जा गर्छन् । वास्तवमा उनीहरूले आफूले गरेको श्रमको उचित मूल्य नपाएका कारण नै ऋणमा डुबेका छन् । अरूलाई पैसा दिने नाममा साँवाभन्दा बढी व्याज लिन पल्केका सामन्तहरूले ऋण असुल्ने बहानामा तिनको घरखेत कब्जा गरेका छन् । काम गर्ने र बुढेस कालको एक मात्र सहारा आफ्नो छोरा साहुको ऋण तिर्न भनेर विदेश जान बाध्य भएको छ ।

'मरुभूमिको बलेनी' कवितामा आर्थिक विपन्नताका कारण बाबु (छोरा) विदेशिएपछि एक्लो भएकी बूढी आमाले साहूसँग कुनै विद्रोह गर्न सकेकी छैन । म मात्र (युवक) विदेश गएपछि फर्के आएको छैन । अधबैँसे र अविवाहित अवस्थामा रहेकी बूढी आमा छोरा हेर्दा हेर्दै रात काटेकी छिन् । परिमाणतः आफूलाई त्यो अवस्थामा पुऱ्याउने सामन्ती संस्कार र त्यसद्वारा सिर्जित दुनियाँप्रति बूढी आमाको तीव्र घृणाभाव पैदा भएको छ । प्रस्तुत कवितामा उत्पीडित वर्ग र त्यसको उत्पीडन लाद्ने सामन्ती संस्कारलाई देखाइएको छ । बूढी आमा धन कमाउने

अभिलाषा बोकेर विदेश गएको छोरा अझै नफर्केपछि ऋणको चपेटामा परेकी छिन् । उनको अब ऋण कसरी तिर्ने भन्ने खालको द्वन्द्व मनमा उत्पन्न भएको छ । यो द्वन्द्वमा बूढी आमाको मन अन्तर्मुखी छ, तर यसो हुनुका पछाडि समाजमा विद्यमान शोषणकै प्रमुख भूमिका देखापरेको छ ।

## ३.५.४ 'हामी बेनामीहरू' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत 'हामी बेनामीहरू' कवितामा सामन्त वर्गका चरम शोषणका कारण निम्नवर्गको कुनै पहुँच नभएको देखाइएको छ । जसको कुनै नाम छैन उनीहरू नै रणभूमिमा हुन्छन् । उनीहरूको काँधमा टेकेर सत्तामा जानेहरूको लर्को देखिन्छ । बेनामीहरूको छातीमा गोली लागेर परिवर्तनको र क्रान्तिका कुरा गरेर नथाक्नेहरू छन् । यसमा कविले हामी बेनामीहरूलाई छातीमा गोली लागेर परिवर्तन र क्रान्तिको कुरा गरेर नथाक्नेहरू छन् । यसमा कविले हामी बेनामी भन्नाले सर्वहारा वर्गलाई संकेत गरेका छन्, भुइँ मानिसहरूलाई संकेत गरेका छन्, जो खुद्रामा बेचिन्छन्, जो थोकमा बेचिन्छन् ।

समाजमा ऐतिहासिक उत्पादन सम्बन्ध, उत्पादन स्तर र उत्पादन आधारहरूका हिसाबले पनि वर्ग एक अर्कामा फरक रहेका छन् । समाजमा रहेका उतार चढाव उक अर्काप्रति गरिने अन्याय र अत्याचार आदि समाजमा घटिरहने तत्त्व हुन् । शक्तिको प्रभावभन्दा पर केही हुँदैन । शक्तिको प्रभुत्व प्रत्यक्ष र अप्रत्यक्ष दुवै रूपबाट हरेक तह र तप्कामा पुगेको हुन्छ । यसर्थ साहित्य शक्तिको प्रभुत्वभन्दा पर रहेर कल्पना गर्न नसकिने विषय हो (श्रेष्ठ, २०६८, ५८) । उच्चवर्गले निम्नवर्गलाई, बलियाले कमजोरलाई थिचोमिचो गरिने कुरा समाजमा अझसम्म पनि कायमै रहेका छन् । कुनै वस्तु, स्थान, क्षेत्र, स्तर र तहबाट समाजका वर्गहरूमा भएको शोषणलाई निक्यौल गर्न सकिन्छ । हामी बेनामीहरू कवितामा बेनाम भएका, नामका पहिचान खुल्न नसकेका बेनामीहरू र सामन्त वर्गहरू रहेका छन् । समाजमा आर्थिक सामाजिक प्रभुत्व, भूमि, जग्गा जमिन आदिका आधारमा सम्पन्न र शक्तिशाली व्यक्ति सामन्त हो । यस कवितामा समाजमा सामन्तको भूस्वामित्वसहितको उच्च प्रतिष्ठा रहेको देखाइएको छ । उनीहरू पुँजीको आडमा निम्नवर्गलाई शोषण गरिहरका हुन्छन् । प्रदीप ज्ञवालीले यस कवितामा नाम नखुलाएका बेनामी पात्रहरूको पहिचानका निम्ति मानिसहरू बाह्रौँ शताब्दीका मानिस जस्तै भएर बाँच्नु पर्ने अवस्थालाई खुलाइएको छ । त्यतिखेरको समाज रक्तसम्बन्धमा आधारित गोत्र समाज थियो । सामूहिक स्वामित्व थियो र यो पनि रक्तसम्बन्धको परिणाम थियो, सामूहिक

श्रमको परिणाम थिएन । त्यो बेलाको समूह विशिष्ट प्राकृतिक समूहबद्धता मात्र थियो । त्यतिखेर समाजमा चार थरि वर्ग थिए । १) दासमालिक २) दास ३) स्वतन्त्र किसान र ४) शिल्पकार । पछिल्ला दुई वटा वर्ग र सहयोगी वर्ग थिए । श्रम विभाजनको औचित्य एउटा निश्चित युगका लागि मात्र र निश्चित सामाजिक परिस्थिति मात्र हुन्छ । दासव्यवस्थाको मुख्य विशेषता उत्पादक शक्तिको रूपमा दासश्रममा आधारित सामाजिक अवस्था थियो । पहिलो शताब्दी इसापूर्व करिब चार हजार वर्ष पहिले सुरु भएको चार हजार वर्ष पहिले सुरु भएको थियो । पशुधनको उत्पादन यो व्यवस्थाको मुख्य काम थियो । मातृसत्ताबाट पितृसत्ताको सुरुवात भई दासव्यवस्थाको सुरुवात भएको थियो । समाजमा ऐतिहासिक उत्पादन सम्बन्ध, उत्पादन स्तर र उत्पादन आधारहरूका हिसाबले पनि वर्ग एकअर्कामा फरक रहेका छन् । समाजमा रहेका उतार चढाव, एक अर्काप्रति गरिने अन्याय र अत्याचार आदि समाजमा घटिरहने तत्त्व हुन् । शक्तिको प्रभावभन्दा पर कोही हुँदैन । शक्तिको प्रभुत्व प्रत्यक्ष र अप्रत्यक्ष दुवै रूपबाट हरेक तह र तप्कामा पुगेको हुन्छ । यसर्थ साहित्य शक्तिको प्रभुत्वभन्दा पर रहेर कलपना गर्न नसकिने विषय हो (श्रेष्ठ, २०६८, पृ.८) उच्चवर्गले निम्नवर्गलाई, बलियाले कमजोरलाई थिचोमिचो गरिने कुरा समाजमा अझैं कायमै रहेको छ । पञ्चायती व्यवस्थाको अन्त्य भए पनि मानिसहरूले मानिसलाई गर्ने व्यवहारमा अझैं परिवर्तन आएको छैन । तल्लो वर्ग आफ्नो नामको लागि र आफ्नो पहिचानको लागि ठूला भनाउँदाहरूसँग अझैं लड्नुपर्ने बाध्यतालाई तलको कवितांशमा स्पष्ट पारिएको छ :

माथि जान बनाइएका
धुलाम्य सिढीहरू
घामको मुख देख्न नपाउने
चिसा, अध्यारा छिँडीहरू
लक्ष्यबिनै दागिएका
ताता राता गोलीहरू
वीरताको नापो नाप्ने
जर्सापका फुलीहरू
हामी बेखबर खबरहरू
हामी बेनामीहरू । (पृ १४३)

'हामी बेनामीहरू' कवितामा सामन्त वर्गको केन्द्रीय प्रतिनिधित्व रहेको छ । यस कवितामा ऊजस्ता समाजका शोषक र बेइमानी चरित्रका कारण भुइँ मानिसको अस्तित्व हराउँदै गएको छ, जो खुद्रामा बेचिन्छन्, जो थोकमा बेचिन्छन् तथा जसको जीवनको कुनै मूल्य छैन । उच्चवर्गले त्यही बेनामीहरूलाई ढाल बनाउने तथा आफू सत्ता र शक्तिको पहुँचमा पुग्ने प्रचलनलाई कविले यस कवितामा व्यक्त गरेका छन् । जो भुइँ मानिस हुन् । जसको कुनै अस्तित्व छैन तर उनीहरू मुक्तिबाधक बन्छन् । यसमा बलेको आगो र भोक मेटाउनका लागि सधैँ लडिरहने खालको वर्गको प्रतिनिधित्व गराइएको छ । ग्रामीण समाजमा रहेका मुखिया तथा सामन्तहरूले साना तथा निम्नवर्गका समुदायलाई विभिन्न प्रलोभनमा पारी लाहुर पठाइदिने र लाहुर जानका लागि धितो राखेको जग्गा हडप्ने र जीवनभर दास बनाइरहने प्रवृत्ति ठूला भनिएकाको रहेको छ । तीन पुस्तासम्म पुग्ने अकुत सम्पत्ति त्यही गरिब र सर्वहारा वर्गबाट हडप्ने र गरिबहरूलाई बेखर र बेनामी बनाइदिने जग्गावालको सामन्त प्रवृत्ति छ, त्यसको अन्त्यको लागि निम्नवर्ग नै जागरुक बनाउनु पर्ने देखिन्छ भन्ने भाव यसमा प्रस्तुत गरिएको छ । यहाँनेर नाम नभएका बेनामीहरूले नामका लागि आफ्नो अस्तित्व बनाउन लागेको देखिन्छ भने नाम भएका माथिल्लो वर्गका व्यक्तिहरूले सधैँ आफूलाई माथिल्लो दर्जामा राखेर आफूलाई सर्वशक्तिमान् देखाएका छन् । यस कवितामा नाम नभएका बेनामीहरूको सानो झुपडी बस्ती र जसको नाममा लालपूर्जा नभएको, घर आफ्नो नभएको, जग्गामा नामको खोलाको किनारामा रहेको बगर खनेर बनाएको घरको नाममा सानो झुपडी सिन्का र दाउराले बारेर बसेको स्थिति देखाएको छ । त्यही बगर घरलाई पनि सामन्तहरूले आँखा गाड्दै आएको स्थितिलाई देखाइएको छ । पेटको आगो निभाउनका लागि कम्मरमा आगो बालेर सामन्तसँग जुध्नु पर्ने परिस्थितिलाई पनि यसमा देखाइएको छ । जसको कुनै नाम छैन, बस्ने ठाउँ छैन, आफ्नो भन्ने गाउँ छैन, झरेको पातहरूको जस्तै स्थिति छ । सामन्त त्यही सानो पातलाई पनि कुल्चेर माथि गएको अवस्थालाई देखाइएको छ । यसरी जीवनभर हलो र फालीको सिरानी हालेर माटोमा बगाएको रगत र पसिनाको मूल्यलाई कुल्चेर माथि जाने सामन्ती वर्गहरूको अवशेष अझै रहेको देखिन्छ भनिएको छ । यस कवितामा नाम नभएका बेनामीहरू जसले खोलाको किनारामा खेत खारेर आफ्नो जीविकोपार्जन गरिहेका छन्, ती व्यक्तिहरूले तल्लो वर्गको प्रतिनिधित्व गरिहरका छन् । यिनै बेनामीहरूले कमाएको सम्पत्ति र अन्नलाई हडपेर माथि गएको साहू, महाजन र मुखियाहरूले चाहिँ सामन्त वर्गको प्रतिनिधित्व गरिरहेका छन् । सधैँ माटोमा श्रम गरेर बाँच्न विवश ऊजस्ता गरिब नेपाली किसानहरूलाई

न समाजले न्याय दिन्छ न त सरकारले नै भन्ने कुरा कविले यस कविताबाट प्रस्ट पारेका छन् । वर्गीय चरित्रको प्रस्तुति नै कविको मुख्य अभिष्ट हो । यसरी समाजमा रहेका निम्न वर्गीय गरिब किसानहरूको श्रमको चरम शोषणको नमुना उनका कवितामा देखिन्छ। सरकारले जसको जोत उसको पोत, सुकुम्बासी जग्गा दर्ता, मोहियानी हक जस्ता गुलिया नारा ल्याए पनि सरकारबाट खटिएका कर्मचारीहरू सामन्त वर्गका पक्षमा नै उभिएर उल्टो तिनका नाममा जग्गा दर्ता गराइदिनु, कानुनको व्यावहारिक रूपमा कार्यान्वयन नगर्नु तथा गाउँसमाजमा रहेका बुज्रुक तथा टाठाबाठाहरूले गरिबलाई बेनामी र बेखबर बनाएको स्थिति देखिन्छ भन्ने सन्दर्भ यसमा प्रस्तुत गरिउको छ ।

'हामी बेनामीहरू' कवितामा सर्वसाधारण बेनामीहरूले सोझासिधा सुकुम्बासी वर्गको प्रतिनिधित्व गरेका छन् । यहाँ किसान वर्गको प्रतिनिधि पात्र बेनामीहरूमाथि ठूलो अन्याय भएको देखिन्छ। यस कवितामा बेनामीहरूको बेनामीहरू केन्द्रीय प्रतिनिधित्वका रूपमा रहेका छन् भने किसान वर्गको श्रम शोषण गरेर खाने एक सामन्तहरू उच्चवर्गको प्रतिनिधित्व गरिरहेका छन्। प्रस्तुत कवितामा बेनामीहरूको रगत र पसिनाले सिञ्चन गरी धर्तीको छाती फोरेर अन्न उब्जाए पनि मुखिया, साहू र महाजनहरू जस्तो सामन्तहरूको शोषणका कारण सधैँ तनाव र पीडामा बाँच्नुपरेको अवस्था यस कवितामा देखाइएको छ । माटोमा रगत र पसिना बगाउने किसानको जीवन दीनहीन बनेको छ। नेपालमा निम्नवर्ग किसानले दुई छाक खान पाउने आशामा धर्तीको छाती फोरेर अन्न उब्जाए पनि सामन्तले झुठो आश्वासन देखाई कसरी श्रमको चरम शोषण गर्दछन् भन्ने कुरा यस कवितामा स्पष्ट पारिएको छ । ग्रामीण समाजमा रहेका मुखिया तथा सामन्तहरूले सुकुम्बासी किसानहरूलाई जग्गा दर्ता गराइदिने प्रलोभनमा पारी पटकपटक आवाद गर्न लगाउने र अन्न राम्ररी पाकेपछि, सामन्तले किसानलाई नदिई सबै लगेको स्थिति पनि देखा परेको सन्दर्भलाई यसमा प्रस्तुत गरिएको छ । यसरी ग्रामीण समाजमा रहेका मुखिया तथा सामन्तह्रूले सुकुम्बासी किसानहरूलाई जग्गा दर्ता गराइदिने प्रलोभनमा पारी पटकपटक आवाद गर्न लगाउने र अन्न राम्ररी उब्जन थालेपछि उनीहरूले त्यसको उपभोग गर्नबाट वञ्चित गरी आफ्नो नाममा दर्ता गराउने उच्चवर्गको शोषकीय प्रवृत्तिलाई यस कवितामा देखाइएको छ। बेनामीहरू समाजका सामन्त वर्गले आफ्नो जग्गा दर्ता गराइदेलान् भन्ने झिनो आशा बोकेर ऊ भिरपाखा र पखेरामा आवाद गर्छ, पहिरो पन्छाएर खेतीयोग्य जग्गा बनाउँछ र बाली लगाउँछ तर बाली झुल्न थालेपछि सामन्तले त्यो जग्गा खोसेर आफ्नो नाममा दर्ता गराउँछ । उसको नाममा पुनः अर्को जग्गा दर्ता गराइदिने

आश्वासन दिदै अर्को ठाउँमा रहेको बगर आवाद गर्न लगाउँछ । मनमा शङ्का र अविश्वास हुँदाहुँदै पनि ऊ जस्ता किसान वर्ग अर्को विकल्प नभएकाले सामन्त वर्गको श्रम शोषणमा सधैँ रगत र पसिना बगाइरहन बाध्य हुन्छन् । प्रस्तुत कवितामा ज्ञवालीले सामन्तले निम्नवर्गलाई कसरी आफ्नो जालमा पार्छन् भन्ने विषय राम्ररी दर्शाएका छन् । यस कवितामा बेनामीहरू किसान वर्गका प्रतिनिधि पात्र हुन् । उनीहरू कविताको प्रारम्भतिर सामन्तहरूप्रति कुनै प्रतिराध गर्दैनन् । जीवनभर दासत्वमा हुर्केका बेनामीहरूलाई बारी कमाउनेदेखि लिएका र पहिरो पन्छाउने काम गर्दै रातदिन हलो र फालीको सिरानी हालेर बगरको जग्गा सुनखानी जस्तो बनाएका बेनामीहरूले मनमा मालिकप्रति आक्रोशको भावना पलाएको र अन्तमाः वास्तवमा हाम्रो समाजका भोका पेटहरू सधैँ चुप लागेर बस्न नसक्ने र वर्गीय मुक्तिको लागि सधैँ चुप लागेर बस्न नसक्ने र वर्गीय मुक्तिको लागि ज्यानको आहुती दिन तयार भएको सन्दर्भ यस कवितामा देखिन्छ । यसरी ज्ञवालीले यस कवितामा बेनामीहरू जस्ता शोषित पीडित पात्रको माध्यमबाट नेपालमा रहेका सामन्त वर्गबाट शोषित पीडित सर्वहारा वर्गको यथार्थ अवस्थाको चित्रण गरेका छन् । यसरी तत्कालीन समयमा सामन्त, जिम्वालहरूले सोझासिधा किसान वर्गमाथि झुठो आश्वासन र प्रलोभन देखाएर गरेका श्रमशोषणलाई प्रस्तुत कवितामा राम्ररी देखाइएको छ ।

### ३.५.५ 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कविता व्यङ्ग्यले भरिएको छ । यसमा जनताको मुक्ति र समाजवादको मर्मलाई नमानी कसम खाएर राजनीतिमा लागेका कमरेडहरू विस्तारै सुखसयलको जीवन जिउन थालेका र सर्वहारा वर्गका मुद्दाबाट टाढिदै गइरहेका बेला कविले आफ्नै समकक्षीलाई कटाक्ष गरेका छन् । कमरेडहरूको बोली एउटा र व्यवहार फरक भएको कुरा यस कवितामा कविले उल्लेख गरेका छन् । झगडा गरेर टिकट प्राप्त गर्नु, विद्रोह गरेर मन्त्री खाने कमरेडहरूलाई घुमाउरो ढङ्गबाट कविले शब्द वाण हानेका छन् । कम्युनिष्ट राजनीतिमा लागेर देश परिवर्तन गर्छु भन्नेहरूले नै गरिब र सर्वहारा वर्गको रगत र पसिना चुसेका छन् । समाजवाद ल्याउछु भनेर राजनीतिमा लागेकाहरू अहिले आफ्नै झोला भर्न लागिरहेका छन् । राजनीति गरेर माथि गएकाहरू अहिले आफ्नै देश र समृद्धिका लागि राजनीति गरे पनि आफू नै झोला भर्न लागेका कमरेडहरूसँग कवि चिन्तित छन् । यतिबेला विगतमा

समाजवादी भनिएका कतिपय देश बजारभक्त नवपुँजीवादीमा अल्झिएका छन् । यसमा कविले समाजवाद ल्याएमा मात्र भोका नाङ्गा जनताहरूले आफ्नो आवश्यकता पूरा गर्न सक्छन् भन्ने विचार प्रस्तुत गरेका छन् । मानिसद्वारा मानिसको शोषणको विरुद्ध श्रमिक जनताको शोषणको विरुद्ध दह्रो तथा सक्रियताका साथ विरोध गर्न सक्छन् । सामाजिक व्यवस्थाका रूपमा समाजवाद भनेको त्यस्तो व्यवस्था हो, जहाँ उत्पादनका साधनहरूमाथि निजी (व्यक्तिगत) मालिकत्व रहँदैन बरु सामूहिक, साझा मालिकत्व रहन्छ र जहाँ कोही शोषक र कोही शाषित रहँदैनन्, अर्थात् आदिम साम्यवाद, दास व्यवस्था, सामन्ती व्यवस्था, पुँजीवादी व्यवस्थाजस्तो समाजवादी व्यवस्थामा वर्गहरूको अस्थित्व रहेको हुँदैन । हाम्रो मानव समूह प्रारम्भिक रूपमा उपर्युक्त खालको थियो, जसलाई आदिम साम्यवादी (कम्युनिस्ट) समाज भनियो । त्यस युगमा मानिससित साधारण औजाहरू मात्रै थिए, जस्तो कि कन्दमूल, माछा, जनावर र पछिल्लो अवधिमा पशुपालन र खेतीबाट जीविका चलाए । त्यसबेला उत्पादक शक्तिहरूको विकास ज्यादै तल्लो स्तरमा थियो । मानिसले एक्लाएक्लै प्राकृतिक शक्तिहरूसित लड्न र जीविकाका साधन प्राप्त गर्न सक्दैनथ्यो । जीविकाका साधन प्राप्न गर्न तिनीहरूले मिलेर सामूहिक रूपले काम गर्नुपर्थ्यो । उत्पादनका साधनहरूमाथि साझा मालिकत्व थियो र सामूहिक श्रमद्वारा उत्पादित जीविकाका साधानहरूको वितरण सबैमा बराबरी रूपमा हुन्थ्यो । त्यहाँ निजी सम्पत्ति थिएन, वर्गहरू थिएनन्, राज्य भन्ने थिएन र साझा मामिलाहरूको बन्दोबस्त सामूहिक रूपमा कम्युन, गणतन्त्र आदिद्वारा गरिन्थ्यो । सामूहिक स्वार्थ नै व्यक्तिगत स्वार्थ हुन्थ्यो । प्रजातिहरूमाझ हुने युद्धमा हारेका पक्षका बन्दीहरू सबै जना मारिन्थे । यसरी पुँजीवादीको विकास हुँदै गयो । यिनै पुँजीवादीलाई समाजमा व्यवस्थापन गर्नुपर्छ भनेर कमरेडहरू लागेका तर त्यसको कार्यान्वयन नभएको देख्दा कवि चिन्तित भएको देखिन्छ ।

'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कवितामा सामन्त वर्गबाट आफ्नै कार्यकर्ता र जनता ठगिरहेको अवस्थालाई चित्रण गरिएको छ । यो कविता गरिब र सर्वहारा वर्गले जनता र सामन्तहरूविरुद्ध बहादुरीका साथ सङ्घर्षमा उभिएको साहसिक कविता हो । ठूला भनाउँदा नेताहरू सधैँ चिल्ला मोटर गाडीमा दौडिरहने, सोझासादा जनतालाई झुक्याइरहने तर सोझा जनता भने सधैँ मारमा परिरहने दुःखद परिस्थितिलाई यसमा देखाइएको छ । यहाँनेर सामन्त वर्ग भन्नाले जनताबाट मत लिएर जनताको काम नगर्ने ठूला नेताहरूलाई भन्न खोजिएको छ भने निम्नवर्ग भन्नाले गरिब र सर्वहारा वर्गलाई जनाइएको छ । सुरुमा

जनताको भावनालाई कदर गर्छु भन्दै सपथ खाएका र पछि तिनै भावनालाई कुल्चेर हिडेको देखाइएको सन्दर्भलाई प्रस्तुत कविताका यी कवितांशले प्रस्ट पारेका छन् : आफ्न आफ्न

कहिले आकाशमा उडेको देख्छु
कहिले वातानुकलित गाठीमा गुडेको भेट्छु
फुटपाथमा लुखुर-लुखर हिँड्दा
पाडीले छ्यापेको हिलो हत्केलाले छेक्छु
कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ
पार्टीमा अभिजात वर्ग जन्मेकामा, सुविधावाद
पल्केकामा साह्रै गम्भीर हुनुहुन्छ ।
पाइला नाप्दै अबेला बैठकमा पुगेको म
उहाँको उदास मुहार चुपचाप हेर्दै छु । (पृ.१३३)

'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कवितामा वर्गीय चेतनासम्बन्धी सैद्धान्तिक अवधारणाको आधारमा विश्लेषण गरिएको छ । हिजो सर्वहारा वर्गलाई सपना देखाएर माथि गएका कमरेडहरू आज तिनै जनतालाई उल्लु बनाएको देखेर कवि अचम्मित परेका छन् । यसमा पाखण्डी प्रवृत्तिको कविले विरोध गरेका छन् । चुनावमा जितिसकेपछि, भन्ने एक, गर्ने अनेक शैलीको व्यङ्ग्य गरेका छन् । कमरेडहरू त्यस्ता छन्, जसले निलो हेर्छन्, बहुविवाह गर्छन्, राणा र अग्रवालका भोजन गर्न लुसुक्कै जान्छन्, सत्ता र शक्तिका लागि हानथाप गर्छन्, महंगा गाडीमा चढ्छन् र जनताको हितका लागि, परिवर्तनका लागि समर्पितको भाव सार्वजनिक रूपमा भन्ने कमरेडहरूलाई सच्चिन यस कवितामा व्यङ्ग्यात्मक ढंगले व्यक्त गरेका छन् । अहिले राजनीति इमानको छैन । इमानभन्दा पनि पार्टीभित्र अभिजात वर्गको उदय भएको छ । कविले मूल्य, मान्यता र नैतिकता पतनको बाटोमा राजनीतिको ठेला गुडिरहेको प्रतीत हुन्छ भनेका छन् । सत्ताधारी शासक र तिनका मतियारहरू जनता मोजमस्ती र आनन्दमै अल्मिइरहनु भन्ने चाहन्छन् । जब तिनका समक्ष जनताले परिवर्तनका कुरा गर्छन्, तिनीहरू गम्भीर हुन्छन्, जब तिनै जनताले भोकका कुरा गर्छन् । उनीहरू सशङ्कित र आतङ्कित हुन्छन् । सत्ताका लागि भोकको भाषा नै शक्तिशाली हुन्छ । त्यसैले यसलाई अझै तिखार्नुपर्ने भावना यस कवितामा व्यक्त भएको छ । यस कवितामा सामन्त भन्नाले ठूला नेताहरू जसले जनताको मत पाएर माथि पुगेका छन् । निम्नवर्ग भन्नाले सर्वहारा वर्गलाई देखाइएको छ । यस कविता सामन्त वर्गको प्रतिनिधित्व निरंकुश शासक भएको तरिकाले

अगाडि बढेको छ भने निम्नवर्गको प्रतिनिधित्व चुपचाप मौन, गम्भीर रूपमा प्रस्तुत भएको छ । आफूले भोट हालेर माथि पुऱ्याएको नेताले नै गरिब वर्गलाई बिर्सन थालेपछि जनता आन्दोलित बन्दै जान्छन् । आफ्नो सत्ता टिकाउनका लागि पञ्चायती शासकहरूबाट राज्य सत्ताको चरम दुरुपयोग गरी जनसाधारणको धरपकड, जेल, यातना, गोली प्रहार, दिनदहाडै हत्या, बलात्कारजस्ता राज्य आतंक फैलाइएको परिस्थितिलाई कविले आफ्नो यस कवितामा उतारेका छन् ।

'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कवितामा एक नेता चुपचाप सडकमा हिडिरहेका छन् । महल, मन्त्रालयमा हुनु पर्ने एक नेता, सडकको किनारामा लुखुर लुखर हिडिरहेको छ । ऊ अस्तित्व नभएको व्यक्ति जस्तो देखिएको छ । कविले आफ्ना कविताको माध्यमबाट मुक्ति युद्धमा सरिक मुक्तियोद्धाहरूको उत्साह, उनीहरूको वैचारिक आस्था र बलिदानको भावनाको उच्च मूल्याङ्कन गरेको देखिन्छ । उनका कवितामा नेपाली राजनीतिमा अनेकौ विकृत र विसङ्गत परिदृश्य देखा परेका सन्दर्भ प्रस्तुत छन् । यही परिस्थितिसँग जुझिरहेको न्याय, मुक्ति, स्वतन्त्रता, समानताका पक्षपाति मुक्ति योद्धाको श्रमप्रतिको निष्ठा आशावादी सोच, सिद्धान्तप्रतिको अटुट इमान्दारीतालाई विषय बनाएर उनले कविता लेखेका छन् । ज्ञनालीले राजनीतिक सिद्धान्त र वर्गीय आन्दोलनप्रति प्रतिबद्ध भावलाई विषयवस्तु बनाएर कविता लेखेका छन् । २०४८ देखि २०५९ सालसम्म एकपछि अर्को गर्दै सता आरोहण र सत्ता पतनको श्रृङ्खला पटकपटकको चुनावी नाटकले आहत जनसाधारणको मनस्थिति पनि परिवेशको रूपमा उनका कवितामा प्रस्तुत भएको पाइन्छ । २०६२/०६३ को जनआन्दोलन, राजाको स्वेच्छाचारी शासनविरुद्ध गणतान्त्रिक चेतनाद्वारा निर्देशित थियो । त्यो समय परिवेशको अङ्कन पनि उनका केही कवितामामा भएको पाइन्छ । संसदीय राजनीतिक अभ्याससँगै शक्ति राष्ट्रहरूको प्रभाव विस्तारले हाम्रो संस्कृति र जीवन पद्धतिमा आएको परिवर्तनलाई विषय बनाएर लेखिएका उनका कवितामा तत्कालीन परिवेशको सुन्दर अङ्ककन गरिएको छ ।

## ३.५.६ 'इतिहासको मिर्मिरेमा' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत 'इतिहासको मिर्मिरेमा' कविता *बिनासालिकका नायहरू* कवितासङ्ग्रहभित्रकै एक सशक्त कविता हो । यस कवितामा वर्गीय समाजले एकपक्षीय रूपमा स्थापित गरेका आफू अनुकूलका मानकहरूलाई हतियारका रूपमा प्रयोग गरेर उच्चवर्गले गाउँ वा सहर दुवै क्षेत्रमा

निम्नवर्गका अपाङ्ग, बालबालिका लगायत सबैलाई सीमान्तीकृत अवस्थामा पुऱ्याई ज्यादै दर्दनाक परिस्थितिमा सिङ्गो जीवन भोग्न र अकाल मृत्युवरण गर्न समेत विवश तुल्याउँछ भन्ने निष्कर्ष प्रस्तुत गरेको छ । यस कुरालाई यस कविताका यी कवितांशले पुष्टि गर्छन् :

निमोठेर आवाजको घाँटी
बिहानी चराका गीतहरू निषेध गर्दै
इतिहासको मिर्मिरेमा
फेरि सल्बलाइरहेछ एउटा कालो छाया !
कलिला कोपिलाहरूमा तेजाब छ्यापिरहेको
रातो सिमल फूल जस्तो वसन्तलाई
निरन्तर निरन्तर लखेटिरहेको
त्यो जल्लाद जस्तो छाया कसको हो ?
कुनै बलात्कृत बालिकाको जाँघबाट
तरतरी चुहिरहेको आलो रगत
आफ्नो वस्त्रमा घसेर हिँडिरहेको
बुढो सिकारी जङ्गबहादुर जस्तो देखिन्छ
यो छाया ! (पृ. ४८)

यस कवितामा नेपाली समाजमा विद्यमान वर्गसम्बन्ध र वर्गीय चरित्रकै उपजस्वरूप अभिभावक भएर पनि आर्थिक दुरवस्थाका कारण सीमान्तीकृत अवस्थामा भई पुगी बलात्कृत मृत्युसम्म वरण गर्न विवश बालिका तथा विपन्न नारीका समस्यालाई प्रमुख विषय बनाइएको छ । यस कवितामा प्रयुक्त साक्ष्यहरूका अनुसार वर्गीय आधारमा निर्मित समाजका स्थापित मानकहरूकै कारण निम्नवर्ग आजीवन उच्चवर्गकै प्रताडना सहन र सीमान्तीकृत अवस्थामा पुगी मृत्युवरण गर्न विवश हुन्छ । त्यस क्रममा उच्चवर्गले धनलाई केन्द्रमा राखी व्यक्तिको स्तर र स्थान मापन गर्ने, धनकै आधारमा शक्ति र ज्ञानको क्षेत्र निर्धारण गर्ने, अवसरहरूलाई सीमित गर्ने, प्रतिभा प्रदर्शनमा अवरोध सिर्जना गर्ने, ईर्ष्या र प्रतिद्वन्द्विताको भावना निर्माण गर्ने, शक्ति र श्रमलाई अवमूल्यन गर्ने, सधैं आर्थिक रूपमा कमजोर मात्र बनाइराखेर उच्चवर्गले निम्नवर्गका महिला तथा बालबालिकालाई सीमान्तीकृत अवस्थामा पुऱ्याई बलात्कार गरी मृत्युसम्म भोग्न पनि विवश तुल्याउने सन्दर्भलाई यस कविताको निष्कर्ष बनाइएको छ ।

यस कवितामा समाजको उच्चवर्गले निम्नवर्गलाई उसको ज्यादै संवेदनशील अवस्थामा पुऱ्याएर सीमान्तीकरण गर्छ भन्ने सन्दर्भलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ। यस क्रममा उच्चवर्गले निम्नवर्गलाई आर्थिक आधारमै सामाजिक, आर्थिक, मानसिक आदि आदि अनेक कोणहरूबाट शोषण दमन गर्छ। यसका लागि निम्नवर्गको विकराल अवस्थालाई मनोरञ्जनका लागि उपयोग गरेर, जीवनमाथि नै खेलबाड गरेर सधैं व्यथित अवस्थामा मात्र राखेर, निरन्तर समस्यातर्फ धकेलेर, हैसियतमा विकास गर्नै नदिएर, चाहना र समस्याको अवमूल्यन गरेर, मन्द विषको शैलीमा आक्रमण गरेर, मुक्तिको बाटोमा फर्कनै नदिएर, सामाजिक रूपमा एक्लो बनाएर, मानसिक विक्षिप्ततासम्म धकेलेर उच्चवर्गले निम्नवर्गलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ भन्ने निष्कर्ष यसमा प्रस्तुत छ।

## ३.५.७ 'बिटुलिएको झुपडी' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

प्रस्तुत कविता बिनासालिकका नायकहरूभित्र सङ्गृहीत रहेको छ । 'बिटुलिएको झुपडी' कवितामा कविले जातीय द्वन्द्व र द्वन्द्वको कारणले समाजमा उत्पन्न भएका समस्याहरूलाई उजागर गर्न खोजेका छन् । दलित महिलामाथि माथिल्लो वर्गको पुरुषले शारीरिक शोषण गरेको र त्यसलाई ढाकछोप गर्न अनेकौं बहाना गर्ने गरेको कुरालाई यस कविताले छर्लङ्ग पारेको छ। हाम्रो समाजमा जातीय भेदभावको अन्त्य भइसक्दा पनि अझै जातीय छुवाछुतमा अड्केर बसेको देखिन्छ। सरकारले २०६८ जेठ २१ लाई "जातीय विभेद तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस" को रूपमा मनाउने निर्णय गरेको छ। जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन २०६८ बनाइएको छ। जसका कारण जातीय विभेद उन्मूलन गर्न महत्त्वपूर्ण सहयोग त पुग्दछ तर सामाजिक विभेदको अन्त्य भने अझै भएको छैन भन्ने सन्दर्भ यसमा प्रस्तुत गरिएको छ। जातीय विभेद विगत लामो समयदेखि हाम्रो समाजमा परम्परागत रूपमा चल्दै आइरहेको कुचलनमध्येको एक हो । यो एकदमै भयानक छ र चुनौतीपूर्ण छ। यो समाजलाई आजसम्म यो पुर्न नसकेको सामाजिक खाडल बनेको छ।

यस कवितामा कविले दूरदराजमा बस्दै आइरहेका जातीय विभेद र दमन सहेर बसेका कथित तल्लो जातका आम मानिसहरूको वेदनाको पोको फुकाउन खोजेका छन्। त्यही कथित दलित समुदायले मुलुक र समाजलाई कसरी योगदान गरेको छ भन्ने सन्दर्भमा वर्गीकरण गरी

प्रस्ट्याउने प्रयास गरिएको छ । यस सन्दर्भमा कविले कवितामार्फत जातीय भेदभाव अझै अन्त्य नभएको सन्दर्भ उल्लेख गरेका छन् ।

प्रस्तुत 'बिटुलिएको झुपडी' ज्ञवालीको मार्मिक कविता हो । प्रस्तुत कवितामा झुपडीको केटी, अर्धबैसे महिला, कमिनी, दमिनी, सर्किनी, बदिनी, जीविकोपार्जन गर्ने, श्रमजीवी वर्गका प्रतिनिधि पात्र हुन् । यिनीहरूले समाजको तल्लो जातको प्रतिनिधित्व गरिरहेका छन् भने कवितामा 'मालिक' ले माथिल्लो उपल्लो जातको प्रतिनिधित्व गरेको देखिन्छ कवितामा प्रस्तुत यी अभिव्यक्तिबाट यस कुराको पुष्टि हुन्छ :

रातभरि यो झुपडी- हजुरको मन्दिर !
म हजुरको आराध्य देवी !
मेरो अङ्ग प्रत्यङ्ग हजुरको पवित्र
चारधाम !
धरतीले कालो घुम्टो ओटेको अन्धकारमा
हे मालिक !
हजुरको निम्ति कोही हुँदैन अछूत
हजुरको निम्ति कोही हुँदैन
कमिनी, दमिनी, सर्किनी
वा बदिनी
रातभरि हजुरको निम्ति
सबै सीता, सबै सावित्री, सबै अनामिका !
सबै छुत, सबै पावन, सबै आराध्य ! (पृ. १४)

प्रस्तुत हरफमा कवितामा जातीय विभेद र जनजीवनको पीडालाई यथोचित ढङ्गले पाठकसामू प्रस्तुत गरिएको छ । यस कविताका पात्र- सीता, सावित्री, अनामिका, सबै तल्लो जातीय अवस्थाको प्रतिनिधित्व गर्ने पात्र हुन् भने माथिल्लो वर्गको प्रतिनिधित्व गर्ने पात्र चाहिँ कविताको मालिक हुन् । मालिक भनाउँदाहरूले रातमा देवी देख्ने आफ्नो यौन तृष्णा मेटाउने र दिउँसो तिनै देवीहरूले छोएको पानी नचल्ने जात व्यवस्थामा मा प्रस्तुत भएको छ । प्रदीप ज्ञवालीले यस कवितामा दमिनी, कमिनी, सर्किनी, बदिनी, सबै देवी देखिने र दिउँसो तिनै देवीहरू अछुत हुने असभ्य व्यवहार गरेको देखिन्छ भनेर चर्चा गरेका छन् । यसमा रातको

समयमा दमिनी, कमिनी, सर्किनी सबै देवी हुने र तिनीहरूसँगै आफ्नो यौनतृष्णा मेटाउने र दिउँसो भएपछि जातीय दमन गरी हिंसा गर्ने परिपाटीलाई देखाइएको छ ।

यस कवितामा देखापरेका पात्रहरूले 'मालिक'को प्रतिकार गर्न सकेका छैन, कारण उनीहरू निरीह छन् । आफू तल्लो जात भएकै कारण मालिकबाट दास बन्नुपरेको र उनीहरूको सिकार बन्न परेको अवस्थालाई यसदकवितामार्फत प्रस्ट पार्न खोजिएको छ । समाजमा श्रमविभाजनसँगै यस शब्दको उत्पत्तिसँगै जातको पनि उत्पत्ति भएको देखिन्छ । धनी, गरिब, माथिल्लो, तल्लो जात भन्ने कुरा समाजमा श्रम विभाजनसँगै उत्पत्ति भएको देखिन्छ ।

प्रस्तुत कवितामा सामन्त वर्गको केन्द्रीय प्रतिनिधित्व रहेको देखिन्छ । यस्तै सामाजिक चरित्र नभएको, शोषक र बेइमानी चरित्रको कारण गाउँबाट पढ्न भनी सहर आएको केटीहरूको पनि चरित्रलाई उजागर गरेको देखिन्छ । जातीय भेदभाव अन्त्य भए पनि जातकै कारण समाजभित्र देखापरेका समस्याहरूलाई राम्रोसँग केलाइएको छ । दिनभरि काम गरेर साँझ चुल्हो बाल्नुपर्ने समयमा पनि समाजका ठालुहरूको सिकार हुनुपर्ने बाध्यतालाई देखाइएको छ ।

## ३.५.८ 'म कर्नाली' कवितामा उच्चवर्ग र निम्नवर्गको प्रतिनिधित्व

'म कर्नाली' कवितामा राज्यले कर्नालीलाई सधैँ उपेक्षित गरेको छ भन्ने भावना व्यक्त गरिएको छ । यस कविताको दोस्रो हरफमा एक मुट्ठी कुहेको चामलको लागि कर्नाली लडिरहेको भन्ने प्रसङ्ग छ । एक चिम्टी नुन र एक फाँको गहुाको लागि कर्नालीले युद्ध गरिरहेको छ । तर कर्नालीको यार्चागुम्बा राजधानीले खोजी खोजी लिन्छ तर विकासको लागि खासै राज्यले ध्यान नदिएको कुराको यसमा चित्रण गरिएको छ । कर्नालीलाई वर्षौंदेखि राज्यले पछि पारेको छ । स्रोतसाधन भएर पनि राज्यले त्यसको उचित मूल्य दिन नसकेको प्रसङ्ग यसमा उल्लेख गरिएको छ । अब कर्नाली धेरै सहने छैन, कर्नाली बोल्छ भन्ने सन्देश यस कविता ज्ञवालीले दर्शाएका छन् ।

'म कर्नाली' कवितामा कविले मार्क्सवादी दृष्टिकोणबाट कवितालाई अर्थ्याएका छन् । द्वन्द्वात्मक भौतिकवादले स्रोतसाधनको असमान वितरण हुन्छ । धनीहरू झन् धनी र गरिबहरू झन्झन् गरिब हुँदै गएको अवस्थालाई यस कवितामा प्रस्तुत गरिएको छ । यस कवितामा अन्तर्निहित वर्गीयता देखिन्छ । तत्कालीन कालिक/कालगत परिवेश र स्थानीय परिवेश पनि जोडिएको छ । यस कविताको कथ्यसन्दर्भ समकालीन राजनीतिक सन्दर्भ नै भएकाले त्यस

समयको घटना, परिघटनाको कालिक परिवेशले यस कवितामा स्थान पाउनु स्वाभाविक हो । खासगरी यस कवितामा कर्नालीको परिवेशको बारेमा लेखिएको छ । चुनावको बेला गाउँमा जनतासँग भोट माग्न आउने र जितेर गएपछि फर्केर नआउने नेताप्रति यसमा व्यङ्ग्य गरिएको छ । नेता र जनताबीचको देखिएको खाडललाई तलको कवितांशले प्रस्तुत गरेको छ :

म कर्नाली !
तिम्रो क्रान्तिको तुइनमा उल्टो झुण्डिएर
पार गर्छु पगली तिला !
उम्रिन्छन् कि भनेर शान्तिको कानुन
हरदिन पानी हाल्छु निधारको बाल्टीबाट
कोटबाडाको समाधीस्थलमा
पसिना र आँसु पुछ्दापुछ्दै फाटिजान्छ
सिस्नुको टोपी र मैलाई हेरेर अचम्मसँग
हाँसिरहन्छ सैपाल हिमाल
मेरो सुस्केरा तिम्रो जुलुसको नारा
बस्न सक्दैन । मेरो पीडा तिम्रो
सिरानीको सपना बन्न सक्दैन
मेरा दुःखका कथाहरू टायर बनेर बल्दैन ।
र चक्काजाम हुँदैन चौरी लड्ने
भीरका गोरेटोहरूमा आगो बोकेर बल्दैनन
घुट्ची, डाँफे र चंखेली लेकहरू । (पृ. १८)

'म कर्नाली' शीर्षकको प्रस्तुत कवितामा अभाव र चरम गरिबीको ग्रामीण र हिमाली परिवेशको सुन्दर चित्रण प्रस्तुत गरिएको छ । यस कवितामा कर्नालीलाई अशिक्षा, चरम गरिबी र अभावले ग्रस्त ठाउँको रूपमा चिनाउन प्रयुक्त अन्धकारको खुराक प्रतीकात्मक पदावलीको प्रयोग भएको छ । यहाँका भूमिहरू नाङ्गा छन् । त्यहाँ जीवनको सङ्केत गर्ने एउटा नदीमात्र बगिरहेको प्रसङ्गले यथार्थ तस्विर जस्ताको त्यस्तै उतारिएको छ । कर्नाली प्रदेशको एकमात्र लक्ष्य बनेको विकास, पूर्वाधार र परिवर्तन हो । कर्नाली मुलुक समृद्धिको मुहान बन्न चाहन्छ । कर्नालीको समृद्धिमा मुहान बन्न चाहन्छ । कर्नालीको समृद्धिमा जल, जमिन, पर्यटन, जडिबुटी, भेषभूषा, भाषा, संस्कृति मुख्य केन्द्रबिन्दु हुन् । कर्नाली प्रदेश मुलुककै एक अनुपम क्षेत्र हो,

जहाँ सम्भावनाले अवसर दिएको छ र रोजगारी दिएको छ । बाँच्ने आधार दिएको छ तर लगानीको अभावमा कर्नालीका थुप्रै सम्भावनाले टुलुटुलु हेरिरहेका छन् । यस अर्थमा हेर्दा कर्नालीमा आएर दुःखका गीत होइन समृद्धिका गीत लेख्न बाध्य बनाउने अवस्था सिर्जना गर्नुपर्ने देखिन्छ । कर्नालीका जनताले दुःख गरेको अवस्थालाई यस कविताले राम्रोसँग प्रस्तुत गरेको छ । कर्नाली शीर्षकको कवितामा एक साधारण मानिसले आजजस्तै सामान्य जीवन व्यतीत गर्दै आएको छ । यस कवितामा उसको सामान्य मानवीय व्यवहारको वर्णन छ । 'म कर्नाली' शीर्षकको कवितामा वर्णित परिवेशले सिङ्गो नेपालको अवस्थालाई चित्रित गरेको छ । कर्नालीको वरिपरिको परिवेश र त्यहाँको जनताका दुःखलाई यस कवितामा चित्रण गरिएको छ । यस कवितामा सामन्तवर्ग र निम्नवर्गको परिवेशलाई उतारिएको छ ।

यसमा दुर दराजमा बसेका जनताको जीवनस्तर जस्ताको त्यस्तै तर चुनाव जितेर गएका व्यक्तिहरू भने राज्यको सम्पत्ति आर्जन गरेर जनतालाई दिनुसम्मको दुःख दिएका छन् भन्ने भाव प्रस्तुत गरिएको छ । यस्तो खालको चरित्र देखेर जनतामा आक्रोश पैदा भएको देखिन्छ । जनताको जीवनस्तर उकास्ने कुनै काम नभएको देख्दा कर्नालीबासीको जीवन पनि दुःखमा बितेको देखिन्छ । कर्नालीबासीहरू आन्दोलनबाट पलायन भैसकेका व्यक्ति होइनन् तर उनी र उनका समुदायका मान्छेमा क्रमशः पुँजीवादी प्रभाव देखिन थालेकामा चिन्ता व्यक्त गरिएको छ । यहाँ उनीहरू आक्रोशित छन्, असन्तुष्ट छन्, आन्दोलित छन् तर उनीहरूसँग सत्तासँग मोलमोलाई गरिरहेका नेताहरू देखेर चिन्ता व्यक्त गरेका छन् । जनताको क्रान्ति र आन्दोलन परिवर्तनको चाहनामाथि खेलवाड गर्ने, भित्रभित्रै सत्तासँग साँठगाँठ गर्ने तर बाहिर आन्दोलनको ढोंग देखाउने केही राजनीतिक व्यक्तिको अवसरवादी षड्यन्त्रकारी चरित्रमाथि केन्द्रित गर्दै समग्र कर्नालीका जनता र त्यहाँको वस्तुस्थितिलाई यसमा जस्ताको त्यस्तै उतारिएको छ ।

## ३.६ निष्कर्ष

प्रदीपकुमार ज्ञवालीका कविताले नेपाली समाजका दुई भिन्न वर्ग उच्च र निम्नवर्गको प्रतिनिधित्व गराएर ती वर्गका बीचको वर्गीय सङ्घर्षलाई देखाउन सफल भएका छन् । उनले नेपाली समाजमा घटेका सामाजिक यथार्यमूलक घटनाबाट विषयवस्तु समेटी त्यसमा आवश्यकताअनुसार कल्पनाको प्रयोग गरी आफ्ना कवितालाई रोचक बनाएका छन् । उनका कवितामा ज्याला, मजदुरी, श्रम र अर्काको निगाहामा बाँच्नुपर्ने गरिबहरूको शोषण गरी

विलासी जीवन बिताउने सामन्त वर्गको चित्रण गरिएको छ । कविले आफ्ना कवितामा दुई गाँस खान र एकसरो लगाउन पनि सधैँ सङ्घर्ष गर्नुपर्ने तथा दिनहुँ आफ्नो श्रम र पसिना बिनामूल्य चुकाउनु पर्ने शोषित किसानहरूको वास्तविक तस्विर उभ्याउँदै समाजमा रहेका कुरुपताहरूको चिरफार गरेका छन् । उनका यी कवितामा नेपाली समाजमा रहेका शोषक र सामन्त वर्गले सधैँ किसान र मजदुर वर्गलाई चर्को व्याजदरमा ऋण प्रवाह गरी घरखेत नै जफत गरेर उठीबास लगाएका कुरा आएका छन् । आफूलाई शासक र मालिक ठान्ने वर्गको बडप्पनका दृष्टान्त पनि उनका कवितामा प्रस्तुत छन् । समाजमा गरिबी, उत्पीडन, असहायपन तथा चरम खालका दीनहीन अवस्था त्यतिकै जन्मँदैन, यसका पछाडि राज्यका अव्यवस्था र समाजका संरचना नै ठीक नभएर किसानले सधैँ अत्याचार सहनुपरेको र दमित हुनुपरेको तीतो सत्यलाई उनले आफ्ना कवितामा प्रस्फुटन गरेका छन् । सामन्तले किसान वर्गलाई सताउन र गिराउन गरेको षड्यन्त्रलाई पर्दाफास गर्न पनि कवि चुकेका छैनन् । त्यस्तै सामन्तहरूको चरम शोषणका कारण सुकुम्बासीहरूले भोग्नुपरेको दुःख, दर्द र पीडाको मार्मिक चित्रण पनि उनका यी कवितामा गरिएको छ । ‘मरुभूमिको बलेनी’, ‘हामी बेनामीहरू’, ‘कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ’, ‘इतिहासको मिर्मिरेमा’ जस्ता कवितामा यस्तो प्रवृत्ति पाइन्छ ।

यसरी गरिब तथा श्रमिक वर्गहरू सधैँ अस्तित्वमा रहँदै आएका थिए र प्रायः किसान वर्गहरू नै गरिब हुने गर्दथे तर सामन्तका सामु किसान र गरिबहरू अस्तित्वमा थिएनन् । किसान वर्ग समाजका सामन्तका अधीनस्थ थिए । सामन्ती शासनमा समाजका किसान वर्ग शोषित रहेको कुरा उनका कविताका माध्यमबाट प्रस्तुत गरिएको छ । उनका यी कवितामा निम्नवर्ग वा किसान वर्गका पात्रका रूपमा सुकुम्बासी किसानहरू आएका छन् । सामन्तका रूपमा रहेका जिम्वाल, पञ्चहरू, काजी तथा मुखियाहरूको हैकम र शासनबाट किसान वर्ग सधैँ अपमानित र शासित रहेका छन् । सामाजिक र आर्थिक रूपमा समाजमा उनीहरूकै बोलवाला रहेको हुन्छ । कामदार जसरी नै सधैँ काममा खटिरहेका वर्गको श्रमको शोषण यो वर्गले गरेको हुन्छ । यसरी सधैँ हलो र फालीको सिरानी हालेर सुत्ने र माटोमा रगत र पसिना बगाउने वर्गलाई माथि विश्लेषण गरिएका कवितामा कविले निम्नवर्गका रूपमा चित्रण गरेका छन् ।

ज्ञवालीका अधिकांश कविता नेपाली ग्रामीण परिवेशमा सिर्जित कविता हुन् । यी कवितामा गाउँको उच्चवर्गले निम्नवर्गलाई आर्थिक रूपमा कमजोर भएकै कारण शोषणका माध्यमबाट सीमान्तीकृत अवस्थामा पुऱ्याएको सन्दर्भलाई प्रमुख विषय बनाइएको छ । यस क्रममा सामन्तले आफ्नो सम्पूर्ण शक्तिको प्रयोग गरी गरिबलाई ज्ञान, शक्ति र आर्थिक हैसियतबाट बिमुख गराएका छन् । त्यसका लागि निम्नस्तरको भाषाको प्रयोग, सम्पत्तिका आधारमा स्तर निर्धारण, प्रभुत्वको प्रयोग, आफ्नो स्वीकृतिबिना गरेको कार्यको अस्वीकार, आफ्नो केन्द्रीयताको निरन्तरता, ईर्ष्या, अघोषित प्रतिद्वन्द्विता, आफूअनुकूल सामाजिक मूल्यको निर्माण र प्रमाणीकरण, निम्नवर्गलाई नै हतियारका रूपमा उपयोग, निम्नवर्गको स्थापित ज्ञानको अन्त्य, निम्नवर्गको परिवारभित्रै आपसी असमझदारीको सिर्जना, निम्नवर्गलाई दमन गर्न सवर्गीकै उपयोग, निम्नवर्गको स्थापित ज्ञानको अन्त्य, निम्नवर्गको परिवारभित्रै आपसी असमझदारीको सिर्जना, रक्षकका रूपमा प्रस्तुत भएर भक्षण गर्ने आदि प्रक्रियालाई उच्चवर्गले उपयोग गरी निम्नवर्गलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ भन्ने यी विश्लेष्य कविताको निष्कर्ष रहेको छ ।

# चौथो परिच्छेद

# प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय द्वन्द्व

## ४.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदको अध्ययनीय विषय प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय द्वन्द्व रहेको छ । वर्गीय द्वन्द्वलाई शोषक र शोषित, मालिक र मजदुर, शासक र शासित, धनी र गरिब, सुविधा सम्पन्न र विपन्न आदिका बीचमा हुने सङ्घर्षका रूपमा अर्थ्याइन्छ। साहित्यिक तथा साहित्येतर दुवै रचनामा कलम चलाउने प्रगतिवादी कवि ज्ञवालीका कवितामा वर्गीय असमानता र यसले निर्माण गरेको वर्गीय द्वन्द्व प्रस्तुत भएका छन् । ज्ञवालीले आफ्ना कविताहरूमा आफू बाँचेको तत्कालीन समाजको सामाजिक पक्षको चित्रण गरेका छन् । ज्ञवालीले आफ्ना कवितामा केन्द्रीय संस्कृतिसँग सम्बद्ध प्रभुत्वशाली उच्चवर्ग (सामन्त) र परिधीय संस्कृतिसँग सम्बद्ध निम्नवर्ग (किसान) को चित्रण गरेका छन् । आफू बाँचेको तत्कालीन समाजमा प्रभुत्वशाली उच्चवर्ग (सामन्त) ले परिधीय निम्नवर्ग (किसान) माथि गरेको दमन, शोषण र अन्याय र अत्याचारका कारण कविमा त्यस परिवेशले उत्पन्न गराएको प्रगतिवादी चिन्तनको अन्तर्विकासलाई प्रस्तुत गरिएको छ । प्रस्तुत परिच्छेदमा वर्गीय द्वन्द्वको सैद्धान्तिक परिचय दिई ज्ञवालीका नमुना छनोट गरिएका कवितामा वर्गीय द्वन्द्वको विश्लेषण गरिएको छ ।

## ४.२ वर्गीय द्वन्द्वको सैद्धान्तिक परिचय

प्रस्तुत शोधकार्यमा वर्गीय द्वन्द्वलाई मानवसमाजको निर्माण, त्यसको विकास र विस्तारका क्रममा एक अर्काभन्दा भिन्न वर्ग र समूहबीच उत्पन्न भएको वा हुने द्वन्द्वको परिप्रेक्ष्यमा परिभाषित गर्ने ध्येयलाई लिइएको छ। समाजमा हुने विभिन्न वर्गहरूका स्वार्थबीच हुने टक्कर, शक्तिको लागि हुने सङ्घर्ष र विभिन्न विचारहरूबीचको भिन्नता नै विवाद हो र यसको विकसित स्वरूप नै वर्गीय द्वन्द्व हो। वास्तवमा वर्गीय द्वन्द्वलाई शोषक र शोषितबीचको असाध्य सामाजिक विरोधहरू अर्थात विपरीत र असमान चरित्र भएका वर्गहरूबीचको अन्तर्विरोधको अपरिहार्य परिणामका रूपमा अर्थ्याइएको छ । वर्गीय द्वन्द्वलाई दासयुगदेखि पुँजीवादी युगसम्मको सामाजिक व्यवस्थाको अनिवार्य तत्त्वका रूपमा व्याख्या गर्दै अस्तित्वका बीचको टकरावका रूपमा लिइन्छ । मार्क्सवादी धारणाअनुसार वर्गीय द्वन्द्व भनेको

मानवसमाजलाई सभ्यताको एक स्वरूपबाट अर्को स्वरूपमा रूपान्तरण गर्ने प्रेरक शक्ति हो किनभने समाजमा विभिन्न कालखण्डमा, विभिन्न देशमा स्वतन्त्र मानिस र दास, अभिजात रजौटा र रैती, सामन्त र अर्धदास एवम् शिल्पसङ्घका मालिक र मजदुरहरू हुन्छन् । तिनीहरूबीच एक अर्काविरुद्ध सङ्घर्ष हुन्छ, त्यो नै वर्ग द्वन्द्व हो (श्रेष्ठ, २०६५, पृ. ७५) । मानिसद्वारा मानिसको शोषण हुने र त्यस्तो शोषणबाट मुक्त हुनका लागि गरिने सामुहिक सङ्घर्षलाई मार्क्सवादीहरूले मुख्य वर्गीय द्वन्द्व मानेका छन् । समाजमा विभिन्न जात, धर्म, भाषा, संस्कृति र आर्थिक अवस्थाका मानिसहरूको समूह रहेका हुन्छन् । त्यस्ता समूहहरू उपलब्ध साधन, श्रोत, अधिकार र पहुँचजस्ता विषयमा बढी हिस्सा प्राप्त गर्न खोज्दछन् भने त्यहाँ विवाद उत्पन्न हुन्छ । समाजमा विभिन्न वर्गहरू भइसकेपछि सबैमा विचारको एकत्व पाइँदैन र त्यहाँ बेमेलपूर्ण अवस्था आउने हुँदा एक अर्कामा अस्तित्वका लागि सङ्घर्ष हुन थाल्छ । यसकारण शत्रुतापूर्ण अवस्था सिर्जना हुने गर्दछ । समाजमा विद्यमान विभिन्न तत्त्वहरू, सामाजिक समूहहरू, जाति वा जनजातिहरूका विपरीत धर्म र चिन्तनका कारणले सृजना हुने बेमेलबाट द्वन्द्व उत्पन्न हुन्छ । समाज र देशका बीच फरकफरक वस्तु वा विपरीत तत्त्वहरूका बीचको आपसी मनमुटाव र खिचातानीबाट वर्गीय द्वन्द्व उत्पन्न हुने गर्दछ । समाजका आन्तरिक संरचनाका कारण उत्पन्न हुने वर्गीय द्वन्द्व आन्तरिक बनावट वा आन्तरिक पक्षमा हुने सङ्घर्षका कारण सिर्जित हुने गर्दछन् । समाजमा विशेषतः आन्तरिक र बाह्य गरी वर्गीय द्वन्द्व दुई प्रकारका हुन्छन् । वस्तुहरूको परस्पर विरोधी पक्षहरूको सङ्घर्ष आन्तरिक वर्गीय द्वन्द्व हो । यसको प्रकृति आन्तरिक र बाह्य वर्गीय द्वन्द्वको रूपमा रहेका छन् । इच्छाइएका वस्तुहरूको वितरण भेदभावका कारणबाट जन्मिने वर्गीय द्वन्द्व, मूल्यको सङ्घर्ष, अधिकारको सङ्घर्ष एवम् व्यक्ति र समाजबीचको द्वन्द्व आन्तरिक वर्गीय द्वन्द्वमा पर्दछन् । दैनिक जीवनमा मानिसले निरन्तर यस्ता द्वन्द्वहरूको सामना गरिरहेको हुन्छ । विभिन्न किसिमका विज्ञानहरूले यिनै द्वन्द्वहरूको विश्लेषण गर्दछन् (खत्री, २०६२, पृ. १५३) । मार्क्सवादी द्वन्द्ववादले यी विज्ञानहरूका विपरीत आम वर्गीय द्वन्द्वहरूको मात्र अध्ययन गर्दछ ।

आन्तरिक वर्गीय द्वन्द्वले स्वयम् वस्तुको स्वभाव र रूप निर्धारित गर्दछन् । त्यसकारणले ती विकासका स्रोत हुन जान्छन् । आफ्नो आन्तरिक द्वन्द्वभन्दा बाहिरी वस्तु त्यो रूपमा रहन सक्तैन जुन रूपमा त्यो विद्यमान छ । यसमा पनि विकासका आन्तरिक द्वन्द्वहरूको निर्णायक नै अभिव्यक्त हुन्छ । बाह्य परिवेशमा भएको परिर्वतनले जीवाङ्गहरूको विकासको निम्ति केवल प्रेरणात्मक धक्का मात्र दिन्छ तर विकासले कुन दिशा लिनेछ र कस्तो परिणाम उत्पन्न

गर्छ भन्ने कुरा अन्ततोगत्वा जीवाङ्गमा रहेको उपपाचन प्रकारमा नै निर्भर हुन जान्छ ( के.सी., २०६७, पृ. १११) । आन्तरिक वर्गीय द्वन्द्वले नै सम्पूर्ण वस्तुहरू तथा घटनाहरूको विकासलाई निरुपण गर्ने भएकाले व्यावहारिक गतिविधिमा पनि सर्वप्रथम यिनै द्वन्द्वहरूको उद्घाटन र समाधान गर्नु जरुरी हुन्छ (के.सी., २०६७, पृ .११२) । यसरी बाह्य शक्तिको हस्तक्षेप र आक्रमण आदिका कारण उत्पन्न हुने वर्गीय द्वन्द्व बाह्य द्वन्द्वअन्तर्गत पर्दछन् ।

निश्चित वस्तुहरूको विरोधाभासपूर्ण सम्बन्धलाई बाह्य द्वन्द्व भनिन्छ । बाह्य द्वन्द्वलाई पनि बेवास्ता गर्नु हुँदैन किनभने विकासमा तिनको ठूलो महत्त्व र भूमिका रहन्छ । आन्तरिक तथा बाह्य द्वन्द्वहरूको पारस्परिक सम्बन्ध र अन्योन्यक्रियालाई सही रूपमा मूल्याङ्कन गर्न सकेमा मात्रै वस्तुको विकासले सफलता प्राप्त गर्न सक्छ । भौतिक वास्तविकतामा वस्तु तथा घटनाहरूको निम्ति आन्तरिक र बाह्य वर्गीय द्वन्द्वहरू स्वभाविक हुन्छन् । वस्तुहरूमा द्वन्द्वको नियम अर्थात् विपरीत तत्त्वहरूबीच एकता र सङ्घर्षको नियम भौतिकवादी द्वन्द्ववादको आधारभूत नियम हो । भौतिकवादी द्वन्द्ववाद एउटा वैज्ञानिक दृष्टिकोण हो । भौतिकवादी द्वन्द्ववाद मार्क्सवादी लेनिनवादी पार्टीको विश्वदृष्टिकोण पनि हो । मार्क्सवादी द्वन्द्ववाद विकास तथा सार्वभौम दृष्टिकोण पनि हो । वस्तुभित्रको विकासको स्रोत र गतिदायी शक्तिहरूको प्रश्न नै यसको मुख्य अभिप्राय हो । प्रतिपक्षहरूको एकता र सङ्घर्षको नियमले यस प्रश्नको उत्तर दिने सामर्थ्य राख्दछ (के.सी., २०६७, पृ. ११५) । उनका अनुसार द्वन्द्वको सम्बन्ध उत्पादक शक्ति र उत्पादन सम्बन्धसित हुन्छ । समाजका उत्पादक शक्ति र उत्पादनका स्रोतमाथि नियन्त्रण राख्ने सम्पन्न वर्ग एवम् स्रोत र शक्ति कम भएका विपन्न वर्गबीच उक्त स्रोत र शक्ति आफ्नो पक्षमा पार्ने मानसिकताबाट सृजित अन्तर्विरोधको अवस्था नै वर्गीय द्वन्द्व हो । यसकारण वर्गीय द्वन्द्व मूलतः परस्परविरोधी चेतना र विरोधी बुझाइका कारण उत्पन्न हुने सङ्घर्ष, त्यसका विरोधी अवधारणा राख्ने पक्षहरू, हैसियत, शक्ति र स्रोतहरूमाथि एकाधिकारका निम्ति प्रतिष्पर्धा गर्दछन् र त्यसबाट द्वन्द्व उत्पन्न हुन्छ । त्यसै गरी माओत्सेतुङले मार्क्सवाद लेनिनवादको सिर्जनात्मक प्रयोग चीनमा गरी जनवादी क्रान्ति ल्याउन सफल भएका थिए । राष्ट्रको विशिष्टताअनुरूप जनवादी क्रान्ति, समाजवादको निर्माण, राष्ट्रिय मुक्तिजस्ता सवालमा माओले प्रतिपादन गरेको सिद्धान्त नै मार्क्सवादी प्रगतिवादी धाराको विकसित रूप हो ।

वर्गीय द्वन्द्वको विविधतामा नअल्मलिनका लागि तिनमध्ये प्रमुख र निर्णायक वर्गीय द्वन्द्व पत्ता लगाउन जरुरी हुन्छ । प्रमुख वर्गीय द्वन्द्वले विकासमा मुख्य अग्रणी भूमिका खेल्दछ । त्यसले अरू सबै द्वन्द्वमा असर पार्छ । यो द्वन्द्वबाट प्रगतिशील वर्गहरू र मार्क्सवादी पार्टीहरूलाई सही नीतिको निर्धारण तथा प्रभावकारी तरिकाले व्यावहारिक कार्यका सङ्गठनमा सघाउ पुग्छ । प्रकृतिमा हुने परिवर्तनको मुख्य कारण प्रकृतिमा विद्यमान आन्तरिक द्वन्द्वको विकास हो । समाजमा हुने परिवर्तनको मुख्य कारण समाजमा विद्यमान आन्तरिक द्वन्द्वहरू अर्थात् उत्पादक शक्ति, उत्पादन सम्बन्धहरूबीचको द्वन्द्व, वर्गवर्गबीचको द्वन्द्व र पुरानो तथा नयाँबीचको द्वन्द्वको विकास हो । उपर्युक्त वर्गीय द्वन्द्वको विकासले नै पुरानो समाजको ठाउँमा नयाँ समाजको स्थापनाका लागि प्रेरणा दिन्छ । तसर्थ वर्गीय द्वन्द्वका बाहिरी कारणहरू परिवर्तनका सर्त हुन् र आन्तरिक कारणहरू परिवर्तनका आधार भएकाले क्रियाशील हुन्छन् । कुनै वस्तुको विकासमा आन्तरिक कारण नै प्रमुख हुन्छ (के.सी., २०६७, पृ. ११३) । अतः एउटा वर्गीय द्वन्द्वमा विपरीत तत्त्वको एकताले मात्र वस्तुको विकास हुन्छ भन्ने सिद्धान्त नै सार्वभौम छ जसले विपरीत तत्त्वको सङ्घर्षलाई अपरिहार्य र शाश्वत बनाइदिन्छ ।

भौतिक जगत्को विकासलाई प्रतिविम्बित गर्दै मानिसको चेतना, उनीहरूको विचार, सिद्धान्त र दृष्टिकोणहरू पनि बदलिरहेका छन् । यसप्रकारले एउटा अवस्थाबाट अर्को अवस्थामा वस्तु र घटनाको निरन्तर विकास र परिवर्तनका साथै एक अर्कामा उनीहरूको रूपान्तरणले भौतिक जगत्को महत्त्वपूर्ण विशिष्टताको अभिव्यक्ति गर्दछन् । तसर्थ वस्तु र घटनाहरूको ज्ञान प्राप्तिको सर्वप्रथम तिनको स्थायी परिवर्तन र विकासको अध्ययन गर्नु नितान्त आवश्यक हुन्छ । वस्तुलाई वास्तविक रूपमा चिन्नका लागि त्यसलाई विकासमा, परिवर्तनमा र आत्मगतिमा हेर्नु जरुरी हुन्छ । मार्क्सवादले पुँजीपति वर्गको राज्य व्यवस्थालाई ध्वस्त पारी त्यो ठाउँमा सर्वहारा वर्गको राज्य व्यवस्थालाई स्थापना गर्न सही क्रान्तिकारी बाटो देखाउँछ । मार्क्सवादका मौलिक विशेषताहरू द्वन्द्वात्मक भौतिकवाद, वर्गसङ्घर्ष, अतिरिक्त मूल्यको सिद्धान्त, तल्लो वर्ग (जनता), राज्यको शक्ति आदि हुन् (के.सी., २०६७, पृ. ७९) । साधनसम्पन्न नयाँ सहरहरूको विकास, बारुदहरूको आविष्कार तर स्थानीय राजभक्तिको स्थानमा राष्ट्रभक्तिको उदयको कारण सामन्तशाही पतन भई पुँजीवादको उदय भयो र वर्गसङ्घर्ष जन्मियो (आफानास्येभ, सन् १९८५, पृ .१४) । पुँजीवादले यस्ता वर्गलाई जन्म दियो, जसले पुँजीवादी व्यवस्थालाई नष्ट गर्दछ र समाजवादी परिवर्तनलाई कार्यान्वित गर्दछ । सबै युगमा प्रमुख वर्गहरूका बीचमा अस्तित्व रक्षाका लागि शत्रुतापूर्ण सम्बन्ध हुने गर्दछ । यही शत्रुतापूर्ण

सम्बन्धका कारण हुने द्वन्द्वले समाजविकासको गतिलाई तीव्र पार्दछ । वर्ग वर्गका बीचमा शत्रुतापूर्ण सम्बन्ध हुनका मुख्य कारण ती वर्गबीच कहिल्यै मेल हुन नसक्ने वर्गीय द्वन्द्व विद्यमान हुनु हो (येर्माकोवा र रात्निकोभ, सन् १९८८, पृ. १२९) । वर्ग विभाजित समाजमा वैधानिक तथा अवैधानिक, शान्तिपूर्ण तथा शसस्त्र, संसदीय तथा गैर संसदीय, खुला तथा गौण, कानुन तथा गैर कानुनजस्ता वर्गीय द्वन्द्वका अनेकौं रूपहरू हुन्छन् । वर्गीय द्वन्द्वका यी रूपहरूमध्ये कतिबेला वर्गसङ्घर्षको कुन रूपको प्रयोग गर्ने भन्ने कुरा परिस्थितिमा भर पर्दछ । वर्गीय हित र अस्तित्वको निमित्त राज्यसत्ता कब्जा गर्ने सङ्घर्षको उच्च रूप हो । यसलाई क्रान्ति पनि भनिन्छ । राज्यसत्ता भनेको समाजको आर्थिक आधारमा प्रभुत्व जमाएको वर्गले आफ्नो वर्गीय हित र अस्तित्व रक्षाका लागि अर्को विरोधी वर्गलाई दमन तथा नियन्त्रण गर्ने राजनीतिक सङ्गठन एवम् शक्ति हो । राज्य र क्रान्ति भन्ने विश्व प्रख्यात पुस्तकमा लेनिनले यसलाई वर्गीय दमनको हतियार हो र वर्ग विरोधको अपजस भएको कुरा व्यक्त गरेका छन् ( के.सी., २०६७, पृ. १७७) । क्रान्ति पूरा गर्नका निम्ति वस्तुगत पूर्वाधार त्यसलाई भनिछ जहाँ नयाँ उत्पादन शक्ति र पुराना उत्पादन सम्बन्धबीचको द्वन्द्व हुन्छ, जुन क्रान्तिको आधारभूत कारण हो, त्यो चरम अवस्थामा पुगेको हुन्छ । पुरानो ढङ्गबाट शासक वर्गले शासन गर्न नसक्ने र शोषित वर्ग चल्न नचाहने स्थितिको कमी सिर्जना भएको हुन्छ । शोषितपीडित वर्गमाथिको उत्पीडन र त्यसका विरुद्ध सङ्घर्ष हुनु जरुरी छ । वर्गीय द्वन्द्वको स्वरूप वर्गगत सम्बन्धमा आधारित हुन्छ । वर्ग विभाजित समाजमा गौण वर्गहरू हावी हुन्छन् । यी वर्गहरू सत्तारूढ उत्पादन पद्धतिसित प्रत्यक्ष रूपले सम्बन्धित हुँदैनन् । जस्तै : दासप्रथात्मक समाजमा स्वतन्त्र शिल्पकारहरू, पुँजीवादी समाजमा किसानहरू आदि यसका साथसाथै विभिन्न सामाजिक उपवर्गहरू (बुद्धिजीवी वर्ग, पुरोहित वर्ग आदि) पनि हुन्छन् । वर्ग विभाजित समाजमा वर्गसङ्घर्ष भनेको मुख्यतया प्रमुख सामाजिक वर्गहरूका बीचको द्वन्द्व हो । गौण वर्गहरू र सामाजिक उपवर्गहरूले प्रायः यस सङ्घर्षमा आफ्नो कुनै मोर्चा खडा गरेका हुँदैनन् । उनीहरूले प्रमुख विरोधी वर्गहरूमध्ये कुनै एउटाको पक्ष लिएका हुन्छन् र त्यसैको हितको रक्षा गरेका हुन्छन् (आफानास्येभ, सन् १९८५, पृ. २९३-२९४) । मानवसभ्यताको इतिहासमा मार्क्सवादका मूल प्रस्थापनाका रूपमा द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद आएका छन् । मार्क्सवाद भौतिकवादी दर्शन हो । द्वन्द्व र इतिहासमा आधारित भएकाले यसलाई द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद पनि भनिन्छ । मार्क्सवादको मूल प्रस्थापना मानिने यिनै दुई विषयका बारेमा स्पष्ट हुनु जरुरी छ ।

मार्क्सवादी दर्शन भनेको द्वन्द्वात्मक भौतिकवाद हो । समाजविकासको इतिहासलाई हेर्ने यही द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण नै ऐतिहासिक भौतिकवाद हो । यसले प्रकृतिका प्रत्येक वस्तुलाई कार्यकारण शृङ्खलामा आवद्ध देख्दछ र तिनलाई सतत परिवर्तनशील वा गतिशील ठान्दछ । द्वन्द्ववाद वस्तुतः पदार्थको अस्तित्व अनि त्यसमा हुने परिवर्तन र रूपान्तरणलाई व्याख्या गर्ने सिद्धान्त हो (पाण्डेय, २०५६, पृ. २) । पदार्थमा परस्पर दुई विपरीत गुण वा तत्त्व हुन्छन् । तिनका बीचको सङ्घर्ष वा द्वन्द्वले नै वस्तुमा क्रमशः मात्रात्मक वा गुणात्मक परिवर्तन आउँछ भन्ने यसको निष्कर्ष हो । सर्वहारा वर्गका महान् नेता कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सले द्वन्द्ववाद भनेको प्रकृति, मानवसमाज र चिन्तनको गतिसम्बन्धी सार्वभौमिक नियमबारेको सिद्धान्त हो भनी व्याख्या गरेका छन् । मार्क्सवादी द्वन्द्ववादले निम्नस्तरबाट उच्चस्तरसम्म, सरलबाट जटिलतातर्फको गतिको रूपमा, फड्कोको रूपमा र क्रान्तिकारी प्रक्रियाको रूपमा विकासको विवेचना गर्दछ तर यो गति कुनै सीमित वृत्तभित्र मात्र नरही त्यसको प्रत्येक आवृत्ति पहिलेको भन्दा गहन, सम्पन्न र बहुमुखी हुन्छ । द्वन्द्ववादले स्वयम् वस्तुहरू र घटनाहरूको निम्ति स्वाभाविक अन्तर्द्वन्द्वहरूमा नै विकासको मुहान देख्छ । मार्क्सवादी द्वन्द्ववादले मात्र विकास प्रक्रियाको सही तथा वास्तविक वैज्ञानिक व्याख्या गर्दछ (आफानास्येभ, सन् १९८५, पृ. २६) । मार्क्सवादी दर्शनमा द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद गरी दुई पक्षको अध्ययन गरिन्छ । प्रकृतिका प्रत्येक वस्तुलाई कार्यकारण शृङ्खलामा आबद्ध देख्दछ र तिनलाई सतत परिवर्तनशील वा गतिशील ठान्दछ । यो विश्वका श्रमजीवी वर्गको मुक्ति र नयाँ विश्व निर्माणका लागि सबल र बौद्धिक अस्त्र पनि हो । मानवसमाज निरन्तर विकासशील छ । यी कुरा हाम्रो युगमा महानतम् ऐतिहासिक प्रगति र अद्वितीय सामाजिक परिवर्तनको युगमा झन् टड्कारो रूपले देखा परेको छ । पुँजीवादी व्यवस्था ढलिरहेको छ । नयाँ समाजवादी व्यवस्थाले दृढतापूर्वक यसको स्थान ग्रहण गर्दैछ । समाजवादी जगत् समृद्ध र सुदृढ हुँदैछ । यसकै कारण औपनिवेशिक व्यवस्थाको पतन भैसकेको छ (आफानास्येभ, सन् १९८५, पृ. २५) । ऐतिहासिक भौतिकवादका दृष्टिमा भौतिक साधनको उत्पादन र पुनरूत्पादन समाजविकास र सामाजिक अस्तित्वको अनिवार्य सर्त हो ।

समाजका श्रमजीवी वर्ग नै समाजका उत्पादक हुन् र आफ्नो भौतिक अस्तित्व धान्नका निम्ति उनीहरू जसरी पनि भौतिक साधनको उत्पादनमा सामेल हुन्छन् तर उत्पादक शक्तिहरू मात्रले भौतिक उत्पादनको पूर्ण अभिव्यक्ति गर्दैनन् । तसर्थ मानवसमाज र त्यसको ऐतिहासिक स्वरूपलाई निर्धारण गर्ने प्रथम आधार भनेको उत्पादन प्रणाली नै हो । मानवसमाजको यस्तो

ऐतिहासिक स्वरूपलाई निर्धारण गर्ने यो उत्पादन प्रणाली, उत्पादक शक्ति र उत्पादन सम्बन्धको योगबाट बनेको हुन्छ । मार्क्सको भनाइमा उत्पादन गर्नको निम्ति मानिसहरू समाजमा निश्चित सम्पर्क र सम्बन्ध कायम गर्दछन् । यस सामाजिक सम्पर्क तथा सम्बन्धका परिधिभित्र मात्रै प्रकृतिसित उनीहरूको सम्बन्ध स्थापित हुन्छ र उत्पादन सम्भव हुन्छ । उत्पादन शक्तिअन्तर्गत उत्पादनमा मानिसहरूले उपयोगमा ल्याउने साधन, उत्पादनका साधनहरू र उत्पादक (श्रमिक) हरूको उत्पादन अनुभव तथा श्रम, सीप आदि पर्दछन् । उत्पादन सम्बन्धअन्तर्गत उत्पादनका साधनमाथिको स्वामित्व, उत्पादित वस्तुमाथिको स्वामित्व अनि त्यसको वितरण र उपभोगको स्थितिका सन्दर्भमा मानिसहरूबीच निर्माण हुने सम्बन्ध आउँछन् (पाण्डेय, २०५६, पृ. ५) । तिनीहरूले निश्चित सम्बन्ध उत्पादन गर्दछन् जुन अनिवार्य र उनीहरूको इच्छाबाट स्वतन्त्र हुन्छन् ।

यसप्रकार उत्पादक शक्ति र उत्पादन सम्बन्ध नै समाजका स्वरूपमा निर्धारक तत्त्व हुन् । यी उत्पादन सम्बन्ध उत्पादनका भौतिक शक्तिहरूको विकासको एक निश्चित अवस्थाको अनुकुल मात्र हुन्छन् । प्राचीन समाज, सामन्ती समाज, पुँजीवादी समाज, यी सबै उत्पादन सम्बन्धहरूका यसप्रकारका समाहार हुन् साथै यिनीहरूमध्ये हरेकले मानवजातिको ऐतिहासिक विकासको एक निश्चित चरणलाई इङ्कित गर्दछ । पुँजी सामाजिक प्रगतिमा वर्गसङ्घर्षको उच्चतम रूप सामाजिक क्रान्तिको भूमिका निकै ठूलो रहन्छ । सामाजिक क्रान्तिको फलस्वरूप नै पुरानोको उन्मूलन र नयाँबढी प्रगतिशील सामाजिक व्यवस्थाको स्थापना हुन जान्छ । यसका माध्यमबाट समाजको विकास हुन्छ भन्ने मान्यता ऐतिहासिक भौतिकवादको रहेको छ ।

सामन्त तथा पुँजीपति वा साहु वर्गको शोषण, दमन र उत्पीडनका विरुद्धमा सर्वसाधारण मजदुर, कुल्ली, ज्यामी, भरिया तथा सर्वहारा वर्गको सशक्त सङ्घर्ष नै वर्गसङ्घर्षको स्वरूप हो । वर्ग विभक्त समाजमा देखापर्ने शत्रुतापूर्ण अन्तर्विरोधको समाधान वर्गसङ्घर्षले गर्छ भने क्रान्तिको केन्द्रीय आधारको निर्माणमा पनि वर्गसङ्घर्ष निर्णायक हुन्छ (भट्टराई, २०७७, पृ. ९१) । वर्गसङ्घर्षले निम्नवर्गको आर्थिक, सामाजिक, राजनैतिक तथा दैनिक जीवनशैलीमा मात्र सुधार ल्याउँदैन, उनीहरूको हक र अधिकार प्राप्तिको ढोकासमेत खोल्दछ । उच्चवर्गबाट सधैं दमन र शोषणमा परेपछि र निम्नवर्गमा चेतना आएपछि आफ्नो हितका लागि निम्नवर्ग सङ्घर्षका लागि तयार हुन्छ । वर्गसङ्घर्षले समाज विकासलाई मुख्य आधार बनाउँछ र सामन्ती शोषणलाई उद्घाटित गर्दछ । पुँजीवादी समाजमा मजदुरहरूको अवस्था

अत्यन्त दयनीय हुन्छ । उनीहरूलाई उच्चवर्गले आफ्नो स्वतन्त्रताको उपयोग हुन नदिएर सधैँ दमनमा राखेको हुन्छ (पोखरेल, २०८०, पृ. १०८) । यसरी वर्गीय समाजमा सत्तामा प्रायः हुनेखाने वर्गकै हालीमुहाली हुन्छ ।

समाजमा रहेका व्यक्ति, पक्ष, वर्ग, समूहहरूका बीचमा परस्पर विरोधी गुण, विरोधी अनुभूति, स्वभाव, धारणा, सिद्धान्त, स्वार्थगत अन्तर्विरोध एवम् अन्तरसम्बन्धका कारण उत्पन्न हुने तनावपूर्ण अवस्था र तिनले निम्त्याएको सङ्घर्षको अवस्था वर्गीय द्वन्द्व हो । यसरी समाजमा आन्तरिक र बाह्य, शत्रुतापूर्ण र शत्रुतारहित, प्रमुख र गौण अन्तर्विरोधहरूको बीचमा कुनै जब्बर पर्खाल छैन । वास्तविक जीवनमा तिनीहरू आपसमा जोल्टिएका हुन्छन् । एउटाले अर्कोको ठाउँ लिन सक्छन् । अन्तर्विरोधका कारण वर्गमा द्वन्द्वको उत्पति हुन्छ । सबै युगमा प्रमुख वर्गहरूका बीचमा अस्तित्व रक्षाका लागि शत्रुतापूर्ण सम्बन्ध हुने गर्दछ । यही शत्रुतापूर्ण सम्बन्धका कारण हुने द्वन्द्वले समाजविकासको गतिलाई तीव्र पार्दछ । वर्गवर्गका बीचमा शत्रुतापूर्ण सम्बन्ध हुनुका मुख्य कारण ती वर्गबीच कहिल्यै मेल हुन नसक्ने अन्तर्विरोध विद्यमान हुनु हो (येर्माकोवा र रात्निकोभ, १९८८ पृ. १२९) । तसर्थ प्रत्येक अन्तर्विरोधको विश्लेषणमा निश्चित तरिका अपनाउनुपर्छ । त्यस अवस्थालाई ध्यानमा राख्नुपर्छ जहाँ त्यो अन्तर्विरोध उत्पन्न हुन्छ (के.सी., २०६७, पृ. ११४) । प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय द्वन्द्व कसरी अभिव्यक्त भएको छ र वर्गीय मुक्तिका लागि यसले समाजमा कस्तो भूमिका खेल्छ भन्ने कुराको अध्ययन गर्नु नै प्रस्तुत शोधको उद्देश्य हो ।

## ४.३ 'चिता जलिरहेछ' कवितासङ्ग्रहका कवितामा वर्गीय द्वन्द्व

*चिता जलिरहेछ* कवितासङ्ग्रह २०५३ सालमा प्रकाशित प्रदीपकुमार ज्ञवालीको पहिलो कवितासङ्ग्रह हो । प्रस्तुत कवितासङ्ग्रहका कवितामा आजभन्दा २९-३० वर्ष अगाडिको नेपाली समाजको शासनव्यवस्थामा रहेको सामाजिक, आर्थिक र सांस्कृतिक संरचनाको यथार्थ रूपलाई चित्रण गरिएको छ । कवि ज्ञवालीको प्रस्तुत कवितासङ्ग्रहमा २२ वटा कविता सङ्गृहीत छन् । ती कविताहरूमध्ये 'मलाई कुहिरो मन पर्दैन', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', 'एउटा चिठी : सांसद छोराको नाममा' र 'यो महल' गरी चारवटा कवितामा वर्गीय द्वन्द्वको विषयवस्तु सघन रूपमा देखिएको हुँदा प्रस्तुत परिच्छेदमा यिनै सोद्देश्य नमुना छनोट गरिएका कविताको मात्र विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

### ४.३.१ 'मलाई कुहिरो मन पर्दैन' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

'मलाई कुहिरो मन पर्दैन' कविता प्रदीप ज्ञवालीद्वारा रचित सुन्दर र प्रतीकात्मक अर्थ दिने सशक्त कविता हो । यस कवितामा ज्ञवालीले साहु, महाजन र सामन्त वर्गलाई कुहिरो भनेर व्यङ्ग्य गरेका छन् । जसरी कुहिरो लागेपछि हिमाल, पहाड छेकिन्छन्, त्यसै गरी उच्चवर्ग अर्थात् सामन्त वर्ग समाजमा रहुञ्जेल निम्नवर्गको अस्तित्व दबाइरहन्छ । जनताको मन राख्छु भनेर कसम खाएर चुनाव जित्ने र पछि ठाउँमा पुगेपछि आफ्ना वचन पक्का गर्न नसक्ने परिपाटी रहेको छ । सत्ता टिकाउनका लागि पञ्चायती शासकहरूबाट राज्य सत्ताको चरम दुरुपयोग गरी जनसाधारणको धरपकड, जेल, यातना, गोली प्रहार, दिनदहाडै हत्या, बलात्कार जस्ता आतङ्क फैलाइएको परिस्थितिलाई ज्ञवालीले आफ्नो यस कवितामा उतारेका छन् ।

'मलाई कुहिरो मन पर्दैन' कवितामा अत्याचार, चित्कार, यातना, क्रूरता, बर्बरताका बीच कवि मौन रहनुको कारण खोजिएको छ । समाज उज्यालो बनाउनका निम्ति अध्यारो हटाइनुपर्ने अर्थात् आन्दोलनरूपी उज्यालोले निरङ्कुशतारूपी अध्यारो हटाउनु पर्ने भाव यस कवितामा उल्लेख छ । शासकहरूले अनेक जालझेल षड्यन्त्र गरी गरिबहरूलाई फसाउँछन् तर गरिब भने शासकको जालोमा फसी चुपचाप बसी नै रहन्छन् । मानिसले अझै सामान्यभन्दा सामान्य जीवन व्यतीत गरिरहेका छन् । तर जनताको जीवनमा कुनै परिवर्तन नभएको कुरा यस कविताका तलका पङ्क्तिले स्पष्ट पार्छन् :

> न यसले ठूलो पानी पारेर फोहर बढार्न
> सक्छ देख्दा सेतो भएर के भो,
> न कपास बनेर यसले जाडो लघार्न सक्छ
> छयास् - छयास् पानी पारि नै रहन्छ ।
> जिउ काँपिरहन्छन् । जुका जोगिरहन्छन् ।
> बोक्सीको जगटा, गाउँलेहरू सराप्ने गर्छन् ।
> दुगुर, कुहिरो दुगुर, "केटाकेटीहरू लघार्ने गर्छन् ।" (पृ. ११)

प्रस्तुत कवितांशमा सामन्तले गरिब र सर्वहारा वर्गको कसरी पसिना र श्रम शोषण गर्न सक्छन् भन्ने कुरा देखाइएको छ । कुहिरो भनेर सामन्त वर्गलाई बुझाएको छ, हेर्दा सेतो हिउँ जस्तो भएर कुनै अर्थ नभएको भन्दै म पात्रको मनमा द्वन्द्व उत्पन्न हुन्छ र यी र यस्ता खालका वर्गहरूलाई समाजबाट बढार्ने बदला मनमा जाग्छ भनिएको छ । प्रस्तुत कवितामा

किसानहरूको श्रमशोषण गर्ने निमुखा गरिबहरूको कुनै अस्तित्व नभएको जस्तो गरी दिनरात हेपिरहने प्रवृत्तिको अन्त्य गर्न 'म' पात्र लागिरहेको छ । नेपाली समाजमा रहेका निम्न वर्गीय जनताको श्रमशोषण गरी तिनले आवाद गरेको सम्पूर्ण जग्गाजमिन आफ्नो निमन्त्रणमा राख्दै आएका पञ्च, जिम्बाल तथा मुखिया आदिबाट तिनले भोगेका दुःखकष्ट र पीडालाई प्रस्तुत कविताको विषयवस्तु बनाइएको छ। समाजमा रहेका मानिसहरूको समूह नै वर्ग हो। तुलनात्मक तथा गुणात्मक दृष्टि र मूल्यगत महत्त्वले समेत बराबर भएको स्थितिका वर्गहरू पनि समाजमा रहेका छन् । आजसम्म समाजमा जति परिवर्तन भएका छन्, ती सबै शक्तिकै कारण भएका छन् । शक्ति एउटै बाटोबाट एकैनासले अघि बढ्दैन, यो समय, स्थान र परिस्थितिअनुरूप परिवर्तन हुन्छ । यही क्रममा सत्य र ज्ञान पनि परिवर्तित हुन्छ (श्रेष्ठ २०६८, पृ. ३३) । यस अवस्थामा शक्तिशाली शासक र यसको विरोधी शक्तिमा बीचमा टकराब हुन्छ ।

विश्व इतिहासका सन्दर्भमा हेर्दा दासमालिक र दास, जमिनदार र किसान तथा पुँजीपति र मजदुरका बीचमा सङ्घर्षका रूपमा परिचित वर्गहरू रहेका छन्। प्रस्तुत कवितामा हेर्दा सेतो देखिने कुहिरोले पहाड, जङ्गल, सुन्दर हिमाल सबै ढाकेर बसेको छ, हेर्दा सेतो देखिएर के भयो त ? न कपास बनेर यसले जाडो लघार्न सक्छ, छ्यासछुस पानी पारेर, जुका मात्रै जागा गराइरहन्छ, यस्तो खालको कुहिरोले समाज परिवर्तन गर्दैन, जुका बनेर हामीलाई चुसिरहन्छ भन्दै म पात्रले मनमा द्वन्द्व उत्पन्न गरेको छ । अब यस्तो सामन्ती शोषकहरूका विरुद्ध नलागेसम्म समाजमा परिवर्तन नआउने कुरामा ऊ विश्वस्त छ । प्रस्तुत कवितामा सामन्तहरूको प्रभुत्व पञ्चायती सरकारको आडमा लामो समयदेखि रहेको पाइन्छ। उनीहरू समाजमा सम्पन्न र शासक वर्गको नजिक रहेका छन् । कामदार श्रमिक तथा सुकुम्बासीहरू निम्नवर्गका रूपमा प्रस्तुत गराइएको छ । समाजका यिनै पञ्च र जिम्बालहरू सरकारको निगाहामा बिर्ता पाउनेदेखि लिएर भएभरका जग्गाजमिन आफ्नो निमन्त्रणमा लिई सामन्त कहलिएका छन् ।

आफूले चुनाव जिताएर पठाएको नेताहरूले पनि आफ्नो लागि कुनै काम नगरेपछि 'म' पात्रको मनमा उत्पन्न भएको वर्गीय द्वन्द्वलाई यस कवितामा प्रस्तुत तलका पङ्क्तिले स्पष्ट पार्छन् :

घाम छेकेर यसले दिउसै रात पार्दिन्छ
बाटो ढाकेर यसले अलमलाइदिन्छ

बटुवाहरू डराउँछन् । गाई- वस्तुहरू वनमै
हराउँछन् भर्खर उड्न सिकेका बचेराहरू
गुँड नभेटेर चि-चि कराउछन्
हाम्रो पथको छेकेवार,
सौन्दर्यमाथिको यो घिनलाग्दो पर्दा
यो कुहिरो अहँ, मलाई मनै पर्दैन । (पृ.११)

'मलाई कुहिरो मन पर्दैन' कवितामा 'म' पात्रले कुहिरो प्रतीकात्मक रूपमा बुझाएको सामन्त वर्गको व्यवहार आफूहरूलाई मन नपर्ने बताएको छ । हेर्दा सेतो सफा चट्ट परेका बेदाग तर भित्र-भित्र कालो धब्बा भएको कुहिरो मन नपर्ने भन्दै यसमा कविले आक्रोश व्यक्त गरेका छन् । यस कवितामा पञ्चायतकालीन सामन्ती सरकारको छत्रछायामा रहेको सामन्तहरूको जीवन्त तस्विर उतार्ने प्रयास गरिएको छ । पञ्चायत कालमा सामन्तहरूले गरिब, सर्वहारा वर्गलाई अमानवीय व्यवहार गरेको कुरा प्रस्तुत अंशले व्यक्त गरेको छ । समाजमा रहेका पञ्च, जिम्बालहरूले किसानहरूले आवाद गरेको जग्गाजमिन आफ्नो नाममा दर्ता गरी ठूलाठूला महल खडा गरेका छन् तर किसान आफैँले अवाद गरी छाप्रो हालेर बस्दै आएको सानो टुक्रा जग्गाजमिन पनि हडपेका हुन्छन् । प्रस्तुत कवितामा कुहिरोको विम्बात्मक प्रतीक बनेर आएका सामन्त वर्ग हुन् । उनीहरू सामन्तका रूपमा समाजमा चिनिएका छन् । वास्तवमा यिनीहरू समाजमा रहेका निमुखा श्रमजीवी किसान वर्गको श्रमशोषण गरेर नै सामन्त बनेका हुन् । तत्कालीन सरकारको नजिक रहेका कारण यिनीहरलाई सजिलै बिर्ता तथा ऐलानी जग्गाजमिनहरू सरकारी निगाहामा प्राप्त हुन्छ । शक्ति र वर्चश्वका कारण किसान वर्गमा अथवा श्रमिक वर्गमा यिनीहरूले शोषण र दमन गर्न सफल भएका छन् । श्रमिक वर्गहरू शोषित भएर सामाजिक अधिकारबाट वञ्चित भएका कारण उनीहरूमा सामन्त वर्गप्रति द्वन्द्व उत्पन्न भएको छ । आफूमाथि भएको अन्याय र अत्याचार सहन नसकेर नै उनीहरूले बलिदान गर्न पछि हटेका छैनन् । वर्गीय विभेद र वर्गीय शोषण भएको समाजमा वर्गसङ्घर्ष अनिवार्य हुन्छ । वर्गसङ्घर्षको लागि चेतना र ज्ञानको कमी भएका आवाजविहिन र शोषितपिडित जनताको आवाज बनेर समाजका प्रबुद्ध वर्गले समेत नेतृत्व गरिदिनु पर्दछ भन्ने धारणा प्रदीप ज्ञवालीको यस कवितामा भेट्न सकिन्छ । यसरी यस कवितामा 'म' पात्रले कुहिरोको रूपमा आएको सामन्तको भण्डाफोर गरेको छ । यसमा मानिसले साँचो अर्थमा नै

मानिस भएर बाँच्न पाउनु पर्छ, मानिसले दासको जिन्दगी नभएर स्वतन्त्र मानिसको जिन्दगी बाँच्न पाउनु पर्छ भन्ने निम्न वर्गीय सङ्घर्ष नै यसमा वर्गसङ्घर्षको रूपमा रहेको देखिन्छ ।

### ४.३.२ 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

'यतिबेला गाउँमा अलिकति साझ परेको छ' कवितामा उच्च र सामन्त वर्गले निम्न र कमजोर वर्गमाथि सधैँ नै शोषण गरिरहेका हुन्छन् । छविलाल र मुखिया जस्ता पात्रहरू समाजका सामन्त वर्गका प्रतिनिधि पात्र हुन् । उनीहरू सामन्तका रूपमा समाजमा चिनिएका छन् । वास्तवमा यिनीहरू समाजमा रहेका निमुखा, श्रमजीवी, किसान, मजदुर र निमुखा महिलाहरूको श्रमशोषण गरेर नै सामन्त बनेका हुन्छन् । सम्पत्ति र सत्ताको आडमा सधैँ नै दमन गरी नै रहेका हुन्छन् । श्रमजीवीहरू शोषित भएर सामाजिक अधिकारबाट वञ्चित भएका कारण उनीहरूमा सामन्त वर्गप्रति द्वन्द्व उत्पन्न भएको छ । आफूमाथि भएको अन्याय र अत्याचार सहन नसकेर नै उनीहरू सामन्त वर्गका विरुद्धमा आवाज उठाउन तत्पर देखिन्छन् । पुँजीपति वर्गले आफूलाई शोषण गरेको कुराको बोध भएपछि उनीहरूमा त्यसका विरुद्ध प्रबल द्वन्द्वको विकास भएको देखिन्छ । यस कुरालाई तलको कविताांशले प्रस्ट पार्छ :

पँधेरा जाँदा राजु खोल्सीमा
फेरी अर्की चेलीको आबरु लुटिएछ
मात्र एक मुठी अन्न माग्दै थिए
अमरमान
कठै, उसको सात वर्षे बच्चा पनि
गोलीले भेटिएछ
अब त गीत गाउनु पनि पाप
चुइक्क गर्ने जति सबै बामे कै जात ।
दिउँसै चितुवाहरू कराउन थालेका छन्
बाखाहरू चरनबाट हराउन थालेका छन्
एउटा चट्याङ फेरि बस्तीकै माझ झरेको छ ।
हो, यतिबेला गाउँमा अलिकति साँझ परेको छ ।
देखेर यो छिनभरको अँध्यारो

'काफर' रहेछ रामे । अत्तिएर मुड्लान हिँडेछ

भनै कायर रहेछ श्यामे

ऊ त खुनी नरकान्तेकै तगारोभित्र छिरेछ

मतिएका छन् फेरि पापीहरू, आतिएका छन् साथीहरू

केहीले त भत्काउँदैछन् घरको संघार र पाटीहरू

उज्यालो बिहान अलिकति पर सरेको छ

साँच्चै नै यतिखेर गाउँमा अलिकति साँझ परेको छ । (पृष्ठ २३)

प्रस्तुत कवितांशमा समाजमा हुँदा खाने र हुने खाने दुई वर्ग छन् र हुने खाने वर्गका रूपमा सामन्त संभ्रान्त, साहूँ, महाजन, शक्तिमा बसेका नायकहरू पर्दछन् भने, श्रमजीवी, सर्वहारा, कमजोर पात्र तल्लो जात, वर्ग निम्नवर्गको प्रतिनिधित्व गर्दछन् भन्ने सन्दर्भलाई जोड दिइएको छ ।

'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' कवितामा निमुखाहरूको आवाज बनेर सामन्त वर्गसँग लड्ने काम समाजमा रहेका चेतनशील वर्गले गर्नुपर्दछ भन्ने भाव प्रस्तुत गरिएको छ । वर्गसङ्घर्षको स्वरूप परोक्ष र प्रत्यक्ष हुन्छ । प्रसिद्ध मार्क्सवादी चिन्तक लेनिनले बताएझैं आफूलाई चारैतिरबाट घेरेको उत्पीडित वर्गले प्रतिरोध गर्नु र आफ्नो अस्तित्वको निम्ति सङ्घर्ष गर्नु, आफ्ना हक अधिकार र प्रतिस्थापनाका निम्ति कष्टपूर्ण प्रयत्न शोषणपूर्ण सामाजिक परिवेश वर्गीय द्वन्द्वका स्वरूप हुन् (लेनिन, सन् १९८५, पृ. ९५) । प्रस्तुत कवितामा सम्पूर्ण आवाजविहीन निम्नवर्गका पक्षमा आवाज उठाइएको छ । पंधेरीमा पानी लिन गएकी अर्की चेलीको आबरु लुटिएपछि, अमरमानको सात बर्से बच्चा गोलीले लागेपछि यहाँ द्वन्द्व उत्पन्न भएको छ । सानो बस्तीका श्रमजीवीहरू जहाँ बगर खनेर बाख्रा चराएर, दाउरा बेचेर गुजारा चलाइरहेका हुन्छन् । गाउँका चेलीहरू, पँधेरीमा पानी लिन जाने, खाना पकाउने, परिवारको लुगा धुइदिने जस्ता सामान्य जीवन व्यतीत गरेर जीवनशैली चलाइरहेको अवस्थामा गाउँकै ठालु भनाउँदाहरूले बाख्रा दिउसै अपहरण गर्ने, छोरी चेलीको इज्जत लुट्ने जस्ता ज्यादती गर्न थालेपछि निम्नवर्गले छविलाल साहू जस्ताको घर घेर्ने प्रतिज्ञा गर्छन् र घरको संघार र पाटीहरूमा छिर्छन् र घर भत्काउन थाल्छन् । यहाँ थोरै भए पनि ठालुहरूको विरुद्ध निम्नवर्गले आवाज उठाएको देखिन्छ ।

'यतिबेला गाउँमा अलिकति साभ्क परेको छ' कवितामा सामाजिक, सांस्कृतिक, आर्थिक कारणले वर्गीय द्वन्द्वको सृजना भएको छ। आर्थिक अभाव भए पनि गरिबहरू आफ्नो सांस्कृतिक मूल्य-मान्यताको ख्याल राख्छन्, भन्ने कुरा पँधेरीमा पानी लिन गएकी चेलीको इज्जत लुटिएपछि, आवाज उठाएको विषय कवितामा मालिक वर्गको ज्यादती भएपछि मालिक वर्गका विरुद्ध विद्रोह सुरु भएको देखिन्छ। पुँजीवादी इतिहासकार र समाजशास्त्रीहरूले वर्गहरूबीच परस्पर विचारको आदान-प्रदानको कमी, समाजको शासक वर्गको गलत नीति, सामाज विरोधी तत्त्वहरूद्वारा द्वन्द्वको सृजना गर्न गरिएको प्रयास आदिलाई वर्गीय द्वन्द्व सिर्जना गर्न गएिको प्रयास आदिलाई वर्गीय द्वन्द्वको कारणका रूपमा उल्लेख गर्ने गरिएको पाइन्छ ।

'यतिबेला गाउँमा अलिकति साभ्क परेको छ' कवितामा सामाजिक सास्कृतिक रूपबाट पनि उत्पीडित वर्गमाथि भएका शोषण र दमनलाई कायम राख्दछ भन्ने विषय उठान गरेको कुरा तलका प्रस्तुत कविताका पङ्क्तिबाट स्पष्ट पारिएको छ :

कुहिरोभित्रै टिम्टिमाउदै छन् जुनकिरीहरू
माथि, झन् माथि कावा खाँदैछन्
चरीहरू भत्काउन मांसपिण्डको महल
फेरि आउनेछ भुँइचालो
अँध्यारोका बङ्गाराहरू चिर्दै/पक्कै झर्नेछ
उज्यालो रोकिएको छैन नदी,
ढिस्कोलाई चिर्दै ऊ नागबेली परेर बिस्तारै बढेको छ,
तर त्यतिबेला एकछिनको लागि भए पनि गाउँमा अलिकति साँझ परेको छ ।
(पृष्ठ २३)

प्रस्तुत कवितांशमा कविले सम्पूर्ण आवाजविहिन श्रमिक वर्गहरूको पक्षमा आवाज उठाएका छन् । यसरी यस कवितामा पँधेरीमा पानी लिन गएकी चेली, वीरबहादुर, गोली लागेर मर्ने सात बर्से बच्चाको बुबा अमरमान, आत्तिएर मुङ्लान छिर्ने रामेलाई श्रमजीवीका प्रतिनिधि पात्रको रूपमा उभइएको छ । जसमध्ये वीरबहादुरले सामन्ती सरकारका विरुद्ध आवाज बुलन्द पारेका छन् । मानिसले दासको जिन्दगी नभएर स्वतन्त्र मानिसको जिन्दगी बाँच्न पाउछु पर्छ भन्ने वीरबहादुर श्रमजीवी जनताको लागि नै सङ्घर्ष गरिरहेका छन् । पानी

लिन गएकी चेलीको इज्जत लुटिएपछि, सात बर्से अमरमानको छोरालाई गोली लागेपछि यसमा द्वन्द्व उत्पन्न भएको छ ।

'यतिबेला गाउँमा अलिकति साभ्र परेको छ' आफूहरूमाथि यति ठूलो अपराध भएपछि वीरबहादुरले आवाज उठाएको छ, यहाँ उसले निमुखा, श्रमजीवी, सर्वहारा जनताको पक्षमा आवाज उठाइरहेको समयमा सो आवाजलाई दबाउन लाग्दा यस्तै शोषित र पीडित जनताको वर्गीय मुक्तिको लागि भनेर ज्यान बाजी थापेर वीरबहादुर लडेको छ । यस कवितामा प्रदीप ज्ञवालीले आफू वीरबहादुर पात्र बनेर निमुखा किसान वर्ग, सर्वहारा वर्गको पक्षमा आवाज बुलन्द गरेका छन् भने उसलाई अमरमान, रामे, श्यामे पात्रले सहयोग गरेका छन् । प्रस्तुत कवितामा गरिब सर्वहारा वर्गको अधिकार खोसी श्रमशोषण गरेका कारण वर्गीय मुक्तिका लागि किसानहरूले उच्चवर्गसँग द्वन्द्व गरेका छन् ।

## ४.३.३ 'एउटा चिठी : सांसद छोराको नाममा' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

*चिता जलिरहेछ* कवितासङ्ग्रहमा सङ्गृहीत कवितामध्ये 'एउटा चिठी : सांसद छोराको नाममा' कवितामा समाजमा वर्गीय द्वन्द्व केकसरी भएको छ भन्ने देखाइएको छ। यस कवितामा 'म' पात्र प्रतिनिधि पात्रको रूपमा देखा परेको छ अर्थात् कविताको सम्पूर्ण सार र भाव 'म' पात्रको वरिपरि घुमेको देखिन्छ । यसमा तत्कालीन सामन्ती उत्पादन सम्बन्धमा आधारित समाजमा निम्नवर्गबीच बाह्य तहमा सङ्घर्षको अवस्था नदेखिए तापनि पात्रको आन्तरिक तहमा भने द्वन्द्वको अवस्था सिर्जना भएको छ। उक्त कुरालाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

तिमी त माननीय बनेर माथि पुगेछौ,
छोरा, म भने उही पिढीबाट तिम्रो बाटो कुर्दैछु
सुकेर गए राता अक्षता र जमराहरू तिमी आएनौ
आज तिम्रै सम्भनाले यो सानो पत्र भर्दैछु
उफ ! ती कहालीलाग्दा रातहरू,
संभ्यो कि चर्चरी चिरिन्छ यो छाती । (पृ. ४०)

एउटी आमाको आफ्ना सन्ततिप्रतिको माया र ममताका भावहरू पोखिएको सन्दर्भ 'एउटा चिठी : सांसदको छोराको नाममा' कवितामा प्रस्तुत गरिएको छ । आफ्नो सन्तानको प्रतीक्षा गर्दागर्दै छोरो घर नफर्केको र छोरो आउँछ भनी आमाबुबाले बाटो कुर्दाकुर्दै समय बितेको घटनालाई यस कवितामा उतारेको छ । आफ्नो सन्तानलाई हुर्काउनका लागि कैयौँ रात आमा जाग्राम बसेको र तिनै सन्तान ठूलो भएपछि आफ्नी आमालाई भुलेको मार्मिक सन्दर्भ यस कवितामा कविले उल्लेख गरेका छन् । नेपाली समाजमा विद्यमान तत्कालीन सामन्तवादी संरचनामा उच्चवर्गबाट निम्नवर्गका मानिसहरू जीवनका सबै पक्षबाट तिरष्कृत, उपेक्षित, अपमानित र शोषित भएको अवस्था विद्यमान रहेको देखिन्छ । उच्चवर्गले निम्नवर्गमाथि प्रभुत्व र अधीनस्थता कायम गरी आफ्नो स्वार्थपूर्ति गरेको देखिन्छ । यस कवितामा प्रस्तुत साक्ष्यहरूका आधारमा सहरको उच्चवर्गको विचार, कार्य, व्यवहार, दृष्टि आदिका माध्यमबाट निम्नवर्ग निरपराध रहेर पनि प्रताडित बन्न पुग्छ । त्यस क्रममा निम्नवर्गका लागि बाल्यावस्थादेखि नै असक्षमताको चेतना भर्ने, सामाजिक मान्यतालाई आफूअनुकूल विकास गर्ने, सम्पत्तिलाई प्रमुख परिचायक आधार बनाउने, विभेदपूर्ण दृष्टि राख्ने, निम्नवर्गलाई अभागी घोषित गर्ने, दमन र शोषणमा मात्र आफ्नो सक्षमता देख्ने, निम्नवर्गका विरुद्धमा निम्नवर्गकै प्रयोग गर्ने, दमन र शोषणमा मात्र आफ्नो सक्षमता देख्ने निम्नवर्गका विरुद्धमा निम्नवर्गकै प्रयोग गर्ने, दमनबाट उत्पन्न समस्याप्रति जवाफदेहिता लिनु नपर्ने आदि आधारहरूको उपयोग गरी सहरमा उच्चवर्गले निम्नवर्गलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ भन्ने यस कविताको निष्कर्ष रहेको छ ।

### ४.३.४ 'यो महल' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

'यो महल' कवितामा कविले दुई वर्गबीचको भिन्नता र विभेदको चित्रण गरेका छन् । सामन्त र शोषक वर्गले बनाएको आलिशान महलमा पनि गरिबको पसिना बगेको भाव यस कवितामा उल्लेख गरिएको छ । यसमा सर्वहाराको मुक्तिचेतना प्रस्तुत गरिएको छ । यसमा उच्च र निम्नवर्गबीचको द्वन्द्वलाई यसरी प्रस्तुत गरिएको छ :

> यो महलको जगमा हाम्रै हाडबोर हालिएको छ
> हाम्र छाला तरेर यसका भित्ता टालिएको छ
> अलकत्राभन्दा सस्तो पर्ने भएर हो कि कुन्नी

आज भोलि त यसका चोक र गल्ली पनि
हाम्रै रगतले पोत्न थालिएको छ ! (पृ. ३७)

यस कवितांशमा प्रयुक्त साक्ष्यहरूका अनुसार वर्गीय आधारमा निर्मित समाजका स्थापित मानकहरूकै कारण निम्नवर्ग आजीवन उच्चवर्गकै प्रताडना सहन र सीमान्तीकृत अवस्थामा पुगी मृत्युवरण गर्न विवश हुन्छ । त्यस क्रममा उच्चवर्गले धनलाई केन्द्रमा राखी व्यक्तिको स्तर र स्थान मापन गर्ने, धनकै आधारमा शक्ति र ज्ञानको क्षेत्र निर्धारण गर्ने, अवसरहरूलाई सीमित गर्ने, प्रतिभा प्रदर्शनमा अवरोध सिर्जना गर्ने, ईर्ष्या र प्रतिद्वन्द्विताको भावना निर्माण गर्ने, शक्ति र श्रमलाई अवमूल्यन गर्ने, सधैँ आर्थिक रूपमा कमजोर मात्र बनाइराखेर उच्चवर्गले निम्नवर्गका बालबालिकालाई सीमान्तीकृत अवस्थामा पुऱ्याई मृत्युसम्म भोग्न पनि विवश तुल्याउने सन्दर्भलाई यस कविताको निष्कर्ष बनाइएको छ ।

## ४.४. 'आस्था ओ मेरी प्रिया' कवितासङ्ग्रहका कवितामा वर्गीय द्वन्द्व

*आस्था ओ मेरी प्रिया* कवितासङ्ग्रह २०५९ सालमा प्रकाशित प्रदीपकुमार ज्ञवालीको दोस्रो कवितासङ्ग्रह हो । प्रस्तुत कवितासङ्ग्रहका कवितामा आजभन्दा २४-२५ वर्ष अगाडिको नेपाली समाजमा व्याप्त शासनव्यवस्थामा रहेका सामाजिक, आर्थिक र सांस्कृतिक संरचनाको यथार्थ रूपलाई चित्रण गरिएको छ । कवि ज्ञवालीको प्रस्तुत कविता सङ्ग्रहमा १३ वटा कविता सङ्गृहीत छन् । ती कविताहरूमध्ये 'एकादेशमा', 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' र 'बिहानीको प्रतीक्षामा' गरी तीनवटा कवितामा वर्गीय द्वन्द्वका विषयवस्तु टड्कारो रूपमा देखिएको हुँदा प्रस्तुत परिच्छेदमा यिनै नमुना छनोट गरिएका कविताको मात्र अध्ययन गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

### ४.४.१ 'एकादेशमा' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

'एकादेशमा' कवितामा एउटै गाउँमा दुई थरी मानिसको बसोबास रहेको दृश्य उपस्थित गराइएको छ । यसमा गरिबहरूबीच झगडा, ईर्ष्या भए पनि उनीहरू एक अर्कालाई सहयोग गर्छन् तर उनीहरूबीच वैमनष्यता छ भन्दै वर्गीय समाजको वर्गीय चरित्रलाई यस कविताले सुन्दर ढङ्गले स्पष्ट पारेको छ । उत्पादनका साधनहरूमाथि स्वामित्वको स्वरूपका आधारमा निर्माण हुने उत्पीडक र उत्पीडित वर्ग नै समाजका परस्पर विरोधी प्रमुख वर्गहरूका

बीचमा चल्छ र यो एक आयामी नभएर बहुआयामी हुन्छ । वर्गीय द्वन्द्वका एक होइन अनेक कारणहरू हुन्छन् ।

जसले वर्गीय द्वन्द्वलाई जन्म मात्र दिन्नन्, त्यसलाई सूक्ष्म र सघन पनि बनाउँछन् वर्ग र वर्गीय द्वन्द्वको प्रभाव सामाजिक चेतनाका रूपहरूमा पनि पर्छ । यसै अनुरूप कवि प्रदीप ज्ञवालीले आफ्ना कवितामार्फत द्वन्द्व कसरी सृजना भएको छ भन्ने विषयमा यस कवितामा प्रस्तुत गरेका छन् । यस कवितामा सुषुप्त द्वन्द्वभन्दा हिंसात्मक द्वन्द्व र रक्तपातको पूर्ण द्वन्द्वको अवस्था सृजना भएको कुरा तलको कवितांशबाट स्पष्ट हुन्छ :

एकादेशमा एउटा
अभागी बस्ती थियो
बस्तीमा दुःखी गाउँलेहरू
एकैदिन
रगतको भेल देख्न नसकेर
आँशुको खहरे छेक्न नसकेर
सल्लाह गरे उनीहरूले
पालो बाँधे
दिनको एउटाका दरले भाग चढाउने
घरैपिच्छेबाट राजाकहाँ आहारा पठाउने
अझै अलिकति थपेर खाउ छोरा
ढुक्कसँग खाऊ र तृप्ती मुस्कराऊ आज हाम्रो पालो परेको छैन,
भाग्यमानी छौँ हामी आज
अझैसम्म कतै गोली चलेको छैन । (पृष्ठ ६५)

माथिको कवितांशमा के भन्न खोजिएको छ, भने यहाँ एउटा बूढो बाघ बस्तीभित्र छिर्छ र बस्तीको हरेक भौतिक संरचनाहरू भताभुङ्ग पार्छ, खोरका सयौँ बाख्राहरू एकाएक हराउन थाल्छन्, दिनैपिच्छे एउटाको दरले भोग चढाउनुपर्ने, घरैपिच्छे राजाकहाँ आहारा पठाउनु पर्ने खालको स्थिति देखापरेपछि मालिक र मजदुरबीचमा द्वन्द्व उत्पन्न भई गाउँलेले सामन्तको कडा प्रतिकार गरेका छन् । हिजो पञ्चायत कालमा एउटा मात्र राजा हुन्थे, आज गणतन्त्रमा घरपिच्छे राजा रहेको र यस्ता राजाहरूको कुनै अस्तित्व नरहेको भन्ने भाव यसमा

व्यक्त गरिएको छ । यस्तो खालको प्रवृत्तिले समाजलाई जर्जर र खोक्रो मात्रै बनाउँछ । द्वन्द्व विकासतिरको होइन विनासतिरको यात्रा हो । द्वन्द्व सामाजिक जीवनको एक डर लाग्दो अभिशाप हो । वर्गीय द्वन्द्वका दृश्य र वर्गीय द्वन्द्व खुल्ला र प्रच्छन्न दुवै रूपमा चल्दछ । यहाँ आर्थिक सङ्घर्षको निम्ति सर्वहारा वर्गले पुँजीपति वर्गविरुद्ध सङ्घर्षमा आन्दोलित भएका छन् । यहाँनेर एउटा बूढो बाघलाई सामन्त वर्गको प्रतीकात्मक अर्थको रूपमा बुझाइएको छ । जब साँझ पर्छ अनि एउटा बूढो बाघ बस्तीभित्र छिर्छ र उसको मनोमानी चल्दछ, गरिबको अन्नभण्डार, खोरको बाखा, कुमारी केटी सबै उसको शिकार हुनुपर्ने बाध्यात्मक परिस्थितिको अवस्था सृजना गरेको कुरालाई यसमा प्रस्तुत गरिएको छ । यस्तो जर्जर अवस्थाको अन्यको लागि श्रमजीवी मजदुरका कारुणिक अवस्थाको अन्त्यको लागि श्रमजीवी वर्गहरूले मालिकसँग द्वन्द्व गरेका कुरा तलको कविताको अंशले बताएको छ :

आमा भन्थिन् छोरा तिमी बस
म जान्छु उनीहरूलाई तृप्त गर्न
तिमी भविष्य
म त फगत डाँडाको जुन
आजको रात ढुक्कसँग सुत छोरा
थाहा छैन
तिम्रो निम्ति फेरि अर्को रात
निद्रा बोकेर आउँछ कि आउँदैन
तिम्रो निम्ति भोलिको प्रभात
जिन्दगी बोकेर आउँछ कि आउँदैन । (पृष्ठ - ६६)

'एकादेशमा' कवितामा प्रमुख दुई वर्गहरूको बीचमा आफ्नो अस्तित्व रक्षाको लागि द्वन्द्व उत्पन्न भएको देखाइएको छ । यही शत्रुतापूर्ण सम्बन्धका कारण हुने द्वन्द्वले समाजविकासको गतिलाई तीव्र पार्दछ । वर्ग वर्गबीच शत्रुतापूर्ण सम्बन्ध हुनुको मुख्य कारण ती वर्गबीच कहिल्यै मेल हुन नसक्ने अन्तर्विरोध विद्यमान हुनु हो (येर्माकोवा र रान्निकोभ, १९८८, पृ १२९) । इतिहास र परम्पराबाट प्राप्त गरेका सत्यतथ्यहरूको उद्घाटन गर्नु र यथार्थलाई ऐतिहासिक र द्वन्द्वात्मक कोणबाट बुझेर तिनको विश्लेषण गर्नु प्रगतिवादको विशेषता हो । समाजमा निहित वर्गीय विभेद र आर्थिक असमानताको अन्त्यका लागि प्रगतिवादी सर्जकहरू लेखनीलाई हतियार बनाउँछन् । साहित्यकार समाज निरपेक्ष नरहने

हुनाले ऊ समाजप्रति उत्तरदायी हुनुपर्छ भन्ने अवधारणा आत्मसात गर्ने प्रगतिवादी चिन्तकहरूले विभेद नयाँ सीमाहीन मानवसंसारको परिकल्पना गर्छन् । राज्यको स्रोत र संसाधनमाथि सबै नागरिकको समाज अधिकार र पहुँच हुनुपर्छ । उनीहरूले प्रमुख लक्ष्य वर्गविहीन समाजको निर्माण गर्नु हो । यही कारणले साहित्यमा वर्गीय अन्तः सङ्घर्षका कुरा हुन्छन् । 'एकादेश' कवितामा नेपाली समाजमा रहेको सामन्ती प्रथा र त्यस प्रथालाई अन्त्य गर्नका लागि निम्नवर्ग लागेको र तीबीचको सङ्घर्षलाई कविले यस कवितामा उतारेका छन् । सामन्त वर्ग जहिले पनि आफ्नो प्रभुत्व कायम रहोस् भन्ने चाहन्छ भने श्रमिक तथा किसान वर्ग पनि उनीहरूको शोषण र ज्यादतीले निश्चित सीमा पार गरिसकेपछि शोषणबाट मुक्त हुन प्रयत्नशील रहन्छन् ।

मानव समाजको विकास प्रक्रियालाई आधार मानेर विश्लेषण गर्दा पनि द्वन्द्व समाजविकासको अनिवार्य विषयको रूपमा देखिन्छ । दास र दास स्वामीहरूबीचको अन्तरसम्बन्ध र द्वन्द्वले दास युगबाट सामन्ती युगको स्थापना र विकास गर्न प्रमुख भूमिका निर्वाह गरेको छ । निम्नवर्ग, साना किसान, श्रमजीवी र जमिनदारबीचको द्वन्द्वले सामन्ती युगबाट पुँजीवादी युगको स्थापना र विकास गर्नमा प्रमुख भूमिका निर्वाह गरेको देखिन्छ । दास र सामन्तको अन्तरसम्बन्ध र द्वन्द्वले सामन्तवाद हुँदै पुँजीवादबाट समाजवादी युगतर्फको यात्रा र विकास गर्नमा मुख्य भूमिका निर्वाह गरेको पाइन्छ । यस कवितामा पञ्चायतकालीन सामन्ती संस्कार र तिनको संरक्षणमा रहेका सामन्त र मतियारहरूले सर्वसाधारण जनतामाथि गरेको शोषण र दमनका कुरा व्यक्त भएको छ ।

'एकादेशमा' कवितामा शासकलाई सेवा र चाकरी गरेर रिझाई जागिर खाने अनि त्यसैका आडमा रहेर सर्वसाधारण जनतामाथि दमन र उत्पीडनको चक्रव्यूह रच्ने नेपाली समाजको वर्तमान प्रवृत्तिप्रति उठेको द्वन्द्वलाई श्रमजीवी सर्वहारा वर्गका माध्यमबाट व्यक्त गरिएको छ । यस कवितामा गरिबीमा बाँच्न बाध्य भएका नेपालीहरूको अभावग्रस्त जीवनको कारुणिक चित्र उतारिएको छ । आर्थिक प्रणालीका आधारमा उच्चवर्ग र निम्नवर्गबीचको जीवनस्थिति र सामाजिक विभेदलाई यस कविताको विषयवस्तु बनाइएको छ ।

## ४.४.२ 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

*आस्था ओ मेरी प्रीया* कवितासङ्ग्रहमा सङ्गृहीत कवितामध्ये 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' कवितामा समाजमा वर्गीय द्वन्द्व केकसरी आएको छ भन्ने विषयमा विश्लेषण गरिएको छ । यस कवितामा 'म' पात्र प्रतिनिधि पात्रको रूपमा देखापरेको छ अर्थात् कविताको सम्पूर्ण सार र भाव 'म' पात्रको वरिपरि घुमेको देखिन्छ । एउटा सानो बस्ती, जुन बस्तीवरिपरि जङ्गलले घेरिएको छ । यहाँ एकछाकको लागि मानिस लडिरहेको देखिन्छ । मानवसमाजको विकास प्रक्रियालाई आधार मानेर विश्लेषण गर्दा पनि द्वन्द्व समाज विकासको अनिवार्य नियमको रूपमा देखिन्छ । दास र दास स्वामीहरूबीचको अन्तर्सम्बन्ध र द्वन्द्वले दास युगबाट सामन्ती युगको स्थापना र विकास गर्न प्रमुख भूमिका निर्वाह गरेको छ । यही कुरालाई यस कवितामा राम्ररी चित्रण गरिएको छ ।

साना किसान, सामन्त, श्रमजीवी र मालिक बीचको द्वन्द्वले सामन्ती युगबाट पुँजीवादी युगको स्थापना र विकास गर्नमा प्रमुख भूमिका निर्वाह गरेको देखिन्छ । दास र सामन्तको अन्तरसम्बन्ध र द्वन्द्वले सामन्तवाद हुँदै पुँजीवादबाट समाजवादी युगतर्फको यात्रा र विकास गर्नमा मुख्य भूमिका निर्वाह गरेको पाइन्छ । मानवसमाजमा रहेको सामाजिक, आर्थिक र प्रशासनिक स्वरूपमा आइरहने विचलन र तिनको विकासमा हुने रूपान्तरणमा पनि द्वन्द्वकै भूमिका रहेको हुन्छ । नेपाली समाजमा पनि सदियौँदेखि विभिन्न प्रकारका अन्तर्विरोधका कारण द्वन्द्वको विकास भएको पाइन्छ (ज्ञवाली, २०७०, पृ. ७२) । प्रदीप ज्ञवालीको प्रस्तुत कवितामा वर्गीय सङ्घर्षका विषय समेटिएका छन् । मजदुर र मालिक वर्गका हितहरू परस्पर विरोधी हुन्छन् । सामन्त वर्ग आफ्नो प्रमुख सदासर्वदा कायम रहोस् भन्ने चाहन्छन् भने किसान वर्गचाहिँ शोषणबाट मुक्त हुन प्रयत्नशील रहन्छन् । यसका परिमाणस्वरूप उनीहरूको बीचमा भीषण वर्गसङ्घर्ष र समाजवादी क्रान्ति सामन्ती व्यवस्थामा शत्रुतापूर्ण द्वन्द्वलाई निराकरण गर्ने विशेष रूपहरू हुन् । यस कवितामा सानो गाउँमा खेती गर्ने किसान र श्रम गरेर खाने किसानहरूमाथि अन्याय र अत्याचार गरेपछि समाजभित्र बसोबास गर्ने श्रमजीवीले आवाज उठाएपछि मालिक र श्रमजीवीबीच तीव्र द्वन्द्व उत्पन्न भएको अभिव्यक्ति छ । यस कुरालाई तलको कविताांशले स्पष्ट पारेको छ :

कचप - कचप कुट्दै विश्वासका मालाहरू
चाँदीका बुटहरूले
आफ्ना कति नायकहरू
झर्दै गरेको बिलासी
बस्तीतिर
देखेर इमानको लिलामी
भेटेर बलिदानी सहरमा
जनमाराको सलामी
तेरो मुटु टुक्रिएको छ यतिबेला
फुटेको ऐनासरी । (पृ.६०)

'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' कवितामा नेपाली समाजमा श्रमजीवी वर्गले भोगेका दुःख र कष्टकर जीवनसन्दर्भलाई यथार्थ ढङ्गले प्रस्तत गरिएको छ । यस कवितामा देखिएको 'म' पात्र एक बूढो पात्र हो र गाउँमा भएका युवा वर्ग सबै मुग्लान पलायन भएका छन् । एउटी भएकी विधुवा आमा, कुमारी दिदी बहिनी, बूढाखाडा मात्रै गाउँमा रहेका छन् । गाउँका दिदी बहिनीले उत्पादन गरेको अन्न बाली साहूको भण्डारमा कब्जा भएको देखेपछि कवितामा रहेको बूढो पात्रले गाउँमै केही गर्छु भनेर बसेको युवा वर्गलाई सम्झाउँदै भनेको छ - तिम्रा सपनाहरूको हत्या भएको छ, तिम्रो बाबालाई अकालमै मारिएको छ, दिदी बहिनीहरूको कौमार्य लुटिएको छ, त्यसैले कान्छा अब ती सामन्तीहरूसँग बदला लिनु पर्छ भन्दै यसको 'म' पात्रले कान्छा नामक पात्रलाई सम्झाएको छ । यसरी प्रस्तुत कवितामा सामन्त र किसान वर्गका बीचमा भएको द्वन्द्वलाई विषयवस्तु बनाइएको छ । वर्ग विभाजित सबै समाज व्यवस्थाहरूमा वर्गीय द्वन्द्वका कारण सबैभन्दा माथि रहन्छ । दास समाजमा जस्तै सामन्तवादी समाजमा पनि दुई प्रमुख विरोधी वर्गहरू बीचको द्वन्द्वको कारण आर्थिक रहेको छ । उत्पादनका साधनहरूबाट वञ्चित किसानहरूले सामन्त वा जमिन्दार वर्गका विरुद्धमा विभिन्न कालखण्डमा ठूल्ठूला सङ्घर्ष गरेका छन् । प्रमुख विरोधी वर्गहरू मात्र होइन, बीचका वर्गहरूको द्वन्द्वको एक महत्त्वपूर्ण कारण पनि आर्थिक नै रहँदै आएको छ । यस्ता बिचौलिया वर्गहरूको मुख्य वर्गसँग हुने बेलाबखतको द्वन्द्वको प्रमुख कारणमा आर्थिक असमानताबाट सिर्जित अवस्था देखिन्छ । मध्यम र निम्न मध्यम वर्गबीचका द्वन्द्वहरूमा पनि यो कारण मुख्य रहेको पाइन्छ । यसरी मुख्य विरोधी वर्गहरूका बीचमा मात्र होइन वर्गका

अन्य श्रेणीहरूबीच हुने द्वन्द्वमा पनि आर्थिक कारण मुख्य रहेको हुन्छ । सामन्तवादी समाजमा प्रमुख विरोधी वर्गहरूका अतिरिक्त वर्गका अन्य श्रेणीहरू दास युगमा भन्दा अझ स्पष्ट र बढी सङ्ख्यामा अस्तित्वमा आए । पुँजीवादी युगमा पुँजीपति र सर्वहारा वर्ग दुई प्रमुख विरोधी वर्गको अस्तित्वमा आए । यी दुई वर्गहरूका बीचमा चल्ने द्वन्द्वको मूलमा आर्थिक कारण प्रमुख रहेको छ । वर्गीय समाजमा  राजनीति वर्गीय हुने भएकाले यसले आ-आफ्ना वर्गहरूको हितका निम्ति कार्य गर्छ । उत्पीडक वर्गको राजनीति उसको वर्गीय आधार र हितहरूसँग जोडिएको हुन्छ भने उत्पीडित वर्गको राजनीति उसको वर्गीय आधार र हितहरूसँग गाँसिएको हुन्छ । उत्पीडक वर्ग सम्पूर्ण राज्य सत्तालाई आफ्नो राजनीतिक विचारधारा, ध्येय र गन्तव्यअनुरूप सञ्चालन गर्दछ भन्ने सन्दर्भ यसमा प्रस्तुत छ । उत्पीडित वर्ग त्यसको विपक्षीमा उभिन्छ । दास-मालिक समाजमा मालिक वर्गको राजनीति दासहरूमाथि नियन्त्रण प्राप्त गर्ने प्रमुख विचारधारात्मक रचना थियो । यही परिष्कृत, व्यवस्थित र योजनाबद्ध रूपमा सामन्तवादी राज्य व्यवस्थामा लागू भएको देखिन्छ । यसमा सत्तारुढ सामन्त वर्गको राजनीतिको मुल उद्देश्य आफ्नो वर्गीय सत्ताको संरक्षण आफ्ना हितहरूको रक्षा र उत्पीडित वर्गको नियन्त्रण तथा दमन रहेको पाइन्छ ।

'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' कवितामा उत्पन्न वर्गीय द्वन्द्व र त्यसबाट मुक्तिको चाहना राखिएका विषयको विश्लेषण गरिएको छ । यस कवितामा सामन्त वर्गले श्रमजीवी सर्वहारा वर्गको श्रमशोषण गरिरहेका छन् । श्रमजीवीले श्रमको मूल्य चुकाउनु परेको छ । सामन्त, पुँजीपति, कृषिदास, श्रमिक कुनै वर्ग समरूप हुँदैनन् तथापि उनीहरू सदैव सामन्तका अधीनमा रहेका हुन्छन् ।

'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' कवितामा सदियौंदेखि दासत्व खेप्दै आएका किसानहरूलाई आफ्ना अधिकार र कर्तव्यको बारेमा कुनै जानकारी नै नभएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । प्रदीप ज्ञवालीका कवितामा नेपाली समाजका दुई भिन्न वर्गबीचको सङ्घर्ष, प्रतिशोध र द्वन्द्व त्यत्तिकै सशक्त बनेर आएका छन् । उनका कवितामा ज्याला मजदुरी गरेर अर्काको निगाहामा बाँच्नुपर्ने गरिबहरूको शोषण गरी जीवन बिताउने सामन्त वर्ग, दुई गाँस खान र एकसरो लगाउन पनि निकै सङ्घर्ष गर्नुपर्ने किसान वर्गको वास्तविक तस्वीर खिचिएको छ । यस कवितामा उनले समाजमा रहेको उच्च वर्गीय शोषणको कुरुपताको चिरफार गर्ने काम गरेका छन् ।

## ४.३.२ 'बिहानीको प्रतीक्षामा' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

प्रस्तुत 'बिहानीको प्रतीक्षामा' सहिदहरूको सम्झनामा आधारित भएर लेखिएको कविता हो । १०४ वर्षे जहानियाँ राणाशासनको अन्त्यपछि देशमा व्यवस्थामा परिवर्तन आउँछ भन्ने कुरामा जनता विश्वस्त थिए । यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये 'बिहानीको प्रतीक्षामा' कवितामा निरङ्कुश सत्ताविरुद्धको आन्दोलनले उत्कर्षता प्राप्त गर्दै जाँदा देखिएको सत्ताको बर्बर दमनकारी चरित्र र यसका विरुद्ध आन्दोलित जनसमुदायको मनस्थितिलाई चित्रण गरिएको छ ।

'बिहानीको प्रतीक्षामा' कवितामा सत्ताको फोहोरी राजनीतिसँग देखिएका विकृति, विसङ्गतिजन्य समस्याहरू हटाउन अब सहिदलाई सम्झेर केही नहुने कुराको प्रस्तुतति छ । २०४६ सालको ऐतिहासिक आन्दोलनको परिणामस्वरूप पञ्चायत व्यवस्थाको अन्त्य, बहुदलीय संसदीय व्यवस्थाको सुरुवात भएपछिको खुल्ला राजनीतिक परिदृश्यमा क्रमशः अस्वस्थकर, विकृत, अनैतिक, सत्ता सङ्घर्षले बढावा पाएको देखिन्छ । यस क्रममा जनताबीच लोकप्रिय, जनताको भरोसा आशाको केन्द्र बन्न पुगेका राजनीतिक शक्तिहरू सत्ता स्वार्थको दलदलमा फसी आफ्नो अस्तित्व गुमाउन थाल्छन् । यस कवितामा राजनीतिक घटनाक्रममा जनताका छोराहरूको सामन्तले कसरी निर्दयी तरिकाले हत्या गरे भन्ने कुरालाई स्पष्ट पारिएको छ । १९९७ मा चार सहिदहरूलाई निर्मम तरिकाले हत्या गरेपछि देशमा नयाँ आन्दोलन सुरु भएको सन्दर्भ यसमा प्रस्तुत भएको देखिन्छ ।

'बिहानीको प्रतीक्षामा' कवितामा देशमा नयाँ आन्दोलन सरु भएको सङ्केत गरिएको देखिन्छ । राणाशासन र पञ्चायती शासनको अन्त्यपछि देशमा नयाँ व्यवस्था आउँछ भन्नेमा जनता ढुक्क थिए, तर कुनै पनि व्यवस्था परिवर्तन नभएको अवस्थालाई यस कवितामा चित्रण गरिएको छ । यस कवितामा 'म' भन्ने पात्रको मनमा एकखालको द्वन्द्व उत्पन्न भएको छ । देशको लागि धेरै दुःख गरेको तर कुनै परिवर्तन नभएको अवस्था देखेर 'म' पात्र चिन्तित भएको कुरा प्रस्तुत कविताको तलको कवितांशले जनाउँछ :

> कति दुःखले ठड्याएको मैले मेरो सानु घर
> तर राक्षसी पाइतालाहरूले कुल्चिएर भताभुङ्ग पारे
> काला पहाडहरूले थिचेर पातालैसम्म झारे

अनि चहऱ्याइरहको मुटुलाई थामेर
मैले पूर्वतिर हेरिरहेँ, एकनास हेरिरहेँ । (पृ २)

माथिका कविताका हरफमा गरिबले धेरै दुःखले आर्जेर बनाएको घर पनि सामन्तीले ढलाइएको छ । सामन्ती र पञ्चायतीहरूको कुरा नमान्नाले गरिबमाथि चरम शोषण भएको छ । गरिब देशमा जन्मिएका कारण बिहान बेलुका हातमुख जोर्न अप्ठयारो परेको अवस्थामा गरिबकै घर भत्काइदिने राक्षसी प्रवृत्ति देखाइपछि 'म' पात्रको मनमा द्वन्द्व उत्पन्न भएको देखाइएको छ तर म पात्रलाई यहाँनेर कमजोर बनाइएको छ । आफ्नो घर सामन्तहरूले भत्काउँदा पनि उसले कुनै प्रतिकार गर्न सकेको छैन, मात्र टुलुटुलु हेरेर बसेको छ । यसरी यो कविता देश परिवर्तनको लागि आन्दोलनमा उत्रिएका वीर सपूतहरूको लागि समर्पित भएर लेखिएको कविता हो । यसमा नेपालमा विभिन्न परिवेशमा आन्दोलन भए तर ती आन्दोलनको खासै उपलब्धि नभएको कुरा दर्साइएको छ ।

'बिहानीको प्रतीक्षामा' कवितामा कविको उद्देश्य स्पष्ट छ। राज्यसत्ता आफैंले फैलाएको राज्य आतङ्कलाई यहाँ अँध्यारो रूपमा प्रस्तुत गरिएको छ । यही आतङ्कको आडमा जोसुकैमाथि र जहिले जे पनि गर्न सकिने सत्ताको बर्बर दमनचक्रलाई यस कविताले स्पष्ट पारेको छ ।

'बिहानीको प्रतीक्षामा' कवितामा पञ्चायती बर्बर दमन, आतङ्ककारीबीच पनि न्याय, स्वतन्त्रता, अधिकार प्राप्तिका लागि आन्दोलित जनसाधारणमा सङ्घर्ष र क्रान्तिप्रतिको उत्कृष्ट चाहना देखाइएको छ । त्यसैले आफ्ना कविताका माध्यमबाट कवि  नेपाली समाजको वर्ग चरित्रका उद्घाटनमा रुची राख्छन् । कविले २०३६ देखि २०४७ सालसम्मको नेपाली राजनीतिक र सामाजिक विषयवस्तुलाई टपक्कै टिपेर आफ्ना कवितामा प्रयोग गरिनुको मूल प्रयोजन नेपाली समाजका विद्यमान वर्गीय विषयता प्रस्तुत गर्नु हो । त्यसैले विषयवस्तुगत हिस्साबाट उनी समाजमा विद्यमान वर्गीय विषमताको अन्त्यन्त सफल देखिन्छन् । यही वर्गीय विषमताभित्र सत्ताको निरङ्कुश चरित्र प्रस्तुत गर्नु, न्याय, समानता र श्रमिकहरूको राज्यसत्ता प्राप्तिको लागि थालिएको प्रतिरोध, सङ्घर्ष र आन्दोलनको पार्श्वचित्र प्रस्तुत गर्नु, सत्ताका मतियारहरू, सम्झौतापरस्त, ढुलमुले अवसरवादी चरित्रको उद्घाटन गर्नु नै यस सङ्ग्रहमा सङ्ग्रहित कविताको मूल उद्देश्य रहेको देखिन्छ । यो उद्देश्यलाई स्पष्ट पार्न कविले आफू र आफ्नो दृष्टिकेन्द्रित पाएको विश्वदृष्टिकोण पनि प्रस्तुत गरेका छन् । सोही अनुरूपको परिवेश

र चरित्रको चयन गरेका छन् भन्ने कुरा उक्त कवितामा प्रस्तुत तलको कवितांशले स्पष्ट पारेको छ :

> रुन त म प्रशस्तै रोइसकेकी छु यो विगतमै खसमको सम्झनामा ।
> आफ्नो छोरीको सम्झनामा ।
> तर मेरा आँशु झरीले पहरा रसाउन सकेन
> त्यसैले मैले अब छाती पिटेर विलाप गर्ने छैन मेरो छोरा मारिए पनि
> मेरो आस्था मारिएको छैन, मेरो भावना मारिएको छैन
> त्यसैले मलाई बन्दुकले तर्साउन खोज्ने लाछीहरू हो
> सुन कान खोलेर सुन
> रगतको तर्पण दिएर जनआन्दोलनको ज्वाला
> मत्थर पार्ने तिमीहरूको आशा
> मध्ये दिउसोको सपना हो
> सक्ने छैनौ, अहँ कदापि सक्ने छैनौ तिमीहरू
> साउने गण्डकीलाई छेकी राख्न
> प्रत्येक वीरको रगत बलिवेदीमा घ्यू बनेर
> होमिन्छ र आगो दन्किन्छ दन्दन्ती । (पृ.५१)

'बिहानीको प्रतीक्षामा' कविताको उद्देश्य राज्यसत्ता आफैँले फैलाएको राज्य आतङ्कलाई यहाँ अँध्याराको रूपमा प्रस्तुत गर्नु हो । यही आतङ्कको आडमा जो सुकैमाथि जहिले जे पनि गर्न सकिने, सत्ता आफैँले फैलाएको राज्य आतङ्कलाई यहाँ अध्यारोको रूपमा प्रस्तुत गरिएको छ । यही आतङ्कको आडमा जो सुकैमाथि जहिले जे पनि गर्न सकिने सत्ताको बर्बर दमनचक्रलाई यस कवितांशले स्पष्ट पारेको छ । त्यसै गरी पञ्चायती बर्बर दमन, आतङ्कका बीच पनि न्याय, स्वतन्त्रता, अधिकार प्राप्तिका लागि आन्दोलित जनसाधारणको सङ्घर्ष, क्रान्तिप्रतिको उत्कृष्ट चाहनाको प्रस्तुतिका दृष्टिले यो कविता अत्यन्तै मार्मिक बन्न पुगेको छ । यस कवितामा निम्नवर्ग अर्थात शोषित वर्गको प्रतिविम्बित गरिरहेकी 'म' पात्रभित्र आन्तरिक द्वन्द्वले वास गरेको छ । यहाँ 'म' पात्र एक निडर सशक्त नारी पात्रको रूपमा देखिएको छ । देशको लागि आहुति दिने आफ्नो खसमलाई पनि मारिदिएको देश परिवर्तन गर्न राणाविरुद्ध, पञ्चायत विरुद्ध आन्दोलनमा  लागेको देशभक्त छोरा/छोरीलाई पनि यातना दिएको लाछीहरूसँग अब कुनै डर नभएको भन्दै उनले प्रतिरोध गरेकी छिन् । यहाँनेर कविले

सामन्ती, शोषक भन्नाले राणा, पञ्चायतीहरूलाई भन्न खोजेका छन् । शोषित वर्ग भन्नाले भोका, गरिब, सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने व्यक्तिलाई जनाएको छ । 'म' पात्र अर्थात् आमा जसको मनभित्र सामन्तीविरुद्ध द्वन्द्व उत्पन्न भएको छ । उनले आफ्नो आस्थालाई कुल्चेर देशको ढुकुटी रित्याउने, देश बेच्ने दलालहरूको विरुद्ध आवाज उठाएकी छिन् । उनले आफ्नो छोरा मारिएपछि पञ्चायती र शोषक राणाहरूलाई आफ्नो कुरा कान खोलेर सुन्न आग्रह गरेकी छिन् । उनले यसमा रगतको तर्पण दिएर जनआन्दोलनको ज्याला मथ्थर पार्ने तिमीहरूको आशा दिउँसो सपना हो भन्ने आवाज उठाएकी छिन् । यस कवितामा सामन्तहरूले गरिब र सर्वहाराको रगत, पसिना, निरन्तर चुसिरहे र अन्तिमसम्म पनि त्यसको मूल्याङ्कन नभएपछि 'म' पात्र अर्थात् आमाले बदलाको प्रतिशोधको भावना लिँदै मैदानमा उत्रिएकी हुन् ।

प्रदीप ज्ञवालीको यस कवितामा प्रयुक्त विम्ब, प्रतीक पनि समाजबाटै टिपिएका छन् । सामाजिक, राजनीतिक, प्राकृतिक विम्ब र प्रतीकको सुन्दर संयोजन र सरल, सरस तथा प्रस्ट भाषामा वैचारिक आग्रह प्रस्तुतिका दृष्टिले पनि उनको प्रस्तुत कविता सफल देखिन्छ ।

## ४.४ 'बिनासालिकका नायकहरू' कवितासङ्ग्रहका कवितामा वर्गीय द्वन्द्व

*बिनासालिकका नायकहरू* कवितासङ्ग्रह २०७३ सालमा प्रकाशित प्रदीपकुमार ज्ञवालीको दोस्रो कवितासङ्ग्रह हो । प्रस्तुत कवितासङ्ग्रहका कवितामा आजभन्दा ९-१० वर्ष अगाडिको नेपाली समाजको शासन व्यवस्थामा रहेका सामाजिक, आर्थिक र सांस्कृतिक संरचनाको यथार्थ रूपलाई चित्रण गरिएको छ । कवि ज्ञवालीको प्रस्तुत कवितासङ्ग्रहमा ३२ वटा कविता सङ्गृहीत छन् । ती कविताहरूमध्ये 'पसल छेउ उभिएकी केटी', 'विद्रोहको आँगनमा लाटो कामी', 'मरुभूमिको बलेनीमा', 'हामी बेनामीहरू', 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ', 'इतिहासको मिर्मिरेमा', 'बिटुलिएको झुपडी' र 'म कर्नाली' गरी आठवटा कवितामा वर्गीय द्वन्द्वको विषयवस्तु सशक्त रूपमा देखिएको हुँदा प्रस्तुत परिच्छेदमा यिनै नमुना छनोट गरिएका कविताको मात्र अध्ययन गरी निष्कर्षमा पुग्ने काम गरिएको छ ।

### ४.४.१ 'पसलछेउ उभिएकी केटी' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

'पसलछेउ उभिएकी केटी' कवितामा उच्चवर्ग र निम्नवर्गको वर्गीय प्रतिनिधित्व गराइएको छ । प्रस्तुत कविता राजनैतिक र सांस्कृतिक सचेतनाबाट प्रकट भएको कविता हो । नेपाली कविता परम्परामा समाजवादी, वर्गीय प्रतिनिधित्वमा रहेर लेखिएको प्रस्तुत कवितामा

पुँजीपति वर्ग (मालिक) र नारी पात्र (निम्नवर्ग) को प्रतिनिधित्व गराइएको छ । यस कविताले समाज र जीवनजगत्को वस्तुनिष्ठ व्याख्यामा जोड दिनुका साथै समाज विकास प्रक्रियामा देखिने सबै प्रकारका अन्तर्विरोध र तिनबाट उत्पन्न परिस्थितिको ठोस व्याख्या एवम् विश्लेषण गरेको छ (पौडेल, २०५९, पृ. ९७) यस कवितामा कविले उच्चवर्ग र निम्नवर्गबीचको भिन्नतालाई राम्रोसँग केलाएका छन् । नेपाली समाज वर्गीय विविधताले भरिएको छ, यहाँ विभिन्न वर्ग, जात, धर्म, भाषाभाषीको बसोबास रहेको छ । यिनैलाई आधार मानेर कविले आफ्नो कवितामा वर्गीय द्वन्द्वलाई उतारेका छन् । 'पसलछेउ उभिएकी केटी' कविता आर्थिक तथा सामाजिक हिसाबले पछाडि पारिएका वर्गको उत्पीडनको प्रतिनिधिमूलक कविता हो ।

'पसलछेउ उभिएकी केटी' कवितामा विशेष गरी हाम्रो समाजमा रहेका मालिक र श्रमिक अर्थात मजदुर वर्गबीचका रहेको युद्ध तथा द्वन्द्वलाई चित्रण गरिएको छ । पसलछेउमै उभिएकी एक नारी पात्रले गरिब परिवारको प्रतिनिधित्व गरिरहेकी छे भने पसल थापेर चलाउने साहूले पसल मालिक तथा साहूको प्रतिनिधित्व गरिरहेको छ । उनले यस कवितामा समाजका सामन्त र मुखियाहरूले निम्नवर्गमाथि गरेको अन्याय र अत्याचारको भण्डाफोर गरेका छन् । शोषण, दमन र अमानवीय सरकारबाट समाजलाई मुक्त बनाउने उद्देश्य यस कवितामा राखिएको छ । परम्पारगत तुच्छ मूल्यको मात्र नभई संस्कृतिको पनि यसले विरोध गरेर शोषणसहितको मानवतावादी संस्कार र समाजको विरोध गर्दै शोषण र अन्यायको विरोधमा आवाज बुलन्द गर्नु नै सुसंस्कृतिको विकास गर्नु हो भन्ने प्रगतिवादी विाचार यस कवितामा राखिएको छ । पौडेल, २०४९, पृ. ०७) यस कवितामा विशेष गरी हाम्रो समाजमा रहेको मालिक र श्रमिक अर्थात् मजदुर वर्गबीचको द्वन्द्वलाई चित्रण गरिएको छ । बिरामी आमाले एक हप्ता काम नगर्दा उनको छोरालाई दूधसम्म पनि खुवाउन नपाउनु अथवा आर्थिक हैसियत यतिसम्म निम्न स्तरको हुनाले हाम्रो समाजका पुँजीपति मालिक वर्गहरूको श्रमिकको रगत र पसिनाको उचित मूल्य दिन नसकेको कुरा यसमा प्रतिबिम्बित छ ।

ज्ञवालीले 'पसलछेउ उभिएकी केटी' कवितामा चिया र पुरी बेच्ने साहुजी र गिट्टी कुट्न लगाउने मालिकलाई सामन्त वर्गको रूपमा प्रतिनिधित्व गराएका छन् । वर्गको सम्बन्धलाई मानवजातिको विकासक्रममा अध्ययन गरेर मानवसभ्यताको प्रारम्भ, विकास र विस्तारका सापेक्षतामा बुझ्नु उचित हुन्छ । मानिसको आदिम अवस्था आदिम साम्यवाद,

त्यसपछि देखापरेको सामूहिक जीवनपद्धति र सामूहिक कार्यविभाजनसँगै वर्गको उत्पत्ति भई वर्गीय विभेदहरू जन्मने क्रममा मालिक र मजदुरको जन्म भएको हो ।

वर्ग र वर्गसम्बन्धी विशिष्टता एवम् वर्गहरूको ऐतिहासिकतामा नै वर्गीयता हुने भएकाले वर्गको आधारभूत प्रकार, तिनका मौलिक विशिष्टता र तिनका सामाजिक, आर्थिक तथा ऐतिहासिक स्वरूपको पहिचान गरेर वर्गीय प्रतिनिधित्व र वर्गीय द्वन्द्वका बारेमा यस कविताबाट स्पष्ट हुन सकिन्छ । उनको यस कवितामा मालिक र श्रमिक बीचको खाडल कसरी उत्पत्ति भएको छ भन्ने विषयवस्तु उठान गरिएको छ । प्रस्तुत कवितामा सामन्ती युगमा उत्पत्ति भई आजसम्म पनि जरो गाडेर रहेका पसल साहू र दूध किन्न आउने श्रमिक जस्ता सोझा व्यक्तिहरूलाई शासन गरेका अभिव्यक्तिहरू निम्नलिखित कवितांशबाट पुष्टि हुन्छ :

साथमा छ केबल दुई रुपैयाँ
मानाको पन्ध्र पर्ने दूध
एकै थोपो आउँदैन भनेर फकिन्छ
चिया पुरी बेच्न व्यक्त साहूजी
रोई रोई घाँटी सुकाउँदै छ भाइ
ज्वरोले निस्लोट छिन् आमा
एक साता भइसक्यो गिट्टी कुट्न नसकेको
घरी साहूजीको आँखामा
घरी दूध उम्लिरहेको कराहीमा हेर्दै
पसलछेउ उभिएकी केटी । (पृ.३)

प्रस्तुत कविताको मुख्य पात्र पसल साहू र पसल छेउ उभिएकी केटी हुन् । कविताको अन्तिम हरफले गरिब मानिसले भोग्न पर्ने अन्तिम नियतिलाई पनि छर्लङ्ग देखाएको छ । यस अर्थमा यस कवितामा आएकी पसलछेउ अभिएकी केटी नेपाली समाजमा रहेका सीमान्तकृत वर्गहरूको अवस्थालाई स्पष्ट देखाउने ऐना हो ।

'पसलछेउ उभिएकी केटी' कवितामा पसलछेउ उभिएकी केटी सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने पात्र हो । ऊ साहू महाजनबाट उत्पीडन भएको पात्र हो । नेपाली समाजमा पञ्चायतकालीन राज्य व्यवस्थापछि पनि सामन्ती शोषण कायम रहेको पाइन्छ । ऐतिहासिक भौतिकवादअनुसार मानव समाजमा पुँजीवादभन्दा अगाडि सामन्तवादको स्थापना भएको

हो । भौतिक विकासको क्रम बढ्दै जाँदा वर्गीयताको जन्म भयो । मार्क्सका अनुसार सदासर्वदा नै वर्गहरूको अस्तित्व रहिरहने छ भन्ने कुरा अनिश्चित छ । व्यक्तिगत स्वामित्वको विकास र सामुदायिक स्वामित्वको अन्त्यको साथसाथै मानिसहरूका बीचमा आर्थिक असमानता बढ्दै गयो । खास गरी कुलीन वर्गका मानिसहरू धनी बन्दै गए । उनीहरूले उत्पादनका सामुदायिक साधनहरूमाथि प्रभुत्व जमाए । यसकै प्रतिनिधित्व पात्र हो पसल साहू । पसल साहू आफू धनी भएकै कारण मख्ख छ र पसलमा उधारो सामान लिन आएका प्रतिनिधि पात्रहरूलाई झर्कोफर्को गरिरहन्छ । ऊ निम्नवर्गका रूपमा रहेका पात्रहरूलाई शोषण गरिरहन्छ । ऊ आफूहरू जमिनदार साहू, महाजन भएकोमा गर्व गरिरहन्छ । दुई रूपैयाँका ढ्याक बोकर पसलछेउ उभिरहेकी केटीलाई दुई रूपैयाँले केही आउँदैन भनेर झर्किरहन्छ । ऊ सोझा गाउँले र निमुखा सर्वहारा वर्गमाथि सधैं अन्याय र अत्याचार गरिरहन्छ । अर्को चिया पुरी बेच्ने महाजन साहू जो नजिकै बसेर घाँटी सुकाउँदै रोएर हिडेको सानो फुच्चेलाई एउटा जेरी पुरी खाऊ भनेर दिन सक्दैन, उल्टै छेउमा टुलुटुलु हेरेर नबस् भनेर गाली गरिरहन्छ ।

यसरी सामन्त वर्गले धन र बलजस्ता कुरामा आफूलाई सक्षम बनाउन शक्तिको प्रयोग गरी गरिबलाई कमजोर बनाउनु सामाजिक विकृति नै हो । समाजमा रहेको यही बेथितिले गर्दा नै शोषण जन्मिएको हो । यहाँ पुँजीपति वर्ग वा सामन्त वर्गको शोषणमा निम्नवर्ग शोषित हुनु परेको छ । शोषक वर्गका रूपमा रहेका पसल साहू जेरी, पुरी, मिठाई बेच्ने महाजन (सेठ) सामन्त वर्गहरूको प्रतिनिधि पात्र हुन् । ऊ जस्ता सामन्तहरू पुँजीवादी व्यवस्थाका कारण समाजमा सामन्ती हुन पुग्छन् । तिनले आफ्नो शक्ति र अधिकारको प्रयोग निम्नवर्गका व्यक्तिहरूमाथि लादेर आफू शक्तिशाली बन्ने प्रत्यत्नमा लागिरहन्छन् । मानवसमाजको रूपान्तरण वर्गविहीन समाजबाट वर्गीय समाजमा कसरी भयो र वर्गीय समाजको प्रारूपसँगै वर्गीय शोषण र वर्गीय द्वन्द्व कुन रूपमा देखापरेका छन् भन्ने कुरालाई उत्पादन र उपभोग सहित ज्ञवालीको यस कवितामा देखाइएको छ ।

### ४.४.२ 'विद्रोहको आँगनमा लाटो कामी' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

'विद्रोहको आँगनमा लाटो कामी' कवितामा तत्कालीन नेपाली समाजको विद्यमान सामाजिक यथार्थ कथालाई प्रस्तुत गरिएको छ । यसमा तत्कालीन शासन व्यवस्थाको कारण नेपाली निम्न वर्गीय जनताले भोग्नु परेको पीडालाई देखाउने प्रयत्न गरिएको छ । यस कवितामा सामन्तहरूको दासत्वबाट मुक्त हुने आकाङ्क्षा सामन्त वर्गको विरोध गर्नका निम्ति आँगनमा उभिएको एक लाटो कामी मौन क्रान्तिको प्रतिविम्ब बनेको छ भने आङ खसेकी

कमिनी भाउजू जो सामन्ती शोषणका कारण आज बाध्य भएर समाजसँग जुधी रहेकी छिन् । यसमा हामो समाजमा विद्यमान सामन्ती शोषकीय परम्पराले गर्दा राम्रा मानिसहरू मानिस भएर बाँच्न पाएका हुँदैनन् सन्दर्भ प्रस्तुत गरिएको छ । गाउँका जिम्बाल, बाजे, मुखिया तथा व्याजखोर साहूको दासत्वबाट मुक्त हुन मौन क्रान्ति गरिएको लाटो कामी र आङ खसेकी कमिनी भाउजूको प्रमुख भूमिका यस कवितामा देखिन्छ ।

समाजमा ठूला वर्गका रूपमा सामन्त रहेका छन् । सामन्त र किसानबीचको विरोधाभास, ठूला जात र साना जातबीचको द्वन्द्वले समाजमा निम्त्याउने घटनाले वस्तुगत समस्याहरू पैदा गर्दछ, एउटा जातको निम्ति लाटो कामी सामन्तले मुखियाको आँगनमा आफ्नो बाली लैजाँदा पनि टुलुटुलु हेरेर बसेको छ । अन्याय र अत्याचारविरुद्ध आवाज उठाउँदा आङ खसेकी दमिनी दिदी सामन्तबाट कामबाट निकालिएकी छिन् । उस कवितामा उत्पादनका सबै साधनहरूमाथि सामन्त वर्गको स्वामित्व कायम छ, जसले गर्दा समाजले उत्पादन गर्ने र मौलिक मानव अधिकारबाट वञ्चित दास वर्गले आफ्नो उत्पीडकहरूको विरुद्ध भीषण सङ्घर्ष गर्दछन् । सामन्ती व्यवस्थामा वर्गीय द्वन्द्वका भावना ज्यादै तीव्र हुन्छ । सामन्तको प्रत्यक्ष विरोध प्रदर्शनमा यसको अभिव्यक्ति हुन्छ, (आफानास्येभ, सन् १९८५, पृ. १०) त्यसैले यसको प्रमुख पात्रको मनमा पनि द्वन्द्व उत्पन भएको छ । लाटो कामीको, दमिनी दिदीको कलकलाउँदो यौवन र ओरालो लाग्न थालेको जिन्दगी, दाम्पत्य जीवन बिताउने आन्तरिक अभियन्ता र शरीर लुटाउनु पर्ने बाध्यताजस्ता कुराबाट द्वन्द्व सिर्जना भएको छ । द्वन्द्वमा लाटो कामी मौन छ, यसो हुनुका पछाडि समाजमा विद्यमान सामन्ती शोषण नै प्रमुख कारण बनेको छ । यसमा सामन्ती शोषणको जाँतोमा पिसिनु परेको कारण लाटो कामी र दमिनी दिदीको मनमा द्वन्द्व पैदा भएको छ । यसरी सामन्ती प्रथाको दमनबाट पिल्सिएर बस्नु परेको पीडामय जीवनबाट दिक्क भएर मनमा उठेका अन्तरद्वन्द्वलाई प्रस्तुत कविताको निम्नलिखित कवितांशले पुष्टि गर्छ:

आज कसैले नबोलाओ काममा
फुर्सद छैन, उसलाई कसैको मेला आउन
पोल्दैछ आज आरनमा आफ्नै पीडा
घनले ठोकिरहेछ आफ्नै आक्रोशको फलाम
बगाएर सबै आँसु खलाँतीमा
अर्जापिरहेछ
पसिनाको पाइनमा चाप्दै

विद्रोहको यौटा खुर्पा,

हाम्रो गाउँको लाटो कामी ! (पृ.९)

यसरी ‘विद्रोहको आँगनमा लाटो कामी’ कवितामा वर्गीय शोषणको विशेषता बताउने किसिमको विषय सन्दर्भ, विषयवस्तु, पात्र र तिनको प्रवृत्तिको सङ्केत पाइन्छ । समाजमा रहेका सामन्तहरूले गरिब किसानहरूको चर्को व्याजमा ऋण प्रवाह गर्ने र व्याज असुल्ने नाममा भएको भएको जायजेथा नै कब्जा गरेर आफ्नो परिवारलाई दासत्वमा बाँच्न बाध्य बनाएपछि साहुको दासत्वबाट मुक्त भई परिवारमा सुखशान्ति ल्याउने सपना बोकेर काम गरिरहेको एक युवामाथि यहाँ साहुको दमन भएको छ। यस कवितामा लाटो कामीलाई नामको समेत पहिचान दिइएको छैन । लाटो कामीका अगाडि रङ्गीन बार्दलीहरू छन् तर उसको हालत भुइँमा रहेको छ। देशमा विभिन्न परिवर्तन आए पनि दलित वर्ग त्यसमा पनि आर्थिक रूपमा पिछडिएको वर्गले अझ न्याय पाउन नसकेको कुरा यस कवितामा चित्रण गरिएको छ । यहाँ गरिब वर्गले न्याय र समृद्धिको महसुस गर्न सकेका छैनन् । काम माग्न गएकी दमिनी भाउजूको न्याय बाटैमा हराएको छ। ऊ काँपेका ओठहरूबाट मौन गीत गाउँदै साहूको आँगनमा उभिरहेकी छ। त्यसै गरी बालीनाली उठाएर लाँदा पनि विद्रोह गर्न नसकेको लाटो कामी मौन क्रान्तिमै हराएको छ। उसलाई आफ्नो पेसाप्रति घृणा उत्पन्न भएको छ। बिहानभरि आफ्नो खेतमा बाली लगाएर खेतीकिसानको काम गरेर दिउँसो आरनमा फलाम तताएर आफ्नो श्रम र पसिना सिंचेर कमाएको पैसालाई शोषण गर्ने मुखियाप्रति उसका मनमा तीव्र द्वन्द्व उत्पन्न भएको छ । सामन्तको दबदबाका कारण उसमा चेतनाको प्रकाश प्रस्फुटन हुन सकेको छैन । कथित उपल्लो जात र कथित तल्लो जात भनेर कसरी अमानवीय तबरले समाज विभाजन गरिएको छ । यसमा तल्लो जात भनेर भनिएकामा थिचोमिचोमा पारिएको समुदाय र उपल्लो जात भनेर माथि जनाइएको समुदायमाथिको विभेदको उल्लेख भएको छ । त्यसैले जातका आधारमा गरिएका भेदभाव र वर्गका आधारमा गरिएको थिचोमिचोले निम्नवर्गका मान्छेहरू मौन बस्न बाध्य भएका छन् भन्ने कुरालाई यसमा देखाइएको छ ।

यसरी ‘विद्रोहको आँगनमा लाटो कामी’ कवितामा साहूको दासत्वको कारण बाँच्नका लागि कुनै विकल्प नभएपछि लाटो कामीले आरनमा काम गर्नु पर्ने दुःखद् अवस्थाले उत्पन्न भएको धनी र गरिबबीचको द्वन्द्वलाई चित्रण गरिएको छ । यसमा दमिनी भाउजूको विगत जीवनलाई नियाल्दा वास्तवमा चारैतिरबाट सामन्ती शोषणका कालाकाला बादलका धब्बाले

ढाकेको छ तर उसले वर्गीय मुक्तिका लागि सामन्तहरूका विरुद्ध द्वन्द्व गर्न चाहिँ प्रयत्न गरेकी छ भन्ने आशावादी सन्देश प्रवाह गरिएको छ ।

## ४.४.३ 'मरुभूमिको बलेनी' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

'मरुभूमिको बलेनी' कवितामा नेपाली समाजमा रहेका मजदुर र किसानहरूमाथिको अत्याचारको यथार्थता बोकेको कविता हो । यस कवितामा तत्कालीन शासन व्यवस्थावाट जन्मिएका मुखिया, जिम्मलजस्ता सामन्तहरूबाट नेपालका किसानहरूले भोग्नुपरेको वास्तविक पीडालाई देखाउने प्रयास गरिएको छ । नेपालमा १०४ वर्षसम्म चलेको राणाहरूको निरङ्कुश र तानाशाही शासन नेपालीहरूको हरप्रयत्न र साहसबाट अन्त्य भई २००७ सालमा प्रजातन्त्र आयो । जनताको खोसिएका अधिकार फिर्ता हुने विधान बन्यो तर प्रजातन्त्रको अन्त्य गर्दै २०१७ सालमा निरङ्कुश पञ्चायती व्यवस्था लागू भएपछि गाउँगाउँमा रहेको पञ्च, जिम्बाल जस्ता सामन्तहरूले किसानहरूको रगत र पसिनामाथि होली खेल्न थालेको देखिन्छ भन्ने सन्दर्भलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

'मरुभूमिको बलेनी' कवितामा पञ्चायतकालीन राज्य व्यवस्थाले जन्माएका सामन्तहरूको शोषणबाट थिचिएका नेपाली गरिब किसानहरूले भोगेका वास्तविक जीवनदशालाई देखाउने प्रयत्न गरिएको छ । तत्कालीन समयका पञ्च, जिम्बालजस्ता सामन्त वर्गका कारण नेपाली जनजीवनले सहनुपरेको उत्पीडनलाई किसान तथा श्रमिक वर्गका माध्यमबाट स्पष्ट पारिएको छ । मुखिया र साहुको कारणबाट घर छोडेर विदेशिन बाध्य भएका एक युवकको कारुणिक व्यथालाई यस कवितामा उतारिएको छ । सामन्त वर्गको शोषण र थिचोमिचोमा युवक र बूढी आमा शोषित हुनुपरेकाले अर्कोबीच बेमेलपूर्ण अवस्थाको सिर्जना हुँदा यहाँ द्वन्द्व उत्पन्न भएको छ । तसर्थ यस कवितामा सामन्त वर्ग र किसान वर्गका बीचमा उत्पन्न भएको द्वन्द्वलाई यी कवितांशले प्रस्तुत गरेका छन् :

> टाउकोमाथि
> सुसाउँदै छ कालो बन्दुक
> तातो धुँवाले पोल्दैछ भतभती छाती
> छुरा उध्याउँदै छ बगेर
> उभिदै छन् नजिकै काला साँढेका हुलहरू
> नरोकिए पनि फलामको झिर, भित्र गहिरो
> दुखिरहेछ मुटु

नबुझे पनि मृत्युको भाषा
महसुस गर्दैछु कालो छाया छेवैमा ! (पृ ६)

'मरुभूमिको बलेनी' कविता नेपाली समाजका सामन्त वर्गको प्रतिनिधि पात्रको रूपमा रहेको मुखियाले किसानहरूको बाली उठाउने र सोझा साझा गरिबलाई झुक्याएर साँवा रकमको व्याज उठाउन आएपछि तीव्र द्वन्द्व उत्पन्न भएको देखिन्छ । यहाँ सामन्तका रूपमा मुखिया तथा किसान र गरिब पात्रका रूपमा बूढी आमा र उसको नवयुवक छोरा देखिएको छ । विदेश पढाउनको निम्ति मुखिया साहुसँग ऋण लिएको र तिर्न नसकेपछि बन्धक राखेको पाखो बारी पनि हडप्न थालेपछि बूढी आमा र मुखियाबीच द्वन्द्व सुरु भएको छ । डाँडामाथिको पाखो बारी बालीनालीले झुल्न थालेपछि उसलाई लोभ लाग्न थाल्छ उसले बूढी आमासँग रकम असुल गर्न थाल्छ । बूढी आमाले सम्झाउँदै आफ्नो छोरा विदेश गएको र केही वर्षपछि पैसा कमाएर फर्कन्छ भनेर सम्झाउँदै गर्दा पनि नमानेपछि मुखिया र बूढी आमा बीच भनाभन सुरु भई दुवै पक्षका बीचमा द्वन्द्व उत्पन्न भएको छ । त्यस्तो अवस्थामा हाम्रो समाजमा रहेका गरिब, पीडित वर्गहरू गाँस, बास, कपासको जोहो गर्न रोजगारीका लागि विदेशिनु पर्ने अवस्था छ । प्रस्तुत कविता आफ्ना सपनाहरू किन्न खाडी भासिएको युवकको बुलन्द आवाज हो ।

'मरुभूमिको बलेनी' कवितामा सोझासिधा किसानहरूलाई दमन गरी तिनको श्रमशोषण गर्न चाहने रत्नसिंह मुखिया जस्ता सामन्तको शोषण, अन्याय र उत्याचारले चरम रूप लिँदा गरिब किसानहरूमा तीव्र द्वन्द्व उत्पन्न भएको देखाइएको छ । यस कवितामा किसानहरू मुखियाको सामन्ती शोषणबाट मुक्त हुन चाहेकाले अन्तर्विरोध उत्पन्न भई द्वन्द्व सृजना भएको हो । यहाँ मुखियाले दुःख दिँदा घरघडेरी बन्धक राखेर छोरालाई मुग्लान पठाएकी बूढी आमा एक्लो र बेसाहारा भएकी छन्, यही एक्लो र बेसाहाराको फाइदा उठाएर मुखियाले बेला बेलामा धम्की दिइरहँदा उनी आफ्नो ज्यानको बाजी लगाएर लडेकी छिन् । यसरी ज्यानको बाजी लगाएर लड्नु भनेकै सामन्तप्रति शोषित किसानहरूले वर्गीय मुक्तिका लागि गरेको मुख्य द्वन्द्व हो । अशिक्षा र अन्धकारमा रुमलिएर सधैँ सामन्ती शोषणको जाँतोमा पिसिएका यी किसानहरूमा बिस्तारै वर्गचेतना जागृत भएर आफ्नो वर्गीय मुक्तिका लागि सङ्घर्षमा उत्रन थालेका छन् । यी किसानहरू नेपाली किसान वर्गमा आउन थालेको वर्गचेतनाले सामन्त वर्गको अवशेषसमेत समाप्त पार्न सक्ने कुरा यस कविताबाट स्पष्ट हुन्छ । नेपाली समाजमा रहेका मुखिया जस्ता सामन्तहरूको शोषण र उत्पीडन थेग्न असह्य भएपछि नेपाली किसानहरूका प्रतिनिधि पात्रका रूपमा रहेका यी किसानहरू तिनको विरोध

र द्वन्द्व गर्दै वर्गीय मुक्तिका लागि अग्रसर भएका छन् । यस कविताको अन्तितिर आइपुग्दा मुग्लान गएको छोराको उतै मृत्यु भएको खबर आमालाई थाहा हुन्छ। छोराले पठाएको पैसाले साहूको ऋण तिर्ने बूढी आमाको आशाको अन्त्य हुन्छ । यसरी छोराको मृत्युगीत गाइरहेको खबरले मर्माहित बनेकी बूढी आमाको सहारा समग्र किसान र निम्नवर्गका व्यक्तिहरू भएका छन् ।

'मरुभूमिको बलेनी' कवितामा मुखिया पुँजीपति र सामन्त वर्गका रूपमा रहेका छन् भने बूढीआमा, नवयुवक, किसान सर्वहारा वर्गका रूपमा रहेका छन् । सामन्तको चरित्र नै किसानहरूमाथि श्रमशोषण गर्नु हो । किसानहरू सामन्तीले जति दुःख दिँदा पनि र जति नै श्रमशोषण गरे पनि सहने बानी परेका हुन्छन् तर त्यसको पनि आफ्नै प्रकारको हद र सीमा हुन्छ । समयको क्रमसँगै उनीहरूमा पनि चेतनाको विकास हुन थाल्छ र विद्रोही भावनाले डेरा जमाउन थाल्दछ। यस्तो अवस्थामा शोषित किसानहरू आफ्नो वर्ग रक्षाको लागि जुनसुकै कदम चाल्न पनि पछि नपरेको कुरा प्रस्तुत कवितामा व्यक्त भएको छ। यस कवितामा बूढी आमालाई मुखियाले चरम शोषण गरेपछि द्वन्द्व उत्पन्न भएको छ । सामन्ती प्रथामा एकले अर्कोलाई लाद्ने अनुशासन रहेको हुन्छ । त्यसै गरी शोषक वर्गले किसान वर्गलाई शोषण गरिरहन्छ, त्यसकारण शोषित वर्गमा सङ्घर्ष हुन्छ । गरिबहरू सङ्घर्षबाट मुक्त हुने बाटो खोज्न थाल्छन् । निम्नवर्गकाले सहानुभूतिशील बन्दै वर्गीय चिन्तनलाई घनीभूत रूपमा अगाडि बढाएको कुरा यस कवितामा प्रस्तुत गरिएको छ ।

## ४.४.४ 'हामी बेनामीहरू' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

'हामी बेनामीहरू' कवितामा हुने खाने र हुँदा खाने वर्गबीच वर्गीय द्वन्द्वलाई प्रस्तुत गर्ने कविता हो । यस कवितामा श्रमिक, मजदुर, सुकुम्बासी किसान तथा सर्वहारा वर्गका विषयवस्तु समेटिएका छन् । सुकुम्बासी किसान, निम्नवर्गको पक्षधरमा रहेका उनका कवितामा निम्नवर्गमा अशिक्षा र अज्ञानताका कारण चेतनाको कमी हुनाले तिनमा चेतनाको ज्योति भर्ने र आवाज उठाउने काम कविले बौद्धिक वर्ग भई गरेका छन् । उनका कवितामा निम्नवर्गका प्रतिनिधि पात्रहरूमा अशिक्षा र अज्ञानता देखाइएको छ । निम्नवर्गमा शिक्षाबाट वञ्चित गराउने तिनै सामन्त वर्गहरू हुन्, जसले गरिबहरू पढ्न हुन्न भनेर सधैँ किताब, कलम खोसेर राखे अनि स्कुल जानबाट वञ्चित गरे । पुँजीपति वर्गले आफूलाई शोषण गरेको कुरा बोध भएपछि उनीहरू त्यसको विरुद्धमा वर्ग द्वन्द्व गर्न तत्पर भएका छन् ।

समाजमा कोही हुने खाने र कोही हुँदा खाने वर्ग रहेका छन् । हुने खाने वर्गका रूपमा सामन्त वर्ग हुँदा खाने वर्गका रूपमा किसान तथा श्रमजीवी वर्ग देखिन्छन् । किसान तथा श्रमजीवी वर्गलाई सधैँ कमजोर बनाउनका लागि सामन्तले आफ्नो बल तिनीहरूमा प्रयोग गर्दछन् । त्यसकारण वर्ग वर्गबीच सङ्घर्ष उत्पन्न भई द्वन्द्वको अवस्था सिर्जना हुन्छ । समाजमा रहेका उत्पादन शक्ति र पुराना उत्पादनमा वर्गीय हितको द्वन्द्वमा प्रतिबिम्बित हुन्छ ( आफानास्येभ, सन् १९८५, पृ. ७३) । पुराना उत्पादक सम्बन्धहरूका समर्थक प्रगतिशील वर्ग खडा हुन्छन् । त्यसपछि त्यहाँ द्वन्द्वले प्रभुत्व जमाउँछ । जहाँ द्वन्द्व उत्पन्न हुन्छ, त्यहाँ सङ्घर्षले रूप लिन्छ । ‘हामी बेनामीहरू’ कवितामा कमजोर र निमुखा वर्गलाई आफ्नो अधीनमा राखी राज गर्न पल्केका सामन्त वर्गको अन्याय र अत्याचारका कारण निम्नवर्गका मानिस उत्पीडनमा परेको सामन्तहरूले सधैँ निम्नवर्गहरूबीच रजाइँ गरिरहेको तथ्यलाई तल प्रस्तुत यस कविताका कविताांशबाट स्पष्ट भएको देखिन्छ :

पढ्दै नपढी फ्याँकिएका
‘रातो’ किताबका पानाहरू
थाहै नपाई च्यातिएका
भग्न झुपडीका छानाहरू
राम राम दुहाइ दुहाइ
थोकमा बेचिन्छौँ ।
खुद्रामा बेचिन्छौँ तर न कहीँ देखिन्छौँ
न कुनै हिसाबमा लेखिन्छौँ
हामी ध्वस्त सपनाहरू
हामी बेनामीहरू । (पृ. ४२)

‘हामी बेनामीहरू’ कवितामा हामी बेनामीहरूको मार्मिक दुःख वेदनालाई उतारिएको छ । यसमा जसको कुनै घर, ठाउँ जग्गा छैन त्यो निरीह हो भनिएको छ । यसमा कविले आफूलाई सुकुम्बासीको रूपमा प्रस्तुत गरेका छन् । हलो जोतेर जीवन बिताइरहेका बेनामीहरूको कुनै रङ र ठेगाना छैन । उनीहरूको कुनै अस्तित्व नभएको आफ्नो अस्तित्वको लागि ठूला महाजनहरूसँग पाउ पर्नुपर्ने अवस्था रहेको छ । हलो जोतेर खोलाको किनारमा जग्गा बनाएकाहरू अन्न बाली उब्जाउने बेनामीहरूको जग्गा साहु महाजनहरूले हडप्न थालेपछि यहाँ द्वन्द्व उत्पन्न भएको छ । वर्गीय विभेद तथा वर्गीय शोषण भएको समाजमा वर्गसङ्घर्ष अनिवार्य हुन्छ । वर्गसङ्घर्षको स्वरूप प्रत्यक्ष र परोक्ष हुन्छ । शोषक वर्ग र शोषित

वर्ग शासक र शासित वर्ग सम्पन्न र विपन्न वर्ग उच्च र निम्नवर्ग मालिक र दास वर्गबीच आआफ्नो वर्गगत स्वार्थ र अस्तित्व रक्षाका लागि एवम् आफ्नो वर्गगत स्वार्थ स्थापना र प्रतिष्ठाको लागि हुने वा गरिने सङ्घर्ष नै वर्गीय द्वन्द्व हो। जुन अन्तर विरोधबाट जन्मने गर्दछ (ज्ञवाली, २०७०, पृ ७५) । यस कवितामा वर्गीय समाजका घातप्रतिघात र द्वन्द्वका कुराहरू समेटिएका छन् । यस कवितामा नेपाली जनमानसमा जागृत हुँदै गरेको चेतनालाई वर्गीय सङ्घर्षका रूपमा हेर्ने काम गरिएको छ । यस कवितामा पञ्चायतकालीन नेपाली समाजमा रहेका भूमिपतिहरूका उत्पीडन र शोषणवृत्तिलाई देखाइएको छ। यस कवितामा भूमिपतिहरूले अशिक्षा र अन्धकारमा रुमलिएर बाँच्न बाध्य भएका बेनामीहरू जसको नाम छैन नामको लागि आफ्नो अस्तित्व खोजिरहेका छन्, को मार्मिक जीवन सन्दर्भ प्रस्तुत गरिएको छ ।

'हामी बेनामीहरू' कवितामा गरिब जीवनभर हलो र फालीको सिरानी हालेर बसे पनि आफू गरिबबाट झन् गरिब हुँदै जानु र कहिल्यै सिन्को नभाच्ने साहु महाजनजस्ता समाजका सामन्तहरूको अवस्था दिन दुईगुना र रात चौगुनाको दरले नाम र दाम कमिनुलाई ईश्वरीय चमत्कार ठान्ने बेनामीहरूमा अब वर्गीय चेतना जागृत भैसकेको छ भन्ने भाव प्रस्तुत गरिएको छ । अब उनीहरूले तिनका विरुद्ध आवाज उठाउन थालेका छन् । साहु महाजनहरू जस्ता सामन्तहरूले आफूजस्ता गरिबको रगत र पसिनाको शोषण गरेर पुँजीपति भएका हुन् भन्ने कुरा उसले बुझ्न थालेको छ । बेनामीहरूले खोलाका बगर जोतेर अन्न उब्जाएका छन् र अन्न उब्जाएका बालीहरू झुल्न थालेपछि आफ्नो नाममा दर्ता गराउन अघि सरेका छन् । बेनामीहरूसँग अन्य विकल्प नभएको र त्यही बगरलाई आफ्नो ठाउँ मान्दै आएका छन् । साहू महाजनहरूले बेनामीहरूको जग्गा हडप्न अनेक हर्कत गर्दछन् । उनीहरूको हर्कत सहन नसक्ने परिस्थिति सृजना भएपछि द्वन्द्व उत्पन्न हुन्छ। साहू महाजनहरूले बेनामीहरूको पक्षमा नबोलेपछि अरू कसैले उनीहरूको पक्षमा बोल्दैनन् । बेनामीहरू आफूमाथि भएको शोषण र अन्याय विरुद्धमा आवाज उठाउन थालेका छन् । बेनामीहरू साहूमहाजनहरूसँग एकनासले रन्किएका छन् । साहुमहाजनहरूले आफूले रगत र पसिना बगारएर बनाएका गराहरू आफ्नै नभएर साहुको नाममा पार्न लागेको देख्दा बेनामीहरूको मनमा द्वन्द्व उत्पन्न हुन्छ । सामन्ती वर्गले सधैं निमुखा र गरिब, सर्वहारा वर्गको रगत र पसिना चुसिरहेको देखिन्छ । यसरी बेनामीहरूले जग्गा आवाद गर्नेदेखि लिएर रातदिन हलो जोतेर हड्डी घोटिरहने र साहु महाजनले सामन्त वर्गले आफ्नो नाममा दर्ता गर्दै आफ्नो भकारी मात्र भर्ने हुँदा बेनामीहरूको मनमा वर्गीय द्वन्द्व उत्पन्न हुन्छ। प्रदीप ज्ञवालीले आफ्ना कवितामा निमुखा, शिक्षा र चेतनाको कमी भएका व्यक्तिहरू जसको नाम पनि छैन, नामको पहिचानको लागि आफ्नो अस्तित्व

खोजिरहेका छन्, आफ्ना पात्रका माध्यमबाट गरिब सुकुम्बासी किसानहरू एकजुट भएर मुक्तिका लागि वर्गसङ्घर्षमा उत्रन उद्घोष गर्दै भनेका छन् कि जबसम्म तिमी र तिमीजस्ताहरूले बुझ्रेर पनि सहिरहन्छौ, तबसम्म समाजमा रहेका सामन्तहरूले तिमीहरूको हाड घोटेर खान छोड्दैनन्, सधैँ पुँजीपति श्रमशोषणबाट पिसिएका आफूजस्ता सबै गरिबहरूचाहिँ के पशु हुन् ? के साहु महाजनहरू मात्रै मान्छे हुन त ? भन्ने प्रश्न बेनामीहरूले गरेका छन् ।

'हामी बेनामीहरू' कवितामा पञ्चायतकालीन सामन्ती संस्कार तथा सरकारले खटाएका कर्मचारीहरूले गरिब तथा सुकुम्बासी किसानहरूलाई पशुतुल्य व्यवहार गर्दै सामन्तको मात्र साथ दिएको तर गाउँलेहरूलाई बेनामीहरूले (निम्नवर्गले) प्रतिरोध गर्दै वर्गीय द्वन्द्वमा उत्रन सक्षम भएको देखाइएको छ । अब निम्नवर्गहरू आफ्नो पसिनाको मूल्य शोषण गर्ने सामन्ती सरकार, तिनले खटाएका कर्मचारी, पञ्च तथा जिम्बालजस्ता सामन्तहरूविरुद्ध प्रतिरोध र द्वन्द्व गरी वर्गीय मुक्तिका लागिरहेका कुरा यस कवितामा प्रस्तुत गरिएको छ ।

### ४.४.५ 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कवितामा समाज रूपान्तरणको लाीग सचेततापूर्वक थालनी गरिएका आन्दोलनकै बीचबाट अवसरवादी सम्झौतापरस्त चरित्रहरू पनि देखा पर्न थालेका र तिनका क्रियाकलाप घृणायोग्य भएको विचार व्यक्त गरिएको छ । यसमा देशलाई बदल्छु भन्नेहरूले आफूलाई मात्रै बदलेका छन् भनिएको छ । यस कवितामा देशमा संसदीय सत्ता स्वार्थको नाटक चलिरहँदा आन्दोलनको आगो सल्किदै गएको र तिनै आन्दोलनबाट परिवर्तन खोजेको तर जनताको जीवनमा कुनै प्रकारको परिवर्तन नआएको यथार्थ पनि प्रस्तुत गरिएको छ ।

'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कवितामा सत्ताको मतियार बनेका अवसरवादी सम्झौतापरस्त चरित्रका नेता, कार्यकर्ता वा सर्वसाधारणको स्वभावलाई मुख्य विषय बनाइएको छ । त्यस्ता अवसरवादी सम्झौतापरस्त चरित्रका मानिसको आचरणलाई प्रस्तुत कवितामा यसरी प्रस्तुत गरिएको छ :

> झगडा गरेर टिकक पाउनु भो
> विद्रोह गरेरै मन्त्री खानु भो

फोड्छु पार्टी भनेर दशौँ चोटी
धम्क्याउनु भो,
कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ
अनुशासन खुकुलिँदै गरेकामा,
अराजकता हलक्कै बढेकामा साह्रै दुःखित हुनुहुन्छ
म कालकुट झैं पिउँदै छु
कहिलेकाही घर पुग्दा उहाँलाई
आयातीत सुट पहिरेर स्कच तान्दै गरेको देख्छु । (पृ. ३३)

'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कवितामा सत्ता र शासकको चाकरीमा लिप्त कुशासकप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको छ । यस कवितामा पीडा, अत्याचार, चित्कार, बयातना, क्रूरता, बर्वरताबीच कवि मौन रहनुको कारण खोजिएको छ । पहिले आन्दोलनको अग्रस्थानमा देखिएकाहरू सत्ताको प्रलोभनमा फसेपछि तिनीहरू जयजयकार गरिरहेका, स्तुति, चाप्लुसीमा लिप्त भइरहेका अवसरवादी चरित्रका नेता कार्यकर्तामाथि व्यङ्ग्य गरिएको छ । यस कवितामा एकजना मित्र पछि सांसद बन्छ । उसले संसदमा राष्ट्रको भाग्य फैसला गर्ने हैसियत प्राप्त गर्दछ । सत्ता र शक्तिको आडमा ऊ वैभवशाली, ऐश्वर्यशाली जीवन व्यतीत गर्न थाल्दछ तर आफू पहिलेकै झैँ दीनदीन अवस्थामै रहेको र उसको अनैतिक, आस्था, सिद्धान्त विपरीतका अश्लिल क्रियाकलापबाट उम्कने प्रयत्नमा आफ्नो दिनचर्या व्यतीत हुने गरेको मार्मिक व्यङ्ग्यात्मक प्रस्तुति यस कवितामा रहेको छ । सर्वहारा वर्गको नेतृत्व गर्छु भन्ने सांसद रहेका एकजना मित्रमा संसदीय व्यवस्थाविरुद्ध उत्पन्न भएको वितृष्णा भावको प्रस्तुतीकरण भएको कविता हो 'कमरेड आजकाल चिन्तित हुनुहुन्छ !' जनता ऊबाट केही हुने आशा राख्छ, अर्थात् समाज परिवतनको प्रक्रिया सुरु हुने कुरामा विश्वस्त छ । तर संसदमा जब ऊ पुग्छ जनतासँग गरेका वाचाहरू बिर्सदै जान्छ । यसमा जनतासँग गरेको बाचा पूरा गर्न नसकेपछि एकखालको द्वन्द्व मुख्य पात्रमा उत्पन्न भएको कुरा देखाइएको छ ।

'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कवितामा झगडा गरेर टिकट पायो, जनतालाई झुक्याएर धम्काएर चुनाव जित्यो । सदनमा पनि पुग्यो तर समाज परिवर्तन गर्न सकेन । युवाहरू सबै विदेश पलायन छन् । देशमा चरम आर्थिक मन्दी चलिरहेको छ, तर चुनाव जितेर गएको नेतामा कुनै परिवर्तन नदेखेपछि जनतामा वितृष्णा जाग्दछ र द्वन्द्व सुरु हुन्छ । यहाँनेर निम्नवर्ग भन्नाले भोट हालेका सर्वसाधारण जनतालाई बुझाएको छ भने माथिल्लो

वर्ग भन्नाले चुनाव जितेर गएको नेतालाई बुझाएको छ । प्रस्तुत कविता लोकतन्त्रमा शब्दहरूले अर्थ गुमाउँदै गएको अर्थात् राजनीतिक आस्था, विश्वास, सिद्धान्तको विद्रुपीकरण, क्षयीकरणको सुन्दर प्रस्तुति भएको कविता हो । यसरी यस कवितामा संसदीय राजनीतिले सबै कुरा गोलमटोल हुन थालेको, समाजमा अराजकता र कुशासन व्याप्त हुँदै गएको कुरालाई सङ्केत गरेको छ। न्याय समानताका पक्षपाती वर्ग विभेदको आदर्श स्वप्न भएकाहरूको लागि संसदीय राजनीतिको यो विकृत पक्ष स्वीकार्य छैन । यसले विभेदलाई फराकिलो बनाउँछ र अन्तत निर्णायक आन्दोलनलाई निम्त्याउँछ । यसमा कविले सत्ताको मतियार बनेका अवसरवादी, सम्झौतापरस्त चरित्रका नेता, कार्यकर्ता वा सर्वसाधारणको स्वभावलाई विषयवस्तु बनाएर लेखेका छन् । समाज रूपान्तरणको लागि सचेततापूर्वक थालनी गरिएका आन्दोलनकै बीचबाट अवसरवादी सम्झौतापरास्त चरित्रहरू पनि देखा पर्ने र तिनका क्रियाकलाप घृणायोग्य भएको विचार पनि यसमा व्यक्त भएको छ। एक सर्वसाधारण व्यक्ति कसरी सत्तामा पुग्छ र सत्तामा पुगेपछि जनतालाई कसरी झुट बोल्छ भन्ने विषयलाई यस कवितामा प्रस्तुत गरिएको छ । 'कमरेड अचेल ज्यादै चिन्चित हुनुहुन्छ' शीर्षकको यस कवितामा आफ्नो निरङ्कुश सत्ता टिकाउन सत्ताधारीबाट गरिएको षड्यन्त्रहरूको फेहररिस्त पनि प्रस्तुत गरिएको छ। यसमा दमनकारी सत्ताको चरित्र कस्तो हुन्छ भन्ने कुरा पनि प्रस्तुत गरिएको छ । न्यायप्रेमी जनसाधारणमाथि ऊ कसरी प्रस्तुत हुन्छ भन्ने कुरा यस कवितामा देखाइएको छ । राजनीतिक स्वतन्त्रतासँगै सत्ता, चरित्र, पात्रको स्वभाव, चरित्रलाई झन् टड्कारो देख्न सकिने परिस्थितिमा सत्ताको नाममा हुने गरेको षड्यन्त्र, दुष्चक्रका विरुद्ध झन जुझारु र होसियार हुनुपर्ने भाव यस कवितामा अभिव्यक्त छ ।

'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ' कवितामा झगडा गरेर पार्टी फोड्छु भनेर टिकट ल्याएकाहरूको पनि हालत उस्तै रहेको छ । जनतालाई झुक्याएर, समाज परिवर्तन गर्छु भन्नेहरूले कुनै परिवर्तन नगरेपछि जनताको आक्रोश पैदा भई द्वन्द्व सृजना भएको छ। जनताको रूपमा प्रस्तुत भएको 'म' पात्रले जितेर गएको आफ्नो नेतालाई खाना खान बोलाउँदा आफ्नो बहाना प्रस्तुत गर्छ । पार्टीको सुविधा पाएको कमरेड आजभोलि बाटामा लखरलखर हिडेको देखिन्छ । ऊ फेरि उही मुख लगाएर भोट माग्न आएमा गाउँबाट खेदाउने भावना जनतामा जागृत भएको देखिन्छ । २०४६ सालको ऐतिहासिक आन्दोलनको परिणामस्वरूप व्यवस्थाको अन्त्य भई बहुदलीय संसदीय व्यवस्थाको सुरुवात भएपछि खुल्ला राजनीतिक परिदृश्यमा क्रमशः अस्वस्थ्यकर, विकृत, अनैतिक, सत्ता सङ्घषले बढावा पाउन थाल्छ । यस क्रममा जनताबीच लोकप्रिय, जनताको भरोसा र आशाको केन्द्र बन्न पुगेका राजनीतिक

शक्तिहरूका सत्ता स्वार्थको दलदलमा फसी आफ्नो स्वतन्त्रता र गरिमा गुमाउन थाल्छ भन्ने विमर्श यसमा प्रस्तुत छ । लोकतन्त्रमा जनताको आफ्नै अधिकार खोएिको र आफैँलाई अपाङ्ग बनाइएको व्यक्तिको मार्मिक चिन्तनका कारणले यो कविता शक्तिशाली बन्न पुगेको छ । त्यसै गरी यसमा उदार र खुल्ला राजनीतिक परिदृश्यमा प्रशासनिक स्वेच्छाचारिता मौलाउँदै गएकामा कविले आफ्नो मतभेद रहेको स्पष्टोक्ति प्रस्तुत गरेका छन् ।

## ४.४.६ 'इतिहासको मिर्मिरेमा' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

'इतिहासको मिर्मिरेमा' कवितामा नारीलाई लैङ्गिक रूपमा सीमान्तीकृत अवस्थामा पुऱ्याउनका लागि नारीमाथि बलको प्रयोग मात्र गरिँदैन बल, मानसिक आवेग र सहमतिका तिनवटै मार्ग अवलम्बन गरी उक्त योजनाको सफल कार्यान्वयन गरिन्छ भन्ने मार्मिक भाव प्रस्तुत गरिएको छ  लैङ्गिक विभेदले राम्रैसँग हुर्कन पाएको समाजमा यौनकै कारण नारीहरू सीमान्तीकृत अवस्थामा पुऱ्याइन्छन् र अनपेक्षित दुखको सागरमा डुब्न पुग्छन भन्ने सन्दर्भलाई यस कवितामा विषयबद्ध गरिएको छ । कवितामा भनिएको छ :

निमोठेर आवाजको घाँटी
बिहानी चराका गीतहरू निषेध गर्दै
इतिहासको मिर्मिरेमा
फेरि सल्बलाइरहेछ एउटा कालो छाया !
कलिला कोपिलाहरूमा तेजाब छ्यापिरहेको
रातो सिमल फूल जस्तो वसन्तलाई
निरन्तर निरन्तर लखेटिरहेको
त्यो जल्लाद जस्तो छाया कसको हो ?
कुनै बलात्कृत बालिकाको जाँघबाट
तरतरी चुहिरहेको आलो रगत
आफ्नो वस्त्रमा घसेर हिँडिरहेको
बुढो सिकारी जङ्गबहादुर जस्तो
देखिन्छ यो छाया ! (पृ. ४८)

प्रस्तुत कवितांशका आधारमा हेर्दा पुरुषकेन्द्री सामाजिक संरचनाभित्र नारीको यौन पुरुष इच्छाको बस्तु बन्ने हुनाले नारीहरू सीमान्तीकृत अवस्थामा पुऱ्याइन्छन् र कष्टकर

जीवन भोग्न विवश बन्छन् भन्ने सन्दर्भलाई देखाइएको छ । लैङ्गिक विभेदको पाशविक स्वाभावलाई प्रश्रय दिने सामाजिक संरचनाभित्र नारी यौन शोषणको सञ्जाल नै निर्माण भएको हुन्छ । यस्तो सञ्जालभित्र नैतिकता, मानवता, आदर्श आदिजस्ता सभ्यताका परिसूचकहरू पुरूषका भोगवादी चिन्तनका अगाडि ज्यादै कमजोर हुन्छन् । त्यसमा पनि सहरमा नारीको यौन शोषणका लागि शृङ्खला नै निर्माण भएको हुन्छ । यसरी लैङ्गिक रूपमा नारीहरू सीमान्तीकृत अवस्थामा पुऱ्याइएको समाजमा नारीको यौन शोषणका लागि शृङ्खला नै निर्माण भएको हुन्छ  र त्यसले स्थापित सामाजिक मानकलाई हतियार बनाएर नारी अस्मितामाथि जोडदार ढङ्गले धावा बोली विजय प्राप्त गर्छ भन्ने सन्दर्भलाई यस कवितामा आद्योपान्त प्रस्तुत गरिएको छ ।

अन्ततः यस कवितामा पुरुषप्रधान सत्ताका आडमा निर्मित पुरुषकेन्द्री सामाजिक संरचनाभित्र नारीको यौवन र रूप दुबै उसका लागि अभिशाप हुन्छन् भन्ने देखाइएको छ । कवि ज्ञवालीका अनुसार यस प्रकारको समाजमा नारीहरूलाई सीमान्तीकृत अवस्थामा पुऱ्याइन्छ र त्यसको अचुक अश्त्रका रूपमा स्वीकृत र स्थापित सामाजिक मानक तथा मूल्यहरूको उपयोग गरिन्छ । नारी विरोधी हिंसाजन्य कुकृत्यमा संलग्न पुरुषका कार्यहरूप्रति समाजले देखेर पनि नजरअन्दाज गरी सामाजिक स्वीकृति प्रदान गर्छ । त्यस कारण समाजका सक्रिय सदस्य हुँदा हुँदै पनि पुरुषका आक्रमणको प्रतिरोध गर्न नसक्ने नारीहरू निरीह र अबला बनाइन्छन् । पुरुषका अक्षमता, विवेक शून्यता, घृणित कार्य आदि ऋृणात्मक पक्ष तथा गतिविधिहरूको भारी पनि नारीले बोक्नु पर्छ । त्यस क्रममा नारीका विवेक, आदर्श र अस्मिताको रक्षाका लागि समाजमा तिलभर पनि स्थान बाँकी रहँदैन । नारीले बोले पनि, नबोले पनि, आफ्नो अस्मिताको रक्षा गर्न चाहे पनि र नचाहे पनि उसले पुरुषकै सिकार बन्न विवश हुनु पर्छ । पुरुष समाजले चौतर्फी आक्रमणबाट नारीको प्रतिरोधी सामर्थ्य समाप्त पारी बलको प्रयोग, सहमतीय स्वीकृति र आवेगको उपयोग गरी नारी यौनको शोषण गर्छ । त्यसका लागि नारीमाथि निराधार आरोप लगाउने, गाली गर्ने, कुटपिट गर्ने, फकाउने, बाध्यात्मक अवस्थामा शोषण गर्नका लागि समाजमा चौतर्फी सञ्जालको निर्माण गरेर निरुपाय अवस्थामा पुऱ्याई यौन शोषण गरी भौतिक वस्तुका रूपमा रूपान्तरण गरिन्छ भन्ने यस कविताको निष्कर्ष रहेको छ ।

## ४.४.७ 'बिटुलिएको झुपडी' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

प्रस्तुत कवितामा प्रदीप ज्ञवालीद्वारा सुन्दर प्रतीकात्मक अर्थ प्रस्तुत गरी लेखिएको कविता हो । यस कवितामा ज्ञवालीले साहु महाजन र सामन्त वर्गप्रति व्यङ्ग्य गरेका छन् । 'बिटुलिएको झुपडी' कवितामा एउटा गरिब बस्ती र बस्तीभित्र बसोबास गर्ने निम्न आर्थिक तथा दलित समुदायकी महिलामाथि उच्चवर्गको पुरुष मानसिकताले कसरी राज गर्न खोज्छ भन्ने विषयवस्तुलाई प्रस्तुत गरिएको छ। समाजमा महिलालाई कसरी वस्तुका रूपमा लिइन्छ, समाज कति पाखण्डी छ ? कति दरिद्र छ ? भन्ने कुरा यस कवितामा स्पष्ट पारिएको छ । जब साँझ हुन्छ, जब रात पर्छ, अनि उपल्लो जातका पुरुष भनाउदाहरूले तल्लो जात गरेका महिलाहरूलाई प्रसाद मानी भोगचलन गर्ने गरे पनि उनीहरू सधैँ शुद्ध रहने तर तिनै बाहुन, क्षेत्री, ठकुरीहरूले भोग गरेका यी सुन्दर महिलाहरू सधैँ अछुत हुने परिपाटीको अन्त्य गर्नुपर्छ भन्ने भाव यस कविताले बोकेको छ । पुरुषप्रधान मानसिकता तथा उच्च जातीय विभेद र अन्यायबारे यस कवितामा बोलिएको छ। यस कविताले वर्गीय, जातीय, तथा लैङ्गिक विभेदको कुरा उठाएको छ। समाज उज्यालो बनाउनका निम्ति अँध्यारो हटाउनु पर्ने भाव यस कवितामा प्रस्तुत छ ।

वर्गीय समाजमा संस्कृति पनि वर्गीय हुन्छ । दुई प्रमुख विरोधी वर्गका आ-आफ्ना सामाजिक एवम् सांस्कृतिक मान्यता एवम् दृष्टिकोणहरू हुन्छन् । यसै अनुरूप उनीहरूले आ-आफ्ना भूमिका पनि सम्पादन गर्दछन् । सतारुढ उत्पीडक वर्गको उत्पादनका साधनहरूमाथि आधिपत्य हुन्छ। वर्गीय समाजमा मानिसको सामाजिक-सांस्कृतिक अवस्थाको निर्धारण मूलतः उसको वर्गाधारले गर्दछ । उत्पीडक वर्गको सामाजिक र सांस्कृतिक अवस्थाको उत्पीडित वर्गको भन्दा भिन्न हुन्छ । उसले आर्थिक हैसियतका माध्यमबाट पनि शोषण गर्दछ । उसले सामाजिक-सांस्कृतिक रूपबाट पनि उत्पीडित वर्गमाथि शोषण दमन र मूल्य मान्यतालाई आधार बनाई कथित उपल्लो जातले समाजका निमुखा गरिब र तल्लो जातलाई मान्छेको रूपमा नलिई छुट्टै जातका समुदायभित्र राखी व्यवहार गरेका छन्। ज्ञवालीका कवितामा मूलतः माथिल्लो ठालु भनिएकाहरू, जो समाजका शासकका रूपमा आफूलाई प्रस्तुत गरेका हुन्छन्, उनीहरूबाटै गरिब र निमुखाहरू हेपिन बाध्य भएका छन् । वर्गीय समाजमा संस्कृति पनि वर्गीय हुन्छ। दुई प्रमुख विरोधी वर्गका आ-आफ्ना सामाजिक एवम् सांस्कृतिक मान्यता एवम् दृष्टिकोणहरू हुन्छन् । यसै अनुरूप उनीहरूले आ-आफ्ना भूमिका पनि सम्पादन गर्दछन् ।

सत्तारुढ उत्पीडक वर्गको उत्पादनका साधनहरूमाथि आधिपत्य हुन्छ (मार्क्स, सन् १९८७ : ५५) । भौतिक उत्पादनका साधनहरूमाथि जुन वर्गको आधिपत्य हुन्छ । वौद्धिक उत्पादनमा पनि उसकै आधिपत्य हुन्छ र उसले वौद्धिक उत्पादनमा आफ्ना हितहरू अनुरूप गर्दछ । यसै आधारमा रहेर प्रदीप ज्ञवालीले आफ्ना कवितामा तल्लो वर्गलाई केन्द्रविन्दुमा राखेर तल्लो वर्गको समुदायलाई सधैं हेपिएको, मिचिएको, पिल्सिएको समुदायको रूपमा प्रस्तुत गरेका छन् । यस कवितामा रातभरी भुपडीमा आएर तिनै तल्लो जातका महिलाहरूमाथि यौन तृष्णा मेटाउने र दिउसो तिनै अनामिका दिदीहरू अछुत हुने र त्यस्ता यौनपिपासु ठालुहरूविरुद्ध आवाज उठाएपछि द्वन्द्व सिर्जना भएको भाव तलको कवितांशबाट प्रस्ट देखिन्छ :

धरतीले कालो घुम्टो ओढेको रात
हजुर मलाई नै गिलासमा भरेर
मेटाउनुहुन्छ आफ्ना तामसी तिर्खाहरू
भोक र कामनाहरू !
सूर्य विस्तारामा सुतेको कालरात्रीमा
सबै पवित्र हुन्छन् हजुरका लागि
मेरा जुठा ओठ विदीर्ण छाती
र बिटुलिएको देह ।
मेरो रुझेको आँखाको नानी
मेरो घैंटाको निगार र लोटाको पानी । (पृ. १४)

प्रस्तुत कवितांले महिला पात्रहरूले आफूमाथि भएको ज्यादतीको आवाज उठाएको सन्दर्भलाई प्रस्तुत गरेको छ । राति-राति यौन तृष्णा मेटाउन आउने र तिनैलाई देवी देख्ने तर भोलिपल्ट अछूत देख्ने खालको सामाजिक विभेदको अन्त्य हुनुपर्ने माग यस कवितामा गरिएको छ ।

यस कविताका अछूत पात्रहरूमा सीता, सावित्री, अनामिका रहेका छन् भने माथिल्लो पात्र जसले आफूलाई उपल्लो माथिल्लो जातको रूपमा आफूलाई प्रस्तुत गरिरह्यो । जुगौंदेखि र बाजेबाबुदेखि नै आफूलाई ठालु भन्ने र गरिबहरूको श्रमशोषण गरी नै रहने एकखालको परिपाटी छ त्यसलाई अन्त्य गर्नुपर्ने आवाज यस कवितामा प्रस्तुत गरिएको छ । यस कविताका तल्लो जातको पात्रका रूपमा आफूलाई प्रस्तुत गरिएको पात्रले दासताको विरुद्ध आवाज

उठाएका छन् । नैतिकताको मुकुन्डो ओढेर आदर्शको पाठ पढाउँदै हिड्ने ठालुहरूबाट नै समाज पछि परेको देखिन्छ । तसर्थ मानिसहरू वर्गमा विभक्त हुने भएकाले उनीहरूबीचमा सामाजिक-सांस्कृतिक अन्तरहरू पनि वर्गसँग जोडिन्छन् । यसका कारण उत्पन्न हुने द्वन्द्व पनि वर्गीय द्वन्द्वसँग गाँसिन्छन् । सामाजिक-सांस्कृतिक कारणहरू वर्गीय द्वन्द्वका महत्त्वपूर्ण आधार बन्दछन् । उत्पीडक वर्ग संस्कृतिका माध्यमबाट आफ्नो वर्चस्व स्थापित गर्न खोज्छ, उत्पीडित वर्ग त्यसलाई तोड्न खोज्छ । उत्पीडक वर्ग विभिन्न सामाजिक तह र विभेदहरू सिर्जना गरेर आफ्नो वर्गीय सत्तालाई जोगाई राख्न चाहन्छ । जातीय विभेद, रङ, र लिङ्गका आधारमा निर्मित असमानता आदिलाई यसअन्तर्गत राखेर हेर्न सकिन्छ । यस कवितामा जातीय द्वन्द्व र पुँजीपति वर्गको दमनलाई उजागर गर्न गरिएको छ ।

## ४.४.८ 'म कर्नाली' कवितामा उच्चवर्ग र निम्नवर्गबीच द्वन्द्व

प्रदीप ज्ञवालीका कवितामा निम्न वर्गीय किसान, मजदुर र श्रमिकको कष्टप्रद जीवनको झाँकी प्रस्तुत भएको पाइन्छ । यस 'म कर्नाली' कवितामा गाउँ, सहर जतासुकै होस् वर्गीय विषमताका कारण दिनानुदिन धनी र गरिबबीचको खाडल झन्झन् बढ्दै गइरहेको छ । यो गरिबीको कारण राज्यसत्ता नै हो । केही सीमित जमिनदार, धनी मानिसहरू गरिबको श्रममा रमाउँछन् 'म कर्नाली' कवितामा 'म' भन्नाले कर्नालीमा बसोबास गर्ने जनतालाई बुझाएको छ । यस कवितामा नेपलको पश्चिम भागको कर्नालीका जनताको किसानको दैनिकी र त्यहाँको जनताको दुःख र मर्मलाई दैनिकी बनाएको छ ।

'म कर्नाली' कवितामा भौगोलिक हिसाबले पिछडिएको कर्नाली क्षेत्रका जनताको चरम अभाव र गरिबीले पिल्सिएका मानिसहरूका पीडाको चित्र प्रस्तुत छ । त्यहाँ उज्यालो छैन मान्छेको स्वप्न हराएको छ । अपराधीझैं नाङ्गा डाँडाहरू उभिएका छन् । जससँग मानिसलाई खान लाउन दिन केही छैन । उनीहरूको भोकको स्वाद तीतो भएको छ । जाडोले गर्दा उनीहरू अगेनाको आगोमा उभिएका छन् । गरिबीको विषम चित्र यस कवितामा प्रस्तुत गरिएको छ । गाउँ, बस्तीमा व्याप्त चरम गरिबी, स्थानीय शोषक सामन्तीहरूको चर्को शोषणको मारमा परेका स्थानीय किसान, श्रमिकहरूको दिनचर्या, उनीहरूका कष्टपूर्ण जीवन भोगाइको यथार्थ अङ्कन यसमा गरिएको छ । समाज वर्गमा विभक्त छ । धनी र गरिब वर्गमा विभाजित समाजमा जहिले पनि असन्तुष्टि हुन्छन्, धनीहरूले आफैं आफूलाई ठूलो र ठालु देखे पनि भित्रभित्र गरिबहरूलाई शोषण गर्न पल्किरहेका हुन्छन् । देशमा गणतन्त्र स्थापना भएर स्थानीय

संविधानभन्दा पनि जनताको दुःख जहाँको त्यहीँ हुनाले पनि कर्नालीका जनताको दुःखमा परिवर्तन नआएको भाव तलको पङ्क्तिबाट स्पष्ट हुन्छ :

तिम्रो चिल्लो गालामा पलाएको
म कुरूप डण्डिफोर !
तिम्रो छन्दोबद्ध सिलोकभित्रको
म एउटा छन्दभङ्ग हरफ
कि शक्तिको कवाफमा
उम्रिएको हड्डी !
म सत्ताको हलुवामा मिसिएको
खस्रो न खस्रो बालुवा । (पृष्ठ १८)

प्रस्तुत कवितांशमा 'म कर्नाली' अर्थात् 'म कर्नालीमा बस्ने जनता' भनेर प्रतीकात्मक अर्थ प्रदान गरिएको छ । चुनावको बेला मात्र गाउँ पस्ने र चुनाव जितेपछि गाउँमा फर्केर नआउने नेता देखेर जनताको मनमा आक्रोश पैदा भएको देखिन्छ । जनतामा द्वन्द्वको भावना उत्पन्न हुन्छ । उनीहरू द्वन्द्वले गर्दा नेतालाई गाउँ पस्नबाट बञ्चित गराउँछन् । जबसम्म गाउँमा विकास तबसम्म गाउँमा छिर्न नदिने प्रतिबद्धता गर्दछन् । सामाजिक-सांस्कृतिक कारणहरू वर्गीय द्वन्द्वका महत्त्वपूर्ण आधार बन्दछन् । उत्पीडक वर्ग संस्कृतिका माध्यमबाट आफ्नो वर्चस्व स्थापित गर्न खोज्छ । उत्पीडित वर्ग त्यसलाई तोड्न खोज्छ । उत्पीडक वर्ग विभिन्न सामाजिक तह र विभेदहरू सिर्जना गरेर आफ्नो वर्गीय सत्तालाई जोगाई राख्न चाहन्छ । जातीय विभेद, रङ (वर्ण) र लिङ्गका आधारमा निर्मित असमानतालाई यसअन्तर्गत राखेर हेर्न सकिन्छ । उत्पीडित वर्ग यसलाई समाप्त गर्न चाहन्छ । यसरी सामाजिक र सांस्कृतिक विभेद पनि वर्गद्वन्द्वको एक महत्त्वपूर्ण कारकका रूपमा रहँदै आएको पाइन्छ । वर्गद्वन्द्वमा सामाजिक जीवनका विभिन्न क्षेत्रहरू देखा पर्दछन् । वर्गीय भिन्नताका कारण मानिसका चरित्र, व्यवहार र दृष्टिकोणमा अन्तर आउँछन् र वर्गद्वन्द्वका कारण बन्दछन् । यही द्वन्द्वको उत्पन्न भएको छ । 'म' कर्नाली कवितामा सत्तामा पुगेपछि आफ्नो क्षेत्रको विकास नगरेपछि जनतामा आक्रोश पैदा भएको भावलाई नै कवितामा उतारिएको छ । कर्नालीका जनतामा एकखालको द्वन्द्वको भावना पैदा भएको देखिन्छ । त्यहाँका जनताले प्रत्येक वर्ष भोट माग्न आउने नेताहरूलाई गाउँ पस्न बञ्चित गराउने बाचा गरेका छन् । कर्नालीको पुलमाथि

प्रत्येक वर्ष बाढी-पहिरो जाने तर कुनै पनि किसिमले वास्ता नगरेपछि जनताले नेताहरूप्रति आक्रोशको भाव व्यक्त गरेको भाव तलको कविताको पङ्क्तिबाट स्पष्ट हुन्छ :

म कर्नाली
तिमीबाट बलात्कृत छु युगौदेखि
तर अब कसरी बोल्नेछु म हेरिराख
ओ निर्दयी काठमाडौँ ? (पृ. १९)

यसमा 'म कर्नाली' ले सबै कर्नालीका जनता भन्ने बुझाएको छ भने ओ निर्दयी काठमाडौँ भन्नाले कर्नालीमा चुनाव जितेर काठमाडौँमा बस्ने नेतालाई तीखो व्यङ्ग्य प्रहार गरिएको छ । अतः यस कवितामा वर्गद्वन्द्वलाई प्रस्तुत गरिएको छ ।

## ४.५ निष्कर्ष

प्रदीपकुमार ज्ञवालीका कवितामा सामन्त र किसान, उच्च र निम्नवर्गका बीचमा भएको द्वन्द्वलाई मुख्य विषयवस्तु बनाइएको छ । 'मलाई कुहिरो मन पर्दैन' कवितामा सामन्त मुखिया तथा मजदुरहरूको द्वन्द्व सामन्त र किसानबीचको वर्गद्वन्द्व हो । प्रस्तुत कवितामा सामन्तका रूपमा रहेका मुखियाको शोषण, दमन, अन्याय र अत्याचारबाट मजदुरहरूको जीवन तहसनहस भएको देखाइएको छ । आफ्नो अस्तित्व रक्षा गरी किसान वर्गको बर्गीय मुक्तिका लागि मजदुरले मुखियालाई गाली गर्न पनि तयार भएको प्रसङ्गले सामन्त वर्ग र किसान वर्गका बीचमा पैदा भएको वर्गद्वन्द्वलाई यसमा देखाइएको छ । 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ' कवितामा गाउँका जिम्बाल, व्याजखोर साहुमहाजनप्रति भट्टीवाल्नी, उसका बाबुआमा तथा साहुकै कारण लाहुरिन बाध्य हुने लाहुरेहरूका बीचको द्वन्द्व सामन्त र किसानबीचको वर्गीय द्वन्द्व हो । सामन्ती समाजप्रति युवतीमा उत्पन्न भएको विद्रोह र द्वन्द्व यस कवितामा व्यक्त भएको छ । 'एकादेशमा' कवितामा मालिक र मजदुरबीचको द्वन्द्व सामन्त र किसान वर्गका बीचको द्वन्द्व हो । प्रस्तुत कवितामा सामन्त वर्गका रूपमा रहेका सामन्तले निम्नवर्गलाई घरबारविहीन बनाएको कुराले एक अर्काबीच तनाब उत्पन्त हुँदा सङ्घर्ष पैदा भई उत्पन्न भएको द्वन्द्वलाई देखाइएको छ । 'किन रुन्छस् कान्छा सपनाको अकाल मृत्युमा' कवितामा सामन्त र किसान वर्गका बीचको द्वन्द्व रहेको छ । सामन्ती सरकारको छत्रछायामा रहेका वन कार्यालयका हाकिम, सशस्त्र प्रहरी तथा हात्तीसमेत लगाएर सुकुम्बासी बस्ती

बिनास गर्ने सदियौँदेखि नेपालको तराईमा घट्ने घटना सुकुम्बासीहरूले पलपल भोग्नुपरेको देखिन्छ । यसमा सामन्त र सामन्ती सरकारको छत्रछायामा रहेका सामन्तहरूको थिचोमिचो किसान वर्गले सहनुपरेको देखाइएको छ । 'बिहानीको प्रतीक्षामा' कवितामा प्रधानपञ्च, उपप्रधानपञ्च, कृष्णलाल साहु तथा जिम्दारसापजस्ता सामन्तप्रति पूर्णमान, ऋषिरामलगायतका सम्पूर्ण स्याउलीबजारका जनताबीचको द्वन्द्व सामन्त र किसानबीचको वर्गद्वन्द्वका रूपमा प्रस्तुत भएको छ । यसरी प्रदीप ज्ञवालीका कवितामा उच्च र निम्नवर्गबीचमा तीव्र द्वन्द्व रहेको देखाइएको छ र गरिब तथा निमुखा पात्रको प्रतिनिधित्व गराइएको छ । 'इतिहासको मिर्मिरेमा' कवितामा नारीमाथि निराधार आरोप लगाउने, गाली गर्ने, कुटपिट गर्ने, फकाउने, बाध्यात्मक अवस्थामा शोषण गर्नका लागि समाजमा चौतर्फी सञ्जालको निर्माण गरेर निरुपाय अवस्थामा पुऱ्याई यौनशोषण गरी भौतिक वस्तुका रूपमा रूपान्तरण गरिन्छ भन्ने सन्दर्भ प्रस्तुत छ ।

यी कवितामा समाजको उच्चवर्गले निम्नवर्गलाई उसको ज्यादै संवेदनशील अवस्थामा पुऱ्याएर सीमान्तीकरण गर्छ भन्ने सन्दर्भलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ । यस क्रममा उच्चवर्गले निम्नवर्गलाई आर्थिक आधारमै सामाजिक, आर्थिक, मानसिक आदि आदि अनेक कोणहरूबाट शोषण दमन गर्छ । यसका लागि निम्नवर्गको विकराल अवस्थालाई मनोरञ्जनका लागि उपयोग गरेर, जीवनमाथि नै खेलबाड गरेर सधैं व्यथित अवस्थामा मात्र राखेर, निरन्तर समस्यातर्फ धकेलेर, हैसियतमा विकास गर्नै नदिएर, चाहना र समस्याको अवमूल्यन गरेर, मन्द विषको शैलीमा आक्रमण गरेर, मुक्तिको बाटोमा फर्कनै नदिएर, सामाजिक रूपमा एक्लो बनाएर, मानसिक विक्षिप्ततासम्म धकेलेर उच्चवर्गले निम्नवर्गलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ भन्ने ज्ञवालीका कविताको निष्कर्ष रहेको छ । 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ', 'इतिहासको मिर्मिरेमा', 'हामी बेनामीहरू' जस्ता कवितामा यस्तो प्रवृत्ति पाइन्छ ।

# पाँचौं परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

'प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीयता' शीर्षकको प्रस्तुत शोधप्रबन्धमा प्रदीपकुमार ज्ञवालीका *चिता जलिरहेछ, आस्था ओ मेरी प्रिया र बिनासालिकका नायकहरू* गरी तीनवटा कवितासङ्ग्रहमा सङ्गृहीत जम्मा ६६ वटा कवितामध्ये सोद्देश्य नमुना छनोट गरिएका पन्ध्रवटा कवितामा अभिव्यक्त वर्गीयताको अध्ययन गरिएको छ । यसक्रममा प्रस्तुत शोधप्रबन्धलाई जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ । यस शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ । यसअन्तर्गत विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य र महत्त्व, शोधको सीमाङ्कन, शोधविधि, विश्लेषणको विधि र शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधप्रबन्धको शीर्षकलाई विषयपरिचयमा चिनाउने काम गरिएको छ । त्यसपछि शोधशीर्षक र पूर्वकार्यको अध्ययनका आधारमा शोधसमस्याको निरुपण गरिएको छ । यस शोधमा प्रस्तुत समस्याका आधारमा उद्देश्यको निर्माण, शोधको सीमाङ्कन र शोधविधि निर्धारण गरिएको छ । पूर्वकार्यको अध्ययनबाट शोध्य समस्याको महत्त्व प्रस्तुत गरी यस शोधकार्यको औचित्य स्थापित गरिएको छ । शोधविधिअन्तर्गत सामग्री सङ्कलनका लागि सोद्देश्यमूलक नमुना छनोट विधि र सामग्री विश्लेषण ढाँचाको चयन गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेद 'प्रदीपकुमार ज्ञवालीको कवितायात्रा र प्रवृत्ति' शीर्षकमा प्रदीप ज्ञवालीको सङ्क्षिप्त जीवनवृत्त, व्यक्तित्व, कवि ज्ञवालीको कवितायात्रा, ज्ञवालीका काव्यप्रवृत्ति तथा ज्ञवालीका कविताको मूल भावार्थ तथा निष्कर्ष प्रस्तुत गरिएको छ । उनको साहित्ययात्रालाई प्रकाशन कृतिका आधारमा तीन चरणमा विभाजन गरिएको छ । उनको कवितायात्राको पहिलो चरण २०२८-२०४५, दोस्रो चरण २०४६-२०४२ र तेस्रो चरण २०५३ देखि हालसम्म रहेको छ । यस क्रममा नेपाली कविताको अभिवृद्धिमा अहम् भूमिका खेलेका ज्ञवालीका प्रगतिशीलता, समाजसुधारको प्रबल चाहना, समसामयिक युगबोध-अस्तित्वबोध, वर्तमान विकृति-विसङ्गतिविरुद्ध असन्तोष एवम् क्रान्तिचेत, मानवतावाद र भ्रातृत्व, राष्ट्रप्रेम, प्रकृतिचित्रण, नैतिक एवम् आदर्श तथा आध्यात्मिक भावना, व्यङ्ग्यात्मकता,

विषयगत विविधता, स्वच्छन्तावादी भाव, प्राचीनताप्रतिको मोह र संस्कृतिप्रति मोहजस्ता प्रवृत्तिगत विशेषताहरू पाइन्छन् । कविताको लघुरूपका तीनवटा काव्यकृतिहरू रचना गरेर नेपाली कविताविधालाई उचाइमा पुऱ्याउन योगदान दिने ज्ञवालीका कविताकृतिहरू गुणवत्ताका दृष्टिले पनि सफल रहेका पाइन्छन् । उनको नेपाली कविता क्षेत्रमा सङ्ख्यात्मक योगदान भने महत्त्वपूर्ण रहेको पाइन्छ । समाजलाई सचेत बनाउन र देशलाई उन्नतितर्फ अगाडि बढाउने भावना प्रबल भएका उनका कविताकृतिले समाजलाई अग्रगमनतिर उन्मुख गरेको पाइन्छ । त्यसै गरी व्यङ्ग्यात्मक शैलीको प्रयोगद्वारा काव्यात्मक उत्कृष्टता प्राप्त गर्नु उनको नेपाली साहित्यलाई दिएको महत्त्वपूर्ण योगदान हो ।

प्रदीपकुमार ज्ञवालीका अधिकांश कवितामा नेपाली समाजका वर्गीय, जातीय र लैङ्गिक चेतनाको प्रतिनिधित्व गराइएको छ । उनका कवितामा *चिता जलिरहेछ* कवितासङ्ग्रहका 'मलाई कुहिरो मन पर्दैन', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', 'यो महल र एउटा चिठी : सांसद छोराको नाममा', *आस्था ओ मेरी प्रिया* कवितासङ्ग्रहका 'एकादेशमा', 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा', 'बिहानीको प्रतीक्षामा' तथा *बिनासालिकका नायकहरू* कवितासङ्ग्रहका 'पसल छेउ उभिएकी केटी', 'विद्रोहको आँगनमा लाटो कामी', 'मरुभूमिको बलेनी', 'हामी बेनामीहरू', 'कमरेड अचेल ज्यादै चिन्तित हुनुहुन्छ', 'इतिहासको मिर्मिरेमा', 'बिटुलिएको झुपडी' र 'म कर्नाली' जस्ता कवितामा तत्कालीन नेपाली समाजमा विद्यमान वर्गीय, जातीय र लैङ्गिक प्रतिनिधित्व तथा द्वन्द्वको अवस्था प्रखर भएको देखिन्छ ।

प्रदीपकुमार ज्ञवालीका उल्लिखित कवितामा वर्तमान समाजमा व्याप्त विकृति र विसङ्गतिहरूविरुद्ध तीव्र असन्तोष व्यक्त गर्दै क्रान्तिचेतको भावना व्यक्त गरेको पाइन्छ । वर्तमान समाजका सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, सांस्कृतिक, प्राकृतिक आदि क्षेत्रमा देखिएका कुरीति र कुसंस्कारको भन्डाफोर गरेको पाइन्छ । यसै गरी उनका कविताकृतिमा कविले भ्रष्टाचार, अनाचार, नातावाद, कृपावादजस्ता विकृतिजन्य कुराहरूको अन्त्य गर्नुपर्छ भन्ने भाव व्यक्त गरेको पाइन्छ । वर्तमान विकृतिहरूको अन्त्य गर्दै समुन्नत राष्ट्रनिर्माणको भावना सबैमा जागरुक गराउनुपर्छ भन्ने भाव पनि उपर्युक्त कविताकृतिहरूमा व्यक्त भएको पाइन्छ । प्रगतिशील चेतना र समाजसुधारको चेतना उनका प्रायः कवितामा प्रस्तुत भएको पाइन्छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा 'प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय प्रतिनिधित्व' शीर्षकमा विषयप्रवेश, वर्गीय प्रतिनिधित्वको सैद्धान्तिक पृष्ठभूमि र मूल मान्यता प्रस्तुत गरी कवि प्रदीप ज्ञवालीका *चिता जलिरहेछ, आस्था ओ मेरी प्रिया* र *बिनासालिकका नायकहरू* कवितासङ्ग्रहमा सङ्गृहीत सोद्देश्य नमुना छनोट गरिएका जम्मा चौधवटा कविताहरूको वर्गीय प्रतिनिधित्वसम्बन्धी मान्यताका आधारमा निरुपण गरिएको छ । प्रत्येक कविताको वर्गीय प्रतिनिधित्वको सन्दर्भलाई केन्द्रमा रहेको प्रभुत्वशाली उच्च तथा सामन्त वर्ग र सर्वहारा निम्नवर्ग (किसान) गरी थप दुई उपशीर्षकमा विभाजन गरिएको छ । त्यसपछि ती वर्गको सामाजिक, आर्थिक दृष्टिले समाजमा रहेको वर्गीय प्रतिनिधित्वको बारेमा अध्ययन गरिएको छ । यस क्रममा परिधीय संस्कृतिको ज्ञान र शक्तिसम्बन्धको निरुपण गरी तत्कालीन विमर्शात्मक संरचनामा वर्गीय प्रतिनिधित्वको स्वरूपलाई गहनतापूर्वक अध्ययन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

समाजमा रहेका बहुसङ्ख्यक उच्चवर्गका मानिसहरूले निम्न जातकै आधारमा निम्नवर्गलाई सीमान्तीकृत अवस्थामा पुऱ्याएका छन् । त्यस क्रममा सामन्तहरूले निम्नवर्गको पहिचानलाई हास्यास्पद ठान्ने, उचित पारिश्रमिक नदिने, बाटो हिँड्न पनि असहज वातावरण सिर्जना गर्ने, आर्थिक दृष्टिले उठ्नै नदिने, सधैँ व्यस्त राख्ने, काम लगाएर दाम र माम नदिने, जुठो र खराब खाना दिने, निरीह र असचेत अवस्थाबाट माथि आउनै नदिने र जातकै नाममा मात्र सीमित गरी लासलाई समेत घृणा गरेर दुख दिएका छन् । यसरी नेपाली समाजमा जातीय विभेदका माध्यमबाट उच्च जातले निम्न जातलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ भन्ने यी कविताको निष्कर्ष रहेको छ ।

प्रस्तुत कवितामा ज्ञान, शक्ति र आर्थिक हैसियतबाट उच्चवर्गले निम्नवर्गलाई बिमुख गराएका छन् । त्यसका लागि निम्नस्तरको भाषाको प्रयोग, सम्पत्तिका आधारमा स्तर निर्धारण, प्रभुत्वको प्रयोग, आफ्नो स्वीकृतिबिना गरेको कार्यको अस्वीकार, आफ्नो केन्द्रीयताको निरन्तरता, ईर्ष्या, अघोषित प्रतिद्वन्द्विता, आफूअनुकूल सामाजिक मूल्यको निर्माण र प्रमाणीकरण, निम्नवर्गलाई नै हतियारका रूपमा उपयोग, निम्नवर्गको स्थापित ज्ञानको अन्त्य, निम्नवर्गको परिवारभित्रै आपसी असमझदारीको सिर्जना, निम्नवर्गलाई दमन गर्न सवर्गीकै उपयोग, निम्नवर्गको स्थापित ज्ञानको अन्त्य, निम्नवर्गको परिवारभित्रै आपसी असमझदारीको सिर्जना, रक्षकका रूपमा प्रस्तुत भएर भक्षण गर्ने आदि प्रक्रियालाई उच्चवर्गले उपयोग गरी

निम्नवर्गलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ भन्ने यी विश्लेष्य कविताको निष्कर्ष रहेको छ ।

प्रदीप ज्ञवालीले नेपाली समाजमा घटेका सामाजिक यथार्थमूलक घटनाबाट विषयवस्तु समेटी त्यसमा आवश्यकताअनुसार कल्पनाको प्रयोग गरी कवितालाई रोचक बनाएका छन् । उनका कवितामा ज्याला, मजदुरी, श्रम गरी जीवन निर्वाह गर्ने र अर्काको निगाहामा बाँच्नुपर्ने गरिब, उत्पीडित मजदुरहरूको शोषण गरी विलासी जीवन बिताउने सामन्त वर्ग रहेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । यी कवितामा कविले दुई गाँस खान र एकसरो लगाउन पनि सधैँ सङ्घर्ष गर्नुपर्ने तथा दिनहुँ आफ्नो श्रम र पसिना बिनामूल्य चुकाउनु पर्ने शोषित र पीडित गरिब किसानहरूको वास्तविक तस्विर उभ्याउँदै समाजमा रहेका कुरुपताहरूको चिरफार गरेका छन् । ज्ञवालीले यी कवितामा नेपाली समाजमा रहेका शोषक र सामन्त वर्गले सधैँ किसान र निम्नवर्गलाई चर्को व्याजदरमा ऋण प्रवाह गरी उनीहरूको घरखेत नै जफत गरेर उठीबास लगाएका कुरा पनि प्रस्तुत गरेका छन् । आफूलाई शासक र मालिक ठान्ने वर्गको बडप्पनका दृष्टान्त यी कवितामा प्रस्तुत छन् । समाजमा गरिबी, उत्पीडन, असहायपन तथा चरम खालका दीनहीन अवस्था त्यतिकै जन्मदैन, यसका पछाडि राज्यका अव्यवस्था र समाजका संरचना नै ठीक नभएर किसानले सधैँ अत्याचार सहनुपरेको र दमित हुनुपरेको कुरालाई यी कवितामा उनले प्रस्फुटन गरेका छन् ।

प्रस्तुत कवितामा समाजमा पुरुषले नारीलाई चौतर्फी घेरा हालेर, स्थापित संरचनालाई वैधानिक हतियार बनाएर, निरीह र अबला बनाएर, पुरुषका असक्षमता, विवेकशून्यता, घृणित कार्यजस्ता नकारात्मक पक्षहरूको भारी पनि नारीलाई बोकाएर, नारीको विवेक, आदर्श र अस्मिता समाप्त गरेर, बल र सहमतिका दुबै उपाय अवलम्बन गरेर, निराधार आरोप लगाएर, खानै नदिएर, बालबच्चाको बिचल्ली पारेर, निरुपाय बनाएर, बाध्यकारी सामाजिक परिस्थितिको निर्माण गरेर सीमान्तीकृत अवस्थामा पुऱ्याई यौनको शोषण गर्छ भन्ने यी कविताको निष्कर्ष रहेको छ ।

यी कवितामा आर्थिक दुरवस्थालाई आधार बनाएर उच्चवर्गले निम्नवर्गलाई सीमान्तीकृत गर्छ भन्ने विषयलाई प्रमुख रूपमा उठाइएको छ । वर्गीय समाजमा अन्धो र गरिब मानिसले गाली र अपमानको वर्षा सहनु पर्ने, मागेर बाँच्नु पर्ने, उपहासको सिकार बन्नु पर्ने, लैङ्गिक र शारीरिक हिंसा सहनु पर्ने, निरीह बन्नु पर्ने, गाँस र बास खोसिएर पनि

चुपचाप बस्नु पर्ने, स्थापित हुनै नपाउने, शक्ति र सत्ताको निरन्तरताको प्रहार धान्नै पर्ने अवस्थाको सिर्जना गरिन्छ । यस प्रकारको परिस्थितिका आधारमा आफूअनुकूलको सामाजिक मानकहरू निर्माण गरी उच्चवर्गले निम्नवर्गलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ भन्ने निष्कर्ष रहेको छ । समाजको उच्चवर्गले निम्नवर्गलाई उसको ज्यादै संवेदनशील अवस्थामा पुऱ्याएर सीमान्तीकरण गर्छ भन्ने सन्दर्भलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ । यस क्रममा उच्चवर्गले निम्नवर्गलाई आर्थिक आधारमै सामाजिक, आर्थिक, मानसिक आदि आदि अनेक कोणहरूबाट शोषण दमन गर्छ । यसका लागि निम्नवर्गको विकराल अवस्थालाई मनोरञ्जनका लागि उपयोग गरेर, जीवनमाथि नै खेलबाड गरेर सधैं व्यथित अवस्थामा मात्र राखेर, निरन्तर समस्यातर्फ धकेलेर, हैसियतमा विकास गर्नै नदिएर, चाहना र समस्याको अवमूल्यन गरेर, मन्द विषको शैलीमा आक्रमण गरेर, मुक्तिको बाटोमा फर्कनै नदिएर, सामाजिक रूपमा एक्लो बनाएर, मानसिक विक्षिप्ततासम्म धकेलेर उच्चवर्गले निम्नवर्गलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ भन्ने यी कविताको निष्कर्ष रहेको देखिन्छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेदमा 'प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय द्वन्द्व' शीर्षकमा विषयप्रवेश, वर्गीय द्वन्द्वसम्बन्धी सैद्धान्तिक पृष्ठभूमि र मूल मान्यताहरू प्रस्तुत गरिएको छ । त्यसपछि कवि ज्ञवालीका *चिता जलिरहेछ, आस्था ओ मेरी प्रिया र बिनासालिकका नायकहरू* कवितासङ्ग्रहका कवितामा वर्गीय द्वन्द्वसम्बन्धी मान्यताका आधारमा प्रस्तुत कवितासङ्ग्रहमा सङ्गृहीत कवितामा वर्गीय द्वन्द्वको निरुपण गरिएको छ । यसमा प्रत्येक कविताको वर्गीय द्वन्द्वको सन्दर्भलाई केन्द्रमा रहेको प्रभुत्वशाली सामन्त तथा उच्चवर्ग र सीमान्तीकृत निम्नवर्ग गरी दुई उपशीर्षक दिइएको छ । त्यसपछि तिनको जीवनमा सामाजिक, आर्थिक दृष्टिले उच्चवर्गले सङ्कटमा पारेको छ भने केन्द्रीय संस्कृतिले आफ्नो स्वार्थअनुकूल निर्माण गरिदिएको तत्कालीन विमर्शात्मक संरचनामा रहेको मूलधारको प्रभुत्वशाली संस्कृतिले अनेकौं विमर्शहरू निर्माण गरी किनारीकृत समुदायलाई शासित, शोषित, उत्पीडित, प्रताडित र उपेक्षित बनाई शक्तिहीन र पूर्णतः अधीनस्थ गरिदिएर ज्ञान र शक्तिबाट वञ्चित बनाई त्यस समुदायको वर्गीय सङ्कट उत्पन्न गराइदिएको निष्कर्ष एवम् सार विषय यस परिच्छेदमा प्रस्तुत गरिएको छ । प्रदीपकुमार ज्ञवालीका कवितामा सामन्त र किसान वर्गका बीचमा भएको द्वन्द्वलाई मुख्य विषयवस्तु बनाइएको छ । उनका यी कवितामा सामन्त मुखिया तथा मजदुरहरूको द्वन्द्व सामन्त र किसानबीचको वर्गद्वन्द्व हो । प्रस्तुत विवेच्य कवितामा सामन्तका रूपमा रहेका मुखियाको शोषण, दमन, अन्याय र अत्याचारबाट मजदुरहरूको जीवन

तहसनहस भएको देखाइएको छ । यी कवितामा आफ्नो अस्तित्व रक्षा गरी किसान वर्गको वर्गीय मुक्तिका लागि मजदुरले मुखियालाई गाली गर्न पनि तयार भएको प्रसङ्गले सामन्त वर्ग र किसान वर्गका बीचमा पैदा भएको वर्गद्वन्द्वलाई पनि देखाइएको छ ।

प्रदीप ज्ञवालीका कवितामा नेपाली समाजको सांस्कृतिक संरचनाभित्र पुरुषले आफूलाई सर्वज्ञ र सर्वेसर्वा अनि नारीलाई प्रयोगको वस्तुको रूपमा उपयोग गरेर भौतिक वस्तुमा मात्र रमाउने प्राणी ठानेर, आदर्श, शील र नैतिकताको भारीले मुख थुनेर, त्यसको विकल्पमा आँसुमय रोदन दिएर, असक्षमताको पर्याय नारीलाई बनाएर, सधैँ शङ्काको घेराभित्र सीमित गरेर, रुढिग्रस्त कल्पित आरोपहरू लगाएर, सधैँ ईर्ष्या र प्रतिस्पर्धाको भावना राखेर, दमन र सहमति दुबै माध्यमको उपयोग गरेर, सबै कोणहरूबाट कमजोर तथा निरीह बनाएर यथासम्भव नारीका प्रतिरोधी भावनालाई उठ्नै नदिएर नारीलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् ।

ज्ञवालीका कविता तत्कालीन समाजको यथार्थ भएको हुनाले त्यसमा पनि शक्तिको प्रभाव परेकै पाइन्छ । सामाजिक जीवनमा आफूअनुकूल स्थापित मानकहरूलाई प्रयोग गरेर अभिजात वर्गले सीमान्तीकृत वर्गलाई सधैँ दुखमा राख्ने काम गर्छ भन्ने सन्दर्भलाई उनका कवितामा विषयबद्ध गरिएको पाइन्छ । उनका कवितामा प्रस्तुत साक्ष्यहरूको विश्लेषणका आधारमा समाजको अभिजात वर्गले सीमान्तीकृत वर्गको इतिहासलाई मेट्ने, पहिचान समाप्त गर्ने, प्रतिनिधित्व अस्वीकार गर्ने, प्रतिरोधी क्षमता नष्ट गर्ने, सवर्गीकै प्रयोगबाट दमन गर्ने आदि कार्य गर्छ भन्ने प्रस्ट हुन्छ । यस्ता अमानवीय कार्यका प्रमाणहरू इतिहास तथा साहित्यका छिद्रहरूमा भेटिन्छन् । नेपाली समाजमा पनि स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म सत्ता र शक्तिको पहुँच तथा प्रयोगमा अनेक प्रकारका उतारचढाबहरू भएका छन् । त्यसको छायाबाट नेपाली साहित्य पनि मुक्त छैन भन्ने धारणा नै ज्ञवालीका कविताको निष्कर्ष रहेको देखिन्छ ।

यहाँ तत्कालीन वर्गयुक्त समाजमा एउटा वर्गले अर्को वर्गमाथि गर्ने विभेद, शोषण, दमन र उत्पीडनको स्वरूपलाई देखाइएको छ । तत्कालीन सामन्तवादी/ पुँजीवादी वर्गयुक्त समाज र सामाजिक संरचना भएकै कारणले त्यस बेलाको विमर्शात्मक संरचना नै निम्नवर्गमाथि सत्ता र शक्तिको पहुँचका कारण शोषण गर्न कुन हदसम्म उद्यत थियो भन्ने कुरा यी कवितामार्फत प्रस्ट भएको छ । वर्गीय संरचनालाई प्रमुख आधारका रूपमा स्वीकार गरिएको समाजमा स्थापित सामाजिक धारणाकै कारण अभिभावकविहिन र आर्थिक दुरवस्था

भएका बालबालिका सीमान्तीकृत अवस्थामा पुग्न बाध्य हुन्छन् । समाजको स्थापित मानककै आधारमा उच्चवर्गले यस्ता निमुखा वर्गका मानिसलाई अभिभावकत्व प्रदान नगरेर, न्यूनतम मानवीय भावना पनि नदेखाएर, गाउँमा जालझेल गरेर र सहरमा बेवास्ता गरेर, बिस्तारै बिस्तारै प्रहार गरी जीवनका आधारहरू समाप्त पारी ज्ञानका दृष्टिबाट उठ्नै नदिएर, आर्थिक तत्त्वलाई केन्द्रीयता प्रदान गरेर शारीरिक, भौतिक, मानसिक आदि क्षेत्रमा फैलन सक्ने शोषण र दमनको सञ्जाल निर्माण गरेर, निरन्तर पतनतर्फ धकेलेर, यथास्थितिमै राख्ने प्रयास गरेर सीमान्तीकृत अवस्थामा पुऱ्याउँछ भन्ने यी कविताको निष्कर्ष रहेको छ ।

## ५.२ निष्कर्ष

प्रदीपकुमार ज्ञवालीका *चिता जलिरहेछ, आस्था ओ मेरी प्रिया* र *बिनासालिकका नायकहरू* गरी तीनवटा कवितासङ्ग्रह नेपाली समाजको विशिष्ट सामाजिक र आर्थिक विषयवस्तुमा आधारित छन् । उनका कवितामा तत्कालीन विमर्शात्मक कालखण्डमा केन्द्रमा सामन्तवादी तथा पुँजीवादी आर्थिक संस्कृति रहेको छ भने परिधीय संस्कृतिका रूपमा निम्नवर्ग तथा विपन्न किसान समुदाय रहेका छन् । यी कवितामा अभिव्यक्त विमर्शमा ज्ञानको उत्पादक शक्ति नै केन्द्रीय संस्कृति अर्थात् प्रभुत्वशाली उच्चवर्ग भएकाले शक्तिसम्बन्ध र शक्तिका सम्पूर्ण स्रोतमाथि केन्द्रीय संस्कृति अर्थात् उच्चवर्गको प्रभुत्व रहेको देखाइएको छ । परिधीय संस्कृति अर्थात् निम्नवर्ग (किसान) ज्ञान र शक्तिको अभावमा सीमान्तीकृत बनेको देखाइएको छ । कवि ज्ञवालीले शक्ति संरचनाबाट परिधिमा पारिएका निम्न तथा विपन्न (किसान) वर्गको संस्कृतिलाई आफ्ना कवितामा उपस्थित गराएर किनारीकृत संस्कृतिलाई केन्द्रतर्फ उन्मुख गराउने काम पनि गरेका छन् । प्रस्तुत शोधप्रबन्धको शोधप्रश्नअनुसारको निष्कर्षलाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गरिएको छ :

१. 'प्रदीप ज्ञवालीका कवितामा केकस्तो वर्गीय प्रतिनिधित्व रहेको छ' भन्ने पहिलो शोधप्रश्नको समाधानका लागि केन्द्रित भई गरिएको प्रस्तुत अध्ययनबाट राज्यका केन्द्रदेखि तल्लो तहसम्म अप्रतिनिधित्वका कारण ज्ञान र शक्तिको अभावमा राज्यका सुखसुविधाबाट वञ्चित गराइएर सीमान्तीकरणको अवस्थामा पुऱ्याइएका निम्न तथा विपन्न वर्गको संस्कृतिलाई उनका उक्त कवितासङ्ग्रहका कवितामा उपयुक्त रूपले प्रतिनिधित्व गराइएको छ । ज्ञवालीले उनका कवितामा शक्ति सम्बन्धबाट उत्पीडित, प्रताडित, दमित, शासित, शोषित र उपेक्षित वर्गीय समुदायलाई कुनै न कुनै रूपबाट प्रतिनिधित्व गराएका छन् । उनका कवितामा तत्कालीन

कालखण्डको आर्थिक तथा सामाजिक क्षेत्रमा उपयुक्त अवसरबाट वञ्चित गराइएका तत्कालीन विमर्शमा निश्चित ढाँचामा निर्मित किसान, मजदुर, हरूवाचरुवा, कामदार, सुकुम्बासीलगायत श्रमजीवी वर्गको उपयुक्त रूपमा प्रतिनिधित्व भएको छ । उनका कवितामा ग्रामीण समाजको दुःख, अभाव, शोषण, दमन, उपेक्षा आदिका कारण काम र मामको खोजीमा जीवन बिताएका नेपालीलाई लेखक स्वयम्ले नजिकबाट नियालेका हुँदा उक्त कवितासङ्ग्रहका कवितामा ग्रामीण नेपाली समाजको छेउछाउ बसोवास गर्ने निम्न वर्गीय प्रवासी नेपालीको पनि प्रतिनिधित्व गराइएको पाइन्छ ।

(१) *चिता जलिरहेछ,* कवितासङ्ग्रहमा सङ्गृहीत 'मलाई कुहिरो मन पर्दैन', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', 'एउटा चिठी : सांसद छोराको नाममा', 'यो महल' गरी चारवटा छनोट गरिएका कवितामा ज्ञवालीले मूलतः प्रभुत्वशाली सामन्त वर्ग र निम्नवर्गको रूपमा प्रतिनिधित्व गराएका छन् । प्रभुत्वशाली वर्गमा सामन्त वर्ग रहेका छन् भने निम्नवर्गमा सर्वहारा र गरिब किसान वर्ग रहेका छन् । प्रस्तुत कवितामा प्रभुत्वशाली वर्गले शक्ति र ज्ञानका आडमा निम्नवर्गमाथि ज्यादती गरेका छन् । उच्चवर्गले समाजका सोझा र श्रमजीवी वर्गलाई शोषण गरेका छन् । यी निमुखा निम्नवर्ग गरिबी, अभाव र शोषणको मारमा परेका छन् । यी कवितामा शक्तिहीन अवस्थाका कारण उनीहरूको समाजमा निरीह उपस्थिति रहेको देखाइएको छ ।

(२) *आस्था ओ मेरी प्रिया* कवितासङ्ग्रहमा सङ्गृहीत 'एकादेशमा', 'बिहानीको प्रतीक्षामा' र 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' गरी छनोट गरिएका तीनवटा कवितामा ज्ञवालीले मूलतः प्रभुत्वशाली सामन्त वर्ग र निम्नवर्गको रूपमा प्रतिनिधित्व गराएका छन् । प्रस्तुत कवितामा यिनीहरूको अत्यन्त सबल प्रतिनिधित्व गराइएको छ । प्रस्तुत कवितामा प्रभुत्वशाली वर्गले तत्कालीन विमर्शमा शक्ति र ज्ञानका आडमा गरिबमाथि ज्यादती गरेको छ । उनीहरूलाई उपेक्षित, तिरस्कृत, अपहेलित र प्रताडित तुल्याइएको छ । निम्नवर्गका मानिस तत्कालीन विमर्शमा सामन्त ठालुहरूकै कारण अधीनस्थ हुन पुगेका छन् र प्रभुत्वशाली सामन्त वर्गले गरिबमाथि शोषण गर्ने सामन्त वर्गको प्रतिनिधित्व गराइएको छ भने अर्कोतर्फ तिनै सामन्त वर्गबाट शोषित, दमित तथा प्रताडित निम्नवर्गको प्रतिनिधित्व गराइएको पाइन्छ ।

(३) *बिनासालिकका नायकहरू* कवितासङ्ग्रहका 'पसलछेउ उभिएकी एउटी केटी', 'विद्रोहको आँगनमा लाटो कामी', 'मरुभूमिको बलेनी', 'हामी बेनामीहरू', 'बिटुलिएको भुपडी', 'म कर्नाली', 'इतिहासको मिर्मिरेमा' र 'कमरेड आज ज्यादै चिन्तित देखिनुहुन्छ' गरी छनोट गरिएका आठवटा कवितामा सामन्त वर्ग, निम्नवर्ग र नारी वर्गको प्रतिनिधित्व गराइएको छ । यस कवितामा प्रभुत्वशाली वर्गको प्रतिनिधित्व सहरिया ठालु र पसलको साहुले गरेका छन् भने निम्नवर्गको प्रतिनिधित्व पसलछेउ उभिएकी गरिब केटी, किसान र मजदुरहरूको प्रतिनिधित्व गराइएको छ । यस कवितामा प्रभुत्वशाली वर्गले शक्ति र ज्ञानका आडमा अधीनस्थ बनाइएका निम्नवर्गमाथि ज्यादती गरेका छन् । यी कवितामा प्रभुत्वशाली वर्गका प्रतिनिधि सोभा र अधीनस्थ श्रमजीवी वर्गको श्रमको शोषण गरी अन्याय र अत्याचार गर्न पुगेका छन् । उनीहरूको शोषण, दमन, अन्याय र अत्याचारका कारण अधीनस्थ वर्ग समाजमा उपेक्षित, शोषित, उत्पीडित र प्रताडित बन्नपुगेको अवस्थाको प्रतिनिधित्व भएको पाइन्छ ।

२. प्रदीपकुमार ज्ञवालीका कवितामा वर्गीय द्वन्द्वको केकसरी चित्रण गरिएको छ भन्ने दोस्रो शोधप्रश्नको समाधानका लागि ज्ञवालीका छनोट गरिएका कवितामा उच्च र किसान वर्गबीच वर्गीय अन्तर्सङ्घर्ष र द्वन्द्वलाई सघन रूपमा उतार्ने काम भएको छ । आर्थिक र सामाजिक उत्पीडनका कारण सामन्त वर्गबाट दमित निम्नवर्गमा विस्तारै चेतना आएको र अन्तरसङ्घर्ष सघन बन्दै गएको पाइन्छ । ज्ञवालीका कविताका पात्र कोही प्रभुत्वशाली छन्, कोही सचेत छन्, कोही अनपढ र अज्ञानी छन् । परिवर्तित समयले तिनीहरूलाई सङ्घर्षशील, चेतनशील र जुझारु बनाउँदै लगेको छ । वर्गीय दृष्टिबाट सामन्तवादी आर्थिक, सामाजिक संस्कृतिका कारण मजदुर, किसानलगायत श्रमजीवी समुदायमाथि वर्गीय शोषण, उत्पीडन हुनुका साथै त्यस समुदायको जीवनपद्धति कारुणिक, कष्टकर र दुःखद् बनेको छ । प्रभुत्वशाली वर्गको ज्यादतीले विपन्न तथा अधीनस्थ समुदाय पीडित छन् । प्रभुत्वशाली उच्चवर्गको सामन्तवादी आर्थिक संस्कृतिका कारण निम्नवर्गले पारिश्रमिक नपाएको, न्याय नपाएको, न्यूनतम मानवीय व्यवहार तथा मौलिक हकबाट समेत वञ्चित हुनुपर्दा निम्न वर्गीय समुदायमा विस्तारै उच्चवर्गविरुद्ध सङ्घर्षका लागि चेतनाको विकास हुँदै गएको देखाइएको छ :

(१) *चिता जलिरहेछ,* कवितासङ्ग्रहमा सङ्गृहीत 'मलाई कुहिरो मन पर्दैन', 'यतिबेला गाउँमा अलिकति साँझ परेको छ', 'एउटा चिठी : सांसद छोराको नाममा', 'यो महल' गरी चारवटा छनोट गरिएका कवितामा कवि ज्ञवालीले मूलतः प्रभुत्वशाली सामन्त वर्ग र निम्नवर्गको

रूपमा प्रतिनिधित्व गराएका छन्। प्रभुत्वशाली संस्कृतिको आर्थिक, सामाजिक आधिपत्यका कारण विपन्न वर्ग सङ्कटग्रस्त बन्न पुगेका छन् । यी कवितामा प्रभुत्वशाली उच्चवर्गकै प्रभुत्व सशक्त रहेको देखिन्छ । निम्न तथा अधीनस्थ वर्गको शक्तिहीन, आवाजहीन र अधिकारविहीन रूपमा प्रस्तुत गराइएको छ । उनीहरूको आवाज बोलिदिने मानिस कोही छैनन् । केही निम्न तथा अधीनस्थ वर्ग संज्ञानहीन भएकै कारण आफ्नो अस्तित्व भुलेर प्रभुत्वशाली उच्चवर्गको हतियार र मतियार बनी उनीहरूकै पक्षपोषण गर्न पुगेको देखाइएको छ ।

(२) *आस्था ओ मेरी प्रिया* कवितासङ्ग्रहमा सङ्गृहीत 'एकादेशमा', 'बिहानीको प्रतीक्षामा' र 'किन रुन्छस् कान्छा सपनाहरूको अकाल मृत्युमा' गरी छनोट गरिएका तीनवटा कवितामा ज्ञवालीले मूलतः प्रभुत्वशाली सामन्त वर्ग र निम्नवर्गको रूपमा प्रतिनिधित्व गराएका छन्। तत्कालीन विमर्शात्मक संरचनामा प्रभुत्वशाली वर्गले शक्ति र ज्ञानका आडमा नारी वर्गमाथि ज्यादती गरी पुरुष वर्गबाट शोषित, दमित, बलात्कृत तथा प्रताडित नारी वर्ग पूर्णतः अधीनस्थ र शक्तिहीन भएको देखाइएको पाइन्छ ।

(३) *बिनासालिकका नायकहरू* कवितासङ्ग्रहका 'पसलछेउ उभिएकी एउटी केटी'' विद्रोहको आँगनमा लाटो कामी', 'मरुभूमिको बलेनी', 'हामी बेनामीहरू', 'बिटुलिएको झुपडी', 'म कर्नाली', 'इतिहासको मिर्मिरेमा' र 'कमरेड आज ज्यादै चिन्तित देखिनुहुन्छ' गरी छनोट गरिएका आठवटा कवितामा कवितामा प्रभुत्वशाली सामन्त वर्ग  र निम्नवर्ग छन् । यी कवितामा प्रभुत्वशाली वर्गका प्रतिनिधि जमिनदारले निम्नवर्गमाथि दमन गरेका छन्। यी कवितामा प्रभुत्वशाली वर्गका सामन्तले सोझा र अधीनस्थ श्रमजीवी वर्गको श्रमको शोषण गरी अन्याय र अत्याचार गर्न पुगेका छन् । उनीहरूको शोषण, दमन, अन्याय र अत्याचारका कारण अधीनस्थ वर्ग समाजमा उपेक्षित, शोषित, उत्पीडित र प्रताडित बन्न पुगेको सन्दर्भलाई प्रतिनिधित्व गराइएको छ ।

समग्रमा प्रगीतात्मक कविताकृतिको रचना गर्ने प्रदीप ज्ञवाली नेपाली कविताको समसामयिक धारामा कलम चलाउने कवि हुन् । उनले सामाजिक, आर्थिक, राजनैतिक, प्राकृतिक, सांस्कृतिक, प्रशासनिक, शैक्षिक आदि विभिन्न विषयवस्तुमा केन्द्रित रही प्रगीतात्मक कविताकृतिको रचना गरेका छन् । उनले समाजमा व्याप्त विकृति, कुरीति र कुसंस्कारका विरुद्ध तीव्र व्यङ्ग्य प्रहार गरेको पाइन्छ । यसै गरी समाजमा व्याप्त भ्रष्टाचार, नातावाद,

कृपावाद, चाकरीप्रथाका विरुद्धमा आक्रोश व्यक्त गरेका छन् । समाजका बेथितिहरू जरा गाडेर बसेको समाज कहिल्यै पनि उन्नति र प्रगतितर्फ लाग्दैन भन्दै दीनदुःखीहरूमाथि अन्याय र अत्याचार गर्नेहरूमाथि तथा समाजका ठूलावडाहरू, परासंस्कृतिको नक्कल गर्नेहरू र नक्कली प्रमाणपत्रका आधारमा ठूलो पदमा बहाल हुनेहरूप्रति उनका कविताहरूमा तीव्र व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । उनले आफ्ना कवितामा समाजमा व्याप्त विकृति र कुरीतिका विरुद्ध आक्रोश व्यक्त गर्दै समाजसुधारको अपेक्षा राखेको पाइन्छ । ज्ञवालीले आफ्ना कवितामा वर्गीय प्रतिनिधित्व र वर्गीय द्वन्द्वका दृष्टिले प्रभुत्वशाली उच्चवर्ग र अधीनस्थ निम्नवर्गका बीचको वर्गीय अन्तरलाई सघन रूपमा देखाएका छन् । ज्ञवालीका कवितामा वर्णित वस्तु र घटनाक्रमलाई हेर्दा वर्गीय आधारमा प्रभुत्वशाली उच्चवर्गका पात्रहरू नै शक्तिको केन्द्रमा रहेको र उनीहरूले सत्ता र शक्तिको आडमा निम्नवर्गीय समुदायहरूप्रति शोषण, दमन, अन्याय, र अत्याचार गरेको देखिन्छ । उनका कवितामा सबै तहमा प्रभुत्वशाली उच्चवर्गकै प्रभुत्व र एकाधिकार कायम रहेको देखाइएको छ । प्रभुत्वशाली वर्गहरू सधैँ शक्तिको केन्द्रमा रहेकाले उनीहरू शक्तिशाली रूपमा कवितामा उपस्थित भएका छन् भने निम्नवर्गहरू अधीनस्थ रूपमा उपस्थित गराइएका छन् । समग्रमा हेर्दा ज्ञवालीका उल्लिखित कवितासङ्ग्रहमा सङ्गृहीत अधिकांश कविता वर्गीय प्रतिनिधित्व र वर्गीय द्वन्द्वको प्रस्तुतिका  दृष्टिले सशक्त देखिन्छन् ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, मदन (२०६९), *कुहिरो कथासङ्ग्रहको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाल संस्कृत विश्वविद्यालय, बाल्मीकि विद्यापीठ, काठमाडौँ ।

अधिकारी, रेशमराज (२०६७), *नेपालमा समाज र संस्कृति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आप्टे, वामन शिवराम (सन् १९६९), *संस्कृत हिन्दी कोश,* दिल्ली : मोतीलाल वनारसीदास पब्लिसर्स ।

आफानास्येभ, भिक्टर (सन् १९८५), *मार्क्सवादी लेलिनवादी दर्शनशास्त्र,* (अनु. राजेन्द्र मास्के), काठमाडौँ : जनस्रष्टा प्रकाशन गृह ।

कारचेदी, गागलिल्मो (सन् १९९), *वर्ग विश्लेषण और सामाजिक अनुसन्धान* (अनु.कृष्णकान्त मिश्र), दिल्ली : ग्रन्थ शिल्पी ।

के.सी., हस्तबहादुर (२०६७), *मार्क्सवादी दर्शनशास्त्रको रूपरेखा,* काठमाडौँ : ऐरावती प्रकाशन ।

गिरी, अमर (२०७०), "सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा", *भृकुटी* (भाग १९, असार), पृ.१२-४६ ।

गैरे, माया (२०६७), *कुहिरो कथासङ्ग्रहको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ ।

ज्ञवाली, प्रदीपकुमार (२०६०), *कुहिरो,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

ज्ञवाली, प्रदीपकुमार (२०५३), *चिता जलिरहेछ,* काठमाडौँ : साथी प्रकाशन ।

ज्ञवाली, प्रदीपकुमार (२०६२), *आस्था ओ मेरी प्रिया,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

ज्ञवाली, प्रदीपकुमार (२०७३), *बिनासालिकका नायकहरू,* काठमाडौँ : सिमल बुक हाउस ।

ज्ञवाली, विष्णुप्रसाद (२०७०), "सांस्कृतिक अध्ययन : अवधारणत्मक ढाँचा", *तन्नेरी,* ३४/४ चैत्र-वैशाख, पृ. ७७-९२ ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, गुरुप्रसाद (२०८०), *सामाजिक यथार्थवादी नेपाली कथामा प्रतिनिधित्व,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

फुल्देल, चिन्तामणि (२०६१), *प्रदीप ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

भट्ट, गोविन्द (२०५३), 'भूमिका', *चिता जलिरहेछ,* प्रदीपकुमार ज्ञवाली, काठमाडौँ : साथी प्रकाशन, २०५३ ।

भट्टराई, रमेशप्रसाद (२०६९), "सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू" *भृकुटी,* (१६, साउन-असोज), पृ. ४९-५४ ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक अध्ययनको सिद्धान्त (वर्गीय, लैङ्गिक र जातीय) र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भण्डारी, जगदीश (२०५५), *प्रगतिवादी कविताको रेखाङ्कन र विश्लेषण,* काठमाडौँ : मुन्नी भण्डारी ।

येर्माकोभा, आन्तोनिया र रात्निकोभ, बालेन्तिन (सन् १९८८), *वर्ग और वर्गसङ्घर्ष क्या है?,* (अनु. सुरेन्द्रकुमार, मस्को : प्रगति प्रकाशन ।

लेनिन, भ्लादिमिर (सन् १९८५), *सङ्कलित रचना भाग* ६, (अनु.) राजेन्द्र मास्के, काठमाडौँ : प्रगति प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५२), *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।

श्यामल (२०७३), जमिनका कविता, *बिनासालिकका नायकहरू,* प्रदीपकुमार ज्ञवाली, काठमाडौँ : सिमल बुक हाउस ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

सापकोटा, यमकुमारी (२०७३), *कुहिरो कथासङ्ग्रहका कथामा नारीवादी चिन्तन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिचन्द्र क्याम्पस, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* वाराणसी : भूमिका प्रकाशन ।

Barker, C. (2000), *Cultural Studies : Theory and Practice*, London : Sage Publication.

Beteille, A. (1996), *Caste, Class and Power*, Third Edition, New Delhi : Oxford University Press.

Kotta, C.P. (2000), *Anthropology : The Exploration of Human Diversity*, Newyork : Myagra Hill.